“पञ्ञा नरान रतन”

# परियत्तिशिक्षा

## परियति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, पञ्चम पत्र)

(प.स.पा. को कोविद प्रथम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०

Dhamma.Digital

| | | |
|---|---|---|
| १) विश्वमा बुद्धधर्म | - ३५ अंक, | १२ घण्टा |
| २) दश पारमिता | - ३० अंक, | १४ घण्टा |
| ३) बुद्ध र बुद्धवाद | - ३५ अंक, | १० घण्टा |

संकलन

**भिक्षु निग्रोध स्थविर**

(सचिव, ने. बौ. शिक्षा परिषद्)

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# विश्वमा बुद्धधर्म

## परियति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, पञ्चम पत्र)

**विश्वमा बुद्धधर्म प्राप्ताङ्क ३५ अंक, १२ घण्टा**

Dhamma.Digital

## लेखक - भिक्षु सुदर्शन महास्थविर

Downloaded from http://dhamma.digital/

# प्रथम भाग

# नेपालमा बुद्धधर्म

विश्वमा धेरैजसो देश सधैं समान भैरहँदैन । नेपाल पनि यसको अपवादमा पर्दैन । आजको नेपाल कुनै युगको नेपालभन्दा सानो र कुनै युगको नेपालभन्दा ठूलो छ । जस्तो आज यसको छिमेकि देश भारत र चीन । बुद्धकालीन संज्ञागत देश लिने हो भने यी देश निकै स-साना देशहरू को समूह हो । यस अर्थको आधारमा भन्ने हो भने बुद्धको जन्म कपिलवस्तु गणतन्त्रमा भयो, बोधिज्ञान प्राप्ति मगध साम्राज्यमा भयो, धर्मचक्र प्रवर्तन सारानाथ जुन पहिले एउटा स्वतन्त्र देश थियो, पछि फेरि एकलौटी मगधको अधीनमा परेको देश वाराणासी भयो । त्यस्तै महापरिनिर्वाण मल्ल गणराज्यको कुशीनगरमा भयो । बुद्धको महापरिनिर्वाणपछि कपिलवस्तु पनि कुनैबेला कोशलमा गाभिई ठूलो भएको थियो भने कुनैबेला हिमवन्त प्रदेश नेपालमा गाभिएको थियो । यही स्थिति बुद्धकालीन भारतको तीन महामण्डल अथवा १६ राज्यको पनि थियो । राजनैतिक शक्तिले देश जितेर लिने अधिकारको समयमा निकै नै प्रतिस्पर्धा भयो । यसमा नेपाल कहिले अरू बाट धक्याइ रहने, कहिले आफूले घचेटेर बलशाली भएर बुद्धको कुल र जन्मभूमिदेखि महापरिनिर्वाण भूमिसम्म फैलिएको समय पनि थियो ।

जेहोस् आजको यो २०औं शताब्दीमा आएर अर्काको देशमा आँखा गाड्न नपाउने युगसम्म पुग्दा नेपालसँग बुद्ध जन्मेको, हुर्केको र उनका मावली देशको भूमि सुरक्षित हुन आएको छ । मगध, अवन्ति, चोल, पाञ्चाल र वत्स आदि देशहरू एक समूह भई भारत भयो । आफ्नो एक समूह बनिसकेको देश भारतमा ती ऐतिहासिक स्थल पनि विभाजन हुँदा पाकिस्तानमा पर्न गयो । वस्तुतः बुद्धको जन्म कपिलवस्तु र देवदहको साझा उद्यान लुम्बिनी नेपालमा भयो । जसरी बुद्धको बोधिप्राप्ति मगध साम्राज्य उरू वेलको जंगल भारतमा भयो । यो भन्दा बढी कुरा ऐतिहासिक समयको सानो राज्य ठूलो, ठूलो राज्य सानो भएर गएको तथ्याङ्क र वस्तुस्थितिमा छलफल मात्र हो, वादविवाद मात्र हो ।

बुद्धको जन्मभूमि नेपाल हो । त्यसकारण यसको धार्मिक सम्बन्ध पनि बुद्धधर्मको इतिहास सँगसँगै गाँसिएको छ । निखिल विश्वमान्यता अगाडी र यथार्थ ऐतिहासिक तथ्य अगाडी बुद्धभन्दा पहिले बुद्धधर्म छ भन्नु गौरवपूर्ण भएर पनि केवल भनाई मात्र हो । किनभने बौद्ध दर्शनका अतीत बुद्धहरू को क्रममा दश बीसहजार वर्षको अन्तर मात्र देखाउने पनि बौद्ध साहित्यमा उपलब्ध छैन । पालि अथवा संस्कृत बौद्ध वाङ्मयले यिनको बीचको समय अन्तर कल्प कल्प देखाउँछ । त्यसकारण भू-इतिहासको अगाडी पहिलेका बुद्धहरू को वर्णन मात्र संस्मृति हो । अतीतका बुद्धहरू का र त्यसबेलादेखिका स्मारक वा चैत्यको अस्तित्व स्वीकार गर्ने काम पनि त्यसबाट विवेचकको विचारमा समयले मागेको विवादमा विवादको निम्ति हुने कुरा मात्र हो । बुद्ध त २५०० वर्ष अघिका मात्र हुन्, यो संसारको श्रृष्टि र संरक्षण यसभन्दा पहिलेदेखि भएर आएको हो । तसर्थ हाम्रो यो नै प्राचीन र सत्य, सार्थक एवं श्रेष्ठ भन्ने यो जवाफ हो ।

Downloaded from http://dhamma.digital/

महायानका सम्प्रदायमा बुद्धले बोधिज्ञान अनन्त युग पहिले नै लाभ गर्नुभएको हो, बोधिवृक्षको मुनि बोधि प्राप्तिको वर्णन त मात्र उपायकौशल्य उक्ति हो भन्ने साहित्य यो जवाफको आड हुन सक्छ । अझ यो आड विचित्र उक्ति, सरसभाव, उत्तेजक अभिव्यञ्जन, मनमोहक कथा, स्वीकारोक्ति तर्फ अनन्त अपरमित पुण्य सम्भार विरोध र अविश्वासमा हृदयकम्प गरिदिन सक्ने, भयानक प्रायश्चित्त, पापपुण्यको विवरण प्रशस्त बलियो छ । त्यसकारण आजको बुद्धिवादी युगले हामीलाई विचार गराउँछ कि यसरी किन यो भन्नु पऱ्यो ? अथवा यसरी भन्नु लेख्नु पर्ने स्थिति कसरी आयो ? यसबाट आफ्नो समयमा के कसरी काम गऱ्यो ? अहिले त्यो कसरी काम लाग्ने गर्नुपर्ला ? नेपालको ऐतिहासिक क्रममा यसता कैयौं युग आए, जुनबेला यो धर्म बचाउन अनेक त्यस्ता प्रयास गर्नुपऱ्यो । यसमा सन्देह छैन, यो प्रयास नभएको भए नेपालको बुद्धधर्मको दशा पनि भारतको बुद्धधर्मको दशाजस्तै हुन्थ्यो होला । त्यसकारण यी प्रयासहरू  युग अपेक्षित हो फेरि यी प्रयासहरू मा नेपालका विभिन्न मौलिक विशेषता पनि निकै नै परिलक्षित छ । यद्यपि यी विशेषताहरु एकातर्फबाट हेर्दा आफूआफू भित्रै नअलमलिएको होइन ।

नेपाल, बुद्धधर्मसँग आफ्नो सम्बन्ध इतिहासको सुरुसँगै राख्न गौरव मान्छ, त्यसकारण पौराणिक आधार लिएमा नेपालको बुद्धधर्ममा दीपंकरबुद्ध र स्वयम्भूको ठूलो स्थान र प्रभाव छ । त्रिकालबुद्ध अनुसार दीपंकर अतीत बुद्ध हो, अनि दीपंकरबुद्धभन्दा पछिल्लो क्रमका बन्धुमति नगरबाट आउनु भएको विपश्वी बुद्धले विजारोपण गरि आविर्भाब भएर पनि स्वयम्भू ज्योतिरुप आदिबुद्ध भन्छन् । विपश्वीभन्दा पछि जम्बूद्वीपबाट शिखी, अनुपम नगरबाट विश्वभू, खेमावति नगरबाट क्रकुच्छन्द, शोभावती नगरबाट कनकमुनि, काशीबाट काश्यपबुद्धहरु पनि नेपालमा पाल्नुभयो । उनि बुद्धहरुको क्रम र वहाँहरुको आगमन स्वयम्भूपुराणको यो उल्लेखसँग दीघनिकायका पूर्व बुद्धहरुको उल्लेख मिल्न आउँछ, केवल जम्बुद्वीपको ठाउँमा अरुयामती, नेपाल उपत्यकाको ठाउँमा बागमती नदी उल्लेख फरक भएजस्तै नै हो । अनि अनुपम नगरको ठाउँमा अनोमा, कनकमुनिको कोणागमन, काशीको ठाउँमा वाराणाशीको अन्तर भाषागत र प्रयोगगत मात्र हो । पाली वाङ्मयले पनि उनि बुद्धहरुको उल्लेख सूत्रहरुमा ससम्मान गरेका छन् । परन्तु पौराणिक रुपमा नेपाल उपत्यकाको श्रृष्टिले उनि अतीत बुद्धहरुसँगको घनिष्ठ सम्बन्ध राखेका छन् तर निग्लिहवाको अशोक स्तम्भमा लेखिएको ब्राह्मी लिपिको उल्लेखले देखाएको कनकमुनिबुद्धका स्तूपजति पुरानो पुरातात्विक साक्षी भएको अतीत बुद्धहरुका स्मारक कहीँ अन्यत्र अरु देशमा उपलब्ध भएको छैन ।

सम्राट अशोकको समयसम्ममा जीर्णोद्धार गर्नुपर्ने स्थितिको त्यो स्तूप हो, अथवा यहाँको अद्भूत अतुल्य बुद्धकुलप्रतिको श्रद्धामा प्रभावित भएर अशोकले पन श्रद्धा राखेका हुन्, यो कुराको निर्णय अत्यन्त महत्त्वपूर्ण भएर पनि अहिले झट्टै असमर्थ जस्तै सम्झन्छु । अनि यो त्यसै छाडेर पनि यति त अवश्य भन्न सकिन्छ कि बुद्धकुल अर्थात् अतीत बुद्धप्रति धर्म र जीवनसँगै गाँसी एक भएर रहन सक्ने नेपाली प्रयास, कलात्मक र मौलिक, विशेषतापूर्ण छ । त्यसकारण आजका पञ्चबुद्धभन्दा पनि पहिले बौद्धहरुको घरको ढोका-ढोकामा सप्तबुद्ध लेखिन्छ भन्ने उल्लेखमा पनि पूर्ण तथ्य छ । जुन् सप्तबुद्धहरु मान्यता दिने परम्परा मासँगल्लिका श्रद्धालुहरुको तर्फबाट गत शताब्दीसम्म पनि जनबहाल (मछिन्द्रबहाल) मा चलाएर गएका छन् ।

Downloaded from http://dhamma.digital/

नेपालको बुद्धधर्मको अर्को विशेषता अनागत बुद्धप्रतिको आस्था हो । स्थविरवादी र महासांघिकहरूले पनि अनागत बुद्धप्रति कम श्रद्धा राखेको होइन । परन्तु मूर्ति नै निर्माण गरेर अतीतबुद्ध, वर्तमानबुद्ध र अनागतबुद्ध क्रमले दीपंकरबुद्ध, गौतमबुद्ध र मैत्रेयबोधिसत्त्वको पूजामा नेपाल कुनै महायानी देशभन्दा पछि परेको छैन । दीपंकरबुद्ध अतीतबुद्ध सम्झनेदेखि यो त्रिकाल बुद्धको पूजामा पालि साहित्यको समर्थन पनि आधार लिन सकिन्छ । संस्कृत अथवा विकसित बौद्धसाहित्यमा निकै अतीत बुद्धहरूको नाम उल्लेख भएपनि प्राचीन पालि साहित्यमा २८ अतीत बुद्धको उल्लेख मात्र परिचयात्मक पंक्ति वा नाम मात्र उपलब्ध छ । फेरि उनि बुद्धहरूमा दीपंकर चौथो बुद्ध हुन्, अनि आजका गौतमबुद्धले बोधिसत्त्व हुन बुद्धत्व प्रार्थना गरेको पनि उनकै अगाडी हो । यो अर्थ समीक्षा गर्दा सिद्ध छ कि नेपालमा दीपंकर तथागतप्रति मान्यता राख्ने पद्धति सार्थक र गहिरो अर्थ राख्दछ ।

अब केही कुरा ऐतिहासिक बुद्ध शाक्यसिंह गौतमको नेपाल आगमनको विषयमा उल्लेख गरौं । स्वयम्भूपुराण अनुसार उनी आफ्ना शिष्यहरू सारिपुत्र मौद्गल्यायन र आनन्दसहित भिक्षुसंघसँगै यहाँ आउनु भयो । यो पनि स्पष्टतः अन्यान्य बौद्ध देशमा बुद्ध आउनुभएको थियो भन्ने धारणा जस्तै प्राचीन बौद्ध वाङ्मयले समर्थन गर्न सकिँदैन । तैपनि यो कुरा श्रीलंका, बर्मा, स्याम (थाइलैण्ड) आदि देशमा बुद्ध स्वयम् आउनुभएको आ-आफ्ना प्रकारका श्रद्धाभिव्यञ्जनपूर्ण उल्लेखभन्दा निकै नै सत्यको नजिक पर्दछ । मगध सम्राट् विम्बिसारको परिचयात्मक प्रश्नको उत्तरमा आफु हिमालको मुनि रहेको कपिलवस्तुबाट आएको भनि स्वयम् वहाँले भन्नु भएको छ । तसर्थ स्वयं बुद्धले गर्नु भएको बुद्धमूर्ति वा चैत्यपूजाको वर्णन र नेपालो कथात्मक कला विशिष्टताको अनेक उल्लेखमा उपेक्षित दृष्टि राखेतापनि बौद्ध साहित्यमा भएे हिमालयको आकर्षणले हामीलाई बुद्ध नेपाल उपत्यकामा आउनु भएको विचार गर्न र पुरातात्विक रुपले प्रमाणित ऐतिहासिक अन्वेषण गर्न प्रेरित गर्छ । साधारण इतिहासले बुद्धको नेपाल आगमनकालमा किराती राजा जितेदस्तीको शासनकाल देखाउँछ । फेरि कुनै उल्लेखले उनी वा उनका वंशज कुनै पहिलेका राजा कुरुक्षेत्रको युद्धमा पुऱ्याइराखेको छ । जुन दुईवटा कुराको मान्यता भने पूर्णतः असम्भव छ । पालि वाङ्मयमा महाभारत युद्ध भइसकेको वा भइरहेको कहीं छायाँसम्म पनि छैन । जस्तो कि त्रिवेदलाई बुद्धकालभन्दा अगाडी मान्ने आधार छ ।

अब नेपालका शाक्य जातिका विषयमा केही उल्लेख गरौं । विडडूभले शाक्य जातिको रक्तपातपूर्ण दमन गर्दा भागेका शाक्यहरू नेपालमा पनि पुग्यो, जसरी बर्मामा पुगे अनि त्यसबेलादेखि बुद्धधर्म नेपालमा पुग्यो भन्ने उल्लेखको उद्धरण पनि गर्छन् । परन्तु नेपालमा शाक्यजातिको प्रवेश विषयमा केही कुरा पूर्ण भएपनि बुद्धधर्म नै यतिबेला प्रवेश भयो भन्ने कुरा तथ्यपूर्ण हुँदैन । बुद्धको शासनमा टाढा टाढाबाट आएर भिक्षु बन्न आएका प्रख्यात भिक्षुहरू निकै छन् भने यत्तिको नजिक परेको ठाउँमा त्यतिबेला प्रभाव परेन भन्नु पनि तथ्यपूर्ण होइन ।

यसपछि सम्राट् अशोकको धर्मदूत मण्डलको विषयमा विचार गरौं । अशोकको समयमा भारतामा धेरै धर्मप्रचार भएजस्तै त्यसको प्रभाव छिमेकि देशहरुमा पनि निकै पऱ्यो, नेपाल पनि यो प्रभावबाट मुक्त भएन । हिमवन्त प्रदेशका धर्मदूत मण्डल नेपालमा नै आएको हुनुपर्छ । कारण अर्को कुनै हिमवन्त प्रदेशले बुद्धधर्म त्यति पहिले आफ्नो ठाउँमा पुगेको उल्लेख गरेको छैन । अशोक आफ्नो छोरी चारुमतिसँगै नेपालमा आएर चारस्तूप स्थापना गरे, देवपालसँग आफ्नो छोरी विवाह

Downloaded from http://dhamma.digital/

गरी दिए भन्ने उल्लेख पनि इतिहासले गरेको छ । चारुमतिको स्मृतिमा आएको (चारुविहार) चाय्बहि अहिले पनि अशोक शैलीयस्तूप जस्तै छ । त्यस समयको राजदरबार अगाडी, अशोक स्तम्भ भएको भनाइ जनश्रुति जस्तै छ भने पनि हुन्छ । अशोकले जहाँ पुग्यो त्यहीँ आफ्नो शीलास्तम्भ उभ्याएकोले अशोकको यात्रा भएको देशमा यो सम्भव भएर पनि यसलाई अहिलेसम्म इतिहासले र अन्वेषणले हेर्न सकेको छैन । पाटनको चारस्तूप अशोकले बनाएको भनिन्छ भने अर्कोतिर ए व्यापारीले कलिगत ३६०८-३६०९ तिर स्थापना गरेको पनि भनिन्छन् । यी कुरामा पुरातात्विक रुपले हेर्न अथवा साहित्यिकरुपले अन्वेषण गर्न पनि एकातिर अवसर छैन भने अर्कोतिर नेपालमा युग अपेक्षित रुपले परिवर्द्धित बौद्ध साहित्यमात्र धेरै भएको हुँदा पनि कठिन भएको छ । तैपनि अशोकचैत्य भनेपछि विनामूर्तिको स्तूप, स्मार रुपको चैत्य हुने र सम्राट अशोक फेरि एकपटक भिक्षु उपगुप्तले सुनाएको प्राय सबैजसो कथा साहित्य अनुसार नेपाली बौद्ध समाजमा उनको स्थान निकै गहिरो र निकै उच्च छ ।

यसपछि नेपालले बुद्ध धर्मको आधारमा कला साहित्यको यति विकास गऱ्यो कि त्यसले पनि यसको प्रसारण र विस्तारमा क्षमता प्राप्त गऱ्यो । पाँचौं शताब्दीको पूर्वार्द्धतिर आचार्य बलभद्र तिब्बत देश भएर चीन पुग्यो । तिनले चिनपेह (नाकिन) लाई आफ्नो कार्यक्षेत्र गरी त्यहाँको भाषामा बौद्धसाहित्य अनुवाद गऱ्यो । यो बेला चीनमा बुद्धधर्म पुगिसकेको र बौद्धसाहित्य बनाउन अनि खोज्न प्रारम्भिक युग पनि हो । यही समयमा फाहियान कपिलवस्तु र लुम्बिनी पुगेर फर्केको मात्र भने पनि हुन्छ ।

बलभद्र धर्मप्रचारको वातावरणले पाँचौंशदीको अन्ततिर अंशुबर्माकी छोरी भृकुटी तिब्बत जान बल मिल्यो । उनीसँग अशोककी छोरी संघमित्राले श्रीलंकामा धर्मप्रचार गरेको आर्दश भावनाले ठाउँ लियो त के आश्चर्य । भृकुटी तिब्बत गएपछि श्रङ्गचङ्गम्पोका प्रजामा बुद्धधर्म र नेपाल संस्कृतिको व्यापक प्रभाव पऱ्यो, त्यहाँका कला र संस्कृति धनी तुल्याइदियो । नेपालबाट लगिएको बुद्ध स्थापना गरिराखेको मन्दिर र पोताल दरबार यसको प्रमाण हो । जसबाट कला-संस्कृतिको आदान प्रदानमा छैठौं शदीको लामो समय बितेको थियो । यद्यपि यसको बीच बीचमा कति महत्त्वपूर्ण घटना भयो होला परन्तु यस विषयमा हामी अज्ञानी नै छौं । तैपनि यो समयमा भारतका निकै आचार्यहरू तिब्बत जान नेपालले बाटो कोरेको हामीलाई थाहा छ । बाऱ्हौं शदीको बीचसम्ममा यसले यतिको विकसित रुप लियो कि संस्कृति र कलाको सहयोगको निम्ति ८० जना कलाकार साथ लगाई अरनिको तिब्बत र चीन पठाउनुपऱ्यो । अनि तिनीहरूले त्यहाँ कला र संस्कृतिको कति के सेवा गरे त्यसको फल त्यहाँको देश, प्रत्येक मन्दिर, प्रत्येक चित्र अनि भावना भावनामा रहेर प्रदर्शन गरिरहयो । सबभन्दा बढी त यी देशहरू बीचको कला-संस्कृतिको शैली, समरुपता, समरुचीमा अन्तर्निहित भएर तिनीहरूले सास फेरिरहेका छन् ।

यसपछि तेऱ्हौं शदीको अन्ततिर बुद्धधर्म प्रचारमा उब्जेको प्रतिकृयात्मक शक्तिले फन्का माऱ्यो । यही समयमा भारतमा तुर्कीहरूले बौद्धहरूलाई रक्तपातपूर्ण दमन गऱ्यो । त्यतिबेला दुर्बल चरित्रका यी भिक्षुहरू यताउता छरिएर गएका थिए । यी भिक्षुहरू आफ्नो अस्तित्वमा चोटमात्र नपुऱ्याएमा जुनसुकै सुधार वा प्रभाव, प्रभुत्व स्वीकार गर्न पनि तयार थिए । यही बेला राजा जयस्थिति मल्लले सामाजिक र आर्थिक सुधारको केहि कदम चाल्यो, यसको साथै धार्मिक सुधारको

Downloaded from http://dhamma.digital/

आधारमा भिक्षुहरूलार्य रोजगार समाउन दिने वा राम्रैसँग वैवाहिक जीवनमा रहन बाध्य गऱ्यो । अनि तिनीहरूको वस्त्र व्यवसाय र रहनसहनमा कुनै यानका भिक्षु भन्ने चिन्ह सम्म पनि रहेन । जसले गर्दा एकातिर फेरि जयस्थिति मल्लको सत्ता पछि भिक्षु परम्परा बाचय राख्न विनयसम्मत संख्यामा भिक्षुहरु नभएर वा पुरोहितवादी प्रकृयामा सक्रिय भैराखेकाले चूडाकर्मको परम्परा र बुद्धधर्ममा नयाँ युग अपेक्षित परिवर्तन र परिमार्जनले द्रुतगतिले मोड लियो । अर्कातिर कला र संस्कृतिको उत्थानमा दक्ष बौद्धहरु प्रत्यक्ष रुपले भिक्षुस्वभावको तल्लीन साधना भयो । हेलाका पात्र जस्तै बनाइ जयस्थिति मल्लले भिडाएको काम पनि भिक्षुस्वभावको कलात्मक श्रमले छुने बित्तिकै स्वयं त्यो कामले कला र संस्कृतिलाई माथि उचाली दियो ।

नेपाली बौद्धहरु जुन प्राचीनकालदेखि दीपंकर तथागतका पूजक अशोकभन्दा पहिले कनकमुनि बुद्धका पूजक, जहिले पनि धर्म र जीवन अन्योन्याश्रित गरिराख्ने, कलात्मक गुणले सम्पन्न थिए, तिनीहरुलाई छुट्टयाउने जति प्रयास भएतापनि आफ्नै गुणले तिनीहरु एकजुट भए । यही समयमा बौद्धकलात्मक संस्कृतिको देन स्वरुप नेपालले प्रतिकात्मक अथवा ध्यानी बुद्धको विकासमा ठूलो भाग लिन सक्यो, ज्ञान, भूमिस्पर्श, अभय, ध्यान र धर्मचक्रप्रर्वतन मुद्रामा पाँच रंग र पाँच तत्त्वमा प्रतीकमय बुद्धहरु बैरोचन, अक्षोभ्य, रत्नसंभब, अमिताभ, अमोघसिद्धिले नेपालमा बुद्धधर्म र बौद्धशक्ति रक्षा गर्न ठूलो मद्दत पनि गऱ्यो । नेपालको मन्दिर र विहारहरु भारतमा जस्तै जमिनभित्र पुरिन गएन । यता स्वयं बौद्धदृष्टिकोणबाट पनि भावनात्मक अभिप्रायात्मक ईश्वरवादीय दर्शनसँग जोडिन पुग्यो । बुद्धको महानिर्वाणपछिको स्थितिमा मौन धारण गर्ने परम्परामा बुद्धलोकको आस्था बलियो भयो । अझ कर्मवादको बौद्ध कथासाहित्यले कर्ता-धर्ता र बरदाताको स्वरुप लियो । यो समयले अतीतका वास्तविक तथ्यको समिक्षामा भन्दा पनि जीवनवादी समिक्षामा बढी महत्त्व दियो  वास्तवमा इतिहासले पनि देखाउँछ, युग र वातावरण अपेक्षित संस्कृति नै मानव संस्कृतिको स्वाभाविक प्रवाह हो । जुन प्रवाह नेपालमा सधैं गतिशील र संगीतमय भएको छ । अनि पछि गएर बुद्धको दर्शनसँग बज्रयान पछिको स्वरुप संगम भएर यो प्रवाहमा झन् गतिशीलता आयो । पंचदान र सम्यकदानसँगै होम (यज्ञ) जस्ता चर्याले पनि शायद यहीबेला ठाउँ लियो । ब्राह्मणवादी र बाह्य क्रियाकर्मको प्रक्रियामा आचार विचार शुद्धिको वातावरणमा हुर्केका मानवतावादी धर्म त अहिले स्वयं विचित्र विचित्र बाह्य क्रियाकर्ममा अल्झियो । यसको निम्ति तंत्रमंत्रको सिद्धि र प्रभुत्व त बदलिने तत्त्व नै भयो । यसले गर्दा फेरि एक पटक बौद्धहरु राजकुलको सन्निकट अवस्था प्राप्त भयो । राजा गुणकामदेवले मछिन्द्रनाथ ल्याएर नरेन्द्रदेवले मन्दिर बनाउनु, नःबहा (पाटनको एउटा विहार) बनाउनु, पुराना यात्राहरु म्हासेर मछिन्द्रनाथको अगाडी मीननाथ साथमा राखी रथयात्रा चलाउने प्रथा चलाउनु, राजा प्रताप मल्लले जामन गुभाजुलाई राजकुलमा स्थान दिनु, अझ लायकूबहिल बनाइ दिनु, राजा श्रीनिबास मल्लले नरेन्द्रदेवको श्रद्धा मन्दिरमा श्रृंगार गरि थप कीर्ति राख्नु यसको उदाहरण हो । यसरी जनचेतना र जनश्रद्धा बुद्धधर्मप्रति पूर्णतः राजानुकरणात्मक प्रवृत्तिको भयो भन्नु मिल्दैन । अति दमन अवस्थाको विद्रोह वा प्रतिकार क्षमता बौद्धहरुमा अवशेष थियो, त्यसकारण भारतमा बुद्धधर्म उन्नतितिर नजाने भएर पनि नेपालबाट भारतमा मानिसहरु जान्थे । अझ त्यहाँको मन्दिर हेरेर शायद त्यो मन्दिरको भविष्य नराम्रो देखि आफ्नो देशमा आएर त्यस्तै मन्दिर बनायो । यसको एउटा नमूना पाटनका महाबुद्ध मन्दिर हो ।

Downloaded from http://dhamma.digital/

मल्लकालको अन्ततिर पुग्दा बौद्धबिहार र बहिलहरुको निर्माण गर्ने, नाउ, लुहारदेखि ब्राह्मण आदि जातिको चूडाकर्म गर्ने बौद्ध विलक्षण स्वभावको अवरोह भयो । राजाहरु पनि मन्दिर बनाउने, नयाँ नयाँ देवताहरुको यात्रा गर्ने, नाच नचाउनेमा तल्लीन भए । यतिबेला बौद्धहरुले साझा मन्दिर बनाउने, तान्त्रिक नाच नचाउने सम्म पनि आफ्नो प्रभावमा ल्याउन सके । जसको धाराप्रवाह राजा जयप्रकाश मल्लको कुमारी यात्रा सम्म बहँदै गयो ।

मल्लवंशपछि शाहवंशको उदय भयो । नेपाल एकीकरण गर्ने शाहवंशका श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह नेपालका नेपालीत्वसँग राम्रैसँग परिचित थिए । उनले प्रचलित सबै यात्राहरुमा प्रोत्साहन दिनुका साथै आफ्नो जन्मदेखि वरदान र भविष्यवाणीसँग सम्बन्ध भएको बौद्ध लामालाई निकै जग्गा प्रदान गरे । जुन पछि राजनैतिक कारणबाट फेरि फर्काइए । श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले नुवाकोटको स्वयम्भू जीर्णोद्धार गर्नु भै रोकिराखेको काठमाडौं सम्यक महादान समेत पुनः बाऱ्ह वर्षमा एकपटक चलाउन दिनुभयो । यतिबेलासम्म प्वंगा (विशेष एक प्रकारको फुक्ने बाजा) ले दशाकुशल पाप छाड्ने घोषणा गर्दथ्यो ।

नेपालको बुद्धधर्मले नेपालको प्रगतिमा सदैव बल दिन्थ्यो । कारण यसले कला र संस्कृतिसँग अभिन्न रुपले गाँसिई जीवन संगाली रहेको थियो । आफ्ना श्रद्धाका पात्र देवता विभिन्न धातुहरुमा ढाल्ने अनि त्यो स्थापना गर्न काठ, ढुंगा र ईंटामा भावनाको साकार दिने, श्रद्धा चित्र र साहित्य रचनामा समावेश गर्ने, गीत र नाच चालु गर्दै धर्मलाई जीवनसँग गाँसिराख्नुमा सदैव ध्यान दिन्थ्यो । जसबाट श्री ५ राजेन्द्र वीर विक्रमको नाममा "महासत्वोपाख्यान" नाटक हाम्रा अगाडी अस्तित्वमा रहेका छन् । यस्तै नै कथा र गीत साहित्य यी सबै साथसाथै विकास हुँदै गए । परन्तु यो जीवनसँग गाँसिएको बुद्धधर्म छुट्याउन नसक्दा चिढिएका तत्वले भने बीच बीचमा कम दुःख दिएका होइन, गोलमाल गर्ने मौका कम खोजेका होइन । तिनीहरुले मसानमा लगेर पन नमरिने नेपालको बुद्धधर्मको जुन विशिष्ठता थियो त्यसलाई भने बुझ्नै सकेनन् ।

अठारौं शदीको उत्तरार्द्ध बितेपछि राजवंशमा शासनाधिकारमा परिवर्तन के आए कानूनी रुपले बौद्ध दमनको प्रयास शुरु गर्न बौद्धविरोधीहरु जम्मा हुन थाले । होइन भने नयाँ राजनैतिक सत्तामा आएकालाई धार्मिक र सामाजिक व्यवस्थासँग के मतलब ? परन्तु शौभाग्य नै थियो उता एसियाई जागरणमा बुद्धधर्मले फेरि बल दिने प्रारम्भ गरिसकेको थियो, त्यस्तै पुरातात्विक उत्खनन्को प्रारम्भ भै बुद्धधर्म निन्द्राबाट बिउँझै जस्तै गरी राष्ट्रिय गर्वको रुपमा उठिसकेको थियो । नेपालमा पनि डा. फुहररले १८९५ ईस्वीमा लुम्बिनीका अशोक स्तम्भ पत्ता लगाएको थियो । त्यसताका नेपालका प्रधानमन्त्री देवशमशेरलाई सम्यक देवता बराबर निमन्त्रणा गर्न खुब मन पऱ्यो, परन्तु उनको श्रद्धालाई एकातिर चिप्ल्याएर मात्र धीत मरेन, उनलाई नै उखाड्ने राजनैतिक शक्तिको घच्चाघच्चीमा स्वार्थीतत्त्वले बल पुऱ्यायो, प्रधानमन्त्री चन्द्रशमशेरको आडमा अबौद्ध शक्तिले बौद्धहरु हिन्दु हुँदा केहि होइन, हिन्दुहरु बौद्ध भयो भने कानूनी रुपले अपराध घोषित गराउन सफलता प्राप्त गरे । ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र जस्ता तलमाथिका सबैजात चूडाकर्म गरिने परम्परामा यो पहिलो धार्मिक पक्षपात थियो । सिलभान लेविजस्ता राजनैतिक व्यक्तिबाट प्रभावित भएर त्यस्तै धर्मादित्य धर्माचार्यको बारम्बार भएको जायज मागपत्रबाट लुम्बिनीमा चन्द्रशमशेरको

Downloaded from http://dhamma.digital/

शासनकालमा केहि निर्माण र त्यस मन्दिरमा हिंसा नगर्न घोषणा भएता पनि बौद्धधर्म विरोधी तत्त्वको हृदयले सहन सकेन ।

नेपालमा एसियाइ स्वतन्त्र संग्रामको जागरणको साथै उठेको धार्मिक चेतना झन् झन् बढ्दै गयो । विक्रम सम्वत् १९८१ पुग्दा खामबाट आउनु भएका क्यान्छे लामाले नयाँ अध्याय थपि दियो । नेपाली बौद्ध जनता ५/६ हजारको संख्यामा धर्म श्रवणका लागि भेला भए । निसन्देह यो जमघट नेपालको इतिहासमा असाधारण थियो । अनि यहि जमघट कुन्नि के भनिन राजनैतिक भय अघि सारेर बौद्ध संगठन प्रति शासकहरुको हृदयमा विषवृक्ष रोपिदियो । यता जयस्थिति मल्लको सुधारको नाउँमा अबौद्ध शक्तिले बुद्धधर्मको गृहत्याग प्रवृत्तिमा खण्डित भएको पुरानो परम्परा, कुलगत अबौद्ध भएकाले गृहत्याग गरि अर्थात् प्रब्रजित भएर भिक्षु महाप्रज्ञाले ठूलो क्रान्तिको सुत्रपात केरुबाट गरे । फेरि छिरिंनुर्बुको उपाध्यायत्वमा अरु गृहत्यागी भिक्षुहरु बने । यसबाट चन्द्रशमशेरको आँखामा बौद्धहरु बिझाउन सजिलो भयो । अनि महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति यी पाँचैजनालाई देशबाट निर्वासित गऱ्यो । गएको शदीहरुमा आफ्नो देशबाट कला र संस्कृतिको साथै धर्मप्रचारकहरु पठाइरहेको पूर्व परम्परा र यसको निम्ति प्रदत्त मार्गको उदारताको विपरीत राजनैतिक शक्तिले गरेको १९८२ सालको यही पहिलो प्रत्यक्ष क्रूर दमन हो । अनि स्वयम्भूको जीर्णोद्धारको श्रद्धामा चन्द्रशमशेरले छेकेको नै नेपालको बौद्ध श्रद्धात्मक निर्माण कार्यमा पहिलो बाधा पनि भयो । यतिमात्र होइन तुलाधर र गुभाजुलाई लामा ढोग्ने र भातभान्सा सम्बन्धीको आधारमा बौद्धहरुभित्र झगडा पारी राजनैतिक शक्ति संगठन हुन नदिइकन राणाकालिन पुरोहितहरुले बौद्धबौद्धमा झगडा पारी बीचमा अरुले जिताउरी लिने गरे ।

परन्तु बौद्धजागरण फेरि सेलाएर जान उठेको होइन । त्यसकारण यस घटनाले गर्दा बौद्धजागरण झन् बढ्यो । यही समय कतिजनालाई श्रद्धाबाटै लंकामा अध्ययनार्थ जान पृष्ठभूमि दियो, कतिजना तिब्बतबाट नेपाल आइपुगे । भिक्षु महाप्रज्ञा पछि प्रज्ञानन्द श्रामयेर बने । फेरि निष्काशनको कारणले गर्दा महाप्रज्ञा नेपालमा आउन नसकेता पनि वहाँको प्रेरणाबाट श्रामणेर प्रज्ञानन्द नेपालमा आउनु भयो । अनि साहू दशरत्न (स्व. धर्मालोक) लाई पात्र समाउन लगाई भिक्षाटन जानु भयो । यही नै चीवरवस्त्र पहिरी नेपाल उपत्यकामा सर्वप्रथम स्थविरवादी शासनको पुनः नेपाल प्रवेश हो ।

बुद्धशासन बलियो तुल्याउन देशबाट निर्वासित भिक्षु महाप्रज्ञाले भित्री तवरबाट कम काम गर्नु भएन, उहाँले हिन्दू सन्यासी झैं बनेर नेपाल भित्र पसेर नेपाली श्रद्धालुहरुलाई त्यागी जीवनमा आकर्षित गर्नुभयो । यसै कार्यको क्रममा भिक्षु महाप्रज्ञालाई निष्कासित भिक्षु नेपालमा पस्यो भनेर पूर्व ४ नम्बर भोजपूर जेलमा राखे । फेरि अबौद्ध कुलबाट प्रब्रजित भएर बुद्धमूर्ति बनायो भनिकन दोषारोपण पनि गऱ्यो । यही बौद्धकला साधनामा पहिलो जातीय बन्धन हो । यही बन्दी अवस्थामा आफ्नो गुरुसँगै श्रामणेर अमृतानन्द पनि जेलमा बस्नुभयो ।

यता श्रामणेर प्रज्ञानन्द र श्रद्धालुबीच धार्मिक कुरा सुन्ने सुनाउने हुँदैगयो, यसबाट रातो वस्त्र गयो, पहेँलो वस्त्र आयो भनि बिरोधीको मनमा चिसो त पसेकै थियो, यति हुँदा पनि नेपालबाट

Downloaded from http://dhamma.digital/

महिलाहरु गृहत्यागी हुन थाले । यिनीहरु अनागारिका धर्मपाली, संघपाली र रत्नपाली हुन् । यो घटना नै नेपालमा महिलाहरु पुनः गृहत्यागी बन्ने पहिलो अध्याय हो ।

उता धर्मादित्य धर्माचार्यले बुद्धधर्म, हिमालयन बौद्ध, "बुद्धधर्म व नेपाल भाषा" नामको पत्रिकाले नेपालको बौद्ध जगतमा कलकत्ताबाट क्रान्ति ल्याउँदै गर्‍यो, लेख्नु नै अपराध भएर पनि लेखकहरु कोठा कोठामा परिपक्व हुँदै गए । राजनैतिक शक्ति हत्याउने क्रममा पनि चन्द्रशमशेरपछि भीमशमशेर आए । भिक्षुहरुको प्रचारकार्य तीव्र हुँदै गए । रातो चीवर पछि पहेँलो चीवरबाट धार्मिक सुधारको भावनामा नयाँ चेतना प्रज्वलित हुँदै गए । आ-आफ्नो जातिवादमा झगडा गर्नु धर्म होइन भनि जागृत भएकाहरुलाई पुनः ब्राह्मणलाई ढोगेन भनिकन अपराधी तुल्याउन खोज्यो । परन्तु पं. चक्रपाणी चालिसे र लेखनाथहरुले हामीहरुलाई यिनीहरुले ढोगेका छन् भनेपछि धर्मका पृष्ठपोषक तत्त्वहरुले त्यतिको तर्साउन दबाउन सकेन । बुद्धचर्या आदि पत्रिकाका रचनाले मार्ग दर्शन गरे । यसपछि परछिद्रानुन्वेषकहरुले हिंसा र मद्यपानका विरक्तिपूर्ण श्रद्धात्मक गीतमा बागियानको प्रचार गरेको आरोप गर्न लागे । यो बागियानका प्रचार पनि सामूहिक रुपमा भइरहेको छ भनी जाहेर गरे । अनि ब्रह्मजाल डोरीले राणाकालीन बमकाण्डसँगै बाँधेर बौद्धविरोधी तत्त्वले आफ्नो स्वार्थ सिद्ध गरे । सर्वश्री योगबीरसिंह, सिद्धरत्न, माणिकमान, चित्तधर, मानदास, दशरत्न, मानदेव, मञ्जुहर्ष, धर्ममान, करुणारत्न र हर्षदासलाई चारभाञ्ज्यां बाहिर निकाल्ने दण्ड दिएर विगत इतिहासमा नेपालबाट सयौं बौद्धहरु निष्काशित गरेको पुरानो इतिहास दाहर्‍यायो । राजनैतिक शक्तिमा आउन तम्सेका जुद्धशमशेरले यस कुराको चाल पाएर केही कदम उठाउनु भन्दा पहिले सिद्धिरत्न पूर्व रामेछापमा, माणिकमान गोर्खामा, मानदास नुवाकोटमा, करुणारत्न चौतारामा पुर्‍याई सकेका थिए ।

जुद्धशमशेर प्रधानमन्त्री बन्यो । पहिले बौद्धहरुलाई जिस्क्याउन हुँदैन भनी ठान्ने जुद्धशमशेरलाई प्रधानमन्त्री बनेपछि फेरि चन्द्रशमशेरको बौद्ध विरोधी मन्त्र लाग्न थाल्यो । यता ज्ञानमालाको प्रचार, परोपकारको संगठन र बौद्ध जागरण फैलिँदै गयो । अर्कोतिर राजनैतिक जागरण पनि आएको थियो । यही हूलमुलमा पारी १९९७ सालमा विशुद्धभाषा र धर्मसेवी श्री चित्तधरजस्तालाई जेलमा राखे । अनि यो षड्यन्त्र नबुझ्ने तथाकथित बौद्धहरुको सहयोग प्राप्त राजनैतिक आधारको पर्दाभित्र लुकेर बौद्ध भिक्षुहरुलाई लक्षराखे । महिलालाई गृहत्यागी तुल्याउने । सामूहिक धर्म प्रचार गरियो भनी दोषारोपण गरि वर्षावास बसिरहेका नेपाली भिक्षुहरुलाई प्रथम वर्षावास र द्वितीय वर्षावास भनेको न, क, थाहा नपाएकाले श्रावण १५ गते २००० सालका दिन नेपालबाट निष्कासन गरे ।

निष्कासित आठजना भिक्षु श्रामणेरहरु हुन् -

१. भिक्षु प्रज्ञानन्द, २. भिक्षु धर्मालोक, ३. भिक्षु सुबोधानन्द, ४. भिक्षु प्रज्ञारश्मि

५. श्रामणेर प्रज्ञारस, ६. रत्नज्योति, ७. अग्गधम्म, ८. कुमार ।

यही नेपालमा बौद्धधर्मप्रति निर्मम दमन आकांक्षीहरुको सबभन्दा ठूलो र सबभन्दा पछिल्लो प्रहार हो ।

Downloaded from http://dhamma.digital/

बुद्धको जन्मभूमिबाट बौद्ध भिक्षुहरु बुद्धधर्म प्रचारको आरोपमा निष्कासन गरेकोमा अन्तर्राष्ट्रबाट ठूलो प्रतिक्रिया जनायो । निष्कासित भिक्षुहरुलाई बर्मा श्रीलंका र भारतमा स्वागत भए । सारानाथमा १०४४ इस्वीमा धर्मोदय सभाको स्थापना भयो । यसपछि भिक्षु अमृतानन्दको प्रयत्नबाट १९४६ इस्वीका श्रीलंकाका भिक्षु नारद महास्थविरको नेतृत्वमा भिक्षुप्रियदर्शी, डा. रत्नसूर्य, प्रो. आर्यपाल र स्वयं भिक्षु अमृतानन्दसहित ५ जनाको शिष्टमण्डल श्रीलंकाबाट आए । प्रधानमंत्री पद्मशमशेरले "आ-आफ्नो धर्म आ-आफूले पालन गर्नु" भन्ने हुकुम भयो । अनि भिक्षु धर्मालोकदेखि नेपालमा पुनः भिक्षुहरु भित्रिए । यसै बीचमा "ज्ञानमाला भजनखलः" का सम्पूर्ण सदस्यहरुलाई अझ ज्ञानमाला बेच्नेलाई समेत वर्षौं तारेखमा झुण्ड्याई दिनसम्म दुःख दिएका थिए । परन्तु अदम्य उत्साह, प्रबल श्रद्धा र गम्भीर चेतनाको अगाडी सम्पूर्ण मार पराजित भयो । देशमा नयाँ जागरणको विजय भयो । "स्वदेशवासी दिदी बहिनीहरु विद्या पढ्नु पऱ्यो" भन्ने गीतले शैक्षिक जागृति ल्यायो । यता देशमा जहानिया शासन व्यवस्था अन्त भयो । यही प्रजातन्त्रको सुप्रभातमा आएको बैशाख पूर्णिमाको दिन श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव बौद्ध समारोहमा सवारी हुनुभयो यसैलाई नेपाली धर्म परम्पराको प्रवाहमा फेरि आएको गतिशीलता मान्नुपर्छ ।

यसपछि २००८ साल कार्तिक २० गते नेपालमा अग्रश्रावक सारीपुत्र र मौद्गल्यायनको अस्तिधातुको आगमन भयो । स्वागत समितिको अध्यक्ष स्वयं श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव हुनुभयो । राजदरबार सम्म पनि यसको स्वागत भयो । नेपालमा बुद्धधर्मको पुनर्जागरणको यही राम्रो अध्याय हो । यो स्वागत समितिको सचिव हुनुहुन्छ भिक्षु अमृतानन्द महास्थविर ।

यसपछि २०१२ सालको प्रजातन्त्र दिवस बुद्धधर्मको अर्को महत्त्वपूर्ण अध्याय हो । त्यसदिन श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव लुम्बिनीमा सवारी हुनुभयो । ज्ञातअनुसार सम्राट् अशोक र राजा रिपुमल्लपछि लुम्बिनीमा राजकीय यात्रा भएको यही यात्रा हो । अझ यही दिन श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यभर बैशाख पूर्णिमाको दिन अहिंसाको घोषणा गर्नु भयो ।

१५ नोवेम्बर १९५६ को दिन नेपालको इतिहासमा शायद बुद्धकाल भन्दा पछिको सर्वाधिक महत्त्वपूर्ण अध्याय थपियो । टुँडिखेलको बीचमा विशेष रुपमा बनाईएको मञ्चमा आशन ग्रहण गरि विभिन्न ४२ राष्ट्रबाट भाग लिएका धर्मोदयसभाको तत्वावधानमा भएको चतुर्थ विश्व बौद्ध सम्मेलनको समुद्घाटन भाषण श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट भयो । विश्वशान्तिको पक्षमा नेपालको दृष्टिकोण प्रथम पटक गैरसरकारी अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत भयो । उता लुम्बिनीमा २५०० बुद्धजयन्तीको उपलक्ष्यमा श्री ५ को सरकारबाट नव निर्माणको कार्य सम्पन्न गऱ्यो ।

आज नेपालमा पहेँलो चीवर, रातो तथा साधारण वस्त्रका बुद्धधर्म आ-आफ्ना पद्दति अनुसार प्रचार भइरहेको छ । संविधानले आ-आफ्नो धर्म गर्न अधिकार दिएको छ । स्थविरवादी बुद्धधर्मले पनि त्यसबेलादेखि अहिलेसम्म अनवरत रुपबाट आफ्नो प्रचारकार्य गरिरहेकै छन् । आजसम्ममा स्थविरवादी विहार तल दिईएको छ ।

Downloaded from http://dhamma.digital/

आज प्रतिवर्ष बुद्धजयन्ती अधिराज्यभर राम्रोसँग भइरहेको छ । पाक्षिक बुद्धपूजा उपत्यका भ्रमण गरी कुनै देशमा नभएको रुपमा ५०० भन्दा बढी श्रद्धालुहरुको समूहले पवित्र चार बौद्धतिर्थको यात्रा "ज्ञानमाला भजनखल:" तत्वावधानमा गठित तीर्थयात्रा समितिले गऱ्यो । आज भिक्षु अमृतानन्दको त्याग तपस्याबाट आनन्दकुटी विद्यापीठ र आनन्दकुटी विज्ञान कलेज स्थापित भयो । गणमहाविहारको जीर्णोद्धार भयो फेरि भोजपुर तानसेनमा शान्ति पुस्तकालय स्थापना भयो । आज सम्ममा १५० भन्दा बढी पुस्तक भिक्षु र अनगारिकाहरुले लेखिसके । आज नेपालमा र बौद्धदेशमा अध्ययनरत गरी जम्मा नेपाली भिक्षु, श्रामणेरहरु र अनागारिकाहरुमा भिक्षुहरु मात्र अहिले ३९ जना छन् ५ जना दिवंगत भैसके । अनागारिकाहरु अहिले ७० जना जति छन् २३ जना दिवंगत भैसके । (यसमा चीवर त्याग गरेकाहरुको संख्या सम्मिलित छैन) यस्तै महायानी र बज्रयानी बौद्ध धर्मावलम्बीहरुले पनि आ-आफ्नो धर्म प्रचार गरिरहेका छन् । साथै सक्दो कला साहित्यको विकासमा पनि मद्दत गर्दै बुद्धधर्म तथा देशसेवा गरिरहेका छन् ।

**आजका थेरवाद विहारहरु :-**

**काठमाडौं जिल्ला :-**

१. आनन्दकुटि विहार

२. श्रीघः विहार

३. प्रणिधीपूर्ण महाविहार

४. सुगतपुर विहार, (त्रिशुली)

५. गौतमबुद्ध विहार

६. गणमहाविहार

७. धर्मचक्र विहार

८. महाप्रज्ञा आश्रम

९. नगरमण्डप श्रीकीर्ति विहार

१०. आनन्दभुवन विहार

११. बुद्ध विहार

१२. संघाराम भिक्षु तालिम केन्द्र

१३. पवित्रकुटि विहार

Downloaded from http://dhamma.digital/

१४. पद्मसुगन्ध विहार

१६. अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र

१७. बसुन्धरा विहार

१८. चतुब्रम्ह विहार

१९. मातातीर्थ विहार

२०. कुटि विहार

**अनागारिकाहरु बस्ने विहार र आरामहरु :-**

१. निर्वाणमकूर्ति उपासिकाराम

२. धर्मकीर्ति विहार

३. विजयाराम

४. धर्मसंग्रह विहार

५. पद्मकीर्ति विहार

**थेरवादी भिक्षु सम्पर्क भएको :-**

१. कीर्तिपुर क्वाःचो ।

**ललितपुर जिल्ला :-**

१. श्री सुमंगल विहार

२. शाक्यसिंह विहार

३. वेलुवनाराम

४. मणिमण्डप विहार

५. शान्ति विहार

Downloaded from http://dhamma.digital/

६. सिद्धिमंगल विहार

७. सुवर्णछत्रपुर विहार

८. जितापुर गन्धकुटि विहार

९. पुण्योदय विहार

**अनागारिकाहरु बस्ने विहार र आरामहरु :-**

१. जयमंगल विहार

२. सुनन्दाराम

३. अ.संघरक्षिता विहार

४. इतिराज विहार

५. सन्तिसुखावास

६. न्योति विहार

७. पञ्ञानन्दाराम

८. नरसिंहाराम

**थेरवादी भिक्षुहरु सम्पर्क भएको :-**

१. विश्वमैत्री विहार मंगल राजप्राशाद अगाडी ।

**भक्तपुर, सिन्धु, काभ्रे जिल्ला :-**

१. सुदर्शन महाविहार

२. चन्द्रकीर्ति विहार

३. मुनि विहार

४. सिखलापुर विहार

Downloaded from http://dhamma.digital/

५. पाटि विहार

६. पूर्वाराम विहार

७. ध्यानकुटि

८. बौद्धसमस्कृत विहार

९. बोधिचर्या विहार

१०. नगदेश बुद्ध विहार

११. बालहर्षकीर्ति विहार

**अनागारिकाहरु बस्ने विहार :-**

१. काशीवर्ण बुद्ध विहार ।

**पूर्वतिरका विहारहरु :-**

१. शाक्यमुनि विहार

२. सिद्धि विहार

३. बुद्ध विहार धरान

४. बोधिसत्त्व विहार

५. बुद्ध विहार धनकुटा

६. बुद्ध विहार धरान

७. बयरवन ज्योति बुद्ध विहार

८. बुद्ध विहार उर्लाबारी

९.बुद्ध विहार दमक झापा

१०. पिच्छरा विराटनगर (जग्गा मात्र प्राप्त)

Downloaded from http://dhamma.digital/

**थेरवादी भिक्षुहरु सम्पर्क भएको :-**

१. स्वयम्भूचैत्यविहार ।

**पश्चिमतिरका विहारहरु :-**

१. महाचैत्य विहार

२. पद्मचैत्य विहार

३. धर्मशीला बुद्ध विहार

४. आनन्द विहार

५. ज्ञानोदय विहार

६. अभिनव बुद्ध विहार

७. श्री मंगल विहार

८. चित्रवन विहार

९. माछापुच्छ्रे विहार

१०. महाबोधि विहार

११. लोकचक्र विहार

१२. होलन्दि विहार

१३. भिक्षुवा विहार

१४. सुगन्ध विहार

१५. अन्तरराष्ट्रिय बौद्ध समाज

१६. पूगताभूमि विहार

**थेरवादी भिक्षुहरु सम्पर्क भएका :-**

१. बागेश्वरी बुद्ध विहार

२. बुद्ध विहार हेटौडा

Downloaded from http://dhamma.digital/

यसरी थेरवादी विहार र आरामहरु जम्मा ८० वटा छन् र थेरवाद नभए पनि भिक्षुहरुको निम्ति खुला भएका विहारहरु ४ वटा छन् ।

**(प्रस्तुत "नेपालमा बुद्धधर्म" रचना भिक्षु सुदर्शनज्यूबाट बु. सं. २५०० सालमा "विश्वय् बुद्धधर्म" पुस्तकको निम्ति लेख्नु भएको हुँदा त्यसबेला सम्मको वा त्यहाँसम्मको बुद्धधर्मको उन्नति र प्रगतिको मात्र कुरा छ।)**

Downloaded from http://dhamma.digital/

# भारतमा बुद्धधर्म

भारतमा बुद्धधर्मको प्रवाह कहिलेदेखि सुरु हुन्छ त्यहाँदेखि नै बुद्धधर्मको इतिहास गतिशील हुन्छ । यो इतिहासको प्रवर्तन बुद्धले सारानाथ मृगदावनमा गर्नुभयो । अनि यो समय ५२८ इ.पू. आषाढ पूर्णिमातिर पर्दछ । उनि बुद्ध हुने बोधिसत्त्वको जन्म ५६३ इ.पू. तिर लुम्विनी उद्यानमा भयो । उनि कपिलवस्तुका शाक्याधिपति शुद्धोदनका सुपुत्र हुनु हुन्छ । फेरि वहाँले ५२४ इ.पू. तिर आफ्नो देश कपिलवस्तुबाट महाभिनिष्क्रमण गर्नुभयो ।

यो समय सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक वातावरणमा ब्राह्मवादी आधिपत्यबाट मुक्त हुन क्षेत्रीय जागरण भइरहेको समय हो । यज्ञवादी धर्मको दक्षिणा र क्रियाकर्मको बाहुल्यले दबाईराखेका जनताहरुको मनमा पनि शीतल सुख शान्तिले भरिएको प्रेम र करुणाको धर्म मनपराउन ठाउँ खालि भइराखेको थियो । परिणामत श्रमणवादी दर्शनले जनमानसमा यतिबेलासम्म केही केही जरा पनि गाडि सकेका थिए । महावीरले आफ्नै प्रेम र करुणाको सिद्धान्त जनताको राखिसकेको थियो । यहि समयमा बुद्धले पाँचजना नेपाली श्रमणहरुको अगाडि आज्ञा गर्नु भयो । **"द्वे मे भिक्खवे अन्ता पब्बजितेन नसेबितब्बा"** भिक्षु हो, यी दुइ अन्त (अति) प्रब्रजितहरुले सेवन गर्नु हुँदैन । के के दुइ ?

१) यो हीन, ग्राम्य, पृथग्जनलाई सुहाउँदो कमसल व्यक्तिको अर्थ नभएको, कामवासना र कामसुखमा लिप्त हुने, (धर्म) र

२) दुःख हुने, कमसल व्यक्तिले अपनाउने, अर्थ नभएको, कायक्लेश दिने (धर्म) हो ।

भिक्षु हो, यी दुवै अन्तमा नगईकन तथागतले मध्यममार्ग खोजेर पत्ता लगाउनु भयो, जुन आँखा लाभ हुने, ज्ञान लाभ हुने, शान्ति लाभ हुने, अभिज्ञा लाभ हुने, सम्बोधि लाभ हुने र निर्वाण हुने हो । त्यो तथागतले खोजेर पत्ता लगाउनु भएको मध्यम मार्ग कस्तो ?

त्यो यही आर्य अष्टांगिकमार्ग हो जुन सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाक्य, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति, सम्यक समाधि हुन् ।

यो नयाँ शुद्ध आचार विचारको धर्मले नै बाह्य क्रियाकर्मको धर्मले दबाईराखेको जगतमा चाँडै नै प्रभाव पार्‍यो । यो समय स्वयं सिद्धार्थजस्तै मन पोलेका व्यक्तिहरु निकै भैराखेको समय थियो, जसले गर्दा बुद्धको शान्ति सन्देशले छिटै नै मानिसहरुलाई आकर्षित गर्ने नै भयो ।

यसको नमूना यश, कात्यायन, सारिपुत्र, मौद्गल्यायन आदि स्वयं बुद्धका प्रमुख शिष्यहरुको जीवनी हाम्रो अगाडी छ । यश मृगदावनको जंगलमा नै हाय जलन भयो हाय जलन भयो भन्दै घुम्दै रात काटेपछि बुद्ध भेट्ने किंकुशलगवेषी हो । तरुण र सम्भ्रान्त कुलको यश बुद्धको शिष्य बन्यो । आमा बाबुको इच्छाका विपरित आमा बाबुसँग वचन लिएर सुगत शासनमा आएका युवक यशले निःसन्देह त्यतिबेलाको त्यो वातावरणलाई अघि सार्छ, जुन वातावरणले बुद्धको सन्देश भारतमा राम्रोसँग बलियोसँग र छिटै प्रचार हुन मद्दत गर्‍यो ।

Downloaded from http://dhamma.digital/

यशकुमारको पछि लागिआएका तरुणहरु विमल, सुबाहु, पूर्णजीत र गवम्पति यी चारजना श्रेष्ठिपुत्रहरु र पछि यिनीहरुको साथ लागेर आएका ५० जना युवकसमेत गरी बुद्धधर्म प्रचारार्थ ६० जवानको संघ भयो । स्वयं बुद्धसहित ६१ जवान भए । अनि तथागतले यी साठीजनालाई आजको भौगोलिक परिधिमा भन्ने हो भने नेपाली र भारतीय भिक्षुहरुको अगाडी आज्ञा गर्नुभयो, ''भिक्षु हो, जति पनि दिव्य र मानव पाश (बन्धन) आज यहाँ छ, म त्यसबाट मुक्त छु । तिमीहरु पनि यो दिव्य र मानव पाश (बन्धन) बाट मुक्त होउ । भिक्षु हो, बहुजन हितार्थ, बहुजन सुखार्थ, लोकप्रति दया राख्न, देवता र मानवहरुको प्रयोजनको निम्ति, हितको निम्ति, सुखको निम्ति चारिका गर । दुईजना साथै नजानु । भिक्षु हो, आदि कल्याण, मध्य कल्याण र अन्तमा कल्याण गर्ने यो धर्म वचन सुनाउन जाउ । भिक्षु हो, म पनि उरुवेलमा जहाँ सेनानी ग्राम छ, त्यहाँ धर्म देशना गर्न जान्छु ।

बुद्धको यो धर्मले एकवर्ष ६ महिना नहुँदैमा धर्म प्रचारार्थ भिक्षुहरुलाई गर्नु भएको यो आज्ञाले भारतमा बुद्धधर्म उदाएको घामको ज्योति भन्दा बढी झन् झन् माथि आयो । बुद्ध स्वयं प्रचारमा जानु भयो । भिक्षुहरु पनि एक एक बाटोबाट बुद्धको सन्देश प्रचार गर्न पठाए । धेरै समय नबित्दै बुद्धले भिक्षुत्व दिने उपसम्पदाकार्य समेत भिक्षुहरुलाई सुम्पिदिनु भयो । परिणाम यो भयो भिक्षुहरुले पनि आफ्नो उपदेशले प्रभावित भएकाहरुलाई यही मार्ग निर्देशन गरे । अनि भिक्षुसंघको अभिवृद्धि स्वतन्त्र रुपले गतिशील हुन सजिलो भयो । हुँदाहुँदा बुद्धको शासनमा केहि वर्ष नबित्दै यस्तो अवस्था आयो बुद्धको उपदेशले प्रभावित भएका, परन्तु बुद्धको दर्शन नपाएकाहरुलाई भेट्न मात्र पनि दिनहुँ वहाँले केहि समय दिनु पर्ने भयो । बुद्धले स्वयं त्यस्ता भिक्षुहरु पनि भेट्नुभयो जसले अनुहारले बुद्ध समेत चिनेन । तिनीहरुले आफ्नो परिचय दिँदै यसरी स्वयं बुद्धको सन्मुख भन्छन् शाक्यकुलबाट प्रब्रजित हुनुभएका बुद्धको उपदेश अनुसार धर्म गर्न उनको शिष्य फलानो भिक्षु मेरो उपाध्याय हुनुहुन्छ ।

हामी फेरि केहि ऐतिहासिक विहंगम दृष्टिबाट पनि देख्न सक्छौं, बुद्धको जीवनकालमा पनि बुद्धको विचरण भूमिबाट बाहिर टाढा टाढासम्म उहाँको सन्देश प्रचार भयो । श्रद्धाभिव्यञ्जनको उल्लेख छाडे पनि बुद्ध कोशीबाट कूरुक्षेत्र, हिमाञ्चलबाट विन्ध्यसम्म विचरण गर्नु भएको स्पष्ट देखिन्छ । परन्तु भिक्षुहरुले यसभन्दा निकै बाहिर टाढासम्म उहाँको सन्देश पुऱ्यायो । अनि त त्यहाँदेखि आएर उहाँको शासनमा प्रवेश गर्ने भिक्षुहरु पनि भयो । उज्जैनबाट राजपुरोहित पदलाई फालेर भिक्षु बन्न आएका भिक्षु महाकात्यायन र वेश्यावृत्ति छाडेर आएकी अभयमाता, सूनापरान्तका भिक्षु पूर्ण अनि आलवी राजकन्या शैला यिनीहरु मध्ये प्रख्यात भिक्षु भिक्षुणीहरु हुन् ।

त्यसबेलाका प्रसिद्ध र शक्तिशाली राजाहरु मगधसम्राट बिम्बिसार (पछि अजातशत्रु) कौशाम्बिका राजा उदयन, कोशलराजा प्रशेनजित, अवन्तिराजा चन्द्रप्रद्योत र पावा आदि गणतन्त्रका गणाधिपतिदेखि लिएर धेरै धेरै यस्तै नै टाढा टाढा देशका अनेकानेक जात र कुलबाट विभिन्न सुखदुःखको कारणबाट आएका, जानेका नजानेका स्त्री पुरुषहरु पनि बुद्धको शासनमा श्रद्धालु हुन आए । यसको उदाहरण हाम्रो लागि थेरगाथामा आएका स्थविरहरुको अनि थेरीगाथामा देखिएका स्थविरहरुको जीवनवृत्त नै प्रशस्त छ ।

Downloaded from http://dhamma.digital/

भारतमा बुद्धको सन्देश अत्यन्त व्यापक रुपले सबै ठाउँमा सबै वर्गमा प्रचार हुन सकेको कारण त्यतिबेलाको पुरोहितवादी धार्मिक शोषणमुक्त यज्ञ र क्रियाकर्मबाट उकुसमुकुस भएका जनआकांक्षा मात्र होइन बुद्धधर्मको विभिन्न विशेषता पनि यसको कारण हो । विशुद्ध आचार विचारसँग सम्बद्ध प्रमे र करुणा, स्वतन्त्र चिन्तन, प्रोत्साहन, जाति, वर्ग, लिंगभेद नभएको गुण, जनभाषाको माध्यम र बुद्धसहित भिक्षुसंघको सदैब शुभकामनाले भरिएको, कतै नरोकीकन हिँडिनै रहने चारिकामय जीवन, यिनै प्रमुख कारणहरु हुन् । बुद्धले वर्षाकाल तीनमहिना छाडेर सधैँ नै एक गाउँबाट अर्को गाउँमा, निगमबाट निगममा, जनपदबाट जनपदमा, नगरबाट नगरमा, देशबाट देशमा चारिका गर्दै धर्मामृत पान गराउनु भयो । बुद्धको भिक्षुसंघले पनि यही मार्ग अनुशरण गरे । एउटा बाटोबाट दुईजना नजाने रुपको धर्मप्रचारको आदर्श साँचै नै त्यसबेलाको एकै ठाउँमा अड्डी लिएर जमेर यज्ञ गर्दै, गाउँ, रुपैया अफ्ष दासदासी दक्षिणा लिइरहेका धर्माधिकारीहरुले भरिएको युगमा अद्भूत उदाहरण हो । तसर्थ बुद्धले यसको महत्त्व र आवश्यकता कति अगाडी राख्नुभयो त्यो कुरा एक प्रसंगले स्पष्ट हुन्छ । "भिक्षुहो, अब म वृद्ध (५६ वर्ष) भएँ, कुनै कुनै भिक्षुहरुले मैले यो बाटो जाउँ भन्दा अर्को बाटो लाग्ने, कुनै कुनै भिक्षुहरुले मेरो पात्र चीवर भुईंमा राखेर जाने । त्यसकारण मेरो लागि एकजना नियत एकजना उपस्थापक (उपरिचारक) भिक्षु खोजी देउ ।"

भिक्षुहरुलाई यो कुरा सुनेर दुःख भयो । अनि आयुष्मान सारिपुत्र उठेर बुद्धलाई वन्दना गर्दै भने, "भन्ते, म तपाईंको सेवा गर्छु ।"

भगवान् बुद्धले भन्नुभयो, "अहं सारिपुत्र जुन दिशामा तिमी हुनेछौ त्यहाँ म नभएको जस्तो हुँदैन । अर्थात् तिमी जहाँ हुन्छौ त्यहाँ म नै भएजस्तो हुन्छ । तिम्रो धर्मोपदेश बुद्धको धर्म उपदेश समान छ । त्यसकारण तिम्रोतर्फबाट मेरो उपस्थापन काम हुँदैन ।

बुद्धको यो अस्वीकृतिमा धर्मश्रवणमा लोक नुकसान हुन नदिने अनुकम्पा छ । फेरि बुद्धले यो आज्ञा हुँदा दुईजना भिक्षु एकबाटो नगइकन बहुजनको हितको निम्ति र सुखको निम्ति चारिका गर्न जाउ भनि उद्बोधन गर्नु भएको पनि बीसवर्ष बितिसकेको थियो ।

बुद्धको महाकरुणा समापति ध्यानमा प्रतिदिन नै आज कसलाई उद्धार गरौं, कहाँ जाने, भन्ने लक्ष्य हुन्थ्यो । फेरि भिक्षाटनबाट फर्केर गोडा धुँदासम्म पनि बुद्धले उपदेश गर्नु हुन्छ ।

८० वर्षको उमेरमा बुद्धलाई आफ्नो संघमा सम्पन्नताको अनुभव भयो । उनी महापरिनिर्वाण हुन कुशीनगर जानु भयो । अनि दुई शालवृक्षको बीचमा महापरिनिर्वाण शैय्यामा लेट्नु भयो । त्यतिबेला सुभद्र परिब्राजक वृद्ध महल्लक आचार्य प्राचार्य परिब्राजकहरुको कुरा र बुद्ध महापरिनिर्वाण हुन लागेको शब्द सुनेर आफ्नो संशय मिताउन बुद्ध कहाँ आए । परन्तु बुद्धका उपस्थापक आनन्दले भने "अहं आवुस सुभद्र, तथागतलाई तकलिफ नखेऊ"।

तैपनि सुभद्रले फेरि फेरि बुद्धको दर्शन गर्न प्रार्थना गरे । आनन्दले पनि त्यस्तै उत्तर दिए । निःसन्देह यो श्रद्धानुकम्पा र धर्म जिज्ञासाको द्वन्द हो ।

Downloaded from http://dhamma.digital/

तथागतले तिनीहरुको कथा संलाप सुन्नुभो, अनि आयुष्मान आनन्दलाई बोलाएर “आनन्द, सुभद्रलाई नरोक, सुभद्रालाई तथागतको दर्शन गर्न देउ, सुभद्रलाई के कति सोध्न मन लाग्न उनको ज्ञानको ईच्छाले सोध्नेछ, मलाई तकलिफ दिने ईच्छाले होइन । प्रश्नमा मैले जुन बताउँछु उसले छिटै बुझेर लिनेछ ।”

सुभद्रा बुद्धकहाँ गए । बुद्धले उनले सोधिएको कुरामा शंका समाधान हुने गरि सोधिएको कुरामा उत्तरको साथै उपदेश दिनु भयो अनि उनी नै बुद्धको अन्तिम शिष्य भए । यसरी बुद्धको जीवनकालमा बुद्धको सन्देशको प्रचार भयो । जसलाई हामीले भारतमा बुद्धधर्मको पहिलो समयदेखि महापरिनिर्वाणसम्मको केहि सारांश भन्न सकिन्छ ।

## २

बुद्धको महापरिनिर्वाण ४८३ ई.पू. कुशीनगरमा भयो । बुद्धको महापरिनिर्वाण भएको सम्बेदन र रुदन अवस्थामा पनि कुनै उछृंखल भिक्षुहरुले अब त हामी स्वतन्त्र भयौं भन्न थाले । यहि हेतुले भविष्यको कल्याण चिताइ बुद्धको महापरिनिर्वाणको दुई महिना पछि प्रथम संगायना भयो ।

संगायनको साधारण अर्थ भेला भएर छलफल गर्नु हो । फेरि यो पद्धतिभित्र त्यतिबेलाको गणतन्त्रको सन्निपात हुने भाव प्रेरणा छ । कुनै कुरामा संस्थागारमा गणतन्त्रका गणहरुको सन्निपात भए जस्तै बुद्धको महापरिनिर्वाण अवस्थाले आएको स्थितिमा विचार गर्न भिक्षुसंघको सन्निपात भयो । यसमा मुख्यकाम बुद्धले यताउता देशना गर्नुभएका सन्देश भिक्षुसंघको बीचमा भिक्षुहरुले प्रस्तुत गर्ने र सबैले सुन्ने काम भयो । यो सन्देश संकलनको काम राजगृहको सप्तपर्णि पापाण गुफामा भएको थियो । फेरि यसबेला बुद्धवचनलाई धर्म र विनय दुई रुपले सम्झने प्रयास भयो । यो काममा पहिले संघ सन्मुख ज्ञापित गर्ने काम आयुष्मान महाकाश्यपले गरे, उपालि र आनन्दले यो संगायनामा धेरै भाग लिए । बुद्धका सन्देश संकलनपछि त्यो सम्झिराख्ने कामको भार पन जिम्मा लगाए । धर्मको रक्षा गर्ने भार लिनेलाई धम्मधर, सूत्रको भार लिनेलाई सुत्तधर, भनियो । त्यस्तै विनय सम्झिराख्नेलाई विनयघर भने । अनि अर्थ र मूल आधारजस्ता संदेश (दर्शन) सम्झिराख्नेलाई मातिकाधार भने, जसको विस्तार अभिधर्म र यसको वाहकहरुलाई अभिधार्मिक भन्छन् ।

यसको शयवर्षपछि ससाना विनय परिवर्तन विषयमा भिक्षुसंघमा विवाद उत्पन्न भयो । यसले गर्दा वैशालीमा दोश्रो संगायना हुनगयो । परन्तु यो संगायनमा प्रथम संगायनमा जस्ता एउटै र राम्रो परिणाम निस्कन सकिएन । संगायनमा राम्रो निर्णय त भयो परन्तु त्यही निर्णय नमान्ने अथवा यो निर्णयमा सन्तोष नहुनेहरु एक समूह भिक्षुहरुले कौशाम्बिमा फेरि अलग्ग भेला भएर विचार गरे, त्यसलाई आफ्नै ढंगले संगायनकै संज्ञा नै दिए । यहीबेला बौद्धहरुको दुईपक्ष अथवा निकायको अंकर प्रस्फुरित भयो । पछि परम्पराका बढी आग्रह गर्ने, बुद्धलाई मानव रुपमा बढी संरक्षण गर्ने पक्षका र केही विनय परिवर्तन गर्ने पक्षका, परन्तु बुद्धमा देवत्व (जुन झण्डै परिमार्जित ईश्वरत्व जस्तै) देख्ने पक्षका श्रावकहरु निस्के । यिनीहरु नै आर्य स्थविरवादी र महासांघिक हुनगए ।

Downloaded from http://dhamma.digital/

फेरि यिनै दुई निकायका हाँगाबिँगा भएर बढेर जाँदै एकसयबीस वर्षभित्र अठार निकाय हुनगए । त्यो भेद अट्ठमथा अनुसार यस्तो छ -

यी अट्ठार निकाय पनि पछि आआफ्ना ढंगले केहि धर्मको व्याख्या र धर्मसुत्रको निर्माण भएर गयो । परन्तु तिनीहरु सबैको साहित्य हामीलाई त्यतिको प्राप्त भएन, जुन साहित्यको आधारमा यो यस्तो कसरी भयो भनिकन राम्रोसँग निर्णयात्मक रुपमा भन्न सकोस् । अझ यी अट्ठार निकाय भेदमा यसपछि यसको मुलबाट यो भनी देखाइराखेकोमा स्थविरवाद र महासांघिक दुईपक्षको बीचमा कुनै छ्यास्मिस् नभए पनि आ-आफ्नै पक्षमा हाँगाबिँगामा कुनै कुनै उल्लेख फरक छ ।

जे होस् पहिले यिनीहरुको यो भेद साधारण मात्र थियो । यिनीहरु एकै समूहमा एउटै विहारमा बस्दथे । अशोकको समयसम्म राम्रैसँग बुद्धलाई मानव रुपमा मान्ने स्थविरवादी बुद्धधर्मको धेरै प्रभाव थियो । सम्राट अशोकले केहि मात्रामा भएको यो निकाय भेदको निराकरण पन तृतीय संगायनामा गरे । अशोकले बुद्धको वास्तविक सन्देश प्रचारको पक्ष लिएर स्थविरवाद धर्म प्रचारार्थ मद्दत गरे र अझ आफ्ना गुरु मोग्गलिपुत्त तिस्सको सल्लाहअनुसार भएको यो प्रचारकार्यले भारतमा बुद्धधर्मको इतिहासमा मात्र महत्त्व राखेन अपितु विश्वमा बुद्धधर्मको इतिहासमा नै बेजोड रुपले महत्त्व स्थापित गरिदियो । फेरि धर्मको प्रचारमा ती ठाउँका श्रद्धालुहरु नै उठाइ तिनीहरुलाई नै धर्मप्रचारको भार सुम्पिने विशिष्ट बौद्ध परम्परा गुण प्रदान गर्न जहाँ टाढा टाढा देशमा पाँच पाँचजनाको धर्मदूत मण्डल पठाएका थिए, जसबाट त्यहाँ विनयानुसार मध्यमण्टलबाट बाहिर भिक्षुहरु बनाउन पूरक संख्या पुगे । फेरि यी मण्डलहरुमा एकएक जना प्रमुख भिक्षु तुल्याइ त्यसको साथमा धर्म र विनयधरहरु पनि पठाउने प्रयत्न गरे । ती धर्मदूतमण्डलहरु गएका ठाउँ र मण्डलका नायकहरुको तथ्यांक यसप्रकारको छ -

काश्मीर, गन्धार ................. मज्झन्तिक, स्थविर,

महिसकमण्डल ................... महादेव स्थविर,

वनवासी .......................... रक्षित स्थविर,

महाराष्ट्र ...................... महाधर्मरक्षित स्थविर,

योनकलोक ........................ महारक्षित स्थविर,

हिमवन्त ........................... मज्झिम स्थविर,

सुवर्णभूमि ......................... सोणक र उत्तर स्थविर,

ताम्रपर्णि ........................... महेन्द्र स्थविर ।

सम्राट अशोकको समयमा यी धर्मदूत मण्डलका अध्यक्ष स्थविरहरु साँच्चै नै सम्मान प्राप्त र धर्म विज्ञ थिए भन्ने कुरा उहाँहरुको शरीरान्त पछिको अवशेष अस्थि राखी चैत्य निर्माण गरेको अथवा स्मारक बनाइ राखेकोबाट प्रमाणित गर्छ । साँची र यसको दायाँ वायाँको स्तूपमा मोग्गलिपुत्र र

Downloaded from http://dhamma.digital/

मज्झिम नाम अंकित भाँडोमा ती अवशेष पाएको छ । स्मरण योग्य छ यहि नै स्तूपपरिधि भित्र सारिपुत्त र मोग्गल्लायनको अस्तिधातु पनि प्राप्त भएको हो । यसबाट सम्राट अशोकको धर्मदूत मण्डलको ऐतिहासिकतामा जहाँ पुरातात्विक प्रमाण अगाडी आउँछ त त्यहिँ तथागतको धर्मानुयायी संघको परम्परा पनि रमाइलोसँग हाम्रो आँखामा ल्याउँछ । यो पनि अशोकको बुद्धधर्मप्रति ठूलो देन हो ।

युद्ध र हिंसादेखि विरक्त भएका सम्राट अशोकले यसरी धर्मप्रचार र धर्म संरक्षणको आधारभूत रुपले मौलिक महत्त्वको मात्र काम गरेको होइन, धेरै नै बौद्ध आदर्शको काम पन गऱ्यो । स्वयं आफूले पनि समय समयमा बुद्धजीवनसँग ऐतिहासिक सम्बन्ध भएको ठाउँको यात्रा गरे । त्यहाँको निम्ति गर्नु पर्ने काम देखे । स्मृतिस्तम्भ उभ्याउनुको साथै ती काम पनि पूरा गरे । अशोकले त्यसबाट राजभवनमा बसेर पुण्य संभार संग्रह गर्ने मोह र दानदक्षिणाको धर्मको अगाडी एउटा आर्दश देखाए । ठूलाठूला संघारामको साथै देशमा निकै महत्त्वपूर्ण भएको लामोलामो सडकहरु पनि बनायो । बुद्धको अस्ति प्रणिधान गरेर धर्मस्तूप बनाउनुको साथसाथै बाटो छेउछेउमा वृक्षारोपण गर्ने, मानिसजस्तै पशुहरुलाई उपचार गर्ने अस्पताल स्थापना गर्ने काम निःसन्देह सम्राट अशोकको आफ्नै ढंगको देन हो । अशोकको श्रद्धाले धर्मदूत मण्डल पठाउने यस आदर्शमा आफ्ना छोराछोरी महेन्द्र र संघमिता समेत अघि सारेर नदिएको भए थाहा छैन बुद्धधर्मले आज कुन रुप लिन्थ्यो होला, अथवा उहिल्यै भारतमा बज्रयानसम्मको रुप लिएर बिलाए जस्तै विश्वमा बुद्धधर्म उहिल्यै हराइसक्थ्यो होला ।

सम्राट अशोक कालको प्रभाव टाढा हुँदै गएपछि अठार नियकाय मध्ये बिउजस्तै रहिरहेको कुनै कुनै निकायले फेरि प्रभाव बढाउन थाले । अझ यी निकाय र यसका पनि हाँगाबिँगा भएको उपनिकायले पनि आफ्नो विस्तार गर्दै ल्याए । सर्वास्तिवादी उत्तरभारत, कास्मीर र गान्धारमा महिसासक सम्मितिय निकायले दक्षिणभारतमा आफ्नो उल्लेखनीय प्रभाव राख्यो । यही समयमा मौर्यवंशका राजालाई मारी शुंगवंश स्थापना गर्नेले राजनैतिक लाभ देखेर बौद्ध जनभावनाको समर्थनले मौर्यवंश फेरि उठ्ने आशंका गरी यो धर्म शक्तिहीन गर्न खोज्यो र ब्राम्हणधर्म उकास्यो । अनि फेरि एक पटक छुटिसकेको अश्वमेध यज्ञ हुनसक्ने बाटो खुलायो । मनुस्मृतिजस्ता ग्रन्थ प्रचार गरे ।

संस्कृत भाषाको पुनः जागरण भयो । परिणामत बौद्धहरुले आफ्नो केन्द्रहरु मगधबाट बाहिर सार्नु पऱ्यो । साथै सर्वास्तिवादीहरुले संस्कृत भाषाको प्रचारमा संस्कृतभाषाकै प्रचार भने जस्तै आफूले पनि बुद्धको उपदेश र बौद्धविचार पनि संस्कृतभाषामा ल्यायो । यतिबेला तिनीहरुले बुद्धको जनभाषामा जनताहरुकोबीच जनताको भाषाहरुमा धर्म प्रचार नगरिकन सम्मानित भाषा भनेको बुद्धि र ज्ञान वर्ग समुदायको अधिकृत पूंजी हुने संस्कृतभाषामा धर्म प्रचार गरे । तिनीहरुले यसो गर्दा विनयमा आपत्ति हुन्छ भनि आज्ञा गर्नुभएको बुद्धको उपदेश पनि बिर्से ।

बुद्धधर्म संस्कृतमा आएपछि यसले दुई बाटोमा दरिलो कदम चाल्यो । त्यो हो विशुद्धिकरणको बाटो र स्वतन्त्र परिवर्तनको बाटो । बुद्ध जीवनी भनिकन जुन कि सुत्रको प्रसंग प्रसंगमा मात्र पाउँथ्यो, त्यसको आधारमा बुद्धलाई गर्नसम्म विशुद्ध गरिकन ललितविन्तर जस्तो बुद्धजीवनी प्रथम

Downloaded from http://dhamma.digital/

शदीको आसपासमा प्रचार भयो । उता दर्शनको विकासमा परिवर्तित र परिवर्धित हुँदै आयो । यो काममा विशेषत महासांघिक र यसका हाँगाबिँगाले बढी हात हाल्यो । कति समयसम्म बुद्ध भएर नै लोकोपकार गरी जीवनमुक्त हुने कामना गर्ने र मात्र जीवन मुक्तिको कामना गर्ने यी दुई विचारपक्ष भएर पनि एउटै विहारमा बसेकाहरु अब यसरी बस्न सकेन । यी दुई पक्षको बीच आक्षेप प्रत्याक्षेप वृद्धि भयो । तिनीहरुले यहि आक्षेप प्रत्याक्षेपको आशयले मात्र प्रयोग गरिएको शब्द महायान र हीनयान शब्दले साँच्चै नै यानबोधक शब्द हुने बाटोको साहित्यको निर्माण प्रारम्भ भयो । एउटामात्र यान त्यो बद्धयान भन्ने र प्रसिद्ध श्रावकहरु अनागतबुद्ध घोषित गर्ने प्रयास दोश्रो शदीदेखि बलियो हुँदै गयो । प्राणी मात्रको सेवा गर्ने उच्चादर्श जुन हृदय आकर्षित गर्नुको साथै विचित्र उक्ति र चमत्कारपूर्ण संस्कृत भाषाका काव्यात्मक सरसताले जनतालाई प्रभावित पाऱ्यो । फेरि यो उच्चादर्श पूरा गर्नुको निम्ति शील पालनको पनि उपेक्षा हुनगयो । परन्तु विचित्र कुरा यो हो कि लोकउद्धारकवादले केहि उद्धारको उल्लेखनीय काम गरेन । लोकउद्धारको नाममा बुद्ध हुने प्रार्थना, बुद्धको धारणी मंत्र पाठ, पछि गएर नाना देवको धारणी मंत्र पाठ गरेर धेरै भिक्षुहरु विहार विहारमा अड्डी लिएर आसन जमाए भने केहि भिक्षुहरुले आफ्नो सिद्धान्त प्रचारको निम्ति कम प्रयास गरेको थिएन । स्थविरवादी परम्पराले जरा हाली सकेको श्रीलंका, बर्मा, थाइलैण्ड र लाओस अनि क्याम्बोडिया जस्ता ठाउँमा समेत यिनीहरुले केहि समय आफ्नो धर्म निकाय प्रचार गरेको देखिन्छ ।

यता महासांघिक निकाय वा यसको उपनिकायहरुले बुद्धधर्मको मूल स्वरुप फेर्ने काममा धेरै काम गरे, अर्कोतिरबात विरक्ति धर्ममा रागात्मक सररताको अभाव पूर्ति गऱ्यो । हो, मूर्तिपूजाको विकासमा भने महासांघिक समूहका निकायालाई मात्र श्रेय वा उपश्रेय दिनु न्यायोचित होइन । कारण कनिष्कका गुरु अश्वघोष स्वयं सर्वास्तिवादी हुन् । फेरि हिमवन्त कास्मीर र गान्धारमा जुन धर्मको प्रचार भयो त्यो कनिष्कको सहायतामा भएको हो । कनिष्कको उल्लेखयुक्त दानपत्रमा सर्वास्तिवादी आचार्यहरुको नाउँ नै अघि सारी राखेको हुनाले कनिष्क स्वयं पनि सर्वास्तिवादी हुन् भन्ने अनुमान सजिलैसँग गर्न सकिन्छ । बुद्धमूर्तिको विशेष निर्माण पनि यहि समयमा भएको थियो । सर्वास्तिवादी संगायनजस्ता काम गरेर विभाषा निर्माण भैराखेको समयमा पनि त्यसरी बुद्धमूर्ति निर्धक्क निर्माण भइरहने र विकास भैरहेकोले यसमा यिनीहरुको सहमति र सहयोग प्रष्ट देखिन्छ । अनि उता परिवर्तनप्रेमी परिवर्धनका तीव्र धारामा बहेकोवाद किन अवरुद्ध होला ? यसरी बुद्धधर्ममा धेरै धेरै ग्रन्थहरु बने, आफूआफू भित्रका आक्षेप-विक्षेपयुक्त सूत्र निर्माण हुँदै गयो । दर्शनको विकास भयो । यसमा दोश्रो शदीका नागार्जुन र चौथो शदीका असंग उनका भाइ बसुबन्धुले ख्याति प्राप्त गरे । बुद्धको अनित्य, दुःख र अनात्मवादको आडमा वसुबन्धुले क्षणिकवादमा विज्ञानवादको संगम गऱ्यो । अनि दर्शनको विकास दिग्नांग र धर्मकीर्तिहरुले अघि बढाउँदै लगे । सातौं शताब्दी पुग्दा नपुग्दा तन्त्रयान र बज्रयान अंकुरित भएर आयो । तैपनि महायान विनयमा अर्को निकाय आड लिँदै माथि नै उक्लिरहेकै थियो । नालंदा र विक्रमशीलाका प्रख्याति यही समयमा बढी भयो । उता दक्षिणभारत र बंगालका पालवंशले स्थविरवाद धर्ममा राखेको श्रद्धाको पुरातात्विक सत्य आधारबाट भने केहि केहि मात्रामा स्थविरवाद भारतमा पछिसम्म रहिरहेको प्रमाणित गर्छ ।

आठौं शदीको अन्ततिर चौरासी सिद्धहरुको क्रम शुरु भयो । यही बुद्धधर्मको हिसाबले अन्तिम अवस्थाको चरम रुप हो । आदर्श र उच्च दर्शनका अर्थमा नैतिकता भनेको यसमा छँदै छैन । सुरा,

Downloaded from http://dhamma.digital/

सुन्दरी र एकेक विचित्र चमत्कारमा बुद्धधर्म दर्शनमा बुद्धपछि बोधिसत्त्व तारा आदि देव देवीको र प्रतीकवादका प्रज्ञापारमितादि देवदेवी सबै अन्य धर्ममा जस्तै बुद्धधर्ममा प्रवेश भयो । बोधिसत्त्व आदर्शले चरम प्रार्थना र जगतप्राणी उद्धार भावना लिएर पाठपूजामा लीन भयो । सम्राट हर्षवर्धनको समयसम्ममा मंजुश्रीमूलकल्प, गुह्यसमाज, चक्रसंवर आदि तन्त्रको श्रृष्टि भैसकेको थियो । भैरवी चक्रको सुरा, सुन्दरी, सम्भोग यसको साथै मन्त्र उच्चारणले कुनैलाई पहिले प्रतिकवाद काव्यात्मक दर्शन जस्तै गरी सम्फाएर काम कुरा चाहिँ अर्कै काम धर्मको नाममा भयो । महानको अर्थमा र गुह्यको भित्री धर्मले जीवनमा लुकामारी खेल्यो । यथार्थ जनजीवनसँग नैतिक व्यवहार र हेतुफलको सम्बन्धमा देखाउने सुख शान्तिको मार्ग निकै टाढा छुटिसकेको थियो । आठौं शदीका उडीसा नरेश इन्द्रभूति र उनका सिद्धगुरु अनंगबज्र र अरु अरु सिद्ध पण्डितहरुले नारीलाई मुक्तिदात्री प्रज्ञा र पुरुष नै मुक्तिको उपाय अनि सुरा नै अमृत सिद्ध गर्न आआफ्नो पाण्डित्य खर्च गरे । पद्म, बज्र र अभिषेकको यो दर्शनले बुद्धको बहुजन हिताय र सुखाय सरल, स्वच्छ, सदाचार राम्रैसँग विस्थापित गरिदियो । त्राटक र क्लेशयुक्त वाक्यले कति मानिसलाई विमोहित गऱ्यो भने कैयन् राजाहरुलाई आफ्नो राज्य सुरक्षा गर्न मन्त्र र धारणीको आश्वासनले निर्धक्क, फुरुग पाऱ्यो, यता आफूहरु सुरा-सुन्दरीहरुबाट अघाए । यसैलाई क्रमशः घोरबज्रयान, गरमबज्रयान र सहजयान भनिन्छन् । यथार्थमा भन्ने हो भने यतिबेलासम्ममा धर्म दर्शन बहुसंख्यक जनतालाई मनपर्ने धर्म भएन । अर्थात् धर्म जनताले मन परेर ग्रहण गरेन । ढाँटेर पनि जनतालाई ग्रहण गराउन नसकिने भइसकेको थियो । परन्तु यसको ठाउँमा धर्मले जनता तर्साएर अनि बाँधेर आफ्नो शासनमा राख्यो । यसले गर्दा धर्म जनताले आफूलाई अतिरिक्त भार सम्फने र नचाहिँने सम्फी सकेको थियो । यसको प्रभुत्वबाट मुक्तिको इच्छा जनआकांक्षामा बलियो भैसकेको थियो । अनि तेऱ्हौं शताब्दीमा तुर्किस्हरुको प्रहार के पऱ्यो भारतबात बुद्धको नाउँमा रहेको धर्म लुप्तप्रायः भयो । तुर्किस्हरुसँग मन्त्रतन्त्रबाट युद्ध गर्ने धर्माधिकारीहरु त म्हासिएर हराएर गएको गयै, यसको साथै तिनीहरुको कारणले निर्दोष स्मारक र कलाकृति समेत विध्वंश भयो । परन्तु जनताले यी सबै तमासा भैं हेरि रहे । नत्र तुर्किहरुले भट्काएको विहार र मन्दिर जनताले किन बनाएन ?

यसरी तुर्किस्हरुको प्रहारले र बौद्धहरुको स्वयं जनअप्रिय, आचारभ्रष्ट भएको मन्त्र तन्त्र र क्रियाकर्मले गर्दा स्वयं बुद्धले प्रवर्तन गर्नुभएको भूमिबाट बुद्धधर्म लोप जस्तै भयो, कुमारिल आदिको प्रसंगबाट केहि बौद्ध गतिविधि भारतमा पछिसम्म देखिएता पनि क्रमवद्ध प्रकारको बुद्धधर्मको प्रवाह छैठौं सातौं शताब्दीसम्ममा रोकिएको देखिन्छ ।

भारतमा बुद्धधर्म लुप्त जस्तै हुँदै गएकोमा यो शदीको अन्ततिर फेरि बुद्धधर्ममा नयाँ चेतना आयो । एसियाइ स्वतन्त्त संग्राममा आएको नयाँ जागरणसँगै बुद्धधर्मप्रति जन जिज्ञासा र ममता उठ्यो । लंकामा बुद्धधर्मले राष्ट्रिय भावना उँचा हुँदै गए जस्तै बर्मा आदि देशमा पनि यो धर्म एक दुई शदीसम्म खण्डित गर्न खोजे तापनि पुनः यो धर्मको प्रवाह चल्यो । यसको प्रभावले भारत कसरी मुक्त होला ? यहाँको साहित्य पूर्णतः लुप्त भैसके तापनि अजन्ताजस्ता कला संस्कृतिका मन्दिर राम्रैसँग गुफाभित्र सुरक्षित भैराखेको साथै जमिनभित्र पुरिएको गौरव गाथाको अन्तिम चरणजस्ता खण्डहर खण्डहर त्यत्तिकै दृढ भैराखेको, युरोपियनहरुको पुरातात्विक उत्खनन्को प्रयत्नबाट

Downloaded from http://dhamma.digital/

ऐतिहासिक प्रमाण निस्कँदै गरेको, यता बुद्धधर्ममा भारतमा भन्दा पहिले बढी र बलियो गरी जागरण आएका देशबाट विशेषतः श्रीलंका, बर्मा, थाइलैण्डले भारतमा प्रभाव पार्‍यो ।

१८९१ इस्वीमा महाबोधिसभा स्थापना भएर अंग्रेजीमा "महाबोधि" प्रकाशनमा आयो । बर्माको श्रद्धाले बौद्धतीर्थस्थलमा ध्यान राखे जस्तै बौद्ध विहारादिको स्थापना र साहित्य निर्माण फेरि भयो । कलकत्ताको धर्मराजिक विहार र सारनाथको मूलगन्धकुति विहार निर्माणमा तथा बुद्धगयामा बौद्ध अधिकारको विषयमा भएको संघर्षमा अनागारिक धर्मपालले आफ्नो जीवन अर्पण गर्‍यो । उता साहित्यमा भिक्षु धम्मानन्द कौशाम्बी र बोधानन्द महास्थविरहरु आआफ्ना विद्वता लिएर निस्के । बंगालमा जहाँ अन्तिम रुपले अथवा सबभन्दा पछिसम्म बुद्धधर्म रहेको थियो, जातिय बौद्धको संस्कार पुनः जागृत भयो । कृपाशरण महास्थविरले बरुवाजाति उठाएर धर्मको पुनर्जागरणमा ठूलो देन दिनु भयो । बर्माबाट ऊ नन्द्रमणि महास्थविरहरु भारतमा आउनु भयो । यही नवजागरणमा राहुल सांस्कृत्यायन, जगदीश काश्यप र भदन्त आनन्द कौशल्यायनहरुको नयाँ यौवनको उत्साहले पन यो शदीलाई बुद्धधर्मको प्रचार प्रसारमा ठूलो मद्दत पुग्यो ।

भारत स्वतन्त्र भयो, स्वतन्त्र भारतले धर्मचक्र आफ्नो राष्ट्रिय मुद्रामा गौरव मान्यो । आफ्नो अमुल्य निधि अस्थि अवशेष भारतमै सम्मान गर्‍यो । सम्पूर्ण बौद्ध तीर्थस्थल जीर्णोद्धारको साथै हिन्दी र अन्यान्य भाषामा बौद्ध वाङ्मय बनाउन सरकारी र गैर सरकारी रुपले व्यापक प्रयत्न भयो । २५०० औं बुद्ध जयन्तीको साथै विश्व बौद्ध सम्मेलन सम्पन्न भयो । यता डा. भिमराव अम्बेडकरको नेतृत्वमा सामूहिक रुपले बौद्ध जीवनको उद्‌घोषण भयो ।

आज भारतमा आफ्नै भारतीय विद्वान भिक्षु संघ छ, संस्था समितिहरु छन् । प्रकाशन संस्थाहरु छन्, नवनालन्दादि जस्ता बौद्ध शिक्षण संस्थाहरु छन् । तथागतको बहुनज हिताय र बहुजन सुखाय उपदेश पुनः एकपटक व्यापक रुपले बुद्धको कर्मभूमि र विचरण भूमिमा प्रचार हुँदै गएको छ । अशान्त जगतमा शान्तिको आशा-अभिलाषामा यसले आड दिन सक्ने जनमतको श्रृजना गरेर मानव कल्याण गरिरहेको छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# बर्मामा बुद्धधर्म

भगवान बुद्धले बुद्धगयाको बोधिमण्डपमा बोधिज्ञान प्राप्त गर्नुभयो । अनि सात सप्ताहसम्म विभिन्न ठाउँमा बिताउँदा जुनबेला उनी राजायतनको रुखमुनि रहनु भएको थियो त्यतिबेला उक्कलाप जनपदका तपस्सु र भल्लुक नाम गरेका दुई व्यापारी दाजुभाई आएर भगवान बुद्धलाई श्रद्धापूर्वक सत्तु दान गरे । फेरि तिनीहरु बुद्ध र धर्मको शरणमा गए । अनि आफ्नो देशमा पूजाको निम्ति भगवानसँग ८ वटा केशधातु मागेर लिए जुन केशधातु आफ्नो देशमा लगेर चैत्य बनाई प्रतिस्थपित गरेका थिए । यो उक्कलाप जनपद नै वर्तमान् रंगून हो । फेरि उक्कलाप जनपदका अकिञ्चन नगरमा यो केशधातु ल्याउँदा भगवान बुद्धले बुद्धत्व लाभ गर्नु भएको तीन महिना र पाँच दिन भएको थियो ।

भगवान बुद्धले भन्नु भएको छ **"एतदग्गं भिक्खवे मम सावकानं उपासकानं पठमं सरणं गच्छन्तानं यदिदं तपस्सू भल्लिका वानिजा"** अर्थात् भिक्षु हो, मेरा श्रवाकहरुको बीचमा पहिले शरण लिने उपासकहरुको बीतमा दुई व्यापारी दाजुभाई तपुस्स र भल्लिकहरु श्रेष्ठ छ । यिनै तपुस्स र भल्लिकले ल्याएको केशधातु भएको चैत्य आजको रंगून नगरमा रहेको स्वेदगों चैत्य हो । फेरि यही बर्मामा पुगेको प्रथम बुद्धशासनको प्रमाणित चिन्ह हो ।

त्यसपछि भगवान बुद्ध आफ्नो आठौं वर्षावासको वर्षमा गवंपति महास्थविरको प्रार्थनामा रामञ्ञरट्ठ सुधम्मपुर नगरमा भिक्षुसंघ सहित जानुभयो । यही नगर आजको तथौं हो । भगवान बुद्धले रामञ्ञरट्ठ सुधम्मपुर नगरका राजा प्रमुख जनसमूहलाई धर्म देशना पनि गर्नुभयो । फेरि त्यहाँका ६ जना तपस्वीहरुलाई ६ वटा केशधातु पनि दिनु भयो । यही बर्मामा रहेको दोश्रो बुद्धशासनको चन्ह र स्वयं बर्मामा बुद्ध पुग्नु भएको एवं धर्म देशना गर्नु भएको पहिलो बार थियो । त्यसपछि भगवान बुद्ध बर्मा देशमा सूनापरान्त भन्ने ठाउँमा आउनु भयो । यहाँ उनले श्रीखण्डको विहार ग्रहण गर्नुभयो र आफ्नो पादचिन्ह दुई पाइला सधैंभरि देखिने गरी अधिष्ठान गरी छाड्नु भयो । यही तेश्रो बुद्धशासनको चिन्ह बर्मामा पुगेको उल्लेख हो ।

अब त्यसपछि आउँछ सम्राट अशोककालीन ऐतिहासिक चर्चा । अशोकको समयसम्ममा बुद्धधर्म अन्यवादीहरु पसेर धर्म गोलमाल छ्यासमिस भैसकेको थियो । परन्तु मोग्गलिपुत्त तिस्स सथविरको प्रधानतामा धर्म संगायना गरे पछि बुद्धको धर्म शुद्ध भयो । धर्म संगायना पछि भगवान बुद्धले पहिले ६० जना अर्हत भिक्षुहरुलाई धर्म प्रचार गर्न पठाउनु भएको आदर्श लिएर भविष्यमा बुद्धशासन कहाँ कुन ठाउँमा प्रचार होला भन्ने विषयमा अनागत ज्ञानबाट विचार गर्नु भयो । यो अनागत ज्ञानले मज्झिम देशबाट बाहिर श्रीलंका, बर्मा, थाइलैण्ड, कम्बोडिया, लावोस आदि ठाउँमा बाहिर बाहिर देशमा शासन प्रज्वलित हुने देख्नु भई नौवटा राष्ट्रमा धर्म प्रचार गर्न पठाउनु भयो । यी नौ राष्ट्रमध्ये आजभोलिको तथौं नामको (सुण्णभूमि) मा सोण र उत्तर थेरको प्रधानतामा पाँचजनाको धर्मदूत मण्डल आइ पुगे । यो २३५ शासन सम्वत्को कुरा हो । त्यसकारण यही विशेषत चिन्ह प्रवेशको चौथो बार हो ।

Downloaded from http://dhamma.digital/

यस पछि झण्डै ६०० वर्ष पछि ऐतिहासिक विशेषताको कुरा बर्मामा बुद्धधर्मको प्रसंगमा आउँछ । ९३० शासन सम्बत्को भित्र जम्बुदीप (भारत) को मगधदेशमा राजगृह नगरको महाबोधिवृक्षको पश्चिमतर्फको घोष ग्राममा जन्मनु भएका भदन्त बुद्धघोष आफ्ना उपाध्याय रेवत महास्थविरको प्रेरणाबाट श्रीलंका द्वीपमा जानुभयो । त्यहाँ उनले महाविहारमा जानु भई पहिले सिंहलि लिपिमा  लेखी राखेको पहिलेको अट्ठकथा ग्रन्थ आठवटा मगधलिपिमा ल्याई त्यसलाई संक्षिप्तमा लेख्नु भयो । फेरि त्रिपिटक सारेर लिइसकेपछि त्यो सारेको त्रिपिटक र अट्ठकथासँगै उनी (बुद्धघोष थेर) तथौं नगरमा जानु भयो । यही मगधभाषाको त्रिपिटक सहित अट्ठकथा बर्मामा पुगेको र बर्मी लिपिमा परिवर्तित भएको समय हो । यो ९४३ शासन सम्बत्को कुरा हो ।

यसरी तथौं नगरमा बुद्धधर्म प्रचार हुँदै ६०० वर्ष बिते । यही समयमा राजा मनुहाको पालामा तथौं नगरमा शासन प्रचार बलियो गर्ने फेरि एकजना पुरुषको जन्म भयो । उनी पुद्गल तथौं देशका गुरु परम्पराका अन्तिम अरहन्त भिक्षु धम्मदस्सी थेर (धर्मदर्शी स्थविर) हुन् । यो समयमा नै बर्मा देशमा दुःशील अथा मात्र भेषधारी भिक्षुहरुको शक्ति प्रबल भएको थियो । फेरि यो शक्तिले बगाँ देशका राजा अनोरथलाई करकाप जालमालमा पारी आफ्ना पक्षमा पार्न खोजी रहेको थियो । यता राजा अनोरथले तिनीहरुप्रति घृणाभाव राख्दथे । यो कुरा जानेर अरहन्त भिक्षु धम्मदस्सी बगाँ देशमा जानुभयो र राजा अनोरथलाई सद्धर्म श्रवण गराई शुद्ध बुद्धधर्म बोध गराउनु भयो । अनि उनी अरहन्त भिक्षुको निर्देशन अनुसार नै अनोरथ राजाले सौगात सहित एक मंत्री पठाइ तथौं नगरमा त्रिपिटक र सर्वज्ञधानु माग्न पठायो । परन्तु त्यहाँका राजाले पठाइ दिएन । अझ राजा मनुहाले अनोरथ राजालाई अशिष्ठ वचनसमेत सुनाइ पठाए । अनि अनोरथ राजाले कुनै उपाय नलागेपछि अन्तमा सैन्यसहित गएर तथौं देश जितेर लिए । राजा अनोरथले तथौंका राजा मनुहाको पूजा गर्ने धातु र त्रिपिटक ३० जो, राजा मनुहाकै ३० वटा हात्तीलाई बोकाएर त्रिपिटक पढाउने १००० भिक्षुहरु पनि साथमा लिई बगाँ देशमा फर्के । अनि आफ्नो परियत्ति शासन प्रज्वलित पारे । यो घटना १६०१ शासन सम्बत्को हो ।

अब बगाँ नगरमा परियत्ति शासनको परम्परा राम्रोसँग चल्यो । तथौं नगरको परम्परामा हुर्केका बगाँका महास्थविर गुरुहरुको आठ परम्परासम्म अर्थात् १८४२ शासन सम्बत्सम्म राम्रोसँग शासन अध्ययन परम्परा चल्दै गइरहेको थियो । परन्तु यही २४० वर्षसम्म परम्परा चलिरहेको समयमा चिनियाँहरुले आक्रमण गरे । चिनियाँ सैन्यले यो परम्परागत शासन प्रचारको प्रवाहमा विघ्न पारे । यो विघ्न विध्वंशनले १०८ वर्षपछि राजा परम्परा पनि छिन्न भिन्न भयो । तैपनि म्यैसाई, पैँया, ऐंवा देशका बुद्धशासनमा केहि गर्न सकेनन् । ऐंवाको शासन परम्परामा त राजा तोहाफ्वाको समयमा एउटा मात्र विघ्न आयो । यतिबेला शासनसम्बत् २०७० पुगी सकेको थियो ।

यसपछि बर्मामा बुद्धधर्मको ऐतिहासिक विहंगम दृष्टि कौंमाउं काल अर्थात् २३९० शासन सम्बत्को कुरा आउँछ । यो समयमा शासनारुढ बगाँका राजाको शासनप्रति उपेक्षापूर्ण व्यवहारले बुद्धशासनमा एउटा महत्त्वपूर्ण अध्याय प्रारम्भ भयो । मैण्डुं आफु शासनमा बस्नु अगावै आफ्ना पूर्वजको बुद्धधर्मप्रतिको उपेक्षाले गर्दा आफु उच्चस्थानमा पुगेपछि शासनमा गौरव राख्ने निश्चय गऱ्यो । निश्चय नै २३६९ शासन सम्बत्मा मैण्डुं सिंहासनमा पनि बसे । आफ्नो प्रतिज्ञा पनि पूरा गरे ।

Downloaded from http://dhamma.digital/

राजा मैण्डुंको समयमा मण्डलमा पहाडको मुनि सुधर्मा भन्ने एउटा धर्मशाला बनाइ राखेको थियो । प्रत्येक उपोसथमा त्यस धर्मशालामा शासन प्रचारक गुरुहरु आठजना निम्त्याएर शासनसम्बन्धि छलफल गर्ने गर्दथे । फेरि उनी आठजना महास्थविरहरुमध्ये ऊ ञेय्य (ज्ञेय) महास्थविर नायक हुनुहुन्थ्यो ।

एकदिन मैण्डुं राजालाई बुद्धशासन उन्नति गर्ने ठूलो इच्छा भयो । उनको अगाडी पहिले पहिलेका राजा अजातशत्रु, कालाशोक, सम्राट अशोक, राजा वट्टगामणीहरुले संगायना गरेर बुद्धशासनमा मद्दत गरेको आदर्श अगाडी आयो । त्यसकारण २४१५ शासन सम्बत्मा बुद्धशासन स्थिर गर्न उपाधि प्राप्त र अप्राप्त दुवैथरि बसेर सल्लाह गरे । गृहस्थ पण्डितहरुको सल्लाह पनि लियो ।  अनि आफ्नो यरनाभौं दरबार अगाडी मण्डप बनाइ राम्रोसँग भव्यरुपले पञ्चम संगायन गरे । त्यस पञ्चम संगायनमा शासन स्थिर गर्ने गुरुहरुले त्रिपिटक तिनैवटा कण्ठष्थ गरी ६ महिनासम्म सबै भेला भई पाठ गरेर उत्सव गर्नुभयो । यस संगायनमा संगायन गर्नु हुने २४०० जना संघहरु थिए । भगवान बुद्धले आज्ञा गर्नु भएको पालि र टीका अट्ठकथा सबै सुवर्णको मसि र सुइरोले तीन प्रकारले लेखी त्रिपिटकालय स्थापना गर्‍यो र पूजा गरिराख्यो । साथै त्रिपिटक तीनैवटा चिरस्थाइ गरिराख्न शीलालेख गर्‍यो । जुन शीलालेख ठूलो, अद्‌भूत, श्रद्धाको प्रतिक मात्र होइन महान बुद्धिमताको चिन्ह पनि हो ।

यी त्रिपिटक शीलालेख मध्येमा विनय पालि १११ वटा शीलापत्रमा, ४१० वटा शीलापत्रमा सूत्र पालि, २०८ वटा शीलापत्रमा अभिधर्म पालि, कुँदेको छ । फेरि त्यो शीलालेख त्रिपिटक मण्डलेमा पहाडमुनि महालोक महाजिन भन्ने चैत्यको चारैतिर घेरा बनाई स्थापना गर्‍यो । अनि प्रत्येक शीलापत्रलाई ससाना मन्दिर जस्तै बनाई सुरक्षित गर्‍यो । यो त्रिपिटक लेखन कार्य १८६० इस्वी कार्तिक शुक्ल प्रतिपदादेखि शुरु गरी आठ वर्षमा पूर्ण गर्‍यो ।

यो पाँचौं संगायन पछि बर्मामा बुद्धधर्म झन् राम्रोसँग प्रचार हुँदै गयो । यह बुद्धधर्मप्रति बर्मी जनताको श्रद्धा र भक्तिले गर्दा देश ब्रिटिस साम्राज्यले थिचे पनि यहाँको संस्कृति र सभ्यतामाथि केही गर्न सकेन । बर्मामा केही मात्रामा इसाई धर्मको प्रचार भए पनि यहाँ यसको प्रभाव बुद्धधर्मको श्रद्धा, भक्ति र प्रभावको तुलनामा नगन्य हो । ब्रिटिस साम्राज्यको विरोधमा अथवा देशको स्वाधीनताको संग्राममा बर्मामा बौद्ध दर्शनले दिने एकताबलले ठूलो भूमिका लियो । बर्मा देशमा जातीय रुपले राष्ट्रिय जनभाव रुपले बुद्धधर्मी सिवाय् अर्को नभएको हुँदा यहाँ बौद्धहरुले भाग लिएको भनिकन त भन्नु पर्ने होइन । हो, राष्ट्रिय स्वतन्त्रतापछि बर्मामा बुद्धधर्म नयाँ जागरणको साथै पुनः राम्रोसँग जागृत भयो । परिणामतः बुद्धधर्मको यो राष्ट्रिय व्यापकताले छैठौं संगायनको पृष्ठभूमि निर्माण गरिदियो ।

२४९८ शासन सम्बत्‌देखि बर्मादेशमा जुन छैठौं संगायना श्रीलंका, श्याम, कम्बोडिया र लाओस स्थविरवाद धर्मका राष्ट्रसँग संयुक्त रुपले भयो , त्यो अत्यन्त भव्य थियो । आफ्नो ऐतिहासिक गौरवको परम्परामा यो उचित सम्बद्ध हो ।

बर्माको राजधानी रंगून नगरमा गबायी (विश्वशान्ति) चैत्यको नजिक ठूलो भव्य महापाषाण गुफाको निर्माण भयो । यही गुफामा छैठौं संगायना भयो । यसको निम्ति ओवादाचरिय

Downloaded from http://dhamma.digital/

संघनायकहरुको समिति, छट्ठसंगायनको भार बहन गर्नेहरुको समिति र दाताहरुको विविध प्रकारको मद्दत गर्नको निम्ति विविध कमिटि बन्यो । विशेषतः भार बहन गर्ने कमिटिका सभापति अभिधज महारट्ठ गुरु ऊ.रेवत महास्थविरको प्रधानत्वमा छट्ठ संगायनको तीन दिनसम्म जुन महोत्सव भयो त्यो अविस्मरणीय छ । यो संगायनमा बर्मा देशका २४७२ जना संघहरु र बर्माका मित्र राष्ट्र तथा धर्मराष्ट्र देशका १४४ जना संघहरुको उपस्थिति पनि थियो ।

दाताहरुको पक्षमा छट्ठसंगायनका दाता संयुक्त बर्माका राष्ट्रपति अग्गमहासिरि सुधम्म डा. बाउ हुनुभयो । फेरि छट्ठसंगायनका सब्बभारबहका दाता संयुक्त बर्माका प्रधानमन्त्री ऊ.नु हुनुभयो । अनि यो व्यापक सबै काममा प्रमुख संचालक जस्ता काममा संयुक्त बर्मा सरकारको सहयोग प्राप्त युनियन बुद्धशासन काउन्सिलका सभापति तदोसिरि सुधम्म सेठ ऊ.त्वै हुनुभयो । २४९८ शासन सम्बत्देखि प्रारम्भ गरी प्रथम सन्निपात, द्वितीय सन्निपात, तृतीय सन्निपात, चतुर्थ सन्निपात र पंचम सन्निपात विभाजन गरी संगायनको काम ५०० जना संघले गर्नु भयो । जुन प्रति सन्निपात दुई महिनासम्म हुन्थ्यो ।

यो छैठौं संगायन तीन उद्देश्य राखी गरेको थियो ।

१. भगवान बुद्धले देशना गर्नु भएको पाँच निकाय क्रमशः सारिराखेको हुनाले बेहोसीमा भूल लेखेको शुद्ध गर्ने ।

२. शुद्ध भैसकेका पिटकलाई छापेर छैठौं संगायन गरी विश्वमा सबै ठाउँमा प्रचार गर्ने, शासन चिरस्थाइ गर्ने ।

३. स्वतन्त्र बर्मा देश सहित सम्पूर्ण बौद्ध देशसँग शासन वृद्धिको निम्ति सहायता लिने ।

यसरी जुन पुण्य उद्देश्य थियो त्यो पूर्ण रुपले सफल पनि भयो ।

संगायन कार्य सिद्ध भएको र बुद्धसम्बत् २५०० वर्ष पूर्ण भएको उपलक्ष्यमा बैशाख शुक्ल त्रयोदशीको दिनदेखि निकै भव्य रुपलृ महोत्सव भयो । यो एकहप्ता सम्मको महोत्सवको उपलक्ष्यमा बर्मादेशका सम्पूर्ण कैदीहरुलाई ६ महिना बन्दीको दिन घटाइ दियो । प्राणदण्डका भागीहरु प्राणदण्डबाट मुक्त गरिदियो । ३० लाख रुपैयाँ खर्च हुने गरी गरेको यो महोत्सवमा तीन हजार त्रिपिटक संघहरुलाई प्रदान गऱ्यो । बुद्धधर्मको अध्ययनमा उत्तीर्ण भएका भिक्षुहरुलाई त्यस उत्सवमा निमन्त्रणा गरी सम्मान दियो । अनि २५०० जना श्रामणेर गर्ने काम गऱ्यो । यसरी यो छैठौं संगायनको परिसमाप्ति बर्माको श्रद्धा र भक्तिले भरिएको प्रज्वलित भएको हृदयको चिन्ह देखाइ सम्पूर्ण बर्माका घरघरमा दीपावली पनि भयो ।

यसरी बर्मामा बुद्धधर्मको इतिहासले एकातिर बुद्धकालीन सम्बद्धता राख्छ भने अर्कोतिर फेरि आज पनि विश्वको सम्पूर्ण बौद्ध देशहरुमा आफ्नो गौरवपूर्ण स्थान पनि बर्मा देशले राम्रोसँग राखेको छ । तसर्थ बर्माको प्राचीनकालदेखि आजसम्मको जनजीवनले पनि बौद्धचर्या पद्धतिसँग त्यस्तै नै सम्बन्ध राख्तछ, जस्तो फूल र फूलको सुगन्ध । बर्मामा बुद्धधर्मको यस्तो पनि स्थान छ कि बौद्धसंस्कृति र सभ्यताको परिभाषा नै बर्मीजनको धारणा र विश्वासमा बर्मी संस्कृति र सभ्यता

Downloaded from http://dhamma.digital/

भयो । अनि बत्ति र ज्योतिको सम्बन्ध झैं बर्मी श्रद्धा र जीवनको सुखशान्तिको सम्बन्ध बर्माको इतिहासमा संसारले राम्रोसँग देखेको छ । अस्तु

Downloaded from http://dhamma.digital/

# श्रीलंकामा बुद्धधर्म

नेपालबाट सिधा दक्षिणतर्फ झण्डै आँपजस्तो आकारको समुद्रको बीचमा एउटा द्वीप भेटिन्छ । यही श्रीलंका हो । अनि यो देशको इतिहासले जुन एक धर्मलाई अभिन्न अंग बनाइएको छ त्यो बुद्धधर्म हो । किनभने लंकाको इतिहासको आधारशीला नै बुद्धधर्म हो भनी बौद्धहरुले त्यति नै श्रीलंका बारेमा थाहा छ जति रामायण पढ्नेलाई श्रीलंका रावणको देश भनी थाहा छ ।

श्रीलंकाको इतिहास पढ्दा बुद्धधर्मले कति समाजसेवा र देशसेवा गरेको छ भन्ने एउटा प्रकाशमय प्रमाण हाम्रा अगाडी आउँछ । त्यसकारण हामी विचार गर्छौं कि त्यहाँ बुद्धधर्म कहिलेदेखि प्रवेश भयो र बुद्धधर्म कसरी प्रवेश भयो अनि यसले के कति सेवा गऱ्यो ।

देवानापियतिस्स (२४७-२०७ ई.पू.) का राज्यकालमा सम्राट अशोकका पुत्र अर्हत महेन्द्र महास्थविर धर्मदूतको रुपमा जानु भएर श्रीलंकामा बुद्धधर्मको जग स्थापना गर्नुभयो । यतिमात्र होइन महेन्द्र महास्थविरले धर्मको साथै उच्च बौद्धसंस्कृति पनि यहाँ ल्याएर प्रयोग गर्नुभयो । जुनबेला महास्थविर श्रीलंकामा पुग्नुभएको थियो त्यतिबेला श्रीलंकामा जनता सभ्य भएको थिएन । यो कुरा तिनीहरुको इतिहासले राम्रोसँग बताएको छ ।

त्यसकारण सिंहलजाती भनिकन टाउको उठाउन सक्नु र अन्तरराष्ट्रिय जगतमा ख्याति प्राप्त गर्न सक्नु नै बौद्धधर्म प्रवेश भएकोले हो । महेन्द्र महास्थविर आदि प्रमुख भिक्षुहरुले मार्ग निर्देशन गरिदिनु भएकोले सिंहली साहित्य, कला, शिल्पको उन्नति भयो, गृहनिर्माण र नगर निर्माणको विकास भयो, सच्चरित्रता र सुस्वास्थ्यको महत्त्व जान्यो, आर्थिक र राजनैतिक सबलता उच्च भयो । त्यसैले महेन्द्र महास्थविरको समयदेखि नै सिंहली जाती र बुद्धधर्मको सम्बन्ध नङ र मासु झैं भयो । यो सम्बन्ध यति एकज्यू भएर गयो जसबाट बुद्धधर्मको सेवा बुद्धधर्म नै सिंहल जातीय देन जस्तै भयो । यहाँको सिंहल जातीय धर्म त्यसबेलादेखि आजसम्म बुद्धधर्म भयो । अर्को शब्दले भन्ने हो भने श्रीलंकामा बुद्धधर्म प्रवेश भएको तेश्रो शताब्दी ईस्वीपूर्वदेखि हो । फेरि यो राज्यको पतन दशौं शताब्दीमा भयो । यो समयभित्र सिंहल सिंहासनको नित्यानुकूल अधिकार बौद्धहरुबाहेक अरुमा परेको छैन भन्ने सिंहल जनताको विश्वास छ ।

बुद्धधर्म रक्षा गर्न भिक्षुसंघले राज्यशक्ति सम्म हस्तगत गरेको कुरा राजा महेन्द्रको शीलालेखमा अंकित भइराखेको छ । श्रीलंकामा राज्याभिषेकको निम्ति भिक्षुसंघको वचन आवश्यक पर्छ भन्ने कुरा त्यो शीलालेखले प्रमाणित गर्छ । नवौं शताब्दीमा राज्याभिषेक त्यसकै एउटा धार्मिक कार्यक्रमको रुपमा महाविहारमा भिक्षुहरुको सन्मुख सुसम्पन्न हुन्छ भन्ने कुरा महावंशमा राम्रोसँग उल्लेख गरेको छ ।

श्रीलंकामा बुद्धधर्मलाई मात्र स्थान छ । त्यसकारण चोल केरल आदिका राजाहरुलाई श्रीलंका राज्यमा अधिकार छैन भनी कीर्तिनिस्संक मल्ल (११८७ - ११९६ ई.पू.) राजाले स्थापना गरेको शीलालेखमा उल्लेख छ । सिंहल जाती र बुद्धधर्मको बीचमा बलियो सम्बन्ध छ । बुद्धधर्म नरहे सिंहल जाती बिनाधर्मको जाती हुन्छ । अर्को तरिकाले भन्ने हो भने बुद्धधर्मको विरोध वा अवरोध

Downloaded from http://dhamma.digital/

सिंहल जातीको विरोध वा अवरोध हो । अझ श्रीलंकाका बौद्धहरुको यस्तो गर्व छ कि तिनीहरुको लंकालोक बुद्धधर्मको केन्द्रस्थल हो । पवित्र बुद्धधर्म पनि श्रीलंकामा मात्र छ । किनभने जुन वृक्षमुनि बज्रासन गरी सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गर्नुभयो सोही बोधिवृक्षको हाँगा सम्राट अशोककी छोरी संघमित्राले ल्याउनु भएको पनि अहिलेसम्म यहीँ नै सुरक्षित भैरहेको छ । भगवानको दन्तधातु, पात्रधातु र केशधातु आदि धेरै मूलमूल पवित्र धार्मिक वस्तुहरु पनि श्रीलंकामा सुरक्षित भइराखेको छ । बुद्धधर्मको इतिहासमा ठूलो मूल्य राख्ने एक महत्त्वपूर्ण ऐतिहासिक घटना श्रीलंकामा भयो । जुन हामीले पनि सम्झी राख्न योग्य छ । किनभने यो श्रीलंकाको निम्ति मात्र होइन सम्पूर्ण बौद्धजगतको निम्ति नै उत्तिकै लाभदायक भएको छ ।

बुद्धसम्बत् ५०० मा राजा बलगवाको राज्यकालमा श्रीलंकामा ठूलो दुर्भिक्ष भयो । त्यतिबेला यिनी दूरदर्शी राजाले भविष्यमा बुद्धधर्म चिरस्थाइ होस् भन्ने भावनाले मातल प्रान्तको आलोक विहारमा ५०० भिक्षुहरु भेला गरी चाहिँदो बन्दोबस्त गरी बुद्धको समयदेखि वाचन मार्गबाट मात्र आइरहेको अर्थात् एकले अर्कोलाई सिकाइ सुनी कण्ठपारी राखेको त्रिपिटकलाई ग्रन्थको रुपमा ल्याउन संगायन गऱ्यो । त्यतिबेला दुर्भिक्ष र नाना प्रकारको आपत्ति खपेर बुद्धवचन वा बुद्धधर्म वाचन मार्गबाट मात्र सुरक्षित गर्न कठिन र हुन नसकिने, एक प्रकारले ठूलो अनुभव भयो । यसबाट नै बुद्धवचन त्रिपिटक ग्रन्थको रुपमा लेख्ने जुन कार्य श्रीलंकामा हुनगयो त्यो बौद्ध इतिहासमा एउटा निश्चय नै महत्त्वपूर्ण घटना हो । यदि त्यतिबेला बुद्धवचन त्रिपिटक ग्रन्थको रुपमा लिपिबद्ध नभएको भए आज न प्रमाणित बौद्ध साहित्य यसरी रहन्छ न बौद्ध संस्कृति र सभ्यता नै हाम्रो अगाडी होला ।

श्रीलंकामा त्रिपिटक लिपिबद्ध भएपछि त्यहाँ त्यसको मात्रै सरलसँग अनुशरण हुँदै आजसम्म पनि अनुशरण भइरहेको छ भन्नुमा इतिहासप्रति उपेक्षा गर्नुजस्तो हुन्छ । बल्कि यो स्वीकार्य छ कि लिपिबद्ध त्रिपिटक र यसको अनुकरण शक्तिले गर्दा यहाँ अन्यान्य बौद्ध निकायभेद आएर पनि जरा गाड्न सकिएन । अनि बज्रयानले श्रीलंकामा प्रवेश गरे पनि यसले भारतमा जस्तै बुद्धधर्म आफुसँगै लोप गरिदिन सकेन ।

त्रिपिटक लिपिबद्ध गर्ने पुण्य कार्यमा प्रमुख सहयोगी राजा वट्टगामणीले भिक्षु तिस्सलाई अभयगिरि विहार एउटा प्रदान गरेको थियो । परन्तु यही भिक्षु महाविहारबाट बाहिर निस्कन पऱ्यो । भिक्षु तिस्सका शिष्य महदेलियाले वज्जिपुत्त सम्प्रदायका आचार्य धर्मरुचिका नाममा नयाँ निकाय स्थापना गऱ्यो । फेरि यसैमा सागलीय निकाय पनि भयो । अझ वैपुल्यवादी भिक्षु संघमित्रले श्रीलंकामा राजपुत्रहरुलाई आकर्षित गरी यसको प्रचार पनि गरे । परन्तु यी सबै निकाय र सम्प्रदाय त्रिपिटक लिपिबद्ध भएको परम्पराको अगाडी धेरै सयमसम्म टिक्न सकेन । ५९८ ई. सम्ममा सबै निकाय र सम्प्रदायहरु फेरि महाविहार निकायमा नै अन्तर्निहित भयो । यता यही शदीमा पाँचौं शदीका आचार्य बुद्धघोषले लंकाको पुरानो अट्ठकथालाई पालिमा ल्याउने भएपछि पुराना धर्मग्रन्थको आधारमा साहित्य सिर्जना पनि भएको थियो । जुन काम महान पराक्रमबाहु (११६४ ई.) को समयसम्म राम्रैसँग चल्दै गयो । यसबीचमा ८१९ ई. तिर बज्रयानले श्रीलंकामा पसेर केहि स्तूप बनाए पनि त्यो स्थायी भएर रहन सकेन ।

Downloaded from http://dhamma.digital/

श्रीलंकामा बुद्धधर्म र भिक्षुसंघ प्रगति र जागृतिको निम्ति भारप्रद भएन, यो जहिले पनि प्रेरक भई रह्‌यो । राजनैतिक कारणको अस्तव्यस्तताले भिक्षु परम्परामा लुप्तभाव ल्याएको खण्डमा पनि त्यसैले बारम्बार फेरि जनभावना र जनप्रेमको तीव्रता ल्याई संघको श्रीवृद्धि गर्‍यो । १२६६ ई. मा चोलदेशबाट श्रीलंकामा फेरि भिक्षुहरु ल्याएको र १४६४ ई. मा बर्मीराजा धर्मचेतिको आग्रह स्वरुप बर्मिज श्रद्धालुहरु श्रीलंकामा उपसम्पदा दिएर पुनः त्यहाँ भिक्षु परम्परा स्थापना गर्न सहायता गरेको नमूना हो ।

बुद्धधर्मको श्रद्धामा र विश्वासमा एकताबद्ध जनभावना श्रीलंकाको राष्ट्रिय बल हो । त्यसकारण सोह्रौं शदीमा पोर्टुगीजहरुले राज्यशक्ति मात्र लिएर पुगेन श्रीलंकाको राष्ट्रिय शक्तिसमेत म्हास्न भिक्षुहरुलाई मार्ने, धर्मग्रन्थ जलाउने बलात् व्यवहार गरे । परिणामतः तिनीहरुको स्थान एक शदी भित्रै श्रीलंकामा हरण भयो । त्यो ठाउँ डचहरुले लिए । फेरि डचहरुकै मुखबाट बौद्धसंघको वर्णन सुन्न पाइयो । फेरि बौद्ध परम्परा गाँस्न बलियो पार्न थाइलैण्डमा आग्रह गर्‍यो । बौद्ध जनभावनाको बलले जन्मले शैव धर्मावलम्बी भएर पनि बौद्ध हुन जाने कीर्ति श्रीराजसिंह र डचहरुले युवक शरणंकर श्रामणेरको आग्रह उपेक्षा गर्न सकेन । थाइलैण्ड यात्रार्थ जहाज दिनु पर्‍यो । राजदूत पठाउन पर्‍यो । १७५६ ई. आषाढ पूर्णिमाको दिन काण्डी नगरमा शरणंकरसहित श्रीलंकाका श्रद्धालुहरु फेरि उपसम्पन्न भयो । यस्तै नै श्रीलंकाको अस्तित्व बुद्धधर्म बिना असम्भव भएको श्रीलंकाको वास्तविक अवस्थामा लाभ गर्ने अनेक तरिका जान्न सक्ने साम्राज्यवादले पनि यसलाई भित्री हृदयले नभए पनि बाहिरबाट गौरव राख्नु पर्‍यो । श्रीलंकामा सम्पूर्ण आफ्नो आधिपत्य जमाएर पनि ब्रिटिस शासनले जनताहरुलाई तिनीहरुको धर्म पूजा पद्धति र आचार्य एवं पूजास्थानको अधिकार सूरक्षा गरिदिन्छु भन्नु पर्‍यो ।

श्रीलंकाको जीवन नै बौद्ध जीवन हो । अनि लंकाको इतिहास नै बौद्ध सभ्यता र संस्कृतिको इतिहास हो । बौद्ध जीवन श्रीलंकाको राष्ट्रिय जीवन र आदर्शको एक अभिन्न अंग हो । यहाँ पहिले बालकहरु भिक्षुहरुकहाँ शिक्षा लिन पठाउँछ, अनि मात्र स्कूलमा पठाउने गर्छ । गृहस्थिहरुले जुनसुकै ठूलो काम गर्न पनि आफ्ना परम हितैषी भिक्षुहरुको वचन लिएर मात्र गर्छन् । भिक्षुहरुले पनि सधैंभरि तिनीहरुको जीवन सुखशान्तिको निम्ति मद्दत गर्छन्, आशिष दिन्छन् । अझ देशको शैक्षिक सांस्कृतिक र आर्थिकको साथै सबै क्षेत्रमा बौद्ध भिक्षुहरुले जहिले पनि सहयोग दिइरहन्छ । त्यसकारण श्रीलंकाको इतिहासमा भिक्षुहरुको ठूलो देन छ । यहाँको सभ्यता र संस्कृतिको रक्षा भएको नै भिक्षुहरुको तर्फबाट हो । बुद्धधर्मको उन्नति मात्र होइन सिंहली साहित्य र कलाको उन्नति अनि प्रगतिमा भिक्षुहरुको जुन हात थियो त्यो निकै महत्त्वपूर्ण छ ।

श्रीलंका अंग्रेज साम्राज्यको अधीनमा पर्दा बुद्धधर्मले त्यति नै क्षति खप्नु पर्‍यो जति श्रीलंकाको जनजीवनले । बौद्ध साहित्यसँगै सिंहली साहित्यको उन्नतिमा मात्र गति अवरोध भएको होइन निकै हानी पनि गर्‍यो । यो समयमा भिक्षुहरुले आफ्नो प्राण उत्सर्ग गरेर बुद्धधर्म र सिंहलि जनजीवनको रक्षा गरेको कुरा इतिहासले बताउँछ । श्रीलंकाको स्वतन्त्र संग्राममा भिक्षुहरुले जुन मद्दत गर्‍यो त्यो श्रीलंकाको इतिहासले कहिल्यै बिर्सन सक्दैन, त्यतिबेला सक्रिय भाग लिने ज्ञात भिक्षुहरुमध्ये हिक्कदुवे, श्रीसुमंगल, रत्नगाले, धर्मालोक, अनागारिक धर्मपाल, वालपोल राहुल आदि स्मरणीय छन् ।

Downloaded from http://dhamma.digital/

भिक्षुहरुले स्थापना गरेको बौद्ध विद्यालयहरुमा विद्योदय र विद्यालंकार आज विश्वविद्यालयको रुप लिइसकेको छ । आज यी विश्वविद्यालयले श्रीलंकाको शैक्षिकको साथै सांस्कृतिक र राजनैतिक क्षेत्रमा जुन काम गरिरहेको छ त्यो अतुल्य छ । फेरि यी विश्वविद्यालयका उपकुलपति आज पनि भिक्षुहरु नै छन् ।

यसरी सयौं विद्यालय खुलाएर निःशुल्क शिक्षा दिन त भिक्षुहरुले शिक्षा विकास गरेर आएको योगदान नै भयो । यसको अतिरिक्त श्रीलंकाको जनजीवनमा र देशको आर्थिक, राजनैतिक तथा सांस्कृतिक क्षेत्रमा जुन इतिहाससँगै सम्बन्ध राख्दै भिक्षुहरुले योगदान दिँदै आएको छ त्यो आफ्नै ढंगको महत्त्वपूर्ण कार्य हो । यसरी श्रीलंकाको बुद्धधर्मको इतिहासमा आफ्नै किसिमको विशेषताले हुर्केको अस्तित्व छ, अस्तु ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# थाइलैण्डमा बुद्धधर्म

इतिहासकारहरुले यो स्वीकार गरेको छ कि ईसाको पाँचसय वर्ष अगाडि नै थाइलैण्डमा बुद्धधर्म प्रचार भयो । स्वर्णभूमिमा जुन धर्मदूत मण्डल प्रचारका निम्ति आए यसका नेता सोण र उत्तर थेर हुन् । वहाँहरु श्रीलंका, बर्मा, कम्बोडिया र थाइलैण्ड आदि बौद्ध देशका जनताका आदर प्राप्त भारतका महान् सम्राट अशोकको संरक्षण प्राप्त थियो ।

थाइलैण्ड निवासी जनता स्वभावैले शान्तिप्रिय एवं स्वतन्त्रताका उपासक थिए । त्यसकारण तिनीहरुले भगवानको उपदेश राम्रोसँग ग्रहण गर्न सके, धारण र पालन गर्न सके । यहाँका राजाहरु र उच्च कर्मचारीहरुको सहयोगले यस देशमा यो धर्म उन्नतिको चुलीमा पनि पुग्न सक्यो । फेरि आजसम्म पनि दुई करोड बौद्धहरु यहाँ छँदै छन् ।

थाइलैण्डमा इतिहासको यो लामो समयमा यो धर्म सधैं हरियै देखिन्छ । बुद्धसम्बत २२२८ तिर एक पटक इशाई धर्मले यसलाई दबाउने प्रयास गर्‍यो । यतिबेला राजा नाराइयले राज्य गरिरहेको थियो । फेरि हालेण्ड, पुर्तगाल, र फ्रान्ससँग राजनैतिक सम्बन्ध भैसकेको थियो । फ्रान्समा चौधौं राजा लुइले नाराइयको राजदरबारमा राजदूत पादरी र कालिगढहरु पठाए । फ्रान्सको नाराइय राजालाई धर्म परिवर्तन गरेर देशमा प्रभुत्व जमाउने मनसुवा थियो । यो योजना पूर्णतः थाइलैण्डको बौद्धबलको अगाडी असफल भयो । देशमा विप्लव भयो । अनि कैथोलिक पादरी र फ्रान्सीस्हरुको योजनाका समर्थक भएका भएभरको अधिकारीहरु देशबाट निकाली दिए । त्यसपछि फेरि एक पटक बुद्धसम्बत २३२४ मा बर्माका राजा मंगरायका तर्फबाट आक्रमण हुँदा बुद्धधर्ममा बाधा दियो । देशको राजधानी अयोध्या पतन भयो । निकै नै प्राचीन उल्लेखहरु आगोमा भस्म हुन गयो । थाइलैण्डमा कुनै व्यक्तिलाई धार्मिक करकाप छैन । जसलाई पनि यहाँ धार्मिक स्वतन्त्रता छ । यो थाइलैण्डको विशिष्ट नीति प्राचीनकालदेखि आजसम्म प्रवाहित भएर नै आएको छ । बौद्ध विहारसँगै नै गिर्जाघर, मसजिद छ, तर झैंझगडा केही छैन । यो देशमा बहुसंख्यक बौद्ध जनमतले इसाई र मुसलमानहरुको अल्पमतको धार्मिक अधिकारमा रत्तिभर पनि बाधा दिएको छैन । थाइलैण्ड र श्रीलंकाको बीच धार्मिक सम्बन्ध पहिल्यैदेखि छ । श्रीलंकाका भिक्षुहरु यहाँ आउनु भएको छ, फेरि कुनै समयमा दक्षिण भागको राजधानी भैरहेको धम्माराम नगरमा तिनीहरुले चैत्य बनाएको थियो । श्रीलंकाका भिक्षुहरुलाई राजा सुखोबथाइले निकै सत्कार गर्थे । त्यहाँ २२९६ बुद्ध सम्बतमा लंकावंश भन्ने निकाय हुर्क्यो । जुनबेला स्वयं श्रीलंकामा बुद्धधर्म सोचनीय दशामा परेको थियो । फेरि त्यस्तै लंकाका राजाले संघ सत्कारको विचारले गर्दा आफ्नो एक विशेष दूत अयोध्याका राजाकहाँ पठायो, साथै तपाईंले मेरो देशमा धर्मको पुनरुद्धार गर्नु हवस् भनी अनुरोध पनि गर्नुभयो । अयोध्याका राजा धम्मराजाले उपालीको नेतृत्वमा भिक्षुहरुको एक मण्डल श्रीलंकामा पठाउनु भयो । यो मण्डल केहि समयसम्म श्रीलंकामा बसे । उपालीको प्रयासबाट त्यहाँ उपालीवंश अथवा श्याम निकायको प्रादुर्भाव भयो । जुन श्रीलंकामा आजसम्म छँदैछ ।

थाइलैण्डमा राज्य व्यवस्था एकतन्त्रात्मक भएको हुनाले यहाँ राजा भनेको जनताको सर्वस्व हो । अनि धर्म संचालन एउटा महास्जविरहरुको समितिले गर्छन् । जसको प्रमुखतम् संघराजा हुन्छ । फेरि उहाँको नियुक्ति पनि राजाबाटै गरिन्छ । यो पद्धति राजा चूलालंकारको समयसम्म भएर नै

Downloaded from http://dhamma.digital/

गएको छ । यसपछि संघ व्यवस्थाको निम्ति एउटा कानून बनाइयो । परन्तु सिद्धान्तमा कुनै विशेष परिवर्तन भएन । त्यसकारण २४८४ बुद्धाब्दमा फेरि एउटा संघ नियम संसदले बनायो, यो नियम अनुसार संघ संचालन कार्य तीनवटा संस्थालाई हस्तान्तरण गऱ्यो । गण संघमन्त्री, संघुसभा र विनयधर गण । संघमन्त्रीको पहिलो कार्य शिक्षा हो । धर्मको शिक्षा प्रथम, द्वितीय र तृतीय गरी तीन किसिमबाट हुन्छ । पालिको शिक्षा धेरै हुन्छ । यो शिक्षा दिने स्कूलको संख्या झन्झन् वृद्धि हुँदै गइरहेको छ । दोश्रो विश्वविद्यालयको पाठ्यक्रम भएको हाइस्कूल छ । जहाँ भिक्षुहरुले पनि पढ्न सकिन्छ । थाइलैण्डको बौद्धधर्म विश्वविद्यालयको योजनामा यी स्कूलहरु बीज हो । सरकारी रिपोर्टको यो तथ्यांकबाट यो उन्नति बारेमा राम्रोसँग जान्न सकिन्छ ।

| | |
|---|---|
| विहार संख्या | १९,१५० |
| भिक्षुहरु | १,६१,९८९ |
| श्रामणेरहरु | ६८,२७१ |
| धर्मशिक्षाका स्नातक | २,७५,६७९ |
| पालिमा स्नातक | ७,७०६ |

थाइलैण्डको राजधर्म बुद्धधर्म हो । यहाँको बहुसंख्यक जनताका धर्म पनि बुद्धधर्म हो ।

त्यसकारण सरकारको नीति पनि यसको प्रभावमा पर्छ । कानून बनाउँदा धर्मको सिद्धान्तमा ज्यान दिएर बनाउँथे । बुद्धधर्मको मूल सिद्धान्त एकता र सहिष्णुतामा अडेको हुन्छ । सरकारी अड्डा उपोसथको दिन बिदा हुन्छ । अर्थात् काम बन्द हुन्छ । यो उपोसथ चन्द्रमास अनुसार आठ दिन र अठार दिनमा पर्दछ ।

थाइलैण्डमा देशका अरु सम्पूर्ण क्षेत्रहरुमा पनि बुद्धधर्मको प्रभाव पर्दछ । देशका सम्पूर्ण स्कूल कलेजहरुमा बुद्धको पूजा हुन्छ । हाइस्कूलमा र विश्वविद्यालयमा धर्मको शिक्षा दिन्छ । प्रति सप्ताह बुद्धधर्म विषयमा रेडियोद्वारा प्रसारण हुन्छ । फेरि वर्षावास तीन महिना दिनहुँ धर्म व्याख्यान रेडियोबाट भइरहन्छ । सरकारी स्तरबाट बौद्ध उत्सवलाई प्रधानता दिन्छ । देशको जीवनमा बुद्धधर्मको ठूलो स्थान छ । जोसुकै मानिस होस् केही दिन भिक्षु हुनुपर्छ । विहार विहारमा युवा वृद्धहरु मिली सभाहरु भइरहन्छ । चाडबाडहरुमा र राष्ट्रिय पर्वहरुमा भिक्षुहरुलाई दान दिइन्छ । फेरि पहेँलो काषायवस्त्र धारण गरेका भिक्षुहरु भिक्षाको निम्ति आउने र जनताले वहाँहरुलाई भिक्षादान दिने हेर्दै मानिसहरु जोसुकै किन नहोस् हर्षले प्रफुल्लित नभई रहन सकिँदैन ।

थाइलैण्डमा आजभोलि पहिले भन्दा बढी मानिसहरु धर्म प्रेमी छन् । बुद्धधर्म प्रचारको निम्ति संस्थाहरु बनाएका छन् । भिक्षुहरुलाई पनि आधुनिक पद्धतिका शिक्षा दिन एउटा संस्था खोलेको छ । यसलाई सरकारले मद्दत गरेको छ । यसको परिणामले देशको सामाजिक स्थिति माथि आइरहेको देखिन्छ । फेरि शासन कार्य राम्रो तरिकाले चलिरहेको देखिन्छ । साथसाथै

Downloaded from http://dhamma.digital/

थाइलैण्डका बौद्धहरुमा यो विश्वास पनि छ कि ती बौद्ध संस्थाले देशको उन्नति गर्नुको साथै पूर्वी एसियामा पनि बुद्धधर्म सुदृढ गर्न मद्दत गर्न सकिन्छ । अस्तु ।

Downloaded from http://dhamma.digital/

# द्वितीय भाग

# तिब्बतमा बुद्धधर्म

चीनमा बुद्धधर्म पुगेको जनश्रुति अनुसार ५६ ईस्वीमा खोतनका काश्यप मातंगले रचेको बौद्धग्रन्थको चीनी अनुवादको बेला पुगेको देखि मानिन्छ । कोरियामा ३७२ ईस्वीमा, फेरि जापानमा ५३८ ईस्वी अगाडी बुद्धधर्म पुगेको थियो । तैपनि नजिकैको तिब्बत भोट चीनमा ६४० अगाडी बुद्धधर्म पुग्न नसक्नुको कारण यहाँको भौगोलिक स्थिति र धेरथोर यहाँको सामाजिक विकास गतिको मन्दपन हो ।

## आरम्भ युग

ईस्वी सम्बत् ६१७ अगाडीसम्म तिब्बत देश ससाना सर्दारियामा बाँडिएको थियो । यस्तैमा तिब्बतको कोङ्पो भन्ने सबभन्दा गर्मी प्रदेशमा श्रोन्-गचन्-गसम्-पो को जन्म भयो । तिनका पूर्वज कोशलराजा प्रशेनजित पुत्र भन्छन् । तेऱ्ह वर्षको उमेरमा नै आफ्नो पिता परलोक भएपछि उनले आफ्नो सानो सर्दारिया राज्यलाई सम्हालेको थियो । श्रोन्-गचन्-गसम्-पो (श्रोङ् चङ् गम्पो) ले आफ्नो समकालीन हर्षबर्धनले जस्तै दिग्विजय गर्ने ईच्छा गरे । अनि सुसंगठित सुदृढ सैन्य तयार गरी द्बुस र ग्चङ्के प्रदेश अधिकारमा राखेर पश्चिममा गिल्गित उत्तरमा चीनी तुर्किस्तानसम्म विजय गरी नेपालका राजा र चीनका सम्राट्लाई समेत प्रभावमा पारी आफ्ना आफ्ना छोरी विवाह गरिदिन बाध्य तुल्याएको प्रसिद्ध कथा छ । नेपालका राजा अंशुवर्मा (उदयदेव) ले आफ्नी छोरी भृकुटी (खि-चुन) ६४० ई. मा तिब्बतको राजधानी जुन ब्रम्हपुत्र उपत्यकाबाट सारिएको नयाँ दबुस-छु नदीको तीरमा रहेको राजधानीमा पुऱ्याईयो । नेपालका राजकुमारीले आफ्ना साथमा अक्षोभ्य बुद्ध, मैत्रेय बोधिसत्त्व र चन्दनको ताराको मूर्ति आफुसँग उपहार लगेकी थिइन् । त्यसको अर्को सालमा चीनी राजकन्या कोङ् जो पनि राजअमात्य मंगग् सँगै तिब्बतमा पुऱ्याईयो । राजकन्या कोङ्-जोले पनि भारतबाट मध्यएसिया भएर चीनमा पुगिराखेको बुद्धप्रतिमा दाइजोको रुपमा ल्याएकी थिइन् । यो बुद्धको प्रतिमा कोङ्-जोल तिब्बतको उत्तरतर्फ मन्दिर बनाइ स्थापना गरिन् । नेपालका राजकुमारीसँग त्यति धन थिएन त्यसकारण सम्राटले एउटा पोखरी पुरेर ल्हासाको माझमा रब्रुलु-सनङ्, मन्दिर बनाई तिनले ल्याएका प्रतिमाहरु प्रतिस्था गरिदिए ।

तिब्बत सर्दारियाबाट ठूलो राज्य भएपछि राज्य संचालन गर्नुको निम्ति अत्यावश्यक ठानेर यसभन्दा अघि नै श्रोङ् चङ् गम्पोले थोन्-मिलाई १६ जना साथी साथ लगाई भारतमा विद्याध्ययन गर्न पठाई सकेका थिए । ती नै थोन्-मिले राजाको आदेशानुसार आफ्नो देशको भाषालाई लिपिबद्ध गर्न एक प्रकारको लिपि निर्माण गरे । अनि सम्राट्ले पनि सो लिपि र व्याकरण आफुले अध्ययन गर्न चार वर्षको समय दियो । अनि आफ्ना दुवै बौद्ध रानीहरु र थोन्मिको प्रभावबाट उनी आफु पनि बौछ बन्यो । बुद्धधर्मले गर्दा तिब्बतका अशिक्षित जनजातिलाई शिक्षित गर्न ठूलो बल मिल्यो । साथै बुद्धधर्मले त्यो जातिको व्यक्तित्वलाई स्थायीत्व दिन बुद्धधर्मले जति पनि तिब्बतलाई दियो ती सबै तिब्बतीकरणमा रंगिन गयो । यो धर्मले त्यो जातिको व्यक्तित्व मेटाउने प्रयत्न गरेन । नेपाली विद्वान

Downloaded from http://dhamma.digital/

शीलमञ्जु, भारतीय पंडित कुमार काश्मिरी तुन, चीनी भिक्षु महादेव र स्वयं थोन्मि र उनका शिष्य धर्मकोष बौद्धधर्म ग्रन्थको भाषा अनुवाद कार्यमा नियुक्त भए । यो पहिलेको अनुवाद त्यत्तिको उच्च श्रेणीको नभए पनि पछिका अनुवादले यसलार्य ढाके तापनि अहिलेसम्म पनि ती मध्ये पहिले अनुदित भएका कुनै कुनै पुस्तकहरु आजसम्म पनि पूरा प्रयोगमा छन् ।

यसरी तिब्बतदेशका निर्माता एवं बुद्धधर्मका अनुयायी तथा तिब्बती लिपिका प्रवर्तक श्रोङ् चङ् गम्पो तिब्बतको फन्पुल प्रदेशमा ६२ वर्षको उमेरमा सल्-मि भन्ने ठाउँमा परलोक हुनुभयो ।

त्यसपछि चीनी राजकुमारीका तर्फका राजकुमार मङ्-थोङ्-मङ्-बचन् तिब्बतको राज्याशनमा बसे । किनभने नेपाली रानी भृकुटीको तर्फबाट जन्मेको गङ्-श्रोङ्-मङ्-बचन् पहिलो राजकुमार भएर पनि उनी आफ्नो पिताभन्दा अगाडी नै परलोक भएको थियो ।

सम्राट श्रोङ्-मङ्-बचन् र उनका छोरा सम्राट दुर-सोङ् (७१२ - ३० ई.) पनि बाजे जस्तै बौद्ध र पराक्रमी थिए । फेरि खिलदे-बचन् पनि आफ्नो पिता दुर-सोङ् जस्तै बौद्ध र वीर थिए । परन्तु उनको बाल्यकालमा तिब्बतमा बुद्धधर्मसँग प्रतिद्वन्दितामा रहेर धर्ममा प्रमुखता लिन तम्सेका तिब्बतका पुराना धर्म बोन धर्मावलम्बी मन्त्रीहरुले बुद्धधर्म म्हास्न प्रयास गरे । सम्राट छउञ्जेल केही गर्न सकेन सम्राटको मृत्युपछि बुद्धधर्म चीनमा फिर्ता पठाउन नसके पनि जमिनमा गाडी पुरिदिए । बौद्ध विहारलाई मारकाट गर्ने बधस्थल तुल्याइयो । दुईजना मन्त्रीहरुलाई आकस्मिक विरोध आउनासाथ नेपालको सिमाना नजिक मङ्-पुल प्रदेशको सकिद-रोङ्, भन्ने ठाउँमा पठाइदियो ।

यी तीन पुस्ताको राज्यकालमा पनि चीनले आफ्नो भू-भाग फर्काउन कम प्रयास गरेन, परन्तु सबै प्रयासमा पहिले जस्तै सन्धि गर्नु पर्‍यो, जस्तो श्रोङ्-चङ्-गम्पो सँग गर्नु परेको थियो ।

## शान्तरक्षित युग

खि-लदे-गचुग-वर्तनको चीनीरानी तर्फबाट ७९० ई. मा वसम-यस्को नामको छोरा जन्म्यो । यही पछि गए र तिब्बतको अशोक बन्यो । आमाबाबु परलोक भएपछि वसम-यस्को राजा भयो । उनी श्रोङ्-चङ्-गम्पोको भन्दा ठूलो साम्राज्यको उत्तराधिकारी पनि भयो । तरुण सम्राटले आफ्ना पूर्वजहरुको चरित्र अध्ययन गरेर बुद्धधर्ममा श्रद्धा राखी बुद्धधर्मका पुस्तकहरु खोजेर पढ्ने गरे । चीनी विद्वान र काश्मिरी पण्डितहरुबाट धर्मग्रन्थ अनुवाद गराइयो । यस कार्यमा बोन धर्मका अनुयायी मन्त्रीहरुले विरोध गरेको हुनाले केही समय रोकेर ती पण्डितहरुलाई मङ्-पुलमा पठाउनु पर्‍यो । परन्तु यसबाट फाइदा नै भयो । किनभने यही समयभित्र ज्ञानेन्द्र (ग्सल्-स्नङ्-मङ्-युल्सं) ले बुद्धगयामा गएर नालन्दाका आचार्य शान्तरक्षितलाई भेट्ने संयोग प्राप्त गरे । तिनले तिब्बत फर्केपछि सम्राटलाई पुनः प्रभावित गर्न सफलता पाए । सम्राट्को आज्ञाले ज्ञानेन्द्रलाई शान्तरक्षित लिन पनि पठाइयो । आचार्य शान्तरक्षितले संस्कृत भाषामा देशना गर्नु भएको दश अकुशल, अष्टादश धातु र द्वादशांग प्रतित्यसमुत्पादको उपदेश काश्मिरी पण्डित अनन्तले अनुवाद गरे । सम्राट् पनि शान्तरक्षितका पक्का शिष्य बने ।

Downloaded from http://dhamma.digital/

यही समयमा उता बाढी आएर फङ् थङ् बगायो, मर पो री भन्ने ठाउँमा चट्याङ् पऱ्यो, फेर देशमा बिमारी फैलियो । जनताहरुले यसलाई तिब्बतका देवताहरु रिसाएको भनी थाने । रिसाएका जनताहरुको मन राख्न सम्राट्ले आचार्यलाई नै केही दिनको लागि फर्काउनु पऱ्यो । पछि फेरि सम्राट्ले भिक्षु सङ-शिको साथमा तीसजना मानिस पठाएर बालाउन पठाउँदा पनि नआउँदा फेरि ज्ञानेन्द्र नै पठाएर आचार्यलाई लिन पठाइयो । ७५ वर्षको आचार्य पुनः तिब्बत पुगे । आचार्यले राजाको ईच्छानुसार ब्रम्हपुत्रबाट एक कोस उत्तरमा मगधेश्वर महाराज धर्मपालले बनाएको महाविहार कै नमूनामा ईस्वी ८२३ मा तिब्बतमा पहिलो विहार निर्माण गराए । माझमा सुमेरु जस्तै उँचा प्रधान विहार बनाई चारैतिर चार महाद्वीप र आठ उपद्वीप जस्तौ बनाएर भिक्षुहरु बस्ने १२ वटा द्वीप (गलिङ) पनि बनाइयो । साथै तिब्बत देशका सातजना श्रद्धालुहरुलाई भिक्षु दिक्षा दिने प्रथम कार्य पनि आचार्यले नालन्दाबाट १२ जना भिक्षुहरु बोलाएर सम्पूर्ण गर्नुभयो ।

आचार्यले स्थापना गर्नुभएको यो बुद्धशासनको कामा पछि एक जना आचार्यकै अनुयायी भिक्षुको बढी प्रभाव पऱ्यो । उनी हुन् पद्मसंभव । हुन त पद्मसंभव राजा इन्द्रभूति (इन्द्रबोधि) का छोरा भन्छन् । परन्तु भारतीय परम्पराले इन्द्रभूति ८४ सिद्धामा गनिएको भएर पनि उनका छोरा पद्मसंभवको विषयमा केही कुरा उठाएको छैन । इन्द्रभूति आदि सिद्ध (७५० ई.) पछि भयो । फेरि उनका छोरा पद्मसंभव बसम् यस्को राज्यकालमा तिब्बत जाने सम्भव नै थिएन । ती सबै कुरा विचार गरी हेर्दा बुझ्न सकिन्छ कि एउटा साधारण भिक्षु पद्मसम्भवलाई ठूलो पार्न पछि निङ्मप सम्प्रदायले अनेक कथा रचेर अद्‌भूत कथा रच्यो अनि यी सबै सत्य तुल्याउन मूल संस्थापक आचार्य शान्तरक्षित समेत पछाडी पारी पद्मसम्भवलाई बुद्धभन्दा पनि ठूलो सम्मान गरेको देखिन्छ ।

तत्त्वसंग्रह जस्ता ग्रन्थका लेखक बौद्ध ब्राम्हण, जैन दर्शनका प्रगाढ विद्वान आचार्य शान्तरक्षित सय वर्षको उमेरमा तिब्बतमै देहान्त भयो । उनको पार्थिव शरीरलाई एक स्तूप बनाई राखियो । पछि साढेएघारसय वर्षपछि त्यो स्तूप भत्किएर जाँदा उहाँको निधार र केही अस्थि त्यहाँको प्रधान मन्दिरमा शिशाभित्र राखिदियो । तिब्बतका श्रद्धालुहरुले उहाँलाइ बोधिसत्त्व भनी आदर गर्छन् ।

आचार्यको निधन पछि वहाँको शिष्य श्रीघोष (द्पल्-दब्-मङ्स्) संघनायक बन्यो । श्रोङ्-चङ्-गम्पोको पालादेखि चीनी विद्वानहरुले लिइराखेको प्रभुता आचार्यको देहावसानपछि बोन धर्मावलम्बिहरुले फेरि लिने प्रयास गरे । यसबाट अकर्मण्यतावादी (स्तोन्-मुन्-प) सम्प्रदाय र कर्मण्यतावादी (चेन्-मिन्-प) सम्प्रदायबीच कलह उठ्यो । यो झगडा शान्त गर्न भिक्षु ज्ञानेन्द्रको सल्लाह अनुसार राजाले नालन्दाका आचार्य कमलशीललाई लिन पठाएका थिए । उनले ५००० श्लोकले तत्त्वसंग्रहको पंजिका लेखे । फेरि अकर्मण्यतावादी चीनी भिक्षु छङ्क-सङ् सँग भएको शास्त्रार्थमा उनलाई पराजित गरिदिए । परन्तु पछि पराजितहरुको षड्यन्त्रबाट उनले आफ्नो प्राण गुमाउनु पऱ्यो । यसबेलाका अरु प्रसिद्ध धर्मग्रन्थका अनुवादकहरु विमलमित्र, बुद्धगुहय, शान्तिगर्भ र विशुद्धसिंह हुनुहुन्छ ।

सम्राट् खि-श्रोङ्का सन्तान मुनि-बचन्-पो को हृदय झनै धार्मिक र बोधिसत्त्व आदर्शको थियो । उनले ८४५-४६ ईस्वीमा धनी गरिबको भेद अन्त गर्न देशभरि नै अर्थ समवितरण गऱ्यो ।

Downloaded from http://dhamma.digital/

परन्तु श्रम समवितरण विनाको सबै समान गर्ने काम तीन पटक सम्मको अर्थ वितरणले पनि केही काम दिएन । उल्टो यस कार्यबाट राजकोष नाश गऱ्यो भन्ने आरोपमा आफ्नो आमाको तर्फबाटै विषपान गराइ उनले प्राण त्याग्नु पऱ्यो । यसरी मुनि-बचन्-पो १९ महिना राजा भएर मृत्यु भयो ।

त्यसपछि मुनि-बचन्-पो का भाई खि-ल्दे-बचन्-पो अथवा सक्-ल-लेग्म् (८४७ - ८७७) ईस्वीमा सिंहासनमा बसे । उनले सुदूर पश्चिम सकर दों नगरमा एक बौद्ध मन्दिर बनायो । संस्कृतका प्रतिशब्द अनुवादको निम्ति शब्दतालिका बनाई अनुवाद कार्य चालु गऱ्यो । संस्कृतको धातु प्रत्यय बुझेर प्रत्येक शब्दको तिब्बती भाषामा नियमबद्ध रुपले अनुवाद भएको यो युगमा ( ८५० - ९०० ई.) मा नै नागार्जुन, असंग, बसुबन्धु, चन्द्रकीर्ति, विनितदेब, शान्तरक्षित, कमलशील, आदिका ग्रन्थहरु र तिब्बतमा सबभन्दा धेरै ग्रन्थहरु अनुवाद भयो । यस अनुवाद कार्यको निम्ति भारतीय पण्डित जितमित्र, सुरेन्द्रबोधि, शीलेन्द्रबोधि, दानशील, बोधिमित्र, र तिब्बती विद्वान रत्नरक्षित, धर्मताशील, ज्ञानसेन, जयरक्षित, मंजुश्रीबर्म र रत्नेन्द्रशीलको सहयोग लिइएको थियो ।

त्यसपछि रल-प-चनले आफ्नो दाज्यू गलङ्-मरम लाई पन्छाई राज्याशनमा बसे, अनि उनले अन्धभक्तिको सीमा नै नाघेर धर्ममा श्रद्धा देखाए । धर्म व्याख्यातालाई आफ्नो शिरको कपालको आशन बिछ्याई धर्मश्रवण गरे । यही कारणले अयोग्य व्यक्तिहरु भिक्षु भएको कारणमा विरोध देखाएर (९११ ई.) मा उनका दाज्यूका कृपापात्र दपस-ग्र्यल्-तो-रे र लेगस्-सम् ले उनको हत्या गरे । अनि गलङ्-मरम स्वयं राजा भए । हत्या गर्ने व्यक्ति प्रधानमन्त्री बने । रल-प-चन् का आदर भाजन गर्ने भिक्षुलाई महारानीसँग अनुचित सम्बन्ध राखेको आरोपमा मारिदिए । महारानीले आत्महत्या गरिन् । यसरी राज्यलिप्सामा बुद्धधर्म छ्यासमिस् भएको हुनाले राज्यासन दरिलो तुल्याउनुको निम्ति यसबेला धर्मदमन र शोषणको काम भयो ।

राजा गलङ्-मरम ले अनुवादकहरुको घर र पाठशाला नष्ट गरिदियो । त्यतिमात्र होइन बुद्धत्व त्यसको राज्यशक्तिको विरोधी सम्झि भिक्षुहरुलाई गृहस्थ तुल्याइ दियो । अस्वीकार गर्नेलाई धनुषवाण दिई शिकारी हुन विवश तुल्याइयो । कि तलवारले दुई टुक्रा पारिदियो । जो खङ् मन्दिरबाट बुद्धमूर्ति हटाइदियो । अझ बालुवामुनि पुरिदियो । र मा छे आदि विहारको ढोका बन्द गर त्यहाँ मद मस्त भएका भिक्षुहरुको चित्र लेखाइदियो । धेरै भिक्षुहरु भागे, श्रद्धालुहरुले निकै ग्रन्थहरु ल्हासाको ढुंगामुनि रक्षा गर्नको लागि लुकाइदिए । परन्तु यो बौद्धहरुले गरेको भूलको प्रतिक्रिया र राजाको राज्यलिप्सा धेरै टिकेन झण्डै तीनसय वर्षभित्र बुद्धधर्मले देशको निकै सेवा गरिसकेको थियो । त्यसकारण त्यसबेला द्पल्-ग्यि-र्दो-जे नामको एउटा भिक्षुले येर-पल्हस्-ङिङ्पो भन्ने पार्वत्य स्थानबाट निस्केर सेतो वस्त्र लगायो । भिक्षुत्व त्याग स्वरुप यसरी सेता वस्त्र लगाई सकेपछि त्यसमाथि कालो वस्त्र लगायो । कालो रंगले पोटेको घोडा चढेर जो खङ् को नजिकको महालेख पढिरहेका राजालाई वन्दना गरे झैं गरी वाण हानी मारिदियो र त्यो व्यक्ति त्यहाँबाट भाग्यो । आफ्नो ठाउँमा पुगिसकेपछि असंगको अभिधर्मसमुच्चय, विनय, टीका प्रभावती र कर्मशतक पुस्तकहरु लिएर खम्स तिर पुग्न गयो । यता गलङ् मरम ले आफु मर्ने बेलामा यस्तो भनेर गयो "मलाई तीन वर्ष अगाडी नै किन मारेन, जसबाट म यत्तिको पाप र अत्याचारबाट मुक्त हुन्थें, अथवा तीन वर्ष पछि किन मारेन जसबाट मैले देशबाट बुद्धधर्म निर्मूल गरी मेटाउन सक्ने थियो ।"

Downloaded from http://dhamma.digital/

राजा मरिसकेपछि जेठी रानीले गर्भिणीको भान पारी पछि एउता बच्चा अघि सार्दा पनि राज्याधिकारी कान्छि रानीका छोरा काश्यप दो-सुङ्, नै भयो । त्यसपछि उनका छोरा द्पल्-खोर-बचन् (९२५-८२ ई.) राजा भयो ।

उता खच्चरलाई पुस्तको भारी बोकाएर भागेका तीनजना भिक्षुहरुले राजा मार्ने द्पल्-ग्यि-र्दो-जे, लाई भेटे । त्यतिबेला उनले भनेका थिए "म पाराजिकाको अपराधी हुँ, मैले राजालाई मारेको छु । त्यसकारण द-गोङ्स-कम निवासी त्यो तरुणको उपसम्पदामा संघगण पूरा हुन सकेन । पछि चीनी भिक्षु दुईजना भेट्टाएपछि पञ्चगण संघद्वारा त्यो तरुणलाई उपसम्पन्न गरिदियो । यही तरुण फेरि आचार्य शान्तरक्षितको परम्परा चलाउने व्यक्ति भयो । मध्य तिब्बतमा फेरि प्रचार कार्य भयो । ञिङ्मप सम्प्रदायका विहारहरु सबै यही परम्पराका विहारहरु हुन् ।

# दीपंकर युग

श्रोङ्चङ्गम्पो वंशको यसरी झण्डै तीनसय वर्षपछि द्पल्-खोर-बचन् को राज्यकालमा तिब्बत टुक्रा टुक्रा भयो । राजनैतिक एकता सकिए जस्तै धार्मिक समरुपता पनि ऱ्हास भएर गयो । एघारौं शताब्दी पुग्दा बुद्धधर्ममा निकै नै विकारहरु निस्के । भिक्षुहरुले तीन महिना मात्र पूरा पूरा विनय पालन गर्ने भयो । तान्त्रिकहरुले रक्सि र व्यभिचार नै धर्मको अंग बनाए । मठका नायकहरु चमकिलो, भड्किलो वस्त्र लगाइ स्थविर र अर्हत जस्तै बस्ने भए ।

परन्तु यस्तो समयमा एउटा विचारशील राजा निस्के । उनलाई तन्त्रमा बुद्धधर्मको मौलिकता भएको वा बुद्धवचन भएकोमा ठूलो सन्देह भयो । तैपनि पहिले गहन अध्ययन अनिवार्य सम्झेर २१ जना युवकहरुलाई काश्मीरमा पठाए । परन्तु ती २१ जनामा दुई जना मात्र जीवित भएर अध्ययन समाप्त गरी फर्कन सके । त्यसकारण ज्ञानप्रभ (ङखोर लदे) ले विचार गऱ्यो, स्वदेशी मानिस पठाएर पढ्न पठाउनु भन्दा विद्वान भिक्षुहरु बोलाई सिक्नुमा बढी उपयुक्त हुनेछ । यस्तो विचार गरी सर्वप्रथम विक्रमशीला महाविहारका भिक्षु दीपंकर श्रीज्ञानलाई लिन पठाए । परन्तु दुई पटक सम्म बोलाउन पठाउँदा पनि उहाँ आउनु भएन । फेरि उनै धर्माचार्यहरु लिन पठाउनका लागि सीमान्त प्रदेशमा गई सुन लिन जाँदा उनलाई सीमान्तका राजाले पक्रेर थुनी दियो । उनका उत्तराधिकारी बोधिप्रभ (ब्यङ्-छुप्-डोद्) ले धन दण्ड तिरेर उनलाई मुक्त गर्न खोज्यो र परन्तु ज्ञानप्रभले भन्यो "अर्थ दण्ड तिरेर उनलाई मुक्त गर्नुको सट्टामा सोही धनले कुनै पण्डित लिन पठाउ ।" निश्चय नै यही आत्मत्यागको वर्णनद्वारा प्रभावित भएर नालन्दा, राजगृह, विक्रमशीला, बज्रासन (बोधगया) सुवर्ण द्वीप (सुमात्रा) सम्म गई अध्ययन गरिराखेका विक्रमशीला महाविहारका आठजना महापण्डितहरु मध्येका एक आचार्य दीपंकर श्रीज्ञानले तिब्बत जाने स्वीकार गरेका थिए । विक्रमशीला महाविहारबाट सुटुक्क भागेका दीपंकर श्रीज्ञान (१०४२ ई.) मा मङ् रिस् पुगे । पहिले मानसरोवरको पश्चिमको थो-गलिङ् विहारमा बस्नुभै बोधिपथ प्रदीप पुस्तक लेखे । त्यहाँबाट ( १०४४ ई.) मा सुपुरङ्मा जानु भयो । त्यहाँ ग्र्यल-वडि-ब्युङ्-ग्नस् (१००३ - ६४ ई.) जस्ता जन्मभर अनुचर हुने शिष्य भेट्टाउनु भयो (१०४७ ई.) मा उनी ब्सप्-यस् जानु भयो । त्यहाँको

Downloaded from http://dhamma.digital/

ग्रन्थ भण्डार देखेर उनी दंग हुनुभयो । भारतको महाविद्यालयमा दुर्लभ भैसकेका पुस्तकहरु पनि देखे । (१०५० ई.) मा कालचक्रमा आफ्नो टीका रचना गर्नुभयो । त्यस्तै आफ्ना प्रधान सहायक (नग् छो) छल्-खिम्स-र्ग्यल् र रिन्-छेन्-वस्-ङ्पो अनि द्गे-बी-ब्लो-ग्रोस र शाक्य-ब्लो-ग्रोस को मद्दत लिएर सयौं पुस्तकको अनुवाद र संशोधनको काम आचार्य दीपंकरले पूरा गर्नुभयो । १०५४ ई. मा ७३ वर्षको उमेरमा १३ वर्षसम्म तिब्बतमा आफ्नो सेवा अर्पित गरिसकेपछि आचार्य दीपंकर श्रीज्ञानको शरीरान्त भयो ।

यसको लगतै पछि दीपंकर श्रीज्ञानकै महापण्डित अवधुतिपा (अद्वयबज्रको) मैत्रिपा तर्फका गुरुभाई कायस्थ पण्डित गयाधर तिब्बत पुगे । पाँच वर्षमा बुद्धकपाल तन्त्र, वज्रडाक तन्त्र आदि निकै तन्त्रग्रन्थलाई तिब्बती भाषामा अनुवाद गरिदिए । उनलाई ५०० तोला सुन दक्षिणा प्राप्त भयो । उनको एउटा छोरा थियो, तिब्रुपा नामले उनी पनि पछि एक सिद्ध भयो ।

ज्ञानप्रभको भाई शान्तिप्रभ (शिब डोद्) पनि स्वयं एक विद्वान थिए । श्रीज्ञान मन्त्रकलश, गुणाकर भद्रबाट निकै ग्रन्थ अनुवाद गराए जस्तै आफुले पनि आचार्य शान्तरक्षितको तत्त्वसंग्रह अनुवाद गऱ्यो । यसपछि तिनका तीन छोरामा जेठा डोदल्दे राजा भयो । भाईहरु दुई जना भिक्षु बने । राजा डोदल्देले पण्डित सुनयश्रलिाई बोलाएर कतिपय ग्रन्थ अनुवाद गरायो । यिनका छोरा चे-ल्दे ले (१०७६ ई.) मा एउटा विद्यालय स्थापित गऱ्यो र ब्लो-लुदन-स्-स-रब (१०५९-११०८ ई.) लाई काश्मीरमा अध्ययन गर्न पठायो । यिनैले आफ्ना गुरु परहितभद्रको मद्दत लिएर प्रमाणवार्तिकको अर्को अनुवादको साथै धर्मकीर्तिको प्रमाणविनिश्चय, न्यायबिन्दुको अनुवाद गऱ्यो । मञ्जुश्रीकल्पको अनुवाद पनि पं. कुमारकलशसँग मिलेर पूरा गऱ्यो । यो अनुवाद गर्ने क्रममा आएका फ-दम्-प-सङ्स-र्ग्यस (मृ. १११८ ई.) ले शिर्ब्यद सम्प्रदाय नै चलाये । अनि २३ वर्ष काश्मीरमा अध्ययन गरेका लो-च-वे ले आर्यदेवको चतुशतक शास्त्र, चन्द्रकीर्तिको मध्यमकावतार भाष्य र मूल मध्यमक वृत्तिय प्रसन्नवदा, पूर्णवर्द्धनको अभिधर्मकोषको टीका लक्षणानुसारिणी आदि ग्रन्थ अनुवाद गरे । यस कार्यमा उनलाई कनकबर्मा, तिलकलस आदि पण्डितहरुले मद्दत गरेका थिए ।

आफ्ना शिष्यहरुको कारण र आफ्नै विचित्र चर्याले चौरासी सिद्धहरु मध्ये सबभन्दा प्रसिद्ध मि-ल-रस-प (१०४०-११२३ ई.) भयो । उनका गुरु मर-प पनि सिद्ध नारोपा (मृ. १०४०) का शिष्य थिए । मिलरसप तिब्बतका सबभन्दा माथिका कवि मात्र होइन साच्चै नै निस्पृह र अकृतिम जीवन भएको व्यक्ति पनि हो । यिनीहरुको आफ्नै परम्परा छ । अनि एउटा शाखा परम्परा कस्म् (स्कर्-म) संघराज स्क्र्-म-बक्-सि-छोस्-जिन् (१२०४-८४ ई.) ले आफ्नो सिद्धत्वले गर्दा मंगोल सम्राटको गुरु भयो । यसैको शाखा सम्प्रदाय फग्-ग्रु-ब्-प र त्रि-गोङ्-प ले धेरै वर्षसम्म तिब्बतमा शासन गरेको थियो ।

## सक्य युग

दकोनर्ग्यल (१०३४-११०२ ई.) भन्ने एउटा गृहस्थ धर्माचार्यले ग्चङ् प्रदेशमा एउटा विहार बनायो । यो साँचै नै प्रभावशाली विहार हुन गयो । यसको प्रभाव चीन र मंगोलसम्म पुग्यो । चंगेजखाँ (चिट् हिट् हाङ्) को शासनकालमा ११२२ ईस्वीमा यहाँकै संघराजले मंगोलमा सर्वप्रथम

Downloaded from http://dhamma.digital/

धर्मप्रचार गरेको थियो । दकोनर्ग्यलले ब-रि-लो-च-व (मृ. ११११ ई) लाई आफ्नो उत्तराधिकारी तुल्यायो । उनी धेरै वर्षसम्म वज्रासनका आचार्य अभयाकरगुप्तकहाँ बसेका थिए जुन मगधेश रामपाल (१०५७-११०२ ई.) का गुरु र अवधूतिपाका शिष्य सौरिपाको तर्फबाट सिद्धचर्या ग्रहण गर्ने मध्येका थिए ।

ब-रि ले आफ्नो उत्तराधिकारी दकोनर्ग्यलको छोरा बुन-दग्-समिङ्-पो (१०९२-११५८ ई.) लाई चुने । त्यसपछि उनका छोरा ग्रगस्-प-र्ग्यल-म्छन् (११४७-१२१६ ई.) मा विहाराधिपति बने, जसले दिग्नागको न्यायप्रवेश अनि चन्द्रमहारोषण तन्त्र आदि पुस्तक अनुवाद गरे । ग्रगस्-प-र्ग्यल-म्छन् का भतिजा कुन्-दग-र्ग्यल-म्छन् (११८२-१२५१ ई.) को पालामा नै मुहम्मद-बिन बख्तियारले हालमा ध्वस्त गरेको नालन्दा र विक्रमशीलाबाट आएका शायद् जगत्तला (बंगालको विहार) बाट आएका पण्डित विभूतिचन्द्र र दानशील अनि नेपालका संघश्री, सुगतश्री, आदि १२०० ईस्वीमा तिब्बतमा आएका थिए । यही समयमा विक्रमशीलाका प्रधान स्थविर शाक्यश्रीभद्रको ब्यङ्-छुप्-द्पल् जस्ता शिष्य बने । उनी तिब्बतमा दश वर्ष बसेर आफ्नो जन्मभूमि काश्मीरमा फर्की १२२५ ईस्वीमा ९८ वर्षको उमेरमा परलोक भए ।

कुन्-दग्-र्ग्यल-म्छन् को समयमा मि-त्र्यग् प्रदेश बाहेक सम्पूर्ण भोट प्रदेश चीन सम्राट चंगेजखाँको अधीनमा गएको थियो । परन्तु त्यतिबेला उनले १२२२ ईस्वीमा मंगोलमा धर्मप्रचारकहरु पठाएर धर्म विजयको योजना तयार गरे उता मंगोल सर्दारहरुले मध्य तिब्बतमा भिक्षुहरुको दमक र हत्या गरिरह्यो । त्यसकारण १२४६ ईस्वीमा उनले स्वयं मंगोलसम्राट गोतन् सँग मिलेर आफु उनको गुरु बन्यो । सम्राटले १२४८ ई. मा तिब्बतको (दुबस् र ग्चङ) प्रदेश आफ्ना गुरुलाई दान दिए । त्यसबेलादेखि यो देशमा धर्माचार्यहरुको शासनको सूत्रपात भयो । १२५० ई. मा मंगोलमै उनको देहान्त भयो ।

कुन्-दग् को पछि मंगोलियामा धर्मप्रचारमा जान पाएका फगसप संघराज भयो । अनी १२५१ ई. मा भावी चीन सम्राट् राजकुमार कबले-हान को गुरु भई १२८० ई. मा मंगोलियामा देहान्त भयो ।

यसरी मन्त्र र सिद्धिको चमत्कार एवं पुरस्कारको बाढी आइरहेको बेलामा नै आचार्य शान्तरक्षितका अनुयायीहरुले आफ्नो भासिएर गएको ञिङ्मप उकास्न पुराना बोन धर्मका भूत, प्रेत पूजा, जादु, मन्त्र अपनाएर लैजाने गऱ्यो । ञिङ्मपका गुरुहरुले मिथ्या विश्वासले भरिएको नयाँ नयाँ ग्रन्थहरु रचना गरे । ती पुस्तकहरु बुद्ध, पद्मसंभव त्यस्तै कुनै पुराना आचार्यको नाले ढुंगा र जमिन भित्रबाट खोतलेर निकालेर देखाउने काम पनि गरे ।

उता फगसप को पछि आएको सकर-म-बक्-सि (१२८२ ई.) बितेपछि योग्य शिष्यलाई उत्तराधिकारी नछानी एकजना रङ्-ब्युङ्-दोर्जे (१२८४ ई.) भन्ने बालकलाई अवतार स्वीकार गऱ्यो । अनि के चाहियो सम्पूर्ण निकाय र सम्प्रदायहरुले नै यो अवतार प्रथा अपनायो । पछि गएर चोङ्-खप का अनुयायीहरुले पनि आफ्नो दलाइ लामा (र्ग्यल्-व-रिन्-पो-छे) र टसी लामा (पण्-छेन्-रिन्-पो-छे) चुन्नुमा यस्तै गरे । आशनाधीशको बाल्यकालमा एक मुट्ठी स्वार्थीहरुको मठमा सम्पूर्ण प्रबन्ध आफ्नो हातमा राख्ने मौका लिने प्रवृत्तिबाट यसलाई व्यापक प्रभावशाली पद्धतिको रुपमा सिद्ध त

Downloaded from http://dhamma.digital/

गरियो परन्तु यस पद्धतिले गर्दा उत्तराधिकारको लागि विद्या र गुणको महत्त्व भन्ने नचाहिने हुनगयो । विहार विहारमा पनि यही अवतारवादीको उत्तराधिकार फैलाउँदै गएको छ ।

उता तेऱ्हौं शदीमा बुद्धधर्मको केन्द्र भारतबाट पनि बुद्धधर्म लोप भयो । तिब्बतको जीवित बौद्ध भारतसँगको विचार आदान प्रदानको अवसर पनि टुंगियो । तिब्बतका प्रभावशाली आशनाधिश प्रतिद्वन्द्विताको आरम्भ पनि चर्कंदै गयो ।

१२९० ईस्वीमा रिन्-छेन-ग्रुब को जन्म भयो । यिनी श-लु विहारमा गएर भिक्षु भएको थियो । आफ्नो समयमा अद्वितीय विद्वान हुनुभएका भिक्षुले स-सक्य मठमा अध्यापनको काम गर्नु भएको थियो । फेरि यहाँको विशाल पुस्तकालय हेर्दै आफ्नो समयसम्ममा प्राप्त गर्ने सबै ग्रन्थहरु संग्रह गरी एउटा महान संग्रहको रुपमा ग्रन्थको सूचीक्रम बनाउनुभयो । यही दुई सूची स्कङ् (कन्-जुर) र स्तन् ग्युर (तन्-जुर) हो । भन्छन् कि कन्जुरमा ती ग्रन्थहरु एकत्रित गरियो जुन् बुद्धवचन थिए । तन्जुरमा ती ग्रन्थहरु एकत्रित गरियो जुन् बुद्धवचनमा टीकाकार आचार्यहरुको दर्शन, काव्य, वैद्यक, ज्योतिष, देवता साधना सम्बन्धी ग्रन्थ हुन् ।

यो विद्वान भिक्षुको देहान्त पछि तिब्बतको धार्मिक इतिहासको सबभन्दा महत्त्वपूर्ण खण्ड पनि समाप्त भयो । यसपछि पनि चन्द्रगामीको लोकानन्द नाटक र कालिदासका मेघदूत जस्ता केही न केही पुस्तकहरुको अनुवादहरु भएको देखिन्छ तापनि पहिलेको जुन अनुवाद प्रवाह सुकेको थियो त्यो भने फेरि प्रवाहित भएर निस्कन सकिएन ।

## चोङ ख प युग

तिब्बतबाट महिनौंको बाटो मंगोलियाको सीमानामा रहेको अमसदो प्रान्तको एउटा गाउँको नाउँ नै चोङखप हुनगयो । परन्तु यहीँ जन्मेको एउटा मेधावी भिक्षु सुमनकीर्ति (ब्लो-ब्सङ्-ग्रगस्-प) को नाउँ नै चोङ्खप भएर गयो । भिक्षु सुमनकीर्तिलाई चोङ्खप नाउँले नै व्यापक रुपमा चिनिने भयो । चोङ्खप सात वर्षको उमेरमा (१३६३ ई.) दोन-रि-प को श्रामणेर भयो । १५ वर्षको उमेरमा त्यहीँ बसेर पढेर १३७२ ई. मा विशेष अध्ययनको निम्ति मध्य तिब्बतमा आए । दर्शन र विनय राम्रोसँग अध्ययन गरियो । विशेषतः रिन्-छेन्-ग्रुब् (बस्तोन्) को कृत्तिले बढी प्रभावित गऱ्यो । तैपनि धेरै अध्ययन चोङ्खपले स्वयं गर्नुपऱ्यो ।

चोङ्खप विद्वान, सुवक्ता, सफल लेखक र आकर्षक व्यक्ति थिए । त्यसकारण योग्य र कार्यकुशल शिष्यहरु कुनै तिब्बतीय आचार्यको नभएको रुपमा उनलाई प्राप्त भयो । १३९६ ईस्वीदेखि उनले बुद्धधर्ममा आएका खराबी हटाउन विद्या प्रसार, विनय पालन, योग्यताको कदर गर्ने सिद्धान्त लिएर कार्य गर्नु भयो यही वर्ष उनले गलङ् को महाविद्यालय स्थापित गर्नु भयो । फेरि १४०५ ईस्वीमा द्ग-ल्गन् (गम्दन्) महाविहार स्थापना गर ल्हासामा संघ सम्मेलनार्थ एउटा विशाल भवा स्मोन्-लम्-छेन्-पो बनाउन लगाउनु भयो । यिनकै एउटा शिष्य जम्-द्वयङ्म ले १४१६ ईस्वीमा ब्रम्-सपुङ् (डेपुङ्) धान्यकटक महाविहार, अर्को शाक्य-मे-शेस् ले १४१९ ईस्वीमा सेर महाविहार

Downloaded from http://dhamma.digital/

बनाउनु भयो । चोङ्खपका भिक्षु नियमको दृढ पालनले गर्दा यिनीहरुलाई द्गे-लुप्स-प (भिक्षु नियमानुयायी) रुपमा प्रसिद्ध भयो । यिनीहरुले पहेँलो वस्त्र रुचाएकोले विशेष अवसरको टोपी पनि पहेँले रंगको हुनाले यिनीहरुलाई पहेँले टोपी पनि भनियो । अवतारि उत्तराधिकार प्रथा छाडी परम्परामा योग्य व्यक्ति चोङ्खप आशनमा बसेका थिए ।

१४१९ ईस्वीमा चोङ्खपको गन्दनमा मृत्यु भयो । तैपनि उनका शिष्यहरु कम भएर गएन । न त सबै गुरु आदर्श नै छाडे । उनका एक शिष्य प्रथम दलाइलामा थिए । प्रथम दलाइलामा द्गुन्-ग्रब (१३९१-१४७४) ले नै १४४७ ईस्वीमा ब्रक्-ल्हुन्-पो (टशीलुम्पो) महाविहार स्थापना गरियो । फेरि शेसरब्-द्सङ् (१३९५-१४५७) ले खसरु प्रदेशमा छपम्दो (१४३७) महाविहार बनायो । यसरी विद्याको प्रचार र नियम प्रतिको आस्थाले गर्दा आज पनि अरु अरु सम्प्रदायका लामाहरु भन्दा द्गेलुप्स सम्प्रदायका लामाहरु बढी भयो ।

चोङ्खपका शिष्यहरु मध्ये म्खग्-ग्रुप्, (१३८५-१४३६ ई.) सबभन्दा ठूला महान विद्वान भयो । उनी द्ग-लद्न विहारका संघराज हुन् । यिनले धेरै नै पुस्तक लेखेका थिए र आफ्ना गुरुको धार्मिक अभियानलाई बढी अघि बढायो ।

यही समयमा भारतीय बौद्ध भिक्षु पं. वनरत्न (१३८४-१४६८) तिब्बतमा अन्तिम अनुवादकको रुपमा आए । उनी राजवंशीय भिक्षु अश्वघोषका शिष्य हुन् । उनले बीस वर्षको उमेरमा श्रीलंकामा गएर आचार्य धर्मकीर्तिको उपाध्यायकत्वमा उपसम्पन्न भयो । फेरि मगधमा फर्केर कलाप व्याकरण पढेर नेपालमा आए । नेपालमा पं. शीलशागर (ब्र्-ग्र-प-पद्म-द्कर-पो) कहाँ अध्ययन गरेर १४५३ ई. मा तिब्बत पुगेको थियो । त्यहाँ केही तान्त्रिक ग्रन्थको अनुवाद गरिसकेपछि नेपालमा फर्केर शान्तिपुर विहारमा बसे । फेरि तिब्बतबाट निमन्त्रणा आएपछि त्यहाँ गएर पुनः नेपालमै फर्के । पछि १४८६ ईस्वीमा यहीँ उनको देहान्त भयो ।

यसपछि तिब्बतमा बुद्धधर्मको इतिहासमा धर्मपालभद्र (जन्म १५२७ ई.) र लामा तारानाथ ( जन्म १५७५ ई.) जस्ता अनुवादकहरु आए । तारानाथले भारतमा बुद्धधर्मको इतिहास विषयमा एउटा पुस्तक पनि लेखेको थियो । साँचै भनौं भने यही पुस्तक सबभन्दा पहिले एक युरोपिय भाषामा अनुदित भएको हुँदा उनको नाम निकै नै प्रसिद्ध भयो ।

पन्ध्रौं शताब्दीको अन्ततिर तथा सोर्‍हौं शताब्दीमा तिब्बतमा भिन्न भिन्न विहार र सम्प्रदायको बीच प्रतिद्वन्दात्मक काम भयो । यहाँका विहारहरु विद्वान र विरागीहरुको अध्ययन र अध्यापन, चिन्तन र मनन अथवा एकान्तको साधना गर्ने स्थान नभैकन सैनिक अखडासम्म पनि भयो । मात्र चोङ्खपका अनुयायीहरुले ब्रस-सपुङ् (देपुङ्) धान्यकटक विहार, (सेर) द्ग-ल्दन्, ब्रक-शिस्-ल्हुन्-पो (टसिल्हुम्पो) विहारलाई विश्वविद्यालयको रुप दिएर टाढा टाढाकालाई विद्यादान गरिरह्यो । अझ धर्मप्रचारको काम भई रहयो । १५७७ ईस्वीमा तेश्रो दलाइलामा ब्सोद्-र्नम्स्-र्ग्यम्छो धर्मप्रचार गर्न मंगोलमा गयो । नयाँ नयाँ विहारहरुका निर्माण काम पनि पूरा गर १५८८ ईस्वीमा तृतीय दलाइलामा देहान्त भयो ।

Downloaded from http://dhamma.digital/

चौथो दलाइलामा योन्-तन्-र्ग्यम्छो (१५८९ ईस्वी) मा मंगोलमा जन्मेका थिए । तिब्बतका राज्य लोलुपहरुले हेला गरेपछि मंगोलिया र यिनीहरुको बीच धेरै पटक झगडा भयो । यो झगडा आखिर चौथो दलाइलामाको मृत्यु (१६१६ ई.) पछि पाँचौं दलाइलामा ब्लो-बसङ्-र्ग्यम्छो को विजयपछि मात्र केहि अन्त भयो । एक दृष्टिकोणले यसबाट तिब्बतमा धर्माचार्यहरुको दृढ शासन स्थापना भयो, अर्को दृष्टिकोणमा यो अन्ध अवतारवादले योग्यता भन्ने कुरालाई नै फाल्ने बाटो दियो । योग्यताको कदर गर्ने चोङ्खप शब्द पनि मंगोलियाको प्रचलित शब्दले ढाकी दियो । तेश्रो दलाइलामा मंगोलियामा धर्म प्रचार गर्न गएको । चौथो दलाइलामा स्वयं मंगोलियन हुँदा चोङ्खपको ठाउँमा रहेको यस शब्दबाट जरा गाड्न सक्यो । मंगोल भाषामा त-ले को अर्थ सागर हो । यो दलाइलामाहरुको नाउँको पछाडी सागर शब्दकै बोधक र्ग्यम्छो को अनुदित शब्द हो । फेरि र्ग्यम्छो को मंगोलियन शब्द त.ले लामा नै पछि दलाइलामा हुन गएको हो ।

टशी (बक्रशिस) लामा तिब्बती भाषामा पण्-छेन्-रिन्-पो-छे (महा पण्डित रत्न) भन्ने हो । पाँचौं दलाइलामाको गुरु पण्-छेन्-छोस्-क्वि-ग्यल्-म्छन् को अगाडीसम्म यिनीहरुको अवतार प्रथा भएको थिएन । परन्तु दलाइलामाको गुरु भएको हुनाले त्यसबेलादेखि उनलाई पन्चेनलामा अवतार गरी यिनको पनि अवतार प्रथा प्रचलन आए ।

पाँचौं दलाइलामा निकै कार्यकुशल थियो । उनले १६४५ ईस्वीमा पोतालामा महाप्रसाद बनायो । १६५२ ईस्वीमा चीन सम्राटको निमन्त्रणामा चीन जाँदा चीनको सम्राट्ले ताइ श्री पदबाट पनि विभूषित गर्‍यो । उनले स्वयं केहि धर्मप्रचारमा भाग लिए । एकजना शिष्यलाई भारतमा अध्ययनार्थ पठाइयो । १६८२ ईस्वीमा पाँचौं त.ले लामा (दलाइ लामा) को मृत्यु भयो ।

## अन्तिम युग

पाँचौं दलाइलामा पछि छङ्स्-द्ब्-पङ्-स्-र्ग्यम्छो (ब्रम्हसागर) लाई अवतार मान्यो । यो भने खुबै मोज मज्जामा लाग्ने स्वभावका थिए । १७०२ ईस्वीमा पुग्दा उनले भिक्षुव्रत नै छाडीदियो । जनसमूह भित्र हलचल भयो । अनि यही समयमा ल्हब्-संग ले सरकारी सेनालाई हराएर १७०५ ईस्वीमा स्वयं आफुलाई राजा घोषित गरे र छैठौं दलाइलामा भन्न चीन जाँदै कोकानर झीलको किनारमा परलोक भयो । अनि साथमा सातौं दलाइलामा साँचैको अवतारी भनी अघिसार्न तयार गरिसकेका पद्-द्कर-जन्-ये-शेस्-र्ग्यम्छो (पुण्डरिक सागर) पनि एकातिर पर्न गयो । उता १७१७ मा मंगोलिया सेनाले तिब्बतमा हमला गर्‍यो । ल्हबसङ् लाई युद्धमा मारिदियो । अझ त्रिङ्मा लामाहरुले उनको पक्ष लिएको हुँदा तिनीहरु पनि निकै नै आगोमा हामफालेर मर्नु पर्‍यो । मठ र मन्दिरहरु खाली हुन गयो । फेरि अवतारीलाई राज्यले शक्ति प्राप्त गरिदियो । यो सातौं दलाइलामा (भद्रसागर) स्कल्-ब्सम्-र्ग्यम्छो साँचैको विरगी पुरुष थिए । १७२७ ईस्वीमा सोही कारण फेरि एक पटक मन्त्रीहरुले विरोध र षड्यन्त्र गर्‍यो । तर मि-द्बङ् ले यो विफल पारिदियो । त्यसकारण तिनलाई १७२८ मा तिब्बतका उपराज गरिदियो । फेरि उनी मि-द्बङ्ले नै सबभन्दा पहिले स्क्-ग्युर र स्तन्-ग्युर, दुई महान ग्रन्थसंग्रह पनि काठमा उल्टो अक्षर कुँडेर छापा बनायो । यी काठका पुस्तक

Downloaded from http://dhamma.digital/

छापा सबै स्नर-थङ् विहारमा राखे । यो प्रख्यात छापाले छापेको प्रशस्त कन्जुर तन्जुहरु आजको दुनियाँमा निकै पुस्तकालयहरुमा उपलब्ध छन् । सातौं दलाइलामाको समयमा नै रोमन कैथोलिक साधु कैपुचिन फादर्स ल्हासामा आएर १७०८ ईस्वीमा ईसाइ धर्मको प्रचार गरेका थिए । हुन त यो भन्दा पहिले १६२६ ईस्वीमा पनि पोर्तगीज जेसुइट पाद्री अद्रेदा तिब्बत पसेको थियो, परन्तु उनी ल्हासासम्म पुग्न सकेनन् । आठौं दलाइलामाको समयमा कुनै प्रसिद्ध घटना भएन । नवौं (११ वर्ष), दसौं (२१ वर्ष), एघारौं (१७ वर्ष), बाऱ्हौं (२० वर्ष) दलाइलामा बढी उमेरसम्म बाँचेन । जन कथनानुसार यसरी अल्पायु हुनुमा प्रबन्धकहरुको अधिकारको लोभमा शंका राखेका छन् । त्यसपछि तेऱ्हौं दलाइलामा मुनिशासन सागर (थुब्-स्तन्-र्ग्यम्छो जन्म १८७६ ई.) को नै अलि लामो आयु भयो । उनी १९४८ ईस्वीमा (?) परलोक भयो । तेश्रो टशीलामा १७७८ ईस्वीमा चीन सम्राटको निमन्त्रणामा पेकिङ् गयो परन्तु बिफर आएर तिनको त्यहीँ परलोक भयो ।

उन्नाइसौं शताब्दीमा तिब्बतमा फेरि विदेशी हस्तक्षेप भयो । परन्तु पछि रुस अंग्रेजी सम्झौताले गर्दा तिब्बत पहिलेजस्तै भयो । बीचमा एक पटक चीन र तिब्बतको मतभेदले गर्दा दलाइलामा भारतमा जानु पऱ्यो परन्तु चीनको राज्यक्रान्तिको समयमा पारेर तिब्बती सैनिकहरुले चीनी अधिकारीहरुलाई तिब्बतबाट निकाली दिए । दलाइलामा फेरि तिब्बतमा पसे ।

जे होस् पाँचौं दलाइलामा भन्दा पछि धार्मिक क्षेत्रमा तिब्बतमा कुनै विशेष काम भएन । डेपुङ्, सेर, आदि ठूला ठूला द्गे-लुग्स्-प विहारबाट आज पनि ठूला ठूला शिक्षण संस्था पूर्ववत्को परम्परा अनुसार काम गर्छन् । परन्तु धार्मिक क्षेत्रमा जनजीवनको कुनै बढी मुल्य भन्ने भएन ।

**(१९४८ ईस्वीमा प्रकाशित “तिब्बतमें बौद्धधर्म” पुस्तकको सारांश रुपमा सम्पादन र अनुवादित रचना - सूदर्शन) ।**

Downloaded from http://dhamma.digital/

“पञ्ञा नरान रतन”

# दश पारमिता

## परियति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, पञ्चम पत्र)

दश पारमिता प्राप्ताङ्क ३० अंक, १४ घण्टा


## लेखक - भिक्षु कुमारकाश्यप महास्थविर,
## भिक्षु सुदर्शन महास्थविर


Downloaded from http://dhamma.digital/

# दश पारमिता

महापुरुष अथवा महान व्यक्ति हुनलाई गुणधर्म परमावश्यक हुन्छ । गुणधर्मविना कुनै पनि व्यक्ति महापुरुष अर्थात् महानव्यक्ति हुनसक्दैन । राजाको छोरा, महाजनको छोरा, विद्वाको छोरा हुँदैमा वा धन, जन, सन्तान हुँदैमा कुनै पनि व्यक्ति महापुरुष हुँदैन । त्याग, नैतिकता, निष्कामता, समानता, परोपकार र अनवरत कार्यशीलता आदि गुणयुक्त व्यक्ति नै महापुरुष हुन्छ । तर यस्तो गुण बनाउन लामो तपश्याको आवश्यकता पर्दछ ।

वास्तवमा सुमेध तापस दीपंकर बुद्धकै पालामा नै अर्हत हुनसक्ने क्षमता भएर पनि उनले बहुजन हिताय र सुखायको अभिप्राय बोकी आफूले प्राप्त गर्न सक्ने अर्हतत्व समेत परित्याग गरे । यसरी साँच्चै महापुरुष हुन चाहनेले ठूलो अभ्यासबाट महान गुणहरु आफूमा बनाउन सबैभन्दा पहिले आफूलाई प्राप्त भएको सुख नै अरुको लागि उपयोग गर्ने हुन्छ ।

तत्कालिन राजनैतिक दृष्टिले सिद्धार्थ कुमार साधारण राजाका सुपुत्र हुन् । तर आज उनी विश्वमा एकजना महान दार्शनिकको रुपमा, मानवजगतको महान क्रान्तिकारीको रुपमा साथै शान्तिका अग्रदूतको रुपमा प्रख्यात छन् । त्यसैले शाक्यमुनि बुद्ध नेपालको मात्र नभएर विश्वकै हुन्, विश्वकै ज्योति पनि हुन् । बुद्ध यस लोकमा प्रसिद्ध भएको न राजाको सुपुत्र भएर हो न धन, जन र सन्तानले गरेर नै हो भने न त देव-ब्रम्हाले गरेर नै हो । आफ्नै आदर्शमय जीवन र श्रेष्ठतम चरित्रले गर्दा बुद्ध यस धर्तीमा प्रसिद्ध भएका हुन् । बुद्धको आदर्श र श्रेष्ठतम चरित्रको अभ्यासलाई पारमिता-गुणधर्म पूर्ण गर्नु भनिन्छ । बुद्ध, प्रत्येकबुद्ध वा अर्हत् हुनलाई दश पारमिता अर्थात् दश गुणधर्म अनिवार्य छन् भन्ने कुरा बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ । त्यसैले बुद्ध, प्रत्येकबुद्ध र अर्हत्हरुलाई चिन्नको लागि मात्र होइन सबै बौद्धहरुले स्वयं आफूमा बौद्धत्वगुण अभिवृद्धि गर्नको लागि पनि पारमिताधर्म अध्ययन र अभ्यास नगरी नहुने गुणधर्म हो ।

बोधि तीन प्रकारका छन् । यहाँ बोधिको तात्पर्य विशेष ज्ञान, यथार्थज्ञान वा सम्यकज्ञान हो । अर्को शब्दले भन्नुपर्दा आर्यमार्ग वा सर्वज्ञताज्ञान हो ।

तीन बोधि :-

१) श्रावकबोधि

२) प्रत्येकबोधि

३) सम्यक् सम्बोधि

श्रावकको साधारण अर्थ श्रोता हो । प्रायः मानिसहरुलाई जतिसुकै तीक्ष्ण र सहजप्रज्ञा भएतापनि कम्तिमा श्रोतापत्ति हुनलाई अरुसँग उपदेश सुन्नु *"परतो घोष प्रत्यय"* हुनु आवश्यक हुन्छ । जस्तै सारिपुत्र स्थविरले बुद्धधर्ममा प्रवेश गर्नुअघि अस्सजति भन्तेको उपदेश सुने र मार्गफल पनि प्राप्त गरे । अरुसँग उपदेश सुनेर मात्र अवबोध हुने हुनाले श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत् आर्यहरुलाई श्रावक भनिएका हुन् र श्रावकहरुको ज्ञानलाई "*श्रावकबोधि*" भनिन्छ ।

Downloaded from http://dhamma.digital/

अरुबाट धर्मश्रवण नगरी कुनै एउटा निमित्त लिएर "*पटिच्च समुप्पाद*" (प्रतीत्यसमुत्पाद) विचार गरी आफू एक्लै निर्वाण अवबोध गर्नेलाई "*प्रत्येकबुद्ध*" भनिन्छ । उनको ज्ञान- "*प्रत्यकेकबोधि*" हो । अरुसँग सोधेर आफू पनि बोध भएर अरुलाई पनि बोध गर्ने सामर्थ्य श्रावकसँग हुन्छ । तर प्रत्येकबुद्ध आफू एक्लै बोध भएर अरुलाई भने निर्वाण धर्म-ओवाद गर्दैनन् । श्रावकहरु बुद्धोत्पाद कालमा मात्र उत्पति हुन्छन्, जबकि प्रत्येकबुद्ध नभएको कालमा मात्र उत्पति हुन्छन् ।

आफू स्वयंले ज्ञान-निर्वाण बोध गर्न सक्ने र अरुलाई समेत बोध गर्न सक्ने सामर्थ्यता प्राप्त वा शक्तिपूर्ण व्यक्तित्वलाई "*सम्यक् सम्बुद्ध*" भनिन्छ । सम्यक् सम्बुद्धको ज्ञान नै "*सम्यक् सम्बोधि*" ज्ञान हो । सम्यक्को अर्थ यथार्थरुपले हो भने 'स' को अर्थ स्वयं र 'बुद्ध' को तात्पर्य अवबोध हो ।

माथि उल्लेखित तीन बोधिहरुमध्ये आफूलाई प्रसन्न वा स्वीकार्य एउटा बोधि प्राप्तिको लागि संसारबन्धनबाट मुक्त भएको निर्वाणको प्रार्थना गरी कुशलचर्या गर्नुलाई नै *पारमी* वा *पारमिता* भनिन्छ । पारमीरुपी कुशल बोधि निर्वाणतिर लाने रथसमान हुन्छ । बुद्धत्व प्रार्थना पूर्ण गर्ने कुशलचर्या गर्नुलाई *महाबोधियान* अर्थात् *महायान* भनी भनिएको हुन्छ । प्रत्येकबुद्धत्व प्रार्थना पूर्ण गर्ने कुशलचर्या *प्रत्येकबोधियान* हो । अर्हतत्व प्रार्थना पूर्ण गर्ने कशलचर्या *श्रावक-बोधियान* हो ।

गंगानदी, समुद्र आदि पार तर्नुलाई पनि '*पार* ' भनिन्छ । थार्थतः सांसारिक बन्धनबाट पारको अवस्थालाई निर्वाणको संज्ञा दिइएको हो । संसाररुपी सागको पार निर्वाण भएकोले निर्वाण पुग्ने गुणधर्मको अर्थले पनि यसलाई पारमी भनिएको हो । अर्को शब्दमा भन्ने हो भने- '*सम्बोधि संख्यात*' पार जानलाई र उपकार हुने गुणधर्मलाई पारमी भनिएको हो । दानशील आदि गुणधर्म पूरा गरिलानु नै पारमिता हो ।

चरियापिटक अर्थकथाअनुसार तृष्णा, मान, दृष्टि मिश्रित नभएको, क्लेश धमलिो नभएको, करुणा र कौशल्यले राम्ररी सुरक्षित भएको दानशील आदिलाई पनि पारमी भनिएको देखिन्छ । यसले स्पष्ट हुन्छ कि पारमी पूरा गर्ने बखतमा तृष्णा, मान र दृष्टि क्लेशबाट अलग हुनुपर्दछ । साथै करुणा र ज्ञानले आफूलाई सुरक्षित बनाइराख्नुपर्छ ।

वास्तविक बौद्धहरुले स्वार्थगत भावनाले वा आशावादी भएर कुनै कुशलक्रिया गर्नु हुँदैन । यदि कसैले पनि भवभोग सम्पत्तिको आशा गरेर पुण्यकर्म गरेमा एकातिर त्यसको महत्त्व कम हुन्छ भने अर्कोतिर आशा, तृष्णा र इच्छा घट्नुको सट्टा झन् बढेर जाने सम्भावना हुन्छ । जसले गर्दा उसको क्लेश मात्र अधिक हुन्छ । तब ऊ निर्वाणको मार्गबाट टाढिँदै जान्छ । यस्तो पुण्यकर्म मजबुत तवरले पारमीधर्ममा समावेश पनि हुँदैन । हाम्रो समाजमा कीर्ति, प्रशंसा वा नाम प्रचार गर्ने उद्देश्यले दान आदि गर्नेहरुको संख्या कम छैनन् । साँच्चै भन्ने हो भने यस्ता पुण्य पनि तृष्णा मिश्रित भएर पारमिताको गुणधर्ममा समावेश हुँदैन । त्यसरी नै आफ्नो उच्च श्रेणीत्व, सामर्थ्यता, धनमत्ता, परजनलाई देखाउनको लागि मात्र धन खर्च गरेर पुण्य गर्नेहरु पनि हाम्रो समाजमा धेरै छन् । 'ऊभन्दा म के कम ?' भन्ने भावना जगाएर 'उसलेभन्दा मैले धेरै दान गर्छु' भनी जसले दान गर्छ वा शील पालन गर्छ, त्यो मान मिश्रित कुशलकर्म भएकोले पारमिता गुणधर्म अन्तर्गत पर्दैन ।

Downloaded from http://dhamma.digital/

कसैकसैले विदर्शना (विपश्यना) मार्गफल विषयमा कुनै पनि विचार नगरी दान, शील र तपस्याले मात्र मन शुद्ध हुन्छ भनी विचार गर्दछ । तर यो गलत धारणा हो, यो दृष्टि मिश्रित कुशलधर्म भएकोले यो पनि पारमिता गुणधर्म अन्तर्गत पूर्णरुपले पर्दैन ।

*"यस्स कामनाय पवत्तित हीन, पुञ्ञफल कामनाय पवत्तित मज्झिम,*

*कत्तब्ब मे विदन्ति अरियभाव निस्साय पवत्तित पणीत ।"*

भवभोग, सम्पत्ति यश र कीर्तिको लागि जुन व्यक्तिले कुशलकर्म गर्दछ, त्यो हीनकुशलकर्म हुन्छ । आफ्नो विमुक्तिको कारणले गरिने कुशलकर्म मध्यमस्तरको हुन्छ । सारा प्राणीहरुको मुक्तिको लागि भनी गरिने कुशलकर्म प्रणीतस्तरको हुन्छ ।

यथार्थतः पारमिता भनेको करुणा भरिएको स्वच्छ शीतल हृदयले पूरा गर्नुपर्छ । फेरि त्यस अवस्थामा परजनबाट क्रोध, ईर्ष्या आदि जे जस्ता अप्रिय व्यवहार प्रदर्शन गरेतापनि अखण्डरुपले आफ्नो कार्य गरिँदै लानुपर्छ । तब मात्र ऊ सफल हुन सक्छ ।

हो, कहिलेकाहिँ करुणाचित्तबाट पनि मूढक्रियामा हुन सक्छ । त्यस अवस्थामा प्रज्ञामा प्रतिष्ठित भएर करुणालाई आरक्षा गर्नुपर्छ । अर्थात् प्रज्ञाले करुणाको वैकल्पिक कार्य गर्न सक्नुपर्छ । प्रज्ञानुकूल गरिने कारुणिक क्रिया नै सर्वप्रकारले श्रेष्ठोत्तम हुन्छ ।

पारमिता दश प्रकारका छन् । जस्तै :-

*१) दान - त्याग ।*

*२) शील - नैतिकगुण ।*

*३) नैष्क्रम्य - अनाशक्ति, वैराग ।*

*४) प्रज्ञा - यथार्थज्ञान ।*

*५) वीर्य - उत्साह ।*

*६) क्षान्ति - सहनशीलता ।*

*७) सत्य - यथार्थवचन ।*

*८) अधिष्ठान - प्रतिज्ञा ।*

*९) मैत्री - समताभाव, समानभाव ।*

*१०) उपेक्षा - मध्यस्थता ।*

Downloaded from http://dhamma.digital/

यी माथि उल्लेखित दश पारमितालाई *पारमिता, उपपारमिता, परमत्थपारमिता*को रुपमा तीस संख्यामा पुऱ्याउन सकिन्छ । त्यसरी नै अर्हतको लागि दश पारमिता, प्रत्येकबुद्धको लागि दश पारमिता र दश उपपारमिता गरी बीस पारमिता र सम्यक् सम्बुद्धको लागि सबै तीस पारमिता गुणधर्महरु पूरा गर्न अनिवार्य छ ।

## पारमिता धर्मको लक्षण

अरुलाई अनुकम्पा राख्नु, दया गर्नु पारमिताको लक्षण हुन् । परोपकार गर्नु नै पारमिताको रस (काम) हो । आफ्नो श्रमले प्राणीप्रति अनुकम्पापूर्ण हृदयले र प्रज्ञापूर्ण दृष्टिकोणले गरिने परोपकार चर्या नै बोधिसत्त्वको क्रिया हुन्छ । त्यसैले बुद्धत्वप्रार्थना गरी गुणधर्म पूरा गर्नेहरुलाई एकातिर बोधिसत्त्व भनिन्छ भने अर्कोतिर परजनको हितोपकार गर्नेलाई पनि बोधिसत्त्व नै भनिन्छ । अथवा आफ्नो स्वार्थको लागि होइन परार्थको लागि धन, शक्ति, जीवन दिन सक्नेलाई बोधिसत्त्व भनिन्छ । बोधिसत्त्वबाट हुने यस किसिमका क्रियाकलापलाई नै *बोधिचर्या* भनिन्छ भने बोधिचर्याद्वारा नै बुद्धत्व प्राप्तिको अवस्थामा पुग्न सकिने हुन्छ । यसप्रकार बोधिसत्त्व - धर्म र परोपकार एक अर्काको अर्थ खुलस्त पारिदिने पर्यायवाची शब्दजस्तै हुन् ।

अरुहरुको दुःख देखेर बोधिसत्त्वले आफूलाई नै भएझैं सम्झिन्छन् र मनमा दुःखको अनुभूतिको महशूस गर्ने हुन्छ । बोधिसत्त्वले जुनसुकै उपाय वा कुशलताले परदुःख हटाउन स्वयंले नै अदम्य उत्साह गर्दछन् । अरुलाई दुःखमुक्त गरिदिन नसकेसम्म उनमा प्रीति उत्पन्न हुँदैन ।

बोधिसत्त्वले जोसुकैसँग पनि जहिले पनि हितैषी भाव देखाउँदछन् । आफू-अरु, उँच-नीच, सम-असम, भेदभाव नराखी, विश्व नै आफ्नो परिवारजस्तै गरी आफ्नो हित-सुखको वास्ता नराखी बोधिसत्त्वले अर्काको हितसुखको कामना गर्दछन् ।

सकल सत्व प्राणीप्रति चुलि भरिएको करुणात्मक परोपकार नै उनको जीवनलक्ष्यको प्रधानाङ्ग हुन्छ । उनको हृदय नै करुणात्मक भाँडो जस्तै हुन्छ । वचन र क्रियाले पनि बोधिसत्त्व करुणासहगत चित्तका हुन्छन् । आध्यात्मिक करुणाले उनको आँखा तेजिलो हुन्छ भने अनुहारमा प्रसन्नता छाएको हुन्छ ।

### पारमीधर्मको प्रत्यय

*मनुस्सत्तं लिंगसम्पत्ति, हेतु सत्थारदस्सनं ।*

*पब्बज्जा गुणसम्पत्ति, अधिकारो च छन्दता ।*

*अट्ठधम्मे समोधाना, अभिनिहारो समिज्झति ॥*

Downloaded from http://dhamma.digital/

यस गाथा अनुसार पारमीधर्मको प्रत्यय अर्थात् अपकारक अङ्ग आठ प्रकारका छन् । यहाँ आठ अंगको विषयमा अलगअलग उल्लेख गरिनेछ ।

*१. मनुस्सत्तं* : मनुष्यत्व । बुद्ध पनि मनुष्य नै थिए, देव ब्रह्मादि होइन । त्यसैले बुद्धत्वको लागि मनुष्यजन्ममा नै पहिलोपल्ट प्रार्थना गर्नुगर्छ । यदि प्रार्थनाअनुसार कार्य पनि सफल हुन्छ भने भविष्यमा बुद्ध हुन्छ । अन्य देव ब्रह्मादि जातिले सर्वप्रथम बुद्धत्व प्राप्त गरी पारमिता गुणधर्म सिद्ध हुँदैन ।

*२. लिङ्गसम्पत्ति* : पुरुषत्व । पुरुषत्व भावमा नै बुद्धत्वको लागि प्रार्थना गरिनुपर्छ । पुरुषत्व भावले नै बुद्ध हुन्छ । त्यसैले, स्त्री, नपुंसक वा पण्डक (दुवै लिङ्ग भएको) आदि भावमा प्रार्थना गरेर कहिले पनि सिद्ध हुँदैन ।

*३. हेतु* : त्यसै अवस्थामा वा जन्ममा अर्हत्सम्मका हुनसक्ने पुण्य भएको हुनुपर्छ । जस्तै सुमेध तापस त्यसै जन्ममा अर्हत्सम्म हुनसक्ने पुण्य भएको हुनुहुन्थ्यो ।

*४. सत्थारदस्सन* : शास्ताको दर्शन । बुद्धत्व प्रार्थना वा बोधिसत्त्व गुणधर्म पालनाको प्रारम्भ बुद्धको दर्शनदेखि शुरु हुन्छ । बोधिवृक्ष र चैत्य आदि स्थापना गरी सिद्ध हुँदैन । जस्तै सुमेध तापसले दीपङ्करबुद्धको सम्मुख बुद्धत्व प्रार्थना गरे ।

*५. पब्बज्जा* : प्रव्रज्या । बुद्ध-प्रार्थना गर्नाले कर्म र कर्मफलमा विश्वार गरी पव्रजित ( गृहत्यागी) भएर नै प्रार्थना गर्नुपर्छ, गृहस्थ भएर होइन । जस्तै सुमेध तापसले प्रव्रजित भएर प्रार्थना गरे । फेरि बुद्ध स्वयं पनि पव्रजित हुन्छन् । गृहस्थ बुद्ध भएर गृहस्थमा बस्न असम्भव छ ।

*६. गुणसम्पत्ति* : पञ्च अभिज्ञा र अष्ट समापत्तिजस्ता गुणसम्पत्ति हुनुपर्छ । प्रब्रजित भएर पनि यी गुणसम्पत्तियुक्त भएको व्यक्तिले मात्र बुद्धत्व प्रार्थना गरेर सिद्ध गर्न सक्छ । यी गुण नभएकाहरुले सक्दैनन् ।

*७. अधिकार* : आधिपत्य । आवश्यक परेमा आफ्नो जीवनसम्म बुद्धत्वको लागि त्याग गर्न सक्ने हुनुपर्दछ । सुमेध तापसले जस्तै प्राण परित्यागको प्रण नगरिकन नै बुद्धत्व प्राप्त गर्नु सम्भव छैन ।

*८. छन्द* : बुद्ध हुने महति इच्छा । महान उत्साह र प्रयत्न भएको हुनुपर्छ । अन्यथा होइन ।

*यी आठ मूल अङ्गहरु प्रत्यय वा दुढ संकल्पलाई नै अभिनिहार भनिन्छ । विवरण प्राप्त हुने आवस्थामा आफू स्वयं बुद्ध भएर परजनलाई पनि चार आर्यसत्य अवबोध गर्नेछु* भनी प्रार्थना गरिनु 'प्रथम प्रार्थना' हो । नियत विवरणको तात्पर्य बुद्धको भविष्यवाणी हुन् भन्ने कुरा दीपङ्कर बुद्धले सुमेध तापस हिलोमा पल्टेर बसेको दृश्य देखेर निश्चय नै यो तापस भविष्यमा बुद्ध हुने दृढसंकल्प ( अभिनिहार) गरी पल्टिरहेको छ भन्ने कुरा स्वयं आफैले बुझेका थिए । गहन विचार पछि सुमेध तापसले भविष्यमा गौतम बुद्ध हुनेछ भन्ने निर्णयमा पुगी भविष्यवाणी समेत गरे ।

Downloaded from http://dhamma.digital/

'भविष्यमा हुने गौतम बुद्धको कुलभूमि कपिलवस्तु नगर हुनेछ, आमा महामाया, बाबु शुद्धोदन हुनेछ । साथै प्रथम शिष्य उपतिस्स (सारिपुत्र) द्वितीय शिष्य कोलित (मौद्गल्यान) भने परिचाक (उपस्थामक) आनन्द स्थविर हुनेछ । यसरी नै खेमा स्थविरा प्रथम शिष्या, उत्पलवर्णा द्वितीय शिष्या हुनेछन्  भने उनीहरु ज्ञानले परिपक्व भएर नै गृहत्याग (अभिनिष्क्रण) गर्नेछन् । महान तपश्यापछि न्यग्रोध रुखमुनि खीर ग्रहण गरी नेरञ्जना नदी तीरमा भोजन गरी बोधि मण्डपमा बसी पिपटबोटमुनि बुद्धत्व प्राप्त गरिलिनेछ ।

गौतम बुद्धप्रतिको यो उल्लेखलाई नै नियत विवरण भनिएको छ ।

## प्रत्येकबुद्ध र श्रावकबुद्धहरुको लागि अभिनिहार

प्रत्येकबुद्धहरुको मूल प्रार्थनाको (अभिनिहार) बखतमा पाँच अङ्गयुक्त हुनुपर्दछ । ती हुन् :-

*१) मनुष्यत्व*

*२) लिङ्गसम्पत्ति*

*३) श्रीणाश्रव दर्शन*

*४) अधिकार*

*५) छन्द ।*

यहाँ श्रीणाश्रव दर्शन भनेको बुद्ध, प्रत्येकबुद्ध र अर्हत्हरुका सम्मुख हुनु हो । प्रथम प्रार्थना सारा क्लेश नाश भइसकेकाहरुका अगाडि मात्र सिद्ध हुन्छ । महाश्रवाकहरुका अधिकार र छन्द यी दुई अङ्गयुक्त भएमा पनि समृद्ध हुन्छ भनिएको छ ।

प्रसंगवश यहाँ चरियापिटक अर्थकथाअनुसार पारमी सम्बन्धमा आचार्यहरुका केही मतान्तरहरुको चर्चा गरिनु प्रासङ्गिक हुन्छ ।

१. अकुशलसँगै मिश्रित दान आदि गुणधर्मलाई पारमी भनिन्छ । अकुशलसँग मिश्रित नभएको दान आदि कुशलधर्मलाई उपपारमी भनिन्छ । अकुशल पनि नभएको कुशल पनि नभएको दान आदि धर्मलाई परमार्थपारमी भनिन्छ ।

२. अर्को मतअनुसार अभिनिहार अर्थात् मूल प्रार्थनाभन्दा अगाडि पूरा गरिएको दान आदि धर्मलाई पारमी भनिन्छ । अभिनिहारभन्दा पछि पूरा गरिएको दान आदि धर्मलाई उपपारमी भनिन्छ भने बुद्धभूमिमा बसेर पूरा गरेको दान आदि धर्मलाई परमार्थपारमी भनिन्छ ।

Downloaded from http://dhamma.digital/

३. त्यसैगरी अर्को मतअनुसार बोधिसत्त्वभूमिमा बसेर परमार्थको लागि पूर्ण गरेको दान आदि गुणधर्मलाई पारमी भनिएझैं आफ्नो लागि गुणधर्म पूरा गर्नुलाई उपपारमी भनिएको छ। आफ्नो र अर्काको लागि गरिने दान आदि गुणधर्मलाई परमार्थपारमी भनिएको छ।

४. त्यसरी नै पारमी श्रावकको हुन्छ, उपपारमी प्रत्येकबुद्धबाट हुने र परमार्थपारमी सम्यक् सम्बुद्धबाट हुने कुरा पनि उल्लेख भएको छ।

५. अर्को मतअनुसार सांसारिक सुख दिने पुण्य पारमी हो र निर्वाणसुख दिने पुण्य उपपारमी हो भने अरुलाई सांसारिकसुख र निर्वाणसुख दिने पुण्य परमार्थपारमी हो।

माथि भनिएअनुसारको अर्थपरिधि वा व्याख्यानअनुसार दश पारमिता नै तीस पारमिता हुन्छन् भने अर्कोतिर दानशीलादि अनुसरा दश पारमी नै स्वभाव अनुरुप षत पारमितामैं सीमित गरी देखाइएको पनि छ, जुन षत पारमिताको प्रचलन नेपालमा अद्यावधि रहिरहेको छ। ती हुन् :-

*१) दान*

*२) शील*

*३) क्षान्ति*

*४) वीर्य*

*५) ध्यान र*

*६) प्रज्ञा।*

दश पारमिता अन्तर्गत नैष्क्रम्यपारमिता प्रव्रज्या प्राप्त हुने अवस्थामा हुने भएकोले यसलाई शीलपारमितामा गाभिएको छ। नीवरणदेखि अलग अवस्था ध्यान पारमितामा समावेश हुन्छ। अकुशलदेखि अलग भएर कुशल प्राप्त अवस्थामा दान आदि षत पारमिता पनि एकै ठाउँमा मिल्न आउँछ। *सत्यपारमिता वा विरति सत्यको पक्षमा, शीलपारमितामा, ज्ञान सत्यको पक्षमा प्रज्ञापारमिता संग्रह हुन्छ*। मैत्रीपारमिता ध्यानमा समावेश हुन्छ। उपेक्षापारमिता ध्यान र प्रज्ञा दुवैमा समावेश हुन्छ। अधिष्ठानपारमिता ६ वटैमा संग्रहित हुन्छ। वस्तुतः संक्षिप्तमा भन्ने हो भने सारा पारमी करुणा र प्रज्ञा दुवैमा संग्रहित हुन्छ।

## पारमिता सम्पादन गर्ने उपाय

पारमिता जति महानगुण हो, त्यति नै यो पूरा गर्न उपाय वा कुशलता पनि बलियो हुनुपर्छ, दरिलो हुनुपर्छ। यहाँ यसैबारे चर्चा गरिनेछ।

१. *अनवसेस सम्भरण* अर्थात् दान आदि दश पारमितामध्ये कुनैपनि नछोडि सम्पादन गर्नु।

Downloaded from http://dhamma.digital/

२. *सक्कच्च कारिताय* अर्थात् दश पारमितामा आदर गौरव राखी राम्ररी क्रमैसँग सम्पादन गर्नु ।

३. *सातच्च कारिताय* अर्थात् अखण्डहरुले पारमिता सम्पादन गर्नु ।

४. *चिरकालाभियोग* अर्थात् चिरकालदेखि पारमिता अभ्यास गरी सम्पादन गर्नु ।

## पारमिता सम्पादन समय

एक दिन आनन्द स्थविरले सोध्नुभयो -

'भो भागवान् ! बुद्धत्वप्रार्थना पूरा गर्न कति समय बित्दछ ?'

बुद्धद्वारा आज्ञा हुन्छ- *'बुद्धानं आनन्द, हेट्ठिम परिच्छेदेन चत्तारि असंख्यय्यानि कप्पसतसहस्सानि, मज्झिम परिच्छेदेन अट्ठ असंख्यय्ययानि कप्पसतसहस्सानि, उपरिम परिच्छेदेन सोलस असंख्यय्यानि कप्पसतसहस्सानि ।'*

आनन्द, कम्तिमा पनि निम्न परिच्छेदले चार असंख्य एक लाख कल्प, मध्यम परिच्छेदले आठ असंख्य एक लाख कल्प र उत्तम परिच्छेदले सोह्र असंख्य एक लाख कल्पले बोधिसत्त्वहरुको पारमिता सम्पादन सम्पूर्ण हुने हुन्छ ।

## तीन प्रकारका बोधिसत्त्वहरु

प्रज्ञा, श्रद्धा र वीर्य यी तीन गुणधर्म बुद्धत्व प्राप्तिको लागि उपकारक गुणधर्म हुन् । यी तीन गुणधर्म सबै बोधिसत्त्वहरुमा समान रुपले विद्यमान रहँदैन । त्यसैले बोधिसत्त्व पनि तीन प्रकारका हुन्छन् ।

जस्तै :-

*१. प्रज्ञाधिक*

*२. श्रद्धाधिक*

*३. वीर्याधिक*

Downloaded from http://dhamma.digital/

प्रज्ञाधिक (प्रज्ञा अधिक) बोधिसत्त्वहरुको श्रद्धा अल्प हुन्छ । वीर्य मध्यम हुन्छ । श्रद्धाधिक बोधिसत्त्वहरुको प्रज्ञा मध्यम हुन्छ भने वीर्य हीन हुन्छ । वीर्याधिक बोधिसत्त्वहरुको प्रज्ञा कम हुन्छ, श्रद्धा मध्यम हुन्छ ।

प्रज्ञाधिक बोधिसत्त्वहरुलाई चार असंख्य र एक लाख कल्पमा सम्बोधि प्राप्त हुन्छ । श्रद्धाधिक बोधिसत्त्वहरुलाई आठ असंख्य र एकलाख कल्पमा सम्बोधि प्राप्त हुन्छ । वीर्याधिक बोधिसत्त्वहरुलाई सोह्र असंख्य र एकलाख कल्पमा सम्बोधि प्राप्त हुन्छ ।

जोकोही बुद्ध हुन सक्छ, बुद्धधर्ममा जो-कसैलाई पनि बुद्ध हुनको लागि अवसर दिइएको छ । बुद्धहरु फक्रिएको फूलजस्तै हुन् । बुद्ध हुनलाई इच्छा गर्नेहरु कोपिलाजस्तै हुन् । बौद्ध दृष्टिकोणमा बुद्ध हुने शक्ति सबै प्राणीहरुमा नभएका होइनन् । तर त्यो शक्ति गुणधर्मले पूर्ण गर्नुपर्छ । गुणधर्मको पूर्णताले मात्र बुद्ध हुन्छ, त्यसै बुद्ध हुँदैन ।

यहाँ पारमिता आनिशंस (फल) बारे उल्लेख गरिनेछ । जबदेखि बोधिसत्त्वले मूलप्रार्थना अर्थात् अभिनिहारले पूर्णता प्राप्त गर्दछन् तबदेखि निम्न अभव्यस्थानमा जन्म हुँदैन । यसैगरी चार बुद्धभूमि, छ अभ्यास र चार सम्पत्तियुक्त हुन्छन् ।

## अठार-अभव्यस्थान

अपदान ग्रन्थ र सुत्तनिपातको अर्थकथाअनुसार नियत विवरण प्राप्त बोधिसत्त्व बुद्ध नभएसम्म कहिले पनि (१) जन्मले अन्धो हुँदैन, (२) बहिरो हुँदैन, (३) पागल हुँदैन, (४) दुर्गम स्थानमा जन्म हुँदैन, (५) दोषी गर्भमा जन्म हुँदैन, (६) मिथ्यादृष्टिक हुँदैन, (७) लिंग परिवर्तन हुँदैन, (८) आनन्तर्यकर्म (आमाबाबु, अरहन्त, गुरुको हत्या, संघभेद, बुद्धमाथि सांघातिक हमला) गर्दैन, (९) कुष्ठ रोग हुँदैन, (१०) पशुयोनीमा बट्टाईभन्दा सानो र हात्तीभन्दा ठूलो भएर जन्म लिँदैन (११) *खप्पिपासा र निज्झामतण्हिक* भनिने प्रेतयोनीमा जन्म हुँदैन, (१२) *काल कञ्जिक* असुर निकायमा जन्म हुँदैन, (१३) लोकान्तरिक नरकमा जन्म हुँदैन, (१४) अवीचि नरकमा जन्म हुँदैन, (१५) कामलोकमा मार हुँदैन, (१६) रुपलोकमा असञ्ञिभूमिमा जन्म हुँदैन, (१७) अरुपलोकमा जन्म हुँदैन, (१८) अन्य चक्रवाल (ब्रम्हाण्ड) मा जन्म पनि हुँदैन ।

## चार-बुद्धभूमि

*१) उत्साह* : दान आदि क्रिया विषयमा हतोत्साह नभई अगाडि बढ्ने स्वभाव ।

*२) उम्मग* : पारमिता पूरा गर्ने अवस्थामा निर्दोषीरुपले उपाय थाहा पाउने तीक्ष्ण स्वभाव ।

*३) अवत्थान* : जतिसुकै वाधा आए तापनि, जतिसुकै कष्ट भए तापनि दान आदि गुणधर्म

Downloaded from http://dhamma.digital/

निश्चल रुपले गर्ने ।

४) *हित चरिया* : आफूलाई दुःखकष्ट दिनेलाई समेत नछोडी सकल प्राणीप्रति मैत्री र करुणा राख्ने ।

यी चार गुण पारमी पूरा गर्नेलाई अति उपकारी भएकोले यसलाई बुद्धभूमि भनिएको हो । अर्थात् यी गुणविशेष बुद्धत्व प्राप्तिको लागि पृष्ठभूमिजस्तै हुन् ।

## बोधिसत्त्वहरुको छ-अज्झास

१. *नेक्खम्मज्झास*

२. *पविवेकज्झास*

३. *अलोभज्झास*

४. *अदोसज्झास*

५. *अमोहज्झास*

६. *निस्सरणज्झास*

अज्झासको अर्थ विचार हो । यी ६ प्रकारका विचार बोधिसत्त्वहरुमा भइरहन्छ । जसरी रुख बलियो बनाउन जरा उपकारक भएझैं बोधिसत्त्वहरु बाधिचर्यामा स्थीर हुनलाई यी ६ अज्झास अत्यन्त उपकारक हुन्छन् । जरा बलियो नभएमा ठूलो हावा आउँदा रुख ढल्दछ । त्यसरी नै ६ अज्झास नभएमा बोधिचर्या विनाश हुने सम्भावना रहन्छ । जसबाट बुद्ध हुने सम्भावना टाढिँदै जान्छ । अब यहाँ यिनै ६ अज्झासबारे अलगअलग संक्षिप्त परिचय दिइनेछ ।

१) *नेक्खम्मज्झास* : गृहत्याग गर्नु अर्थात् अशक्तिबाट अलग हुने विचार, जुन बोधिसत्त्वहरुमा भइ नै रहन्छ । *'सदा सम्बाधायं घरावासा'* भनेझैं घरको दोषलाई बोधिसत्त्वले देखिरहन्छन् । घरमा बस्ने विचार हुँदैन । त्यसरी नै पञ्चकाम विषयमा दोष देखेर धन, जन, घर, खेत र सन्तान छोडी प्रव्रजित हुन्छन् । नेक्खम्मज्झास सम्पत्ति नभएको व्यक्ति पञ्चकाममा मात्र भुलेर एक रुपैंया पनि त्याग गर्ने शक्ति नभएको हुन्छ । गहिरो पोखरीमा गह्रुंगो ढुङ्गा जहिले पनि तलको तलै रहिरहन्छ । त्यो कहिले पनि माथि आउन सक्दैन । त्यस्तै उनीहरुको जीवन पनि माथि उकास्न सकिँदैन ।

२. *पविवेकज्झास* : विवेकशील हुने विचार अर्थात् विवेक प्रिय भएर विवेकमा बस्ने विचार बोधिसत्त्वहरुमा रहन्छ । तब छोराछोरी, आफन्त र जहान परिवार जम्मा गरी त्यसैमा मात्र भुलेर बस्नुमा दोष देख्दछन् । घर, परिषद्को बीचमा बस्ने इच्छा गर्दैनन् । जसरी जेलमा कैदी जहिले पनि

Downloaded from http://dhamma.digital/

जेलबाट बाहिर निस्कने विचार गर्दछ, स्वयं आफूलाई पुनः पक्रेर जेलमा राख्न खोज्दा पनि त्यसरी नै बाहिर निस्कन पाउने विचार गर्दछ । त्यसरी नै पविवेकज्झास अभ्यन्तरमा भएका बोधिसत्त्वहरु मानिसहरुका बीच रहे तापनि पविवेकज्झास अभ्यन्तर गति भएको कारणले फेरि विवेक स्थानमा जान विचार गर्दछन् ।

३. *अलोभज्झास* : लोभलाई जित्नु अर्थात् लोभको प्रतिपक्ष विचार । बोधिसत्त्वले लोभको दोष देख्दछन् । अलोभ विचार भएका बोधिसत्त्वहरु भएकाले जुनसुकै वस्तु भए तापनि सजिलै त्याग गर्दछन् । जस्तै छोराछोरी, धन, शरीर, शरीरको अङ्गप्रत्यङ्ग र आफ्नो प्राण समेत परार्थको लागि त्याग गर्दछन्, उत्सर्ग गर्दछन् । अलोभज्झास भएका बोधिसत्त्वहरुका लागि त्याग गर्नु कुनै दुष्कर हुँदैन । बरु स्वभावगत विचारले त्याग नगरी बस्नु मात्र दुष्कर हुन्छ ।

४. *अदोसज्झास* : द्वेषविहीन विचार अर्थात् दोष प्रतिपक्ष विचार । बोधिसत्त्वले द्वेषमा दोष देख्दछन् । उनले सधैं कसरी द्वेष हटाउने भनी उपाय रच्दछन् । आफ्नो जीवनमा हानी गर्नेहरुलाई देख्दा पनि क्रोध गर्दैनन् । बरु मैत्री र करुणा राख्दछन् ।

५. *अमोहज्झास* : मोहरहित विचार अर्थात् मोहको प्रतिपक्ष विचार । बोधिसत्त्वले मोहको दोष देख्दछन् । कर्तव्याकर्तव्य र असल खराब बुझ्दछन् । स्कन्ध, धातु आयतन भनेको के हो ? यसबारे राम्ररी जान्दछन् ।

६. *निस्सरणज्झास* : संसारदुःखबाट मुक्त हुने विचार । बोधिसत्त्वले भव अर्थात् संसारको दोष देख्दछन् । त्यसैले तृष्णामा भुल्न खोज्दैनन् । उनले तृष्णा नबनाउने उपाय गर्दछन् । विपस्सना भावनामा सदैव ध्यानाकर्षित रहन्छन् ।

Dhamma.Digital

## चार सम्पत्ति

*१) इन्द्रिय सम्पत्ति*

*२) प्रतिपत्ति*

*३) कौशल्य*

*४) अध्याशय*

यी निम्न सम्पत्तिहरु महाबोधिस्त्वहरुमा मात्र विशेषरुपले हुने गुणधर्म हुन् । यो श्रावक बोधिसत्त्वहरुमा हुँदैन । त्यसैले यस कुरामा हामीले विस्तृत चर्चा गर्नु राम्रो हुनेछ ।

*१) इन्द्रिय सम्पत्ति :*

Downloaded from http://dhamma.digital/

यी पाँच प्रकारका छन् :-

क) सद्धिन्द्रिय,

ख) वीरियिन्द्रिय

ग) सतिन्द्रिय

घ) समाधिन्द्रिय

ङ) पञ्ञिन्द्रिय

(पञ्चइन्द्रियः श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा)

यी पाँच इन्द्रिय तीक्ष्ण रुपले अभिवृद्धि भएको व्यक्ति बोधिसत्त्व हुन्छ । सर्वप्रकारले नै श्रद्धाबल सम्पन्न भएर श्रद्धाले गर्नुपर्ने कर्तव्य निर्दोष रुपले गर्दछन् । साथै बोधिसत्त्वमा कहिले पनि चलश्रद्धा र दुर्बलश्रद्धा हुँदैनन् । कहिले पनि हतोत्साहित हुँदैनन् । वीर्यले गर्नुपर्ने कर्तव्य पूर्णरुपले गर्दछन् । दुर्बलवीर्य भएको हुँदैनन् । त्यसरी नै सतिन्द्रिय, समाधिन्द्रिय, पञ्ञिन्द्रिय पनि बलवान हुन्छन् ।

*२) प्रतिपत्ति सम्पत्ति* : आत्मार्थकामी नभई परार्थ चर्या गर्नु । बोधिसत्त्वले आफ्नो सुख छोडी अर्काको हितको लागि चर्या गर्दछन् । जुनसुकै हितैषी कार्य गर्दा पनि आशा लिएर वा प्रत्युपकारको भावनाले गर्दैनन् । आफूलाई हानी गर्नेसँग पनि उनको हितैषीभाव रहिरहन्छ । जुनसुकै कुशलकर्म गर्दा पनि फलको आशा लिएर गर्दैनन् । सकल प्राणीहरु दु:खमुक्त गर्नको लागि सर्वज्ञत्वको प्रार्थना गर्दछन् ।

*३) कौशल्य सम्पत्ति* : स्थानोचित योग्य ज्ञान । अर्थात् स्थानोचित प्रज्ञा भएको हुनु । कस्तो मानिससँग कस्तो व्यवहार कुशलता बनाउनुपर्छ । बोधिसत्त्व त्यस कुशलता ज्ञान हुने साथै गम्भीर प्रश्न पनि निराकरण गर्न सक्ने शक्ति भएका हुन्छन् । जुनसुकै दुष्करक्रिया पनि बहुजन हिताय बहुजन सुखाय गर्नको लागि बोधिसत्त्व सदा तत्पर हुन्छन् ।

*४) अध्याशय सम्पत्ति* : पारमी सम्पन्न गर्न महति इच्छा हुनु । बोधिसत्त्वमा त्याग गर्ने शक्ति भएझैं त्याग पनि गरिरहन्छन् । किनकि त्याग नै उनको प्रीतिको कारण हो । त्यसैले बोधिसत्त्व सदा अरुको मनोकामना पूरा कसरी गर्ने भन्ने तर्फ लागेका हुन्छन् ।

## आश्चर्य अद्‌भूत शक्ति

बोधिसत्त्वहरुको आश्चर्य शक्ति चार प्रकारका छन् । ती हुन् :-

१. सकल प्राणीहरु आफ्नै परिवारको रुपमा देख्दछन् र त्यस्तै व्यवहार गरेर लान सक्ने

Downloaded from http://dhamma.digital/

क्षमता भएको हुन्छ। यो नै प्रथम आश्चर्य हो।

२ं छोराछोरी हुनेहरुको चित्त पुत्रतृष्णाले धमिलिएको हुन्छ। तर बोधिसत्त्वहरु स्वभावधर्मलाई बुझ्रेर कहिले पनि पुत्रतृष्णाले चित्त धमिलाएर बस्दैनन्। यो दोश्रो आश्चर्य हो।

३. बोधिसत्त्वहरुमा जहिले पनि सत्वप्राणीहरुको बहुजन हिताय बहुजन सुखाय गर्ने महान इच्छा पलाई रहने हुन्छ। यो तेश्रो आश्चर्य हो। जसले दिन प्रतिदिन पारमिता बढ्दै जान्छ।

४. पुण्यस्कन्ध संग्रह गरेका बोधिसत्त्वहरु परजनका लागि गौरव, मान र सत्कार गर्न योग्य हुन्छन्। यो चौथो आश्चर्य हो।

बोधिसत्त्वहरुले अति दुःखकष्ट सहेर किन पारमिता पूरा गरिराखेका हुन्, के फल प्राप्त गर्न अर्थात् कुन प्रयोजनको लागि हो ? यसबारे विचार गर्न योग्य छ। संक्षिप्तरुपले भन्ने हो भने सम्यक् सम्बुद्धत्व नै पारमिताको फल हो। विस्ताररुपले महापुरुष लक्षण, असिति अनुव्यञ्जन, व्याम प्रभरि जस्ता अनेक गुणसमूहले युक्त भएको रुपकाय सम्पत्ति, दशबल, चार वैशारद्य ज्ञान, षड असाधारण ज्ञान आदिमा पारमिता गुणधर्मकै फल हुन्।

**फोटोहरु**

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# दानपारमिता

दानपारमिताः दशवटा बोधिसत्त्व पारमिता चर्याको प्रथम चर्या हो । परित्याग दानपारमिताको लक्षण हो, दिइने वस्तुसँग लोभ नहुने यसको रस (कृत्य) हो । साथै वस्तुसँग नटाँसिने यसको प्रत्युप्रस्थान (अनुभूति) हो । दानको साधारण अर्थ हो - दिनु । केही कसैलाई दिनु भन्नु कुशल कार्य हो । यसको सम्बन्ध वस्तु र चित्तसँग हुन्छ । किनकि वस्तुमा टाँसिने लोभरूपी अकुशलको विपक्ष गुण अलोभ स्वतः कुशलचेतना हो । साथै संकीर्ण उन्मुख दिशाको विपरित उदार र विस्तृर्ण परार्थ स्वभाव कुशल प्रवत्ति हो । पहिलेदेखि आफूभित्र लुकेर बसेको मेरोमेरो मलाईमलाई भन्ने दुषित लोभलाई र त्यसको आधार मोहलाई नाश गरी पठाउने अर्थमा यो परमार्थ पनि हो । त्यसैले आयु, वर्ण, सुख, बल र प्रज्ञा (ज्ञान) प्राप्त गर्न मात्र दान गर्नु बोधिसत्त्वको पारमिता गुणधर्मको लक्ष्य हुन गाऱ्हो हुन्छ । किनकि यस्तो दानको फल इच्छा नगर्दा पनि प्राप्त हुने हुनाले प्रार्थना गर्दा त्यो मूलतः अज्ञानको स्वभाव हुन जान्छ । लोकुत्तरतिर अग्रसर हुने अभ्यासको क्रममा पूर्ण गर्ने पारमिता कुनै पनि प्रकारले संसारचक्र घुमिरहने रुपले मात्र हुन सक्दैन । यसरी केही न केही ईच्छा गरी दान दिएमा त्यो दान ऋण दिएर व्याज लिनेझैं हुन्छ । त्यसैले लोभ नाश गरेर निर्वाणार्थ पारमितामा गुणात्मक र धनात्मक सांसारिक भोगविलास प्राप्तिको इच्छा गर्दैन । यदि कसैले पनि यसरी दानको फल भवभोगको मात्र लक्ष्य राखेमा त्यो दान *वट्टगामि* अर्थात् जन्मचक्रमा घुमिरहने पुण्य हुनेछ । *विवट्टगामि* अर्थात् संसारचक्रको क्षुद्रतादेखि माथि जाने संसारमुक्तिको पुण्य हुने छैन । *वट्टगामि* पुण्य *विवट्टगामि* कार्यभन्दा उत्तम हुँदैन । हामीलाई यो प्रसंग राम्ररी बुझ्न शंखपाल जातक (५२४) स्मरणीय हुन्छ ।

*दानपारमिताको कथात्मक व्याख्या :*

## शंखपाल जातक (५२४)

बोधिसत्त्व दूर्योधनले ऋषिप्रव्रज्या लिएको आफ्नो बाबुलाई भेट्न जाँदा नागराजलाई देखे । उनलाई नागराजाको वैभव मन पर्दछ । त्यो वैभव प्राप्त गर्न दानादि कुशलकर्म गरेर मृत्युपछि लक्ष्यअनुसार शंखपाल नामक नागराजा भई जन्मे । तर धेरै समय नबित्दै उनी नागभूवनको ऐश्वर्यदेखि वाक्क भए । फेरि दानादि गुणधर्म पालन गर्ने विचार गरे । अष्टशील पालन गर्दै पोखरी किनारमा बस्न थाले । त्यसैबेला शिकारबाट निराश भएर आएका, खाली हात भएका शिकारीहरुको एक जमात त्यहाँ आइपगे । उनीहरुले नागराजालाई देखे । तब त्यसै नागनाजाको मासु खाने भनी नागलाई पिट्न थाले । नागराज सहेर चुप बसिरहयो । त्यसले आफ्नो शरीर नै उत्सर्ग गर्ने इच्छा गरे । *'कसैलाई मेरो छाला मन पर्छ भने उसले मेरो छाला लैजाऊ । फेरि जसलाई मासु मन पर्छ उसले मासु लैजाऊ'* भनी उसले आफूलाई समर्पण गरिराखेका थिए । त्यसैले जे-जस्तो गरे पनि त्यस्तै गराई, काटमार गरे पनि सहेर बसेका नागलाई देखेर अलार नामक एकजना व्यापारीले शिकारीहरुलाई नाग छोड्न लगायो । अलारले दिएको धनद्रव्य लिएर शिकारीहरु जानासाथ नागराज

Downloaded from http://dhamma.digital/

शंखपालले अलारलाई आफ्नो नागभूवनमा लगे । नागभूवनमा पुगेर अलारले- 'तिमीले किन त्यसरी आफूलाई भएको कष्ट सह्यौ ?' भनी सोध्दा बोधिसत्त्व शंखपालले भने :-

*मनुस्स योनिं अभिपत्थमानो*

*तस्मा परक्कम ततो करोमि ।*

मैले मनुष्य योनिको कामना गरी यो पराक्रम गरेको हुँ । यसको कारण निःसन्देह यही नै हो । मनुष्यलोक छोडी अन्य कुनै पनि लोकमा राम्ररी शुद्धि र संयम गर्न हुँदैन, सकिँदैन । मुनष्ययोनि प्राप्त गरेर मात्रै जन्म र मरणको अन्त्यत्व निर्वाण प्राप्त गर्न सकिन्छ ।

यस कथामा ऐश्वर्यको निरासता र त्यसको भोगमा अन्तरनिहित अतृप्त स्वभाव पाइन्छ । दूर्योधनले दान र शीलको भोगको कामना गरी मनुष्यत्व समाप्त गरे । परिणामतः नागराजा शंखपाल भएर आफ्नो प्राण उत्सर्ग गरी फेरि मनुष्यत्व नै कामना गर्न पुगे । त्यसैले तुलना देखाइएको यस जातककथावस्तुमा दानशील आदि पारमिताको लक्ष्य कस्तो हुनुपर्छ भनी देखाइएको छ । साथै पुण्य गर्ने पारमिताको उद्देश्य विवट्टगामि हुन्छ भन्ने कुरा पनि स्पष्ट पार्दछ । *बोधिचर्यावतार* ग्रन्थको शब्दमा चित्तको उत्सर्गवृत्तिलाई नै दानपारमिता भनिन्छ ।

यो चित्तको उदारता र उत्सर्गवृत्ति जुनसुकै क्षेत्रमा पनि चाहिन्छ । यही नै मानवजीवनको मङ्गलप्रद कार्य हो । त्यसैले महामांगलिक गुणधर्ममध्ये एउटा गुण मानिएको छ । अझ सप्त सत्पुरुष धनमा एउटा धन, चार संग्रहनीय सारमा प्रथम गुणधर्म सार पनि दान नै भनिएको छ ।

विविध दानको व्यापक अर्थ बुझ्नको लागि अनेक प्रकारले विचार गर्नुपर्दछ । यसको लागि दान दिने वस्तु वा तत्त्व अनुसार, दान ग्राहक र दान दाताको दृष्टिले विवेचना गर्नु राम्रो हुनेछ । अझ स्तरअनुसार यसको व्याख्यान हुनुपर्छ ।

दान दिने वस्तु वा तत्त्व अनुसार अनेक दान छन् । त्यसमध्ये आमीसदान, अभयदान र धर्मदान गरी तीन प्रकारका छन् ।

## आमीसदान

दातव्यवस्तु अनेक प्रकारका छन् । त्यसै पनि सम्पूर्ण प्रकारका बाह्य पदार्थ कसैलाई दिनुलाई नै आमीसदान भनिन्छ । दान जसलाई पनि दिनु हुने अर्थमा दातव्यवस्तु यतिउति भन्ने नै हुँदैन । बोधिसत्त्वले जसलाई जे चाहिन्छ त्योसम्म बाहिरिकवस्तु माग्नै नपर्ने गरी दिन्छन् । हो, यसरी दान गर्नअघि बोधिसत्त्वले कसैलाई दुःखकष्ट नगराउनेतिर दृष्टि राख्दछन् । साथै आयुध, शस्त्र, मद्य आदि अनुचित कार्य वा नसुहाउँदो वस्तु दान गर्नुहुन्न । जस्तै खान नहुने विरामीलाई भोजन दिनु, कसाहीको हातमा काट्ने हतियार दिनु, काट्ने व्यक्तिलाई तलवार दिनु आदि काम बोधिसत्त्वको तर्फबाट हुँदैनन् । राम्रो हुने उपकार हुने अर्थमा सधैं जुनसुकै वस्तु जसलाई पनि दिनुमा कहिले पनि

Downloaded from http://dhamma.digital/

बोधिसत्त्वको हात पछाडि सर्दैनन् । खाने-पिउने, लाउने-बस्ने, लगाउने आदि दातव्य वस्तुहरुको यतिउति भनी मापदण्ड नै छैन । हो, भिक्षुसंघको लागि आवश्यक वस्तुको परिमाण भएकोले चार प्रत्यय दान भन्न सकिन्छ ।

*चारप्रत्ययहरु हुन :-*

*१) भिक्षान्न,*

*२) चीवर वस्त्रादि अष्टपरिष्कार,*

*३) विहार, शयनासन वा निवासस्थान*

*४) भैषज्य औषधी*

त्यसरी नै छाता, जुत्ता, दतिवन वा जति पनि सानोठूलो पदार्थ छन् ती सबै चाहिएको बेला चाहिनेलाई पुग्दो हित र उपकारक हुने गरी दान दिनुलाई नै अमीसदान भनिन्छ ।

अमीसदान दिँदा बोधिसत्त्वहरुको चित्त अकम्पित, अविचलित हुन्छ भन्ने कुरालाई विसहच जातक (३४०) ले स्पष्ट पार्दछ ।

## विसह्य जातक (३४०)

अस्सी करोडको मालिक विसहच सेठले पञ्चशील पालन गर्दै नगरको चारै द्वारमा नगरबीचमा, आफ्नो घरको ६ ढोकाहरुमा दानशाला बनाएर दान दिने गरे । त्यसरी विसहचले प्रत्येक दिन दान दिँदै गर्दा इन्द्रको आसन तातिन्छ । उनको दान खण्डित गर्न इन्द्रले उनको सम्पूर्ण वैभव लोप गरिदियो । दान दिनको लागि जहानलाई दातव्य वस्तु खोज्न पठाउँदा केही पनि पाइनन् । पछि एकजना घाँसीले हँसिया, टोकरी र डोरी घरभित्र फ्यालेर गइन् । उनले घाँस काटेर भएपनि दान कर्म नरोक्ने उद्देश्य लिएर त्यही हँसिया, टोकरी र डोरी लिएर घाँस काटेर बेच्न थाले । घाँस बेचेर आधा आम्दानी दान गर्दा अन्य याचकहरुले पनि माग्दा बाँकी आम्दानी पनि दान गरे । फलस्वरुप त्यस दिन दुबै निराहार रहे ।

यसैगरी घाँस काट्दै, बेच्दै सारा आम्दानी याचकहरुलाई दान गर्दै ६ दिनसम्म दुवै निराहार रहे । सातौं दिन घाँस काटेर बेच्न ल्याउँदा निराहार र सूर्यको प्रकाशले आँखा तिरमिराउँछ, घाँसमै ढल्छ र अनि इन्द्र आएर दानको कारण सोध्छन् । जवाफमा उनले- *'न त शक्रत्वको न ब्रम्हत्वको इच्छानै ममा छ, म त सर्वज्ञताको प्रार्थना गर्दै दान दिन्छु'* भनी स्पष्ट पारे ।

बुद्धको चर्या सम्बन्धी संग्रहित चरियापिटकको पहिलो चर्या- 'अकत्ति चरिया' मा यसै कुरालाई अकित्ति जातक (४८०) मा स्पष्ट पारिएको छ ।

Downloaded from http://dhamma.digital/

## अकित्ति जातक (४८०)

८० करोड धन भएको महाशाल ब्राम्हणको कुलमा बोधिसत्त्वको जन्म भयो । उनलाई अकित्ति नाम राखियो । उनको यशवती नाम गरेकी बहिनी पनि थिईन् । आमाबाबु परलोक भइसकेपछि उनले आफ्नो विशाल धनसम्पत्ति देखेर विचार गरे- 'हाम्रा आमाबाबुले धनसम्पत्तिको एकरति पनि सार्थक गरी गएनन् । धनसम्पत्ति भनेको पोको पारेर राख्दैमा सधैं भइरहने वस्तु होइन ।' यसरी विचार गरेर उनले धनसम्पत्ति आफूले लाने विचार गरी दान दिन थलो । तर दान दिँदा पनि समाप्त नभएपछि 'जसलाई जेजे चाहिन्छ लैजाऊ' भनी ढोका खुल्ला नै छोडिदिए । बहिनीसँगै प्रव्रजित त भए तर त्यहाँ पनि मानसत्कारले ओइरो लागेपछि बहिनीलाई समेत केही नभनी सुटुक्क *कारद्वीपमा* बस्न गए, जहाँ उनले एकान्तमा सन्तोष जीवन बिताए ।

जीवनयापन गर्न रुखको बोक्रा पकाएर खाने अभ्यासको क्रममा उनको सदाचारको प्रतापले इन्द्र डराउँदै के उद्देश्यले शील पालन गरेका हुन् भनी परीक्षा गर्ने विचार गरे । इन्द्रले ब्राम्हणभेषमा आएर दान लिन आए । त्यतिबेला आफूलाई खान तयार गरेको रुखको बोक्रासमेत दान गरे । ६ दिनसम्म इन्द्र त्यसरी नै दान दिन आए । उनले पनि अविचलित चित्तले दान दिँदै गरे । यस अविचलित चित्तबाट प्रवाहित दान देखेर इन्द्र स्वयं प्रभावित भए र उनले दान गर्नुको सोधे । "मेरो यो दान सर्वज्ञताको प्रत्यय होस् । बारबार जन्म लिनुपर्ने दुःख, शरीर नाश हुनु पनि दुःख, सम्मोह मरण पनि दुःख, त्यसैले हे वासव ! म तपश्या गर्दैछु ।" भनी जवाफ दिए ।

दान दिँदा 'मलाई काम लाग्ने' भनी हात नभिक्ने बोधिसत्त्वहरुको स्वभाव हुन्छ । लोकको लागि, प्राणीहरुका लागि यावत् आफूसँग भएका वस्तु अरुलाई आवश्यक भएको दिनमा बोधिसत्त्वको हृदय विचलित हुँदैन ।

## कुरुधर्म जातक (२७६)

बोधिसत्त्व जतिबेला कुरुराष्ट्रका नरेश थिए, त्यतिबेला उनले पञ्चशील (कुरुधर्म) पवित्रताका साथ पालन गरेका थिए । साथसाथै नगरभरी दानशाला प्रतिदिन ६ लाखको वस्तुहरु दान गर्दथे । त्यस समयमा कलिङ्गराष्ट्रको दन्तपुर नगरमा दुर्भिक्ष भयो । दुर्भिक्षले अकाल भएर मानिसहरु भोकै मरे, रोगी भए, विरामी भए । यसरी दुर्भिक्ष, अकालभय, रोगभयले ग्रसित जनता कराउँदै राजाकहाँ जाँदा दुर्भिक्ष कसरी हटाउने भनी सोच्दा, विभिन्न उपाय गर्दा पनि नहुँदा, कुरु राष्ट्रको अञ्जन वसभ नामक मङ्गलहात्ती ल्याएमा वर्षा हुन्छ भनेकाले ब्राम्हणहरुलाई हात्ती माग्न पठाइयो । ब्राम्हणले हात्ती माग्दा कुरुनरेशले विना हिच्किचाहट मङ्गलहात्ती गहनासहित दान गरे ।

*'दान दिन छोड्नु भन्दा बरु राज्य नै छोड्छु'* भन्ने बोधिसत्त्व वेस्सन्तरसँग यो मङ्गल हात्ती दान दिएको कुरु जातकमा समता पाइन्छ । बोधिसत्त्वले जस्तोसुकै राज्यसत्ता वा अधिकार प्राप्त भए तापनि त्याग र सदाचार छोड्नुहुन्न । अधिकार र शक्ति सम्पन्न जीवनमा पनि उनले भोग

Downloaded from http://dhamma.digital/

विलासमा लिप्त गरी आफ्नो जीवन समाप्त पार्दैन भन्ने कुरा निम्न महासुदर्शन जातक (९५) ले स्पष्ट गर्दछ ।

## महासुदर्शन जातक (९५)

सधैं दिनको तीनपल्ट आफ्नो विशाल राज्यमा कसलाई भोक लागेको छ, कसलाई प्यास लागेको छ, कसलाई औषधी चाहिन्छ भनी घोषणा गर्ने काम चक्रवर्तीले गर्दछन् । यसरी आफ्नो चर्या बारेमा महासुदर्शन चक्रवर्तीले भनेका छन् - *'मैले जीवनभर महादान गरें । यो मलाई मन नपरेकोले होइन । सम्बोधि ज्ञान प्राप्त गर्ने अभिलाषाले नै दान दिँदै गरेको हुँ ।'* यसबेला सप्तरत्न जडिएको आशनमा पल्टिरहेका चक्रवर्ती महासुदर्शन राजालाई सुभद्रा देवीले भनिन्- *'देव, चौरासी हजार (नागरिक) भएको राज्यको यो कुशावती राजधानी हो । यसलाई माया गर्नुहोस् ।'* चक्रवर्ती महासुदर्शनले भने- *'यसरी नभन देवी, बरु मलाई यसरी उपदेश देऊ - यसमा आशक्त भएर नबस, यसलाई छोड्न सिक ।'* चक्रवर्तीले फेरि भने - *'दान गर, सदाचारी बन, उपोसथ ब्रत पालन गर ।'*

बोधिसत्त्वहरु यसरी त्याग भावनाले भरिएको चित्त भएझैं आवश्यक हुनेलाई दिनुमा ज्ञानले देख्न सक्ने क्षमता पनि हुन्छ । शंख ब्राम्हणले तातो बालुवामा हिँडिरहेका प्रत्येकबुद्धलाई देख्नासाथ आफ्नो जुत्ता फुकाली जुत्ता र छाता दान गरे । उपमाको शब्दमा उनले भने- *'जसरी किसानले राम्रो खेत देखेर पनि बीउ छरेन भने ऊ धन मन पराउने हुँदैन । त्यसरी नै पुण्य मन पराउनेहरुले उत्तम पुण्य क्षेत्र देखेर पनि त्याग नगरेमा पुण्य मन पराएको हुँदैन ।'*

निमिराजले उपकार गरेजस्तै बोधिसत्त्व (शंखचर्या) ले पनि पशु, पंक्षी वा मानिस सबैलाई भ्याएसम्म उपकार गर्छन् । दान वास्तवमा सुगति प्राप्त हुने पुण्य कार्य हो भन्ने कुरा पनि निमिराज चर्या वा निमि जातक (५४१) मा बोधिसत्त्व निमिको चरित्रमा देख्न सकिन्छ । जस अनुसार बोधिसत्त्व निमिले स्वर्ग घुमी फर्केर भने- *'तिमीहरुले पनि दान आदि पुण्य कर्म गर । त्यसो गरेमा तिमीहरु पनि देवलोकमा जन्म लिन जान सक्छौ ।'*

दानको फलवर्णन अनेक प्रकारले गरिएको छ । त्यो फलवर्णन वस्तुनिष्ठ गुण विशेषमा गुणात्मक भएको देखिन्छ ।

पंखा दानले शीत उष्ण, पीडा, शरीरमा डाह, राग, द्वेष, मोहको डाहले मुक्ति प्राप्त हुन्छ । जुत्ता दानले अनेक वस्तुले बनाएको जुत्ता प्राप्त हुन्छ । खुट्टा सन्चो हुन्छ । केश काट्ने छुरा (ब्लैड, रेजर, सेभर) दानको पुण्यले सुखी हुन्छ, चित्त अक्षिप्त हुन्छ, धैर्य-वीर्य हुन्छ, क्लेश क्षेदन गर्न सक्ने हुन्छ । सियो धागो दान गर्नाले शंकारहित, राम्रो तीक्षबुद्धि, गम्भीर र सूक्ष्म स्थानमा अर्थज्ञान र स्थिरज्ञान हुने हुन्छ ।

यसरी दानको फलवर्णन धेरै गरिए तापनि बोधिसत्त्व ज्ञानले पूर्ण दान क्षेत्रमा प्रतिष्ठित भएर मात्र दानको लक्ष्यले बुद्धत्वसम्म पुग्ने हुन्छ । बोधिसत्त्वले यो दानको मार्गमा अघि बढ्न प्रज्ञायुक्तले

Downloaded from http://dhamma.digital/

दान दिनुपर्छ । बुद्धि विवेक प्रयोग नगरी दिएको दान उत्तम हुँदैन भनी ठाउँठाउँमा उल्लेख भएका छन् ।

वस्तुतः बौद्धआदर्शको दानको व्याख्याको लक्ष्य दान प्राप्तार्थ होइन । बोधिसत्त्व चरित्रमा माग्ने र अरुको लिनमा सदा संकुचित हुन्छ । ब्रह्मदत्त जातक (३२३) अनुसार बोधिसत्त्व तपस्वीले पाँचाल राजासँग हिमालयमा फर्किन आवश्यक सम्झेर पनि बाह्रवर्षसम्म एउटा छाता एकजोडी जुत्ता मागेनन् । आज भन्छु भोली भन्छु भन्दै बाह्रवर्षपछि मात्र बल्ल एउटा छाता र एकजोडी जुत्ता मागे । किनकि माग्दाखेरि नदिएमा माग्नेको मन दुःखित हुन्छ । माग्दा दिनेको इच्छा भए तापनि दातव्यवस्तु नभएमा दाताको मन रुन्छ । दातव्य वस्तु भएर पनि लोभ र आशक्ति दिन नसकिने हुन्छ । त्यसैले माग्नु भनेको राम्रो होइन । यो चाहियो त्यो चाहियो भनी माग्नुलाई राम्रो भनिँदैन र मानिँदैन पनि ।

वास्तवमा स्वर्गको प्रलोभनराखी दान दिनु बौद्धआदर्शमा गनिँदैन । स्वर्गको प्रलोभनले कतिसम्म मानवजीवनमा क्रुरतम कार्य हुन्छ त्यो कुरा खण्डहाल जातक (५४२) को यज्ञमा बलि दिनको लागि बाँधिएका मानिसहरुका क्रन्दनले स्पष्ट पार्दछ । स्वर्गको आश गरी *पासोले* बाँधेर कयौं पशूहरुसहित मानिसहरुको बलि चढाइयो । साथै कति दक्षिणा लाभ गरिन्छ, त्यसको वर्णन पालि साहित्यमा भरिएको छ । त्यसैले पालि साहित्यमा दानको भित्री अभिप्राय पुरोहित्याँई लाभ होइन, मानवसेवाको लागि जीवन उत्सर्ग गरी बसेकाहरुका जीवनमा निम्नतम आवश्यकताको पूर्ति मात्र हो । त्यसैले बौद्ध साहित्यमा आफूलाई गाई चाहिएमा गाई, रथ चाहिएमा रथ, सुन चाहिएमा सुन, नोकर-दास चाहिएमा नोकर-दास, युवती चाहिएमा युवती दिने दानको विधि र गुणको वर्णन उल्लेख भएका छैनन् । जसरी रक्सी दान लिने स्त्रोत्र आजसम्म छैन, आजकालको दानमध्ये कतिपय दानहरु पहिला दान नगरिएका वस्तुहरु पनि छन् । त्यसैले बौद्ध विचारमा यो वस्तुचाहिँ दान दिन उत्तम हो भन्ने उल्लेख छैन । बरु के-कस्तो अवस्थामा कस्ता व्यक्तिलाई कस्तो चित्तले उसलाई सहयोग गऱ्यो भन्ने अर्थमा दानलाई महान मानिएको छ ।

तृष्णाले जकडिएको उपभोग परिभोग वस्तु आहार, पान, वस्त्र, गृह, क्षेत्रजस्तै यसलाई रुप, शब्द, गन्ध, रस र स्पर्श अनुसार विचार गर्दा आमीसदान आध्यात्मिकरुपले पनि हुन जान्छ, बाहिरिकरुपले होइन । यस अर्थमा शील सदाचार सारा तात्विक अर्थमा दान हुन्छ । अभयदान भनेको पनि यसै अर्थमा दान हो ।

## अभयदान

कसैलाई आफ्नो तर्फबाट भय नदिनु नै अभयदान हो । पदार्थदान जतिसुकै दिए तापनि आफ्नो तर्फबाट अरुलाई अभयदान भएन भने त्यो पनि राम्रो हुँदैन । कसैलाई मार्दिन भन्नु नै सबैलाई बाँच्न देऊ भन्नु हो । सबैलाई बाच्न मन पर्छ । सारा जीवित प्राणी दण्ड देखेर डराउँछन् । त्यसैले आफूबाट प्राणीहरुलाई भय नहुनु नै अभयदान हो । बोधिसत्त्वहरुले आफ्नो समूह वा जातिगत प्राणीहरुलाई सामूहिक मरण भय नबनाउन आफ्नो प्राणसमेत उत्सर्ग गर्दछन् । त्यसरी

Downloaded from http://dhamma.digital/

प्राण उत्सर्ग गरिएको दान परमार्थपारमिता पनि हुन्छ । महाकपि जातक (४०७) यसको उदाहरण हो ।

## महाकपि जातक (४०७)

एकसमय बोधिसत्त्व अस्सी हजार बाँदरहरुको नाइके भएर जन्म लिए । हिमालयको नदी किनारमा एउटा ठूलो मिठो आँपको बोट थियो । त्यस बोटको आँप खाएर नै उनीहरु जीविका गर्दथे । वाराणासीका राजा ब्रह्मदत्तले एकदिन त्यस बोटको आँप अति नै मिठो छ भन्ने थाहा पाए । राजाले आफ्नो सैनिक मार्फत् त्यस बोटलाई घेरा दिन लगाए । बोधिसत्त्वले ती सैनिकहरुको तर्फबाट आफ्ना अनुयायीहरुलाई बनाउन नदी पारी लानुपर्ने जरुरत भएको महशुस गरे । उनीहरु भने नदी पारी उफ्रिएर जान सक्दैनन् । त्यसैले बोधिसत्त्व एउटा लहरा लिएर आए । तर रुखमा लहारा बाँधी उफ्रिएर पारी जाँदा कम्मरमा बाँधिएको कम्मरको लहरा छोटो भयो । उता भने समय ढिलो भैसकेको थियो र सैनिकहरुको तर्फबाट आफ्ना अनुयायीहरु मुश्किलमा बाँच्ने देखिए । त्यसैले यता वारी रुखमा एक छेउ र अर्को छेउ आफ्नो कम्मरमा लहरा बाँधेर आफूले पारी रुखलाई पक्रिराखे । यसरी छोटो लहराको सहाराले सबैलाई छिटो पारतर्न सजग गराई पुनः सबैलाई पारतर्न सहयोग गरे । यसै क्रममा बोधिसत्त्वको मृत्यु भयो ।

यो बहुजन हिताय प्राण उत्सर्ग गरेको कथा दान परमात्थपारमिताको कथा पनि हो । साथै सबैलाई मृत्युदेखि अभय दिएकोले अभयदानको कथा पनि हामीले भन्न सक्छौं । बोधिसत्त्वले आफ्नो पुरुषार्थले महान् करुणायुक्त गुणधर्मले प्रभावित पारी अरुको सट्टामा आफ्नै प्राणदान दिएर *'म मात्र बाँचेर के गर्ने र ?'* भनी आफ्नो स्वजातिहरु अफ्र प्राणी मात्रलाई अभयदान दिएको उदाहरण कम महत्त्वपूर्णको छैन । निग्रोधमृग जातक (१२) यसको ज्वलन्त सान्दर्भिक जातक कथा हुन् ।

## निग्रोधमृग जातक (१२)

जहिले पनि मृग शिकार जानलाई वाराणासीका राजा ब्रम्हादत्तले जनतालाई दुःख दिने गर्दथे । राजासँग शिकारमा जाँदा जाँदै उनीहरु खेतीकिसानी नै गर्न पाएनन् । त्यसैले जङ्गलबाट मृगहरु धपाउँदै राजदरवारको ठूलो बगैंचामा जम्मा गरिदिए । त्यसो गर्दा राज-बगैंचामा परेका मृगहरुमध्ये निग्रोधमृग र उनका पाँचसय साथीमृगहरु, शाखामृग र उनका पाँचसय साथीमृगहरु पनि परे । फेरि राजाले आफ्नो शौखमा धेरै मृगहरु मारेकोले मृगहरुले सल्लाह गरेर दिनको एउटा एउटा मृग स्वयं पालैपालो गरी मृग मार्ने ठाउँमा जान स्वीकार गरे । एकदिन शाखामृगको समूहको गर्भवती मृगिणीको पालो आयो । तिनले बिन्ति गरिन् - *'म गर्भवती छु । त्यसैले मेरो ठाउँमा अरु कसैलाई पठाईदेऊ । पछि म पनि जान्छु, मेरो बच्चा पनि जानेछ ।'* त्यसकुरामा शाखामृगले सिधा भने- *'आफ्नोआफ्नो पालामा आफूआफू नै जानुपर्छ ।'* तब मातृप्रेम भरिएको त्यो मृगले निग्रोधमृगको समूहमा पुगेर विन्ति गऱ्यो- *'मेरो समुदायको नाइकेले मेरो विन्ति स्वीकार गरेन । मेरो पेटमा बच्चा*

Downloaded from http://dhamma.digital/

*छ । त्यसैले मेरो पालामा कुनै अरु पठाइदेऊ, म तिम्रो समुदायबाट पछि गइदिन्छु । मेरो बच्चा पनि पछि तिम्रै समूहबाट पालो लिएर जान्छ ।*

निग्रोधमृगको नाइकेले त्यस गर्भिणी मृगको विन्ति सुनेर *'उसको पालामा ऊ जानुपर्दैन'* भनी आश्वासन दियो । तर मृत्युको पालो कसैले पनि भर्ने जसो नलागेपछि ऊ आफै स्वयं मृत्युको पालो भर्न गयो । तर निग्रोधमृगलाई उनको सुवर्ण वर्ण देखेर राजाले अभयदान दिएका थिए । त्यसरी अभयदान दिइराखेको मृग देखेर भान्छेले राजालाई विन्ति गर्न गयो । पछि राजाले सोध्दा निग्रोधमृगले भने- *'म आफ्नो पाले भनी आएको होइन । एउटा गर्भिणी मृगको पालामा म आएको हुँ । किनकि उसको पेटमा भएको बच्चालाई मार्न मन पर्दैन । फेरि उसको मृत्युको पालो भर्ने भने अरु कोही छैन । त्यसैले म आएको हुँ । उसको सट्टामा आएको हुनाले मलाई मारिदेऊ ।'*

निग्रोधमृगको कुरा सुनेर राजाको मनमा च्वाच्स बिझ्यो, तब उनले भने- *'तिमी दुवैलाई अभय दिइसकें ।'*

निग्रोधमृले जवाफमा भने - *'हामी दुईटालाई मात्र निर्भय अभय प्राप्त भएर के गरुँ । अन्य सारा मृगहरुको मरण भय छ ।'* राजाले सारा मृगहरुलाई अभयदान दिए ।

निग्रोधमृगले प्रत्युत्तरमा भने - *'हामी मृगहरुलाई अभय वर पाएर के गरौं । अरु ठाउँका मृगहरु मर्नु नै पर्छ ।'* राजाले सारा मृगजातिलाई नै अभयदान दिए ।

यसरी भन्दै निग्रोधमृगले सम्पूर्ण स्थलचर प्राणीहरु, आकाशमा उडिहिंड्ने नभचर प्राणीहरु, पानीमा बस्ने जलचर प्राणीहरुलाई अभयदान दियो ।

यसरी नै राजाको तर्फबाट हुने भयको पिडाबाट मुक्ति दिने काम मात्र अभयदान हुँदैन । अपितु आगोपानी आदि प्राकृतिक कारणले पनि आउने भयावस्थामा अभयत्व दिने कार्य कोशिस पनि अभयदान नै हुन जान्छ । जहाँ आगो लागेको ठाउँमा गएर उनीहरुको धनजन रक्षार्थ आफ्नो श्रम र हिम्मत प्रयोगमा ल्याउने काम पनि अभयदान हो । पानीले बिगार्ने स्थानमा नबिगार्ने व्यवस्था गरिदिनु अथवा इनार, पोखरी वा नदीमा खसेकोलाई निकालिदिनु जस्ता कार्य पनि अभयदान सरह नै हुन्छ । त्यसरी नै रोगीलाई मृत्युभय हुँदा औषधी वा सेवा सहयोग गरिदिनु पनि अभयदान हुन्छ । यस अर्थमा बाँध, अस्पताल आदि बनाइदिनु, आफूले अरुलाई नमार्ने अथवा थुनेर राखेकोलाई फुकुवा गरिदिनु अभयदान दिएझैं नै हो ।

## धम्मदान

जसले क्लेश नाश गर्नलाई अनुत्तर धर्मदेशना गर्दछ, उसलाई नै धर्मदान गर्नु भनिन्छ । प्राणीहरुलाई ओवाद उपदेश दिएर हितोपकार गर्नु पनि धर्मदानमा समावेश हुन्छ । अधर्म र असत्मार्गबाट धर्म र सत्मार्गमा ल्याउनु पनि धर्मदान हुन्छ । त्यसरी नै बुद्धको शासनमा वा धर्ममा आएकाहरुलाई प्रज्ञादान गरिदिनु र दान, शील, स्वर्ग वा कामको आदि (फल) बोरमा धर्मदेशना गर्नु

Downloaded from http://dhamma.digital/

अझ श्रावक, प्रत्येक र बोधिसत्त्वको चरित्र बुझ्नु वा त्यसस्ता सद्गुण बनाउनको लागि बताउने पनि धर्मदान विशेष नै हुन्छ । भनिएको पनि छ - *'सब्ब दानं धम्मदानं जिनाति ।'* अर्थात् सारा दानलाई धर्मदानले जित्दछ। किनभने प्रज्ञा नै मानिसहरुको रत्न हो। विनाधर्मदान प्राणीहरु प्रज्ञावान हुँदैनन्।

यसको अतिरिक्त चित्तको सदाशयता विपुलता पनि त्यागको अन्तर्गत पर्दछ। किनकि यसमा संकीर्णतालाई छोडेर बस्ने भाव हुन्छ । दानवस्तु र दानग्राहकहरु नभएका चित्तको यस दानलाई मनोमय-दान भनिन्छ।

## दानको पूजाविधि र अनुकम्पाविधि

ग्राहकप्रतिको व्यवहार दृष्टिकोणले पनि दानलाई अनेक भेद गर्न सकिन्छ । पूजाविधि र अनुकम्पाविधि यी दुई दानका भेद हुन्।

कसैलाई सम्मान र आदर भावले दिनुलाई पूजादान भनिन्छ। लाकोपकारी सत्पुरुष वर्गको, श्रमणहरु वा भिक्षुहरुप्रति सम्मान राखी जुन परित्याग गर्छ त्यो दान हो भने अर्कोतिर सद्गुण सत्चरित्रको पूजा हो । बौद्धदान प्रवृत्तिलाई चिन्ने व्यस्तताको कुरा नै हामीले राम्ररी बुझ्नुपर्दछ । साँच्चै नै पवित्र भएर लोक उपकारको काममा जीवन उत्सर्ग गरी समर्पित हुनेहरुको घरखेतको चिन्ता गर्दैन गर्दै बस्ने फुर्सद नै हुँदैन, त्यतातिर ध्यानै जाँदैन । त्यसैले त्यस्ता वर्ग अर्थात् भिक्षुसंघको सेवा उपस्थानको लागि बुद्धले उपासक उपासिकाको लागि जिम्मा दिएका थिए। बुद्धले - *'यस्तो श्रद्धान्न राम्ररी गुणधर्म पालन नगरी खानुभन्दा रातो हुनेगरी तातिएको आगोको गोला खानु उत्तम'* भनी भिक्षुहरुलाई सतर्क गराएको छ। सत्चरित्रवान् सत्पुरुषहरुको संरक्षणको लागि सहयोग गर्नुलाई नै पूजादान भनिन्छ। शीलवानहरुलाई दिइने दान त्यसैले श्रेष्ठ हुन्छ।

अंकुरले बाह्र पोजन लामो चुलो बनाएर दशहजार दिनसम्म महान दान गऱ्यो तर प्रतिग्राहक शीलवानहरु प्राप्त नभएकोले उसलाई महानफल प्राप्त भएन । यसको विपरित इन्दकले एक दिन एक चम्चा मात्र भात क्षीणास्रवी अनुरुद्ध महास्थविरलाई दान दिएको भए तापनि उसलाई महान फल प्राप्त भयो । असल खेत र असल बीजको उदाहरणले दायक र प्रतिग्राहकहरुको महत्त्वलाई बुझ्न सकिन्छ । खेत असल भएर पनि बीउ असल नभएमा जसरी फल राम्रो हुँदैन, त्यसरी नै प्रतिग्राहक सत्चरित्रवान् भएर पनि दायक दुश्चरित्रवान् भएमा फल राम्रो हुँदैन । त्यसैगरि बीउ असल भएर पनि खेत असल नभएमा जसरी फल नराम्रो हुनसक्छ, त्यसरी नै दायक सत्चरित्रवान् भएर प्रतिग्राहक दुश्चरित्रवान् हुँदा फल नराम्रो हुन्छ। बीउ पनि नराम्रो र खेत पनि नराम्रो हुँदा त फल झनै नराम्रो हुन्छ, त्यसरी नै दाता र प्रतिग्राहक दुवै दुश्चरित्रवान् भएमा फल नराम्रो हुन्छ । तर बीउ पनि राम्रो र खेत पनि राम्रो हुँदा जसरी फल राम्रो हुन्छ, त्यसरी नै दायक र ग्राहक सच्चरित्रवान् हुँदा फल राम्रो हुन्छ।

Downloaded from http://dhamma.digital/

यसोभन्दैमा दान दुश्चरित्रवान्हरुलाई दिनै हुन्न भन्ने छैन र त्यसो भनिँदैन पनि । विशेषतः बोधिसत्त्वहरुको हृदय महाकरुणाले भरिने हुँदा सदा झैं करुणापात्रतर्फ हृदय झुक्दछन् । शीलवान् दानग्राहक मात्र खोजेर बोधिसत्त्वको दान पूर्ण हुँदैन । अर्कोतिर फेरि दानको सफलताको आशा आकांक्षामा मात्र बोधिसत्त्वहरुको दानपारमिता कुण्ठित हुँदैन पनि । बोधिसत्त्वको भाव नै आत्मभावको उत्सर्गमा टिकिरहेको हुन्छ । प्राणीहरुको हित गर्नु राम्रो गर्नको लागि आफ्नो वस्तु परित्यागीहरुसँग अतीत, वर्तमान र अनागत कालको कुशलाकुशलत्वको आकर्षणबाट पनि बोधिसत्त्वहरु विमुक्त हुन्छन् । त्यसैले दुःखी र अज्ञानीहरु बोधिसत्त्वको लागि विशेष व्यापक दानक्षेत्र भएको हुन्छ । फेरि पारमिता गुणधर्म र कौशल्यको आरक्षित भावमा बसेर सधैं जे पनि दान गर्न तत्पर भएको हुन्छ भने त्यसरी दान पाएकोमा नै सन्तोष र आनन्दको अनुभूति प्राप्त गर्ने हुन्छ ।

आयु, वर्ण, सुख, बल र प्रज्ञा पाँच सम्पदाजस्तै निर्वाणको कामनामा बोधिसत्त्व आहारदान दिन्छन् । कामक्लेशको पिपासाले शान्ति प्राप्त गर्नकै लागि पानी दान गर्छन् । लज्जा र त्रास छोप्नलाई नै वस्त्रदान गर्छन् । त्यसरी नै ऋद्धि र निर्वाण सुखार्थ सुगन्ध, बुद्धगुणको शोभा उत्पतिको लागि माला गन्ध, बोधिमण्डपको निम्ति र तथागतको शयनको लागि शयनासन, शरण भावार्थमा आवास, पंचचक्षुको लागि प्रदीप, सकल लोकले मन पराउने रस, अजरामय भावनाको लागि औषधी, आर्यजाति प्राप्त गर्न छोरा, संसारको श्रेष्ठत्व प्राप्त गर्न पत्नी, धर्मराज बनाउन राज्यदान गर्छन् । जुनसुकै दानकर्म सम्पन्न गरे तापनि बोधिसत्त्वको उद्देश्य हो - बुद्धत्व प्राप्ति । साँच्चै भन्ने हो भने बोधिसत्त्वहरु बाहिरी दानले मात्र सन्तोष हुँदैनन् । आफ्नो शरीरका अङ्गप्रत्यङ्ग र प्राणसमेत आवश्यकता अनुसार परित्याग गर्दछन् ।

## तीन प्रकारका दान पारमिता

दान दिने दाताको बाह्यवस्तुमा टाँसिएको आफ्नो लोभ जित्न कुनै वस्तु दिनु नै दानपरामिता हो । दानवस्तु र दाताको कठिन त्याग अनुसार दानपारमिता तीन प्रकारका छन् । धनसम्पत्ति, छोराछोरी र पत्नी आदि परित्याग गर्नु दानपारमिता हो । यो पारमिता पूर्ण गर्दा सदा - *'करुणापाय कोसल्ल परिग्गहिता अत्तुपकरण परिचाय चेतना'* अर्थात्- *'करुणा, उपाय र कौशल्य गुणयुक्त भए आफ्नो उपकरण छोड्ने चेतना'* हुनुपर्दछ । फेरि आफ्नो शरीरको अङ्गप्रत्यङ्ग नै परित्याग गरी दान दिनुलाई उपपारमिता भनिन्छ । यसैगरी आफ्नो जीवन प्राण-पर्यन्त उत्सर्ग गर्नुलाई दान परमत्थपारमिता भनिन्छ । यहाँ यी तीन पारमिताहरुको बारेमा अलगअलग विचा गरिनेछ ।

### *(क) दान पारमिता*

*यथापि कुम्भो सम्पुण्णो, यस्स कस्सचि अधोकतो ।*

*वमते उदकं निस्सेसं, न तत्थ परिरक्खति ॥*

Downloaded from http://dhamma.digital/

*तथेव याचके दिस्वा, हीनमुक्कट्ठ मज्भिफमे ।*

*ददाहि दानं निस्सेसं, कुम्भो विय अधोकतो ति ॥॥*

जसरी भरिएको गाग्रोलाई कसैले घोप्ट्याई दिएमा सारा पानी पोखिन्छ, त्यहाँ एक थोपा पानी रहँदैन । त्यसैगरी तिमीले उत्तम, मध्यम र निम्न सबै स्तरका याचक देख्दा घोप्ट्याईको कलशजस्तै भएर सम्पूर्ण दान गर । यही नै बुद्धत्वको निदानकथा हो, आर्दश हो ।

बोधिसत्त्व दानपारमिता पूर्ण गरेर मात्र अन्य पारमितापूर्ण गर्दछन् । फेरि अन्य पारमिता पूर्ण गर्दै जाँदा पनि दानपारमिता पूर्ण गर्दै जान्छन् । बोधिसत्त्व सिद्धार्थले सुमेध तापसको जीवनमै बुद्धत्वको प्रार्थना गरी दानपारमिताबाटै प्रथमतः बोधिसत्त्वको चर्यौ सुरु गरे । अन्तिम बोधिचर्या पूर्ण भएको वेस्सन्तरको जीवन पनि दानपारमिताबाट नै पूर्ण हुन्छ । यसप्रकार दानपारमिता भनेको बोधिसत्त्व चर्याको मूल आधार नै देखिन आउँछ । त्यसैले नै अन्य अनेक पारमिता पूर्ण गर्नुपर्दा दानपारमिता पनि त्यस सँगसँगै पूर्ण हुँदैजाने हुन्छ । घरबार, धनसम्पत्ति आदि जति पनि त्याग गरी विभिन्न पारमिता पूर्ण गरेर ऋषिप्रव्रजित भए त्यसमा यही दानपारमिता नै पूर्ण भएको देखिन्छ । बोधिसत्त्वको जीवनमा अत्यन्त कठिन परित्याग पनि अभ्यासले गर्दा सजिलो भएको देखिन्छ । दानपारमिताको उदाहरणलाई स्पष्ट पार्ने धेरै कथाहरु माथि उल्लेख भइसकेका छने । तापनि यहाँ पूर्णरुपले संक्षिप्त दानपारमिताको एउटा बोधिसत्त्वचर्या प्रस्तुत गरिन्छ ।

## वेस्सन्तर जातक

वेस्सन्तर जातकलाई नेपालमा विश्वन्तरको कथा भनेर चिनिन्छ । त्यसैगरी मद्दी रानीलाई मन्दिरा रानी भनिन्छ । यसरी नाम फरक परे तापनि कथाको मूलकथाको विषयवस्तुमा भिन्नता देखिँदैन । पालि साहित्य अनुसार वेस्सन्तरको कथा यहाँ प्रस्तुत गरिनेछ, जुन मूलरुपको कथा भएकोले कथाभित्रको विषयवस्तु बुझ्न वा सार प्राप्त गर्नु लाभदायक हुन्छ ।

बोधिसत्त्व वेस्सन्तर राजकुमार शिवि देशका राजा सञ्जय तथा महारानी फुसतिदेवीका सुपुत्र थिए । बोधिसत्त्वलाई सोह्र वर्षको उमेरमा भद्र राजकुलकी मद्दी नाम गरेकी राजकुमारीसँग विवाह गरिदिए । तर बोधिसत्त्व वेस्सन्तरको जीवन दानपारमिताको जीवन त्यागमय चरित्रको उज्ज्वल उदाहरणको रुपमा अगाडी बढिरहेको हुन्छ ।

बोधिसत्त्व वेस्सन्तरले आफू आठ वर्षको जति हुँदा विचार गरेका थिए - *'माग्न मात्र आएमा अथवा कसैलाई आवश्यक परेमा आफ्नो हृदय, आँखा, मासु, रगत र प्राणसम्म दान दिनेछु ।'* फेरि राज्याभिषेक लिएदेखि उनले प्रतिदिन सातलाख धन खर्च गरी महादान गरे । आफ्नो ६ वटा दानशालामा महिनाको ६ पल्ट स्वयं आफै दान राम्ररी भयो भएन हेर्न जाने गर्थे ।

यसैबेला कलिङ्ग देशमा अनावृष्टि भयो । कलिङ्गका प्रजाहरुले त्यहाँको राजालाई भने - *'सञ्जय राजाका छोरा वेस्सन्तर राजकुमारले जे दान माग्न गए पनि दिनुहुन्छ । राजकुमारसँग सेतो*

Downloaded from http://dhamma.digital/

*मङ्गलसम्मत एउटा हात्ती छ । त्यो हात्ती हाम्रो देशमा भित्र्याउन सकेमा सुवृष्टि हुन्छ । त्यसैले कुनै एकजना ब्राम्हणलाई पठाएर त्यो हात्ती मगाउनु पर्‍यो ।'*

राजालो प्रजागणको कुरा सुनेर आठजना ब्राम्हणलाई त्यस मंगलसम्मत हात्ती माग्न पठाए । बोधिसत्त्व पूर्णिमाको दिन सोह्र गाग्रो पानीले नुहाएर पूर्वतिर रहेको दानशालामा जाने गर्थे । त्यहाँ बोधिसत्त्वलाई भेट्न नपाएपछि ब्राम्हणहरुले दक्षिणतर्फको दानशालाको ढोकामा उभिएर वेस्सन्तरको जय ! वेस्सन्तरको जय !! भन्दै हात उठाउँदै ठूलठूलो स्वरमा कराउन थाले ।

वेस्सन्तर राजकुमारले उनीहरु कराइराखेको सुनेर उनीहरुलाई *'के चाहियो ?'* भनेर सोधे । उनीहरुले बोधिसत्त्वलाई सक्दो प्रशंसा गरिसकेपछि आफ्नो देशमा भएको दुर्भिक्षको बयान सुनाए । फेरि अन्तमा दान माग्दै भने-*'हामी तपाईंको मंगलसम्मत एउटा हात्ती दान लिन नै यतिका दुःख खपेर यहाँसम्म आएका हौं ।'*

बोधिसत्त्वले - *'मैले आफ्नो शरीरमा भएको मासु, रगत र प्राणसम्म पनि माग्न आएमा दान दिन्छु भनेको छु । यिनीहरुले त बाहिर रहेको वस्तु मात्र मागेका छन्'* भनी विचार गरी त्यस हात्तीलाई सबै अलंकारले श्रृंगार गर्न लागएर उनीहरुले प्रयोग गर्ने वस्तुहरु पनि दान गरे । जब त्यस मङ्गलसम्मत हात्ती दान गरे तबभ ने सारा देशवासी नै रिसाए । रिसले चूर्ण जनता राजाकहाँ गएर भन्न गए- *'महाराज, जुन हात्ती नभएमा हाम्रो देशमा दुर्भिक्ष हुनसक्छ, त्यस्तो सुलक्षण हात्ती राजकुमारले दान दिए । अब यस राज्यको गति के होला ! यदि महाराजले हाम्रो विन्ति सुन्नु नभएमा राजकुमार सहित शिवि राज्य स्वयं जनताहरुले आफ्नो हातमा पार्नेछन् ।'*

प्रजाहरुको यो कुरा सुनेर राजाको मनमा धेरै दुःख भयो । उनले आफ्नो छोरालाई त्यसरी दान दिने चाला त्याग्न सुझाव दिए । तर बोधिसत्त्वले भने दान चाला छोड्न अस्वीकार गरे । यसको बदलामा बरु उनले सजाय स्वरुप वंकपर्वत जान तयार भएको स्वीकार गरी विदा लिनको लागि आफ्नी रानी मद्दीदेवीकहाँ गए । तर मद्दीदेवीले आफू पनि सँगै जाने कुरामा जिद्दी गरिन् । बच्चाहरुले दुःख पाउँछन् भनेर पनि रोक्न खोज्दा पनि *'हुन्छ हवसे'* भनिनन् । बच्चाहरु पनि सबै लिएर वंकपर्वत जाने कुरामा नै जिद्दी गरिन् र अन्ततः त्यस्तै भयो पनि । आमाबाबु धुरुधुरु रुवाएर वेस्सन्तर र मद्दीदेवी, बाजे बज्यैहरुको मन थाम्न नै नसक्ने गरी छोरा जालीकुमार र छोरी कृष्णाजिनीसँगै लिएर वंकपर्वत जान बाहिर निस्के ।

वेस्सन्तरसहित परिवार बाहिर जाँदा पनि धेरै मानिसहरुले हृदय छियाछिया भयो, सबै रोए । त्यसरी रुनेहरुमध्ये अब दान लिन पाइने छैन भनी रुने ब्राम्हणहरु मत्र वेस्सन्तरको दरबारमा भ्याएसम्मको दान लिन आए । रथमा बसेर बाहिर जाँदा पनि महारानीको गहनासमेत दान लिन आए । अझ पछि वेस्सन्तरहरु चढिएका घोडा दान लिन आए भने रथ समेत दान लिन आए । तर दानशील वेस्सन्तरले भने कहिले पनि दान दिनुमा हात तान्नु भएन । रथसमेत दान दिएर एकजना बच्चा आफूले बोकेर एउटा बच्चा महारानीलाई बोकाएर वंकपर्वततिर लागे ।

जेतुत्तर नगरबाट पाँचपाँच योजन टाढा रहेको सुवर्ण तालगिरि पर्वत, कोन्तिभार नदी, आरञ्जर पहाड, दुन्निवट्ट गाउँ त्यहाँबाट दश योजन उता रहेको वेस्सन्तरको मामाली देशमा (

Downloaded from http://dhamma.digital/

मामाघर) पुगे । बोधिसत्त्वलाई वंकपर्वत नगएर त्यहीँ बस्न कति ठम्याउने प्रयास गरिए, कति प्रार्थना गरिए, तर उनले स्वीकार गरेनन् । उनले स्पष्ट भने- *'मलाई बुबाले बुबाले वंकपर्वतमा बस्न जान निस्काशित गरिएको हो । त्यसैले म त्यहीँ बस्न जान्छु । मैले मङ्गलसम्मत हात्ती दान गरेँ । फेरि मलाई देखेर शिवि देशका बासिन्दाहरु धेरै रिसाएका छन् । त्यसैले मलई यहाँ राखेमा अथवा सञ्जय राजालाई भन्न गएमा उनीहरु रिसाउने छन् । मेरो कारणले मेरो पूज्य बाबु समेत निस्काशित हुन सक्नेछन् । त्यसैले मलाई वंकपर्वतमा नै जान दिनोस् । हेर्नुहोस् मलाई राज्य चलाउने ईच्छा पनि छैन । राज्यबाट निस्काशित व्यक्ति हुँ । फेरि यहाँ मैले राज्य गर्दा शत्रु बढ्छन् । दुई राज्यबीच झगडा समेत हुनसक्छ । त्यसैले मलाई वंकपर्वतमा नै जान दिनोस् ।'*

यसरी मामाहरुले र त्यहाँका मानिसहरुले गरेको आग्रहलाई उपेक्षा गरी बोधिसत्त्व त्यस नगरमा नै प्रवेश नगरी वंकपर्वततिर लागे । पन्ध्र योजनसम्म बोधिसत्त्वलाई त्यहाँका क्षत्रियहरुले पुऱ्याउन गए । त्यसपछि उनीहरुले आँखाभरि आँसु पारी पन्ध्र योजन बाटोबाट बिदाई गरे ।

बोधिसत्त्व पहिला दक्षिण दिशातिर हेरेर अगाडी बढे । त्यसपछि गन्धमादन पर्वत, त्यहाँबाट उत्तरतिरको विपुल पर्वत, त्यहाँबाट पनि उता विभिन्न प्रकारका माछा भएको केतुमुनि नदीसम्म पुगे । त्यहाँ नुहाएर विश्राम गरिसकेपछि बर-वृक्ष मार्ग हुँदै नालिक पर्वत गएर उत्तरपूर्व हेरेर मुचलिन्द दहमा पुगे । अझ त्यो भन्दा पर राम्रो सफा पानी भएको ठूलो पोखरी जुन वंकपर्वत थियो । वेस्सन्तरले त्यहीँ नै आफ्नो राजकुमार वस्त्र फुकाली तपस्वीभेष धारण गरे । मद्रीदेवीले आफ्नो स्वामीलाई तपस्वीभेषमा देखेर पहिले विरह गरिन् । पछि आफूले पनि तपस्विनी भेष लिई वेस्सन्तरसमक्ष प्रार्थना गरिन्- *'हजुरले फलफूल खोज्न जङ्गल जानुपर्दैन । केटाकेटी हेरेर यहीँ बस्नुहोस् । सधैँ म आफै जङ्गलमा गएर फलफूल खोजी ल्याउनेछु ।'* वेस्सन्तरले त्यो कुरा स्वीकार गरे । फेरि पछि कुबेलामा आश्रममा प्रवेश नगर्न उपदेश दिँदै वेस्सन्तर आफ्नो तपश्याचर्या कार्यमा लागे ।

यसरी वेस्सन्तर तपस्याचर्यामा रहँदा कलिङ्गको दुन्निवट्ठ गाउँमा जुजक नामक वृद्ध ब्राम्हण बस्ने गर्थ्यो । उसले मागीमागी नासो राखेको सय रुपैयाँ एकजना ब्राम्हणले खाइदियो । फेरि सट्टामा उसलाई तरुनी छोरी एउटी दिई पठायो । उसको कामकुराको उदाहरण दिएर अन्य ब्राम्ह्णहरुले आ-आफ्ना जहानहरुलाई गाली दिन थाले । त्यसैले सारा ब्राम्हणीहरु त्यस ब्राम्हणलाई ईर्ष्याले हेर्न थाले । धपाई पठाउने विचार गरे । तब ब्राम्हणी पानी भर्न जाँदा सबैले उसलाई होच्याउन थाले । उसलाई पानी भर्न जान नै लाज लाग्यो । आफ्नो लोग्नेलाई पानी भर्न पठाउन मन पनि थिएन । त्यसैले त्यस ब्राम्हणीले ब्राम्हणलाई काम गराउनको लागि वेस्सन्तरको छोराछोरी दान लिन पठाइन् । ब्राम्हणले पनि -*'दान लिन जाने होइन'* भनी फकाउँदै फकाउँदै वंकपर्वतको बाटो सोध्दै गयो । वेस्सन्तरलाई दान लिन आउनेको तर्फबाट दुःख दिन मन नपराउनेहरुमध्ये तपस्वीहरु पनि थिए । तर त्यस ब्राम्हणले तपस्वी अच्यूतलाई पनि त्यसरी नै फकाएर भन्यो- *'तपस्वी मैले वेस्सन्तरसँग मेही माग्न भनी आएको. होइन । म त खाली सत्पुरुषहरुको दर्शन गर्नु मङ्गल हो भनी आएको हुँ । म उहाँको शिष्य हुँ । त्यसैले मलाई उहाँको दर्शन जाने बाटो देखाईदेऊ । शिवि राजाले देशनिकाला गरेदेखि मैले उहाँको दर्शन गर्न पाएको छैन । मलाई छिटै बाटो देखाइदेऊ ।'*

Downloaded from http://dhamma.digital/

यसरी भन्दाभन्दै अन्तमा जुजक वेस्सन्तरको ठाउँमा पुग्यो । जुजकलाई देख्नासाथ वेस्सन्तरले भने- *'सात महिना बित्यो मैले दान गर्न नपाएको । सात महिनादेखि बन्द भएको दानरुपी ढोका आज बल्ल खोलिने भयो । आऊ ब्राम्हण तिमीलाई स्वागत छ ।'*

ब्राम्हणले खुशी हुँदै भन्यो- *' वेस्सन्तर, नदीको पानीमा प्यासीले जतिसुकै पिए पनि समाप्त हुँदैन । त्यसरी नै हजुरको दान दिने श्रद्धा पनि जतिसुकै दान लिन आएतापनि समाप्त हुँदैन । हजुर महान् श्रद्धालु भएकोले म पनि हजुरसँग मेही माग्न आएको हुँ ।'*

आफूसँग त्यहाँ कुनै धनद्रव्य नभएको कुरा वेस्सन्तरले स्पष्ट पारे । तापनि आफूसँग भएको दिने भनी आश्वासन पनि दिए । यसो भन्नासाथ जुजक ब्राम्हणले विस्तारै आफ्नो कुरा बतायो - *' वेस्सन्तर मलाई पैसा चाहिएको छैन । हेर्नुहोस् म कति बुढो भइसकें । मैले कुनै काम गर्नै सकिन । त्यसैले एउटा दुईटा काम गराउन मलाई बच्चा एक-दुईजना भए खुब राम्रो हुन्थ्यो । हजुरका यी बच्चाहरु त्यसै जङ्गलमा पनि परिरहेका छन् । मलाई दिनु भएमा काम पनि लाग्नेछ, हजुरलाई पनि महानपुण्य लाभ हुन्छ नै । यस कारणले म हजुरको शरणमा आएको हुँ ।'*

मागे जति दिन्छु भनी विचार गरेको बोधिसत्त्व वेस्सन्तरले त्यस ब्राम्हणको विन्ति पनि स्वीकार गरे । तर बच्चाहरुमा आमा मद्दीदेवी नआएसम्म पर्खेर बस्न अनुरोध गरे ।

यो कुरा सुनेर ब्राम्हणले भन्यो - *' वेस्सन्तर म त तुरुन्तै फर्किनुपर्छ । फेरि मलाई तुरुन्तै दान नदिएमा हजुरको पुण्य कार्यमा पनि वाधा हुन्छ, मेरो लाभमा पनि हानि हुनसक्छ । किनकि आइमाईहरुले याचकहरुलाई मन सन्तुष्टि हुने गरी दान दिँदैनन् ।* वेस्सन्तरले- *'मद्दिदेवी त्यस्ती छैनन्, उसको दानशीलता धेरै बलियो छ'* भनी भन्दा पनि ब्राम्हणको चित्त बुझेन । बारबार *'छिटो दिनुहोस्'* भन्दा बोधिसत्त्वले ब्राम्हणलाई अर्को कुरा भने -*'त्यसो हो भने मैले यी बच्चाहरु तिमीलाई दिइसकें । तर बच्चाहरु लिएर तिमी सञ्जय राजाकहाँ जाऊ । तिमीसँग यी बच्चाहरु लिएर तिमीलाई धेरै धनसम्पत्ति दिनेछन् ।'*

बोधिसत्त्वले फेरि आफ्ना बच्चाहरुलाई सम्बोधन गरी भने- *'आऊ बाबु, यहाँ आऊ मेरो पारमी पूर्ण गरिदेऊ । मेरो वचन एकपल्ट सुनिदेऊ । मेरो हृदयमा शीतल पारिदेऊ । संसार सागरबाट पार जानलाई, प्राणीहरुलाई संसार सागरदेखि पार लानलाई तिमीहरु मेरो निम्ति रथजस्तै, डुंगाजस्तै भइदेऊ । मेरो बोधिधर्म पूर्ण गरी सकल देव मनुष्यहरुलाई संसारदुःखबाट मुक्त गर्नेछु । फेरि हे बाबु, तिमी यस ब्राम्हणदेखि मुक्त हुन हजार रुपैंया यसलाई उपलब्ध गराऊ, बहिनीलाई उच्च-उत्तम स्थानमा पार्न तिमीले सर्वशत दिलाएर मात्र मुक्त गरिलेऊ ।'*

पुनः ब्राम्हणलाई हेरेर बोधिसत्त्वले भने- *'ब्राम्हण, मैले यी बच्चाहरु मन नपरेर दिएको होइन । मलाई यी बच्चाहरु आफ्नो आँखा र मुटुभन्दा पनि धेरै मन पर्छ, प्यार लाग्छ, स्नेह जाग्छ । तर यसभन्दा पनि मलाई जगतको हित मन पर्छ । हित हुने ज्ञान सर्वज्ञज्ञान बढी मन पर्छ । यो मेरो त्यागको प्रभावले छिट्टै नै मैले सर्वज्ञता प्राप्त गरी जगत प्राणीलाई उद्धार गर्न सकुँ ।'*

Downloaded from http://dhamma.digital/

यसरी बोधिसत्त्व वेस्सन्तरले प्रार्थना गरी आफ्ना छोराछोरी त्याग गरे । त्यसबेला भूकम्प भयो । क्षणिक वर्षा पनि भयो ।

तर दान लिइसकेपछि ब्राम्हणले भन्यो - *'वेस्सन्तरको कुनै कुरा स्वीकार गर्न सकिँदैन ।'* यति भनेर वेस्सन्तरको अगाडि नै जालिकुमार र कृष्णाजिनीलाई बाँधेर, तर्साएर, गाली गर्दै, तान्दै लग्यो । यो देखेर बोधिसत्त्वको मनमा पनि एकपल्ट *'ब्राम्हणलाई तुरुन्तै दुर्यटुक्रा पारेर आफ्ना बच्चाहरु फर्काएर ल्याउँ कि'* जस्तो भयो । तर तुरुन्तै - *'अहो ! मैले त्याग गरिसकेपछि यसो गर्नु त उचित हुँदैन'* भनी पुनः विचार गरे ।

फलफूल लिन गएकी मद्रीदेवीकावे जङ्गलमा मन विचलित हुन्छ । उनको हातबाट फल टिप्ने अंकुश भुईंमा खस्यो । पशुहरुले पनि आफूलाई बाटो छेकेको झैं महशूस भयो । मन आकुलव्याकुल बनाएर मद्रीदेवी जङ्गलबाट फर्किएर आइन् । तर गाईका बाछाहरु गाई पर्खेर बसेझैं बाटोबीचमा आएर बाटो कुर्न आउने ठाउँमा आज बच्चाहरु पर्खिन आएनन् । टाढाबाटै दुरुरर दौडिएर आएर जिउमा लुटपुटिनेझैं गरी आउने बच्चाहरु देखिएनन् । आश्रममा पुगेर हेरिन् । मद्रीदेवीको स्तनले भरिएको छाती फुट्नेझैं भयो । मन नपरीनपरी विचार गर्न नहुने ढङ्गले बच्चाहरुलाई कतै केही भए कि भनी शंका हुनासाथ सहन सकिनन् । यता वेस्सन्तर भने केही नभनी चुपलागी बसिरहे ।

तब यताउता खोजिन् र चहारिन् । पछि वेस्सन्तरकहाँ आएर भनिन्- *'किन आज हजुर नबोलिकन बस्नुभएको ? वनको पंक्षी नकराएझैं हजुर पनि आज कसरी नबोलिकनै बस्नुभयो ? बच्चाहरुलाई बाघले खायो कि ? भालुले खायो कि ? अथवा कुतै खसे कि ? खेल्न गएका फर्केर मात्र आएका छैनन् कि ? अथवा कतै काममा पठाउनुभएको हो कि ? खै, कहाँ गए मेरा बच्चाहरु ? खै कहाँ गए ? कहाँ गए भनेको ..........?'*

तर बोधिसत्त्वले जवाफ दिने नै के ? तब मद्रीदेवी झन्झन् अनेक प्रश्न गर्दै रुँदै बसिन् । अझ बोधिसत्त्वको मनमा कुरा खेल्यो - *'यथार्थ कुरा बताए भने शोकको शोक नै भइरहन्छ, मद्रीदेवीको मन पागल हुन्छ । त्यसैले कुनै अर्कै कुरामा एकपल्ट उसको मन तान्नु पर्‍यो'* भनी विचार गरी मद्रीदेवीको मनमा प्रहार गर्न, अर्कै विषयमा मन पठाउन उसलाई कडा वचन बोलेर शोकदेखि मन पन्छाएर पठाउँछु भन्ने विचार गरी बोधिसत्त्वले भने- *'हे मद्री तिमी राम्री छौ, फेरि तिमी युवती, जङ्गलमा अनेक शिकारीहरु छन् । मन्त्रतन्त्र जानेका पनि छन् । तिमी बिहानदेखि बाहिर जान्छौ, राती मात्र फर्किन्छौ । असल महिलाहरुको यस्तो बानी हुँदैन । तिमीले मेरा बच्चाहरुलाई केही भए कि, वेस्सन्तर कसरी कराइरहे होला भनी विचार पुर्‍याएको नै देखिँदैन । यो कसैको दोष होइन मेरो नै दोष हो । मलाई आफ्नो राज्यदेखि निष्काशित गरी यहाँ पठाइयो, म निर्धनी भएँ, त्यसैले मलाई यस्तो भयो ।'*

वेस्सन्तरले त्यसो के भनेका थिए, मद्रीदेवीको मनका अर्को आँधीबेरी आयो । तर विषय अर्को भयो । उनी क्वाँ क्वाँ रुँदै वनमा भएको सारा कुरा विन्ति गरिन् । फेरि उनी आफूलाई वेस्सन्तरले शंका गरे भनी दुःखित भइन् । कति कुरा भनिन् र पनि वेस्सन्तरले भने अरु केही पनि बोलेनन् । न बच्चाहरुको विषयमा केही बोले, न हातमुख धोएर खानेपिउने नै गरे । पछि मद्रीदेवी दुःखले मुर्छा परिन् ।

Downloaded from http://dhamma.digital/

यस समयमा वेस्सन्तरले - *'अब सत्य कुरा भन्ने समय भयो'* भनी सोचे । तब मद्दीदेवीको छातीमा हात राखी फेरि कमण्डलु भरी पानी ल्याई पानी पिलाए । सात महिनादेखि आफूले नछुएको मद्दीदेवीलाई वेस्सन्तरले आफ्नो काखमा टाउको बिसाएर पानी छर्केर अनुहार मुसारे, छाती सुम्सुम्याए । केही क्षणपछि मद्दीदेवी होशमा आइन् । आँखाभरि आँशु राखेर आफूलाई काखमा राखेका वेस्सन्तरलाई देखिन् ।

तब वेस्सन्तरले उसलाई सारा कुरा बताए- *'प्रिय मद्दी, तिम्रो मनमा चोट लाग्ला कि भनेर चिन्तित हुँदै फेरि बच्चाहरुसँग बिछोडिनु पर्ने दुःख बताउन मैले तिमीलाई यसो भनें । मद्दी, तिमीलाई मेरो दान दिने स्वभाव त थाहै छ । तिमी वनमा जाँदाखेरि यहाँ मकहाँ एकजना गरिब ब्राम्हण आयो । उसले बच्चा दान माग्यो । त्यसैले मैले हाम्रा बच्चाहरु उसलाई दान दिएँ । तिमीले मनमा धैर्य राख । महापुरुषहरुले निर्वाणको निम्ति आफ्नो छाती फोडेर दान दिन्छ । प्रिय मद्दी, तिमीले मेरो यो दानको अनुमोदन गर ।'*

वेस्सन्तरले छोराछोरी दान गरिसकेपछि देवराज शक्रको मनमा *यो वेस्सन्तरले कसैले माग्न आए आफ्नो जहान पनि त्याग गर्नेछ र मद्दीदेवीको दुर्गति हुनेछ । उसको धर्म पनि बिग्रनेछ । त्यसैले अहिले नै म गएर मद्दीदेवी दान लिएर आउँछु । यी बच्चाहरु पनि ठीक ठाउँमा पार्छु* भन्ने विचार गरी ब्राम्हण भेष लिर वेस्सन्तरकहाँ इन्द्र स्वयं आइपुग्यो । महासत्व वेस्सन्तरले त्यस ब्राम्हणभेषधारी शक्रलाई पनि स्वागत गर्दै बिसाए । फेरि जङ्गलमा के लिने आशयले आएको भनी सोधे । तब ब्राम्हणभोषधारी इन्द्रले भन्यो- *'आफू अति नै बृद्ध भएकोले विवाह गर्न खोज्दा विवाह हुन पनि गाह्रो भएकोले मद्दीदेवी एउटी माग्न आएको हुँ ।'*

बोधिसत्त्वले-*'हिजो मैला आफ्ना छोराछोरीहरुलाई दान दिएँ, आज फेरि धर्मपत्नी दान लिन आयो । भोली मेरो मुटु नै दान लिन आउनेछ । तर जगतको हितार्थ म कहिले पनि दान माग्न आएकोलाई खाली हात फर्काउँदिन'* भनी विचार गरी भने- *'भो ब्राम्हण, मैले आफ्नो तर्फबाट मद्दीदेवी तिमीलाई दिइसकें । मसँग भएको वस्तु म लुकाइ राख्दिन । कसैले दान लिन आउँदा आफूसँग मात्र भएमा मेरो आफ्नो मुटु नै निकालेर दान दिन्छु । मलाई दान दिन खुब मन पर्छ ।'*

यसो भनी मद्दीदेवीको विचार सोधे । मद्दीदेवीले पनि - *'बोधिसत्त्वको दान दिने स्वभावलाई बाधा हुँदिन'* भन्ने सोचेर त्यस कुरालाई स्वीकार गरिन् । तर स्वीकार गरी दान मात्रै के दिए, तुरुन्त त्यस भेषधारी ब्राम्हणले भन्यो - *'भो वेस्सन्तर, यो मद्दीदेवी मैले हजुरलाई नै दिइराख्छु । यिनी हजरसँग मात्र बस्न सुहाउँछे । जसरी पानी र शंखको एउटै वर्ण हुन्छ, त्यसैगरी हजुरको दुवैजनाको रुपवर्ण पनि एउटै नै छ ।'*

यसरी बोधिसत्त्व वेस्सन्तरको दानको प्रशंसा गरी त्यस भेषधारी ब्राम्हणले आफ्नो इन्द्ररुप प्रकट गऱ्यो । फेरि केही वरदान दिने इच्छा गऱ्यो । तर वेस्सन्तरले यी आठवटा कामना मात्रै गरे-

*१) म राजदरबारमा पुग्दा मलाई बाबुले अनुमोदन गरोस् ।*

*२) बन्धनमा परेकाहरु बन्धनमुक्त होउन् ।*

Downloaded from http://dhamma.digital/

*३) बुढाबुढी, तन्नेरी तरुनी सबैका लागि स्वयम् जीविकाको लागि आधार बन्न सकुँ ।*

*४) परदार सेवन नगरी स्वास्नीमानिसको वशमा नबस्ने होऊँ ।*

*५) मेरा छोराछोरी सुखी होउन् ।*

*६) उनीहरुलाई दिव्य भोजन प्राप्त होस् ।*

*७) जेसुकै भए तापनि मेरो धन समाप्त नहोस् । फेरि त्याग गरिसक्दा मनमा पुनः पश्चाताप नभएको होऊँ ।*

*८) यस जीवनबाट न्यूत (मुक्त) भई सुगतिमा गएर त्यहाँबाट पनि च्यूत भएर एउटा जन्म छाडेर अर्को जन्म लिन नपरोस् ।*

यी कामनाहरु पूर्ण हुने तथा राजाले लिन आउने कुरा प्रकाश पारी इन्द्र अन्तरध्यान भयो ।

उता जुजक ब्राम्हणले बाटो बिराएर कलिङ्गराज्यमा जान्छु भनेर जाँदै गर्दा जेतुत्तर नगरमा पुग्यो । त्यस दिन राजा सञ्जय सबेरै खाने पिउने गरेर न्यायालयमा बसिरहेका थिए । राजाले ती बच्चाहरुलाई ल्याउँदै गरको टाढैबाट देखे र विचार गरे- 'सिंहको डमरुजस्तै समान तेज र स्फूर्ति भएका, बलिरहेको दाउराजस्तै तेजिला ती दुईजना बच्चाहरु को होलान् ?' भनी विचार गरी राजदूत मार्फत् हेर्न पठाए । पछि राजा सञ्जयको नजिक पुग्ने बित्तिक्कै जुजक ब्राम्हणले भन्यो- *'महाराज, आजको पन्ध्र दिनअघि मलाई एकजना दानी राजाले यी बच्चाहरु दान दिएका हुन् । वनमा बस्दा जोसुकै याचकलाई पनि उनले कसैलाई पनि त्यसै खाली हात फर्काउँदैनन् । उनको दान दिनुमा इच्छा भएझैँ त्यो पूरा गर्ने तत्परता पनि रहेको छ । जेसुकै पनि दान दिन तयार व्यक्तित्व हुन्- वेस्सन्तर राजकुमार ! उहाँ वेस्सन्तरले नै मलाई बच्चाहरु दान दिएका हुन् ।'*

यो कुरा सुनी राजा सञ्जयको हृदय छियाछिया हुन्छ, उनले दुःख सहन सकेनन् । तब बच्चाहरुलाई काखमा बस्न आऊ भन्नासाथ जालिकुमारले आफ्नो बाबु वेस्सन्तरले आफूलाई भनेका कुरा सुनाए- *'महाराज मलाई काखमा राख्न र कृष्णाजिनीलाई काखमा राख्न, मेरो लागि एक हजार र मेरी बहिनीको लागि सर्वशत मूल्य यस ब्राम्हणलाई दिनुहोस् ।'*

नाति जालिकुमारले भनेझैँ राजाले ब्राम्हणलाई आवश्यक रकम दिए । नातिहरुको प्रेम र स्नेहले राजा र महारानी फुसतिदेवीलाई छोरा वेस्सन्तर र बुहारी मद्दीदेवीको सम्झनाले पिरोल्न थाले । अझ जालि कुमारले बराबर बिन्ति गर्नाले राजा सञ्जयले वेस्सन्तरलाई दरबारमा फिर्ता बोलाउने पहल गर्न थाले ।

यसरी नै एकदिन राजा साठीहजार सैन्य, हात्ती, घोडाको बल सहित वेस्सन्तरलाई लिन गए । यो सैनिकदल वंकपर्वतमा आइपुग्दा पहिला त वेस्सन्तरको मनमा आफूलाई लिन आएझैँ लागेन । बोधिसत्त्वले मद्दीदेवीलार्य भने- *'मद्दी, सायद हाम्रा बाबुलाई शत्रुहरुले जितेर हामीलाई पनि पक्रन*

Downloaded from http://dhamma.digital/

*यहाँ कोही आउँदैछन् । हेर त कति सैन्यहरु देखिन्छन्, कति रथका ध्वजाहरु देखिन्छन् ।'* तर सैन्यदल नजिकिँदै आउँदा कुरा स्पष्ट भयो र मद्रीले सबैभन्दा पहिले त्यो शत्रुदल नभई आफ्नै देशको ध्वजा भएको कुरा बताइन् । उता राजा सञ्जय पनि एकैचोटी सबै परिवार नजिक जाँदा हर्ष-विस्मात् दुवै एकैपटक हुन्छ भनेर पहिला राजा स्वयं वेस्सन्तरकहाँ पुगे । वेस्सन्तर र मद्रीदेवीले राजा सञ्जयलाई स्वागत गरे । उनीहरुबीच कुशल वार्ता भइसकेपछि महासत्वले जालि र कृष्णाजिनीको बारेमा सोधे- *'हजुरलाई मन परेका दुवै जना नातिनातिनीहरुलाई पनि एकजना ब्राम्हणलाई दान दिएँ । त्यो ब्राम्हण भने धेरै निर्दयी रहेछ । बच्चाहरुलाई पिट्दै लग्यो । अहिले बच्चाहरु कुन अवस्थामा छन् त्यो मलाई थाहा छैन । यदि तपाईंलाई उनीहरुको बारेमा कुनै कुरा थाहा छ भने बताउनुहोस् । नानीहरुको बारेमा सन्न पाए हामीलाई धेरै आनन्द हुनेछ ।'*

राजा सञ्जयले प्रत्युत्तरमा दवै बच्चाहरु आफ्नो साथमा रहेको कुरा वेस्सन्तरलाई सुनाए । वेस्सन्तरले पछि आफ्नी आमाको विषयमा अनेक कुरा सोध्दै गर्दा आमा चाहिँ त्यहाँ आइपुगिन् । मद्रीदेवीले फुसतिदेवीको पाउमा परी- *'म तपाईंको बुहारी हुँ'* भनिन् ।

अनि वेस्सन्तरले पनि आफ्नो आमा महारानीलाई वन्दना गरे । त्यसैबेला जालिकुमार र कृष्णाजिनी त्यहाँ आइपुगे । मद्रीदेवी दौडिएर गई दुवै बच्चाहरुलाई भ्वाप्प अंगालो मारेर आँखाभरि आँशु बरर खसालिन् । छातीबाट दुध बहयो । अनि छोराछोरीहरु देख्नासाथ वेस्सन्तर त्यहीँ मुर्छा परे । त्यसबेला ठूलो भूकम्प भयो । महासमुद्रमा रहेको पानी जोडले प्रकम्पित भएको महशूस भयो ।

जेहोस्, जस्तोसुकै होस्, भइसकेको कुरा बिर्सेर पठाउनु जाती भन्दै राजा शिविबाट आज्ञा भयो- *'अब तिमीले आमाबाबु र दाजुभाइ दिदीबहिनीको मन राख । छोराछोरीले आमाबाबुको सुखको लागि अथवा आमाबाबुको दुःख हटाउन प्राणसम्म त्याग गर्छन् । त्यसैले तिमीले यस ऋषिभेष छोडी राजशासनको भार स्वीकार गर ।'*

तर बोधिसत्त्वले त्यस वन-प्रदेशमा अझै सारा परिवारसहित एक महिना बिताए । त्यसपछि मेरो पारमिता गुणधर्म पूर्ण गर्ने काम सकियो भन्ने विचारले पर्णकुटी त्याग गरे र पुनः त्यस कुटीको चारैतिर हेर्दै उनले विचार गरे- *'अहो कुटी ! मैले यहाँ सात महिना बसेर पारमिता गुणधर्म अन्तसम्म पूर्ण गरिसकें । धन्य यो स्थान ।'*

यसपछि ठूलो उत्साहसहित वेस्सन्तर आफ्नो देशमा फर्के । सारा प्रजाहरुले बोधिसत्त्व वेस्सन्तरलाई स्वागत गरे ।

उपरोक्त चर्चाबाट बोधिसत्त्व वेस्सन्तरको महान् त्याग बारे स्पष्ट हुन्छ । बोधिसत्त्व कतिसम्म परोपकार उन्मुख छन् भन्ने यो एउटा प्रमाण हो । मङ्गलसम्मत दान दिँदा मानवताको स्वतन्त्र व्यक्तित्वप्रति घाउ भएको भाव यस कथाको मूल प्रत्याशित विषय होइन । साथै एकातिर खालि लिनेलिने, आफू र आफ्नो गुटको मात्र स्वार्थगत फाईदा उठाउन अरुहरुको जे-जस्तोसकै र जसरी भए पनि हडप्ने लोभी ब्राम्हणत्व र अर्कोतिर खालि दिनेदिने, जे पनि दिने त्यागी बोधिसत्त्वको भाव अतुलनीय उदाहरण मान्न सकिन्छ । यसबाट जातक युगीन मानव समाजको प्रतिनिधित्व गरेको देखिन्छ । साथै मद्रीदेवीको आफ्नो जहानप्रतिको प्रेम, सतित्व र वेस्सन्तरको त्यागशीलताको

Downloaded from http://dhamma.digital/

बीचको पारस्परिक द्वन्द श्रृजना हुँदा इन्द्रले दुवैको असल हुने गरी आफूले दान लिन आएको दृष्य पनि धेरै महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ । नत्र वेस्सन्तरको त्यागपछि मद्दीदेवीको शील पवित्रता कलंकित हुने अथवा शीलको पवित्रताको लागि दान कुण्ठित हुने, यी दुवै बौद्ध संस्कारको विपरित पक्ष हुन् । पछि त्यसरी दिएर मात्र बसेर लोभ संस्कार भएकाहरुबाट संसारले कसरी पार पाउँदछ भन्ने तर्क आज हामीसामु उभिएको छ ।

यसप्रकार यो वेस्सन्तर चरित्र अनेको त्यागको आदर्श देखाउने बोधिसत्त्व अवदानमध्ये सायद यसलाई महत्त्वपूर्ण मानिन्छ । पालि जातकको संकलनमा यो जातक सबैभन्दा तल परेको कुरा पनि यस प्रसंगमा सम्झनलायक नै छ ।

## (ख) दान उपपारमिता

वेस्सन्तर जातकमा बोधिसत्त्वको दान पारमिता धेरै कठिन चर्याको रुपमा रहेको छ । तर बोधिसत्त्वहरु यस्तै दानले नै मात्र सन्तोष हुँदैनन् । बोधिसत्त्वहरुको विचार हुन्छ -

*'अहं बाहिर दानमेव देमि, तं मं न परितारेति । अज्झतिक दानं कातुकामोम्हि । सचे मं कोचि हदयं याचेय्य उरं भिन्दित्वा हदयं निहरित्वा ददेय्यं । सचे अक्खिनी याचेय्य उपादेत्वा ददेय्यं ।'*

मैले बाहिरी वस्तु मात्र दान दिइरहेको छु । यसले म पार हुन सक्दिन । आन्तरिक अङ्ग दान दिने पनि इच्छा गरेँ । यदि कसैले मसँग हृदय नै (मुटु) पनि मागेमा म छाती नै फोडेर दान दिन्छु । यसरी नै कसैले यदि आँखा मागेमा आँखा निकालेर दिन्छु ।

वास्तवमा बाहिरी वस्तु दान दिन सजिलो छ तर आफ्नो शरीरको अङ्गप्रत्यङ्ग दान दिन गाह्रो हुन्छ । त्यसैले यस अर्थमा दानपारमिताभन्दा दान उपपारमिता महान् हुन्छ, श्रेष्ठ हुन्छ । परार्थमा आफ्नो धन सम्पत्ति दिनु वा समाप्त गर्नुभन्दा पनि आफ्नो सन्तानलाई दुःख कष्ट दिनु वा त्यस्तो भएको हेर्नु गाह्रो हुन्छ । अझ अर्काको लागि आफ्नो शरीर नै बलिदान गर्नु झन् गाह्रो हुन्छ । तर यी गाह्रो विषयहरु पनि बोधिसत्त्वले आफ्नो चर्या पारमिताको अभ्यासबलले सहज बनाउँदछन् ।

## सीलव जातक (७२)

कथा अनुसार सीलवहस्तिराजले बाटो बिर्सेको एकजना पथिकलाई बाटो देखाइदियो । उसको हस्तिदन्त देखेर त्यस मानिसले पछि शिल्पिलाई सोध्यो- *'मैले हात्तीको दाँत ल्याइदिएमा किन्छौ कि ?' 'शिल्पिहरुले यस्तो दन्त भए हुन्छ, पैसा दिएर किन्ने'* भनेर मात्र के भनेको थियो त्यो व्यक्ति आरी लिएर त्यही जङ्गलमा गएर रुन गयो । फेरि हात्ती आएर उसलाई रोइरहेको कारण सोध्यो । उसले भन्यो - *'स्वामी, म निर्धन, म धेरै दरिद्र । बाँच्ने उपाय नै छैन । त्यसैले म तपाईंकहाँ आएको हुँ । यदि तपाईंले आफ्नो एउटा दाँत मलाई दिनुभयो भने त्यो बेचेर मैले आफ्नो जीवन रक्षा गर्न सक्नेछु ।'*

Downloaded from http://dhamma.digital/

सीलव हात्तीले आफ्नो दाँत काट्न दियो । फेरि भन्यो - *'मैले यो दन्त तिमीलाई मन नपरेर दिइरहेको होइन, मलाई असजिलो वा मलाई आवश्यक नभएर दिइरहेको पनि होइन । मलाई योभन्दा सयगुणा हजारगुणा धेरै बढी धर्म बुझ्ने बुद्धत्वज्ञानरुपी दन्त मन पर्छ । त्यसैले मात्र यो दिइरहेको छु । यो दन्त दानले बुद्धत्वज्ञान बोध गर्न कारण बनोस् ।'* तर त्यो अकृतज्ञ मानिसले त्यो दन्त बेचेर फेरि त्यहीँ आयो । पहिले लगेकोले साहुमात्र तिर्न सकियो तर फेरि बाँकी रहेको दन्त काटेर लियो । केही समयपछि आएर भित्रीदाँत जरैदेखि उखेलेर लिएर गयो ।

दान उपपारमिताको दृढता यस कथामा देख्न पाइन्छ । यसरी नै यो चर्या बोधिसत्त्व अरुलाई दिनुमा कतिसम्म अविचलित रुपमा दृढ हुन्छ भन्ने प्रमाण (दसी) हो । त्यसैगरी छद्दन्त जातक ( ५१४) मा छद्दन्त हात्तीले *दाह्रा किटेर सहेर* आफ्नो दन्त दान दिएझैँ जस्तो दान उपपारमिताको उदाहरण हुनसक्ने जातक कथाहरु धेरै छन् । ती यी उपपारमिताको उदाहरण हुनसक्ने कथामध्ये सिवि जातकलाई (४९९) अति नै महत्त्वपूर्ण मानिन्छ ।

## शिवि जातक (४९९)

शिवि (सिवि) राष्ट्रको राजा भएकोले उनलाई शिवि राजा भनिएको हो । शिवि तक्षशिलामा शिक्षादीक्षा लिइसकेपछि उपराज भए । पछि बाबुको मृत्युपछि राजा भए ।

शिविले राजा हुनासाथ चार नगर ढोकामा चारवटा, नगरको बीचमा एउटा र राजभवन नगिच एउटा गरी जम्मा ६ वटा दानशाला बनाउन लगाए । तर शिवि राजा बाहिरी वस्तु दान दिनुमै सन्तोष भएनन् । आफ्नो शरीरको मासु, रगत वा आँखा दान लिन आएतापछि दिन्छु भनेर विचार गरी दरबारबाट निस्के । उता इन्द्रले शिवि राजाको अधिष्ठानको परीक्षा गर्नको लागि वृद्ध ब्राम्हणभेष धारण गरी शिवि राजाको अगाडि महाराजको जय भन्दै प्रकट भयो । जय जयकार गरी टुप्लुक्क बस्यो । राजाले किन भनी सोध्नासाथ उसले भन्यो- *'महाराज हजुरको दानसंकल्प कीर्तिघोषले सारा लोक प्रभावित भएको छ । म वृद्ध भएँ, फेरि मैले आँखा देख्दिन । हजुरको दुईवटा आँखामध्ये मलाई एउटा आँखा दान दिनुहोस् । त्यसपछि हजुरले पनि देख्नुहुन्छ र म पनि देख्नेछु ।'*

बोधिसत्त्वले जवाफ दिँदै भने- *'ब्राम्हण तिमीले जुन आशा गर्‍यो त्यो पूरा हुन्छ । अब तिमीले आँखा पाउँनेछौ । हेर तिमीले एउटा मात्र आँखा माग्यौ तर म तिमीलाई दुवै आँखा दिन्छु । तिमी आँखा देख्ने होऊ । अनि तिम्रो इच्छा पूरा हुन्छ ।'*

यति भनेर बोधिसत्त्व शिवि परिषद्को बीचमा आँखा निकाल्न नहुने विचारले अन्तःपुरमा प्रवेश गरेर सीवक वैद्यलाई बोलाउन पठायो ।

यो कुरा थाहा पाई प्रजागणहरु जम्मा भएर कराउन आए- *'हे देव, आँखा दान दिनु हुँदैन । हामीलाई बेवास्ता नगर्नुहोस्, बरु धेरै मोती माणिक्य दिनुहोस् । रथ, घोडा, हात्ती आदि पनि दिनुहोस्, तर आँखा दान दिनुहुँदैन ।'*

Downloaded from http://dhamma.digital/

यसरी भन्न आउनेहरुलाई शिवि राजाले नरम भएर जवाफ दिए- *'दिन्छु भनेर जसले नदिने इच्छा गर्छ, उसलाई कम्मरमा बाँधेको पटुकाले आफैलाई घाँटीमा बाँधेर झुण्डिने भनिन्छ । जसले दिन्छु भनिसकेपछि दिँदैन त्यो पापीभन्दा पनि महापापी हुन्छ । जे माग्यो त्यो दिने, नमागेको नदिने गर्नुपर्छ । त्यसैले म त्यही दिन्छु, जुन त्यस ब्राम्हणलाई चाहिएको छ ।'*

यो कुरा सुनी अमात्यहरुले आयु, वर्ण, सुख, बलमध्ये के आशा राखी दान दिन लागेका हुन् ? भनी सोधेको जवाफमा शिवि राजाले भने- *'यो दान न मैले स्वर्गको आशामा दिइरहेको हुँ, न त मैले ऐश्वर्यको लागि दिइरहेको हुँ, न मैले छोराछोरी, धन, राज्यको इच्छा गरी दिइरहेको हुँ, यो त सत्पुरुषको चरित्र हो । त्यसैले मलाई दान दिनुमा नै आनन्द लाग्छ ।'*

राजा शिविले फेरि सीवक वैद्यलाई आज्ञा गर्दै भने कि- *'हे सीवक, तिमी मेरा साथी हौ । तिमी मेरा मित्र हौ । तिमी जान्ने-सुन्ने हौ । तिमीले इच्छाअनुसार आँखा निकालेर त्यस माग्नेको हातमा राखिदेऊ ।'*

राजाले यसरी बारबार भन्नाले सीवक वैद्यले औषधि राखेर नदुख्नेगरी आँखा निकाल्न थाले तापनि आँखा निकालिसकेपछि पीडा हुन्छ, सही नसक्नु दर्द हुन्छ । निस्किसकेको आँखा काटेर निकाल्नअघि सीवक वैद्यले भन्यो- *'महाराज, विचार गरिहेर्नुपर्‍यो । म अहिलेसम्म आँखालाई पहिलेजस्तै गर्न सक्छु ।'*

बोधिसत्त्वले भने- *'ढीलो गर्नु भएन चाँडो काम सकाउनुपर्‍यो ।'*

सीवकले निकालिसकेको आँखा काट्यो । त्यसबेला झन् अति नै पीडा भयो । महारानीहरु र अमात्यहरु त्यहाँ क्वाँक्वाँ रोई बसे । सीवकले त्यो दृश्य हेर्न नसकेर फेरि बिन्ति गर्‍यो- *'महाराज, आँखा दिन परेन । म औषधी गरेर आँखा पहिलेजस्तै गरिदिन्छु ।'*

यसको जवाफमा बोधिसत्त्व शिविले भने- *'यसरी ढिलो गर्नु हुँदैन । छिट्टै मेरो हातमा आँखा राखिदेऊ । मैले छिट्टै आफ्नो दान पूर्ण गर्नेछु ।'*

सीवक वैद्यले पहिले दाहिने आँखा हातमा राखिदियो । देब्रे आँखाले दाहिने आँखा हेर्दै वेदना सहनुहुँदै शिवि राजाले भने- *'ब्राम्हण, आऊ मलाई यो आँखाभन्दा सयगुणा-हजारगुणा ज्यादा सर्वचक्षु मन पर्छ । यस आँखा दिएको कारणले पनि सर्वज्ञतारूपी आँखा प्राप्त गर्न सकुँ ।'* यसरी नै बोधिसत्त्वले अर्को आँखा पनि दान दिए । फेरि त्यस भेषधारी इन्द्र दुवै आँखा दान लिइसकेपछि सबैले देख्ने गरेर नै नगरबाट बाहिर निस्केर देवलोक फर्क्यो ।

केही समयपछि राजाको आँखामा आँसु भरिएको देखियो । तर आँखा भने देखिएको होइन । तब आँखा नदेखेर राज्य के गर्नु भनी विचार गरी राज्यको शासनभार मन्त्रीहरुलाई सुम्पेर उद्यानमा आएर राजा प्रव्रजित श्रमणधर्म पालना गरी बसे ।

यस प्रकार शिवि राजा प्रव्रजित गुणधर्ममा बस्नुभएको बेला देवराज इन्द्र प्रकट भयो । फेरि इन्द्रले बोधिसत्त्व शिविलाई भन्यो- *'मन परेको वरदान माग ।' जवाफमा बोधिसत्त्व शिविले भने -*

Downloaded from http://dhamma.digital/

*'हे शक्र ! मसँग धेरै धन छ, सेना छ, अनन्त कोष छ, तापनि आँखा नदेखेर धेरै बाँचेर बस्नुभन्दा नबस्नु नै जाति हुन्छ ।'*

यसरी बोधिसत्त्वको कुरा सुनी इन्द्रले दानको प्रतिफल यहीँ प्राप्त हुन्छ भनी आँखा दिने कुरा बतायो । त्यसमा शिवि राजाले स्पष्ट पार्दै भने- *'मलाई फेरि आँखा देखाउने भएमा कसैको आँखा लिएर म पर्दैन । आँखादानको फलअनुसार भए मात्र मन पर्छ ।'*

इन्द्रले यो कुरा सुनेर *'सत्यक्रिया गर्नु'* भन्यो । शिवि राजाले पनि सत्यक्रिया गरे- *'अनेक गोत्रको जस्तोसुकै याचक होस् जसले मसँग माग्न आउँछ, उनीहरु मलाई मन पर्छ । मेरो आफ्नो सत्यक्रियाद्वारा मेरो आँखा ठीक होस् ।'*

यसरी बोधिसत्त्वले सत्यक्रिया गरेका मात्र के थिए नयाँ आँखा उत्पन्न भयो, जुन स्वाभाविक आँखा मात्र नभई, दिव्यआँखा हुनगयो । त्यसपछि बोधिसत्त्व शिविले दानको प्रतिफल प्रस्तुत गरेर सबैलाई दानादि कुशल कार्य गर्ने शिक्षा दिँदै धर्मानुसार शासन गरे ।

## (ग) दान परमत्थपारमिता

दानपारमिताभन्दा दान उपपारमिता पूर्ण गर्नु गाह्रो हुन्छ भने अझ दान उपपारमिताभन्दा दान परमत्थपारमिता पूर्ण गर्नु बढी कठिन हुन्छ । किनभने दान उपपारमितामा शारीरिक कष्ट सहन गर्ने क्षमता बढी चाहिन्छ भने दान परमत्थपारमितामा त जीवन नै त्याग गर्ने भावना चाहिन्छ । परको हितार्थ र कल्याणार्थ बुद्धत्व आकांक्षा गर्ने बोधिचित्तले आफ्नो जीवनप्रति माया कहिले पनि गर्नुहुन्न । बोधिचित्तमा जीवन वा प्राण उत्सर्ग गर्ने ठूलो आकांक्षा र त्यसको लागि आवश्यक त्यागबल सधैँ रहिरहन्छ । यसको उदाहरणार्थ जातकीय अभिव्यक्तिहरु कम छैनन् । त्यसमध्ये अभयदानमा उल्लेखित निग्रोध जातक (७२) एउटा उदाहरण हो साथै बौद्ध अभयदान, अहिंसा र प्रेमको क्षेत्र जस्तै क्रमशः विस्तृत हुँदै जान्छ भन्ने कुराको यो राम्रो उदाहरण हो ।

## जयद्दिस जातक (५३०)

काम्पिल्य राजाको दुईजना छोराहरु यक्षणीले खाइदिइन् । तर तश्रो राजकुमार यक्षणीले लैजाँदा यक्षणीलाई पछ्याएर लग्यो । पछि पोखरीमा हामफाल्दा बच्चाले यक्षणीको दुध पियो । तब त्यस बच्चाप्रति यक्षणीको मातृस्नेह उत्पन्न भयो । त्यसैले उसलाई हेरचाह गरी राख्यो । उसलाई 'म मानिस हुँ' भन्ने थाहा थिएन । उसले आफूलाई यक्ष नै सम्झिन्थ्यो । उता राजालाई चौथो पुत्ररत्न प्राप्त भयो । उसको नाम जयद्दिस राखियो । जयद्दिस राजा भएपछि उसको छोरा पुत्ररत्न प्राप्त छोराको रुपमा बोधिसत्त्व अलीन कुमारले जन्म लिए ।

Downloaded from http://dhamma.digital/

एकदिन शिकार गर्न जाँदा राजा जयद्दिस आफ्ना सैन्य भारदारहरुबाट छुट्टिएर मानुष्यक्षकहाँ पुग्दा मनुष्य-मंसको स्वाद थाहा पाइसकेको मानुष्ययक्षले जयद्दिस राजालाई पक्रियो, जो उसैको सद्दैभाइ हो । यसरी पक्रिँदा जयद्दिसले *'दानको लागि एकजना ब्राम्हणलाई दिइसकेको वचन पूरा गरी आउँछु'* भनी फर्केर आउँदा युवराज भएको बोधिसत्त्व अलीन कुमारले बाबुको सट्टामा आफू जाने कुरा गरे । पछि यक्षघोषित भएको र मासुरगतको स्वादले यक्षस्वभाव भइसकेको मानुषयक्षको अगाडि पुगी- *'म मेरो बाबुको सट्टामा आएँ ।'* यक्षले उसलाई प्राणान्त पीडाबारे जतिसुकै कुरा भने पनि अलीन कुमारले भने- *'बाबुको सट्टामा आफू मर्न पाउनु नै मलाई सुखकर विषय हो ।'* अझ अन्तमा यक्षलाई उसको यक्षलक्षण नभएको देखेर उसलाई मानुषस्वभावमा ल्याइदिए । पछि यक्षले मानिसको मासुसमेत खान छोडेको मात्र होइन, ऊ स्वयं ऋषि जीवनमा प्रवेश गऱ्यो ।

## सस जातक (३१६)

यही विषय सस पण्डितको विषयमा पनि हो । बाँदर आदि वनचर प्राणीहरुकाबीच बसेको खरायोले शीलपालन गरिबस्यो । यही शील लिएर बसेको समयमा इन्द्रले ऊसँग भिक्षा माग्न आयो । पहिलेका पण्डितहरुले माग्नासाथ आफूलाई नै बलिदान गरी आफ्नो मासु दिएको सम्झेर खरायोले आफू नै आत्मसमर्पण गर्ने इच्छा गऱ्यो । फेरि आगो बाल्न दिएर आफ्नो शरीर टक्टकाएर प्रण गर्दै भन्यो- *'यदि मेरो शरीरमा कुनै प्राणी छ भने म आगोमा हामफालिसके पछि मर्नुभन्दा अहिले नै तल झर ।'* यसो भनी खरायो आगोभित्र हामफाल्यो । तर यसरी आगोमा हामफाल्दा त्यस इन्द्रले बालेको आगो खरायोको लागि कमलफूलमाथि खसेझैं शितल भयो ।

यी तीन जातकमा पनि आत्मसमर्पणसम्मको वर्णन गरे झैं अन्तमा भने जीवन बचेको नै देखाइएको छ । यसरी यी जातककथाहरुमा दान उपपारमिताको आदर्श देखाए तापनि सुखान्त भएको पाइन्छ । त्यसैले यसका अगाडि महाकप्पिन जातक (४०७) एक तहमाथि पर्छ । किनकि यसमा गर्भवती मृगको सट्टामा मरी नै दिन्छु भनेर गएर पनि राजाको तर्फबाट अभयदान प्राप्त भएझैं अथवा अलीनले बाबुको सट्टामा मासु खुवाउन जान्छु भनी यक्षको अगाडि गए तापनि यक्षले उसलाई छोडेझैं अथवा ब्राम्हणभेषधारी इन्द्रलाई आफ्नो मासु नै दान दिन्छु भनी आगोमा हामफाल्दा पनि खरायो बचेझैं, महाकप्पिनको प्राण बाँदरपरिषद्लाई पार गरिसक्दा पनि बचेन । आफ्नो बाँदरसमूहलाई पार गरिदिएर वा निरापद अवस्थामा पठाइदिएर महाकप्पिन बाँदर मरेर नै गयो । अझ यस हृदयस्पर्शी जातकअनुसार दान परमत्थपारमितामा महासत्वको कथा नै उत्कृष्ट देखिन्छ । त्यसैले पालि परम्पराले दान परमत्थपारमितामा मूल उदाहरण अनुसार ससजातक अगाडि राखे तापनि अझ प्राचीन शिल्पी र चित्रले पनि यसलाई नै मन पराएको छ । भने महासत्व चर्यालाई नै यहाँ संक्षिप्तले दान परमत्थपारमिताको उदाहरणको रुपमा प्रस्तुत गर्नु प्रासङ्गिक देखिन्छ । हो, अवश्यमय पनि यो कथा पालि साहित्यमा देखिँदैन भने त्यस्तै आर्यसुरले आफ्नो जातकमालामा उल्लेख गरेको व्याघ्रजातक सम्ममा राजारानी भएको कथा बनेको थिएन । नेपालमा यो चर्याको विकास नितान्त आफ्नै शैलीमा अगाडि बढेको देखिन्छ । अझ यसले स्वदेशी तथा विदेशी, यसमा पनि विशेषतः तिब्बतीय पद्धतिको महायान सम्प्रदायका श्रद्धालु भक्तहरुमा र यसरी नै

Downloaded from http://dhamma.digital/

यो जातकको क्षेत्र नेपालकै रुपमा बलियो जग बसेर यसले महत्त्वपूर्ण स्थान ओगटेको पनि सयौं वर्ष भैसकेको छ । नेपालका विभिन्न धार्मिक साहित्यमा समेत यसको प्रसङ्ग उल्लेख भइसकेका छन् । धर्मको प्रभाव धेरै भएको इतिहासमा पनि यसको चर्चा भइसकेको छ ।

## महासत्वको कथा

जतिबेला महारथ राजाले गंधवतीपुरमा राज्य गर्दथे, त्यतिबेला उनका महाप्रसाद, महादेव र महासत्व तीनभाइ छोराहरु थिए । एक दिन ती राजकुमारहरुले आफ्ना बाबुको वचन लिएर वनक्रिया गर्न गंधमान पर्वतमा गए । फेरि रमाइलो वनभित्र जाँदै मन्त्री, सिपाही सबै एकातिर परे । तर पनि राजकुमारहरु कहिले फुलिरहेका फूल टिपेर आपसमा हानाहान गर्दै खेल्नमा आनन्द लिइरहे भने कहिले फूल टिपेर आरामले बसेर माला गाँस्दै, बस्दै हाँसिरहे । उता मन्त्री र सैन्य सिपाहीहरु भने चिन्ता लिँदै राजकुमारहरुको खोजीमा लागेका थिए ।

महाप्रसाद टाढा वनान्तरमा पुगेर बाघ भालु सम्भेर डराउन थाले । महादेवले मनमा धन्दा लिन थाले । तर महासत्व भने वनजङ्गलमा ऋषिहरु भेट हुन्छ कि भनेर मनमनै आशा गर्दै बसे । जाँदाजाँदै साँच्चै नै टाढा वनान्तरमा पुगे, नजिकै भौंडी-गुफामा एउटा बघिनीले बच्चा (डमरु) जन्माएर बसेको देखे । महाप्रसाद र महादेव दुवै डराए । तर महासत्वको हृदयमा करुणा भरियो । किनकि डमरुहरुले बघिनीलाई चिथोर्दै मासु नै खानेभैँ गरी चलिरहेका थिए । आमा बघिनी भने चल्न नै नसकेर मुख बाउँदै बसिरहिन् । यो हेर्दै महादेव डराएर महाप्रसाद नजिक बस्न गए । महासत्वले भने आफैलाई बिर्सेर आमा बघिनी र बच्चाहरुतिर आँखा भिमिक्क नगरी एकटकले हेरिरहे । महाप्रसादले त्यस बघिनी त्यसै भोकाएर प्यास लागेर मर्नेछ भनी बताए । किनकि यसलाई तातोतातो मासु, तातो-आलो रगत चाहिन्छ । यसले खोज्न जान सक्दैन । नजिक कोही पनि अगाडि आउँदैन । यो कुरा थाहा पाउनासाथ महासत्व कुमारले मन थाम्न सकेनन् र पनि मुखले भने केही प्रकट गरेनन् । *'एकजनाले आफ्नो प्राण समर्पण गरिदिन्छ भने छवटा बाघहरुको प्राण बच्ने हुन्छ, यो कति ठूलो धर्म हुन्छ होला है ?'* भनी महासत्वले प्रश्न गरे ।

त्यसपछि तीनै जना राजकुमारहरु त्यहाँबाट फर्के । महासत्वको आँखामा भने त्यही बघिनी र डमरुहरु मात्र भलभली आइरहे । उनले *'कुनै उपकार नगरी दीर्घायु भएर बाँच्नुभन्दा केही उपकार गरी मरेर जानु वेश हुन्छ'* भनी विचार गरिसकेपछि दाजुहरु दुवैलाई - *'म वनको बीचमा राखेको एउटा वस्तु लिएर आउँछु, तपाईंहरु विस्तारै जाँदै गर्नुहोस्'* भनी महासत्व फर्केर गए । *'ठूलो एउटा पुण्यसम्भार छुट्ला र ठूलो हानि हुन्छ'* भनेर डराएर दौडिँदै फर्केर पुनः भोकाएका प्यास लागेका ती बघिनी र बच्चाहरुका अगाडि पुगे । करुणायुक्त भएर राजकुमार लुगा फुकालेर अगाडि पल्टिए । फेरि मनमनै सोचे- *'यस मेरो दानको पुण्यले म छिटै अनुत्तर सम्यक् सम्बोधिज्ञान लाभ गरी संसारका सकल प्राणीहरुको उद्धार गर्न सकुँ ।'* तर बघिनी जति भोकाएको भएपनि आफैले महासत्वलाई खान सकेन । तब महासत्वको मनमा विचार उत्पन्न भयो- *'यी बाघहरु अति नै दुर्बल भइसके त्यसैले यिनीहरुले मलाई खान सकेनन् । अब मैले बघिनीलाई आफैले नै मासु काटेर*

Downloaded from http://dhamma.digital/

*नदिइकन हुन्न ।'* यति विचार गरेर महासत्व राजकुमारले आफैले मासु काटेर बघिनीको मुखमा राख्दै खुवाउन थाले । अति पीडाले गर्दा पछि बोधिसत्त्व स्वयंले मासु काट्न पनि सकेनन् । त्यसबेलासम्म बघिनी पनि उठ्न सक्ने भइसकी । बाघका बच्चाहरु पनि चल्न सक्ने भए । तब तिनीहरुले आ-आफै महासत्वको रगत-मासु खाएर आफ्नो भोक, प्यास मेटाए । यसरी महासत्व राजकुमारले अरुको लागि आफ्नो प्राणसमेत समर्पित गरे ।

उता अर्कोतर्फ भने महाप्रसाद र महादेव दुवै राजकुमारहरुको मनमा निकैबेर अबेरसम्म पनि महासत्व फर्केर नआएकाले शंका उत्पन्न भयो । सोही समयमा महासत्वको दान परमत्थपारमिताको कारणले भूकम्प गयो । महाप्रसादको मनमा महासत्व फेरि त्यसै बघिनीकहाँ गयो होला भन्ने पनि शंका भयो । तब किसिमकिसिमका तर्कवितर्क गर्दै दुवै राजकुमार वनतर्फ लागे । तर भौंडीमा पुगी हेर्दा उनीहरुले बघिनी देख्न सकेनन् । स-साना बाघहरु पनि देख्न सकेनन् । त्यसैले फेरि दुवैजना तल भौंडीमा उत्रेर हेर्दा यताउता रगत लागेको केश र हड्डीहरु छरिएको खिङ्रिङ्ग अवस्था देखे । तब राजकुमारहरुका मनमा झन् शंका उठे । त्यसै पनि भाई महासत्व होइन होला भनी विचार गरी यताउता महासत्व छ कि भनी खोजिहिंड्दा एउटा रुखमाथि आफ्नो भाईको मुकुटसहित राज-गहनालुगा झुण्ड्याइराखेको देख्नासाथ दुवै राजकुमारहरु पनि केराको बोट ढलेझैं, जरा नलिएको ठूलो रुख ठूलो आँधीवेरी आउँदा ढलेझैं, चट्याङ परेर पीडा सहन नसकी चित्कार गर्दै ढलेझैं डचाम्मै ढले । फेरि पछि मूर्छाबाट उठेर छाती मल्दै अति नै विलाप गरे । राजप्रासादमा एकातिर परेका मन्त्री, सैन्य-सिपाहीहरु भने राजकुमारहरुलाई खोज्दाखोज्दै गंधमान पर्वतमा आइपुगे । त्यहाँ तिनीहरुले महाप्रसाद र महादेव दुवै राजकुमारहरु क्वाँक्वाँ रुँदै गरेका देखे । महासत्व राजकुमार मात्र देखेनन् । केही क्षण उनीहरुले यस्तोउस्तो केही भन्न सकेनन् त्यहीँ राजकुमारको मुकुटसहित बहुमूल्य गहना र पोशाक रुखमा झुण्डिएको देखे भने चारैतिर रगत उछिट्टिएको र केश, हड्डी आदि छताछुल्ल भएको देख्नासाथ दुवै राजकुमारसहित उनीहरु पनि सबै क्वाँक्वाँ रुन थाले ।

विरह शान्त पारी केही क्षणपछि रुँदै केही कुराकानी गरे । फेरि महासत्व राजकुमारले बाघहरुलाई मासु खुवाएको कुरा बुझ्नासाथ एकपल्ट सबै क्वाँक्वाँ रोए । धैर्यवान् कोहीकोहीले मात्र *'धन्य, धन्य महासत्व राजकुमार कस्ता दयावान'* भनी भने ।

उता दरबारमा भने राजकुमारकी आमा रानी सत्यवतीले *'आफ्नो शरीरबाट दुधको मुन्टो खस्यो, मुखको दाँत झर्‍यो, घरमा पालिराखेको तीनवटा परेवाहरु पाखाको छेउमा खेलिराखेकै समयमा अकस्मात् एउटा बाजले झम्टिएर एउटा परेवा लग्यो, त्यसपछि भने उनलाई जीउभरी सियोले घोचेझैं कष्ट भयो'* भनी सपना देखिन् । यता नराम्रो सपना देखेको र उता तीनैजना राजकुमारहरु फर्केर नआएकोले धन्दा लिइबस्दा खोज्न गएका मन्त्री, सैन्य सिपाहीसहित दुईजना राजकुमारहरु मात्र फर्केर आएको देखिन् । कसैले पनि महासत्व राजकुमारको विषयमा केही भन्न सकेका होइनन् । तर यसै समयमा महासत्व राजकुमारको मुकुटसहित गहना पोशाक लिएर एकजना मन्त्री देखियो । तब भएको वृतान्त कुरा बताउन बारबार आग्रह गर्दा एकजना धैर्य भएको मन्त्रीले भन्यो- *'राजकुमारको प्राण विनाकारणले गएको होइन । भोकाएको बघिनी र बच्चाहरुको प्राण रक्षार्थ हृदयमा करुणा भएको राजकुमारले आफ्नो रगत र मासु दान गर्नुभयो ।'* यति कुरा महारानी सत्यवतीले के सुनेकी थिइन् उनी मूर्छा परिन् । यसरी विरह गर्दै सबैजना रुँदै कराउँदै गर्दा केही

Downloaded from http://dhamma.digital/

दिन बित्यो । तब सबै महासत्वले महादान गरेको ठाउँमा हेर्न गए । यसरी महासत्वको पुण्यस्मृतिमा स्मारक बनाएर महासत्व राजकुमारको महादान चर्या स्मरण गरी बसे ।

यसरी त्यो महासत्व चर्या मानवताको रुपमा दान परमत्थपारमिता पूर्ण गर्ने भएकोले अन्य दान परमत्थपारमिताको उदाहरण कथाभन्दा राम्रो छ । फेरि वेस्सन्तर राजकुमारको दानपारमिता, शिवि राजाको दान उपपारमितासँगै महासत्वको दान परमत्थपारमिता सान्दर्भिक देखिएझैं क्रमबद्ध देखिन्छ पनि । अझ कथाको उद्देश्यमा आँखा खोली अध्ययन गर्दा थाहा हुन्छ कि यी तीनैवटा कथामा पारमिता गुणधर्म, पूर्ण गरेको उदाहरण एउटै जातक कथामा ल्याउने कोशिस भएअनुसार मणिचूड अवदानको सृजना भयो । किनकि यस दानपारमिता, दान उपपारमिता र दान परामत्थपारमिता मणिचूड राजाबाट नै पूर्ण भएको देखिन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# शील पारमिता

शीलको साधारण अर्थ सदाचार हो । यसरी नै शील भन्नाले कायिक र वाचिक कार्य अनर्थरुपमा यताउता प्रयोग वा त्यसलाई राम्ररी आरक्षा गरी राख्नु नै शील हो । साधारण अर्थमा काय र वाक सुशिक्षित हुनुलाई शील भनिन्छ । किनकि यसबाट कुशलधर्मको लागि आधार तय हुन्छ र शरण लिने गरिन्छ । सारा गुणधर्मको मूल नै शील भएको हुन्छ । त्यसरी नै सारा निर्दोष गुणरुपी शरीरको टाउको भएको यो भावलाई शील भनिएको छ । सिस शब्दमा *स* कार *ल* भएर सिल (संस्कृतमा शील) हुनगयो । जसरी टाउको नभएमा शरीरको अस्तित्व नै नहुने हुन्छ त्यसैगरी शील नभएमा गुणधर्मको अस्तित्व रहँदैन । यस भावार्थमा सील (शील) को व्याख्या राम्रो देखिन्छ भने यसले क्लेशले गर्ने डाह पीडा शान्त शितल पार्दछ । यही शितल शब्दको त लोप भएर शील भएको छ । यसको लक्षण नै कायिक र वाचिक कर्म विक्षिप्त नगरी स्थिर गर्ने कुशलधर्मलाई आधार भाव दिनु हो । दुःशीलभाव नबनाउनु यसको कृत्य वा रस हो । साथै परिशुद्धि प्रत्युप्रस्थान भएर लज्जा र भय यसको पदस्थान भएको हुन्छ ।

शीलको राम्रो उद्देश्य देख्नको लागि माथि दिइएको पारिभाषिक वर्णन धेरै उपयुक्त छ । नश शील भनेको नै धर्मको वा पुण्यको अर्थमा जे पनि पालन गर्ने बाह्य विधिविधान भनी देख्ने गर्दछ । जसलाई पालिमा रमाइलो विशेषणको अर्थमा *गोसील, कुक्कुटसील वा सकुणसील* भनियो । अर्थात् अर्को शब्दमा भन्ने हो भने मात्र बाह्य विधिविधानको शील मानिसको लागि मानवशील होइन । बुद्धको समयमा मानिसहरुलाई अनावश्यक तर मानिसहरुले पक्रिराखेर धारणपालन गरिराखेको यस्ता धेरै प्रकारका शील थियो । त्यस्तो शीलको कारणमा कतिले चार खुट्टा टेकेर हिंड्ने गर्दथे, कतिले काँचो मात्र खाने गर्दथे, अझ कतिले घाँस खाने गर्दथे, कति भुईंमा राखेर खान्थे । फेरि यस्तो गर्नेहरु मानिससँग नबस्ने, मानिसको भाषासम्म नबोल्ने गर्दथे । उनीहरु भुईंमा नै सुत्दथे । यस्ता व्रतधारण पालन गर्नेहरुलाई नै बौद्धदृष्टिले *गोसील पालक* (गोशील) भनिन्छ । त्यसरी नै कति प्राय खुम्चिएर सुत्ने गर्दछ, माटो खन्ने गर्दछ । अझ चित्तको, पीडा र विरक्त अवस्थामा अथवा भक्तिभावको समयमा कुकुरजस्तै भुक्नेलाई *कुक्कुटसील* (कुकुरशील) भनिन्छ । कोट्याएर, खनेर खाने व्रतलाई *सकुणसील* (चराशील) भनिन्छ । यी शीलमध्ये आजको संसारमा कतिका शील धर्मको नाममा जस्ताको तस्तै त छैन । तापनि यी शील नै परिवर्तित हुँदै आएको रुपमा पनि आजकाल शील नभएको भने होइन । बौद्धदृष्टिले यी शील मानिसले पालन गर्न योग्य वा गर्नुपर्ने शील होइनन् ।

अब हामी साँच्चैकै शीलको विषयमा विचार गरौं । गुणभावअनुसार यथार्थ शीललाई पनि विभिन्नरुपले विभाजन गरिएका छन् । यी विभाजनको विषयमा विचार गर्नुअघि हाम्रो विषय पारमिता गुणधर्म भएकोले यसै अनुरुप नै एकपल्ट विचार गर्नु सुहाउँदो हुनेछ । हुन त पानी छेक्ने बाँध संवरशील जस्तै हो । शीलले आरक्षित भउको चित्त जहाँ सन्तोष हुन्छ, त्यही नै सबल हुन्छ । त्यसपछि सारा बुद्धहरुका सागरमा जानको लागि शील घाट पनि हुन्छ । मारसेना पराजित गर्नको लागि र क्लेश छिनाउन शील अचूक आयुध हो । शील संसार सागरदेखि तर्न ठूलो द्वीप हो । शील मन पर्ने प्राप्त गर्न मूल्यजस्तै भएर पनि यो कसैले खोसेर वा चोरेर लान सक्दैन । शील *ससारकान्तार* (मरुभूमि) पार नभएसम्म खानको लागि लगिएको आहारजस्तै हुन्छ । यो जहाँ पनि,

Downloaded from http://dhamma.digital/

जहिले पनि वास्नादार फूलजस्तै साथै सबैभन्दा मूल्यवान सत्पुरुषहरुको साँच्चैकै गहनाजस्तै हो । यही शील दिव्य र मनुष्यत्व लाभ वा यशकीर्ति आदिको कारणमा होइन, अझ आत्म मोक्षार्थ मात्र पनि होइन, आफ्नो र परको मोक्षको लागि पालन गर्दै शील बोधिसत्त्वको पारमितामा समावेश हुनजान्छ ।

दृष्टिभ्रम, मानप्रेम र तृष्णाले पीडित नभएको कुशलशीललाई नै शीलपारमिता भनिन्छ । यसलाई सधैं करुणा र उपाय कौशल्यभावले आरक्षा गरी काय र वाक कार्यले गतिशील गर्दछ । भवभोग व देवत्वको तृष्णाले भरिएको शीलपारमितामा समावेश हुँदैन । सत्वहरु शुद्ध हुनु नै विस्पस्नाज्ञानले भनी नबुझेर शीलले नै मात्र शुद्ध हुन्छ भनी विचार गरेमा यो दृष्टिमिश्रित शील कर्म हुन्छ । अरु साना देख्नु मानवत्वले भरिएको शील पनि पारमितामा गन्ती गर्न योग्य शील हुँदैन । सारांशमा ती सम्बोधिमा पुग्न पार जान धेरै उपकार हुने शील नै शीलपारमिता हुन्छ ।

शीलपारमितालाई आर्यशील पनि भनिन्छ । किनकि यो बुद्ध र बोधिसत्त्वहरुको शीलजस्तै अरहतहरुका स्वभावशील पनि हुने । गृहस्थलाई सुहाउँदो र प्रव्रजितलाई सुहाउँदो अनुसार शीलको दुई अङ्ग छन् भने बोधिसत्त्वहरुले गृहस्थ भए तापनि प्रव्रजित भए तापनि शील आरक्षा गर्नुमा भरपर्दो कोशिस गर्दछन् । शील चारित्रशील र वारित्रशील गरी दुई प्रकारका हुन्छन् । पालना गरी पूर्ण हुने वा श्रद्धापूर्ण भएर ग्रहण गरिने चारित्रशील हो । श्रद्धाले आरक्षा गर्न नहुने, छोडिदिनुपर्ने वा विरक्तितर्फ पूर्ण हुने वारित्रशील हो । चारित्रशील पालन आफ्नै आत्मगौरवले स्वेच्छाले गर्नुपर्दछ । मात्र कसैले भनेको कारणले होइन ।

बोधिसत्त्वले चारित्रशीलमा पूजा र सम्मान यथायोग्यरुपले अप्रमादपूर्वक नै पालना गर्दछन् । कल्याणमित्रको सत्संग गर्नु, राम्रो कुरामा साधुवाद दिनु, अरुको अपराधमा क्षमा दिनु, शक्ति बनाउन अरुको गुण प्रकाश गर्नु, आफ्नो दोष सुधार गर्न आत्मलोचना गर्नु, निर्दोष काममा अल्छी नभई प्रयत्नशील हुनु, रोगीहरुको सेवामा उत्साह बनाउनु, ज्ञातिवर्गलाई धैर्य गराउनु, चाहिनेहरुलाई भ्याएसम्म सहयोग गर्नु, अपराधीहरुलाई अपराध गर्न अनुबल नदिनु, बरु सुधारको लागि प्रयत्न गर्नु सारा चारित्रशीलको अङ्ग हुन्छन् । शीलपारमिता पालन गर्नेहरुले बोधिसत्त्वहरुको परम दुष्कर उदारचर्याको कथा सुनेर यस्तो कसले गर्न सक्दछ र ? भनी पछाडि फर्किंदैनन् । *'बरु म पनि त्यही बाटो लाग्नेछु'* भनी विचार गरी सम्बोधि प्राप्त गर्नको लागि वीर्य उत्साह गर्छ । यस्तो उत्साहले युक्त भएर परार्थचर्यामा पालन गरिने शील नै परमार्थ अर्थमा समेटिएर शीलपारमिता पूर्ण हुन जान्छ ।

लोकमा पूजा र सम्मानयोग्यहरुमध्ये बुद्ध, बोधिसत्त्व र आमाबाबुहरु अग्र छन् । गौतम बुद्धको बोधिसत्त्व जीवनवृतान्त पढेमा हामीले देख्छौं कि बोधिप्रार्थना गर्दादेखि सिद्धार्थ गौतम हुनुभन्दा अगाडिकावे बुद्धसम्मको पूजा तथा सम्मान उनले गरेका थिए ।

गौतमबुद्धले आफ्नो सम्बोधिको प्रार्थना दीपङ्कर बुद्धसँग गरेका थिए । त्यसबेला उनले बाटो बनाएर बुद्धप्रति पूजा र सम्मान प्रकट गरे । त्यसपछि कौण्डन्य बुद्धको पालामा बोधिसत्त्व विजितावी भन्ने चक्रवर्ती राजा भएर बुद्धसहित भिक्षुसंघलाई महादान गरी स्वयं धर्मश्रवण गरिसकेपछि भिक्षु भए । मंगल बुद्धको समयमा बोधिसत्त्वले सुरुचि नाम ब्राम्हण भएर जन्म लिए । उनले

Downloaded from http://dhamma.digital/

मंगलबुद्धसहित असंख्य भिक्षुसंघलाई दान दिए र स्वयंले पनि प्रव्रजित भएर जीवन अपनाए । सुमन बुद्धको पालामा अतुल नामक नागराज भएर महादान गरे । रेवत बुद्धको पालामा अतिदेव नामक ब्राम्हण भएर बोधिसत्त्वले ठूलो श्रद्धा देखाई बुद्धको वर्णन गरे । सोभित बुद्धको शासनमा अजित नामक ब्राम्हण भएर धर्मोपदेश सुनेर भिक्षुसंघलाई संघभोजन समर्पण गरे । अनोमदस्सी बुद्धको पालामा यक्ष सेनापति भएर संघदान गरे । पद्मबुद्धको पालामा सिंहको जन्म लिएर निरोधसमापत्ति ध्यानमा बसेका बुद्धलाई प्रदक्षिणा गरे । नारद बुद्धको पालामा ऋषि भएर भिक्षुसंघलाई दान गरे । पद्मोत्तर बुद्धको पालामा जटिल नामक महानागरिक भएर भिक्षुसंघलाई तीन वस्त्र प्रदान गरे । सुमेध बुद्धको शासनमा उत्तर नाम ब्राम्हण माणवक भएर ८० करोध धन त्याग गरी भिक्षु भएर प्रातिमोक्ष शील पालन गरे । सुजात बुद्धको पालामा चक्रवर्ती राजा भएर महादान गरे । प्रियदर्शी बुद्धको पालामा काश्यप नामक ब्राम्हण भएर तीन वेदविज्ञ भएर संघाराम बनाइदिई, दान दिएर प्रवज्या ग्रहण गरे । अर्थदर्शी बुद्धको पालामा सुसीम नामक तपस्वी भएर मन्दारफूलको छाताले बुद्धलाई पूजा गरे । धर्मदर्शी बुद्धको पालामा शक्र भएर बुद्धको सम्मान र पूजा गरे । सिद्धार्थ बुद्धको पालामा मंगल तपस्वी भएर बसेका थिए । उनले बुद्धलाई जम्बुफल दान गरे । तिष्य बुद्धलाई सुजात क्षत्रीय भएर फूलले पूजा गरे । पुष्य बुद्धलाई विजितावी राजा भएर राज्य छोडी शीलाचरणले बुद्धको पूजा गरे । विपश्यी बुद्धलाई अतुल नाग भएर सिंहासन प्रदान गरे । शिखी बुद्धलाई अरिन्दम राजा भएर चीवरवस्त्र र भोजनले पूजा गरे । विश्वभू बुद्धलाई सुदर्शन नामक राजा भएर, ककुसन्ध बुद्धलाई खेम नामक राजा भएर, कोणागमन बुद्धलाई पर्वत नामक राजा भएर दानादि पूर्ण कार्य गरे । काश्यम बुद्धको पालामा ज्योतिपाल ब्राम्हण युवक भएर प्रव्रजित जीवन बिताए ।

यो जातकीय अभिव्यक्ति अवदान साहित्यले केही परिवर्द्धन र परिवर्तनको कोशिस पनि गरेको देखिन्छ । जेसुकै होस् सारांश अभिप्रायः बुद्धप्रति अभिवादन र वन्दना मानादिको चारित्रशील पालन बोधिप्रार्थनादेखि बोधिप्राप्तिसम्म भएको कुराको प्रस्तुति नै मात्र हो ।

त्यसरी नै जुनसुकै जन्ममा पनि बोधिसत्त्वले आफ्ना आमाबुबाहरुलाई गौरव सत्कार गर्दछन् । कुनै जन्ममा त यो गुणधर्म पालन गर्नलाई जीवन नै परित्याग गरेका छन् ।

जयद्दिस्स जातक (५१३) मा अलिन्दले आफ्नो बाबु जयद्दिस्सको लागि प्राण उत्सर्ग गरेको चारित्रशीलको वर्णन माथि गइसकेको छ । बुद्धले उपदेशअनुरुप पूर्ण यौवनमा आमाबुबाहरुलाई आफूमा सामर्थ्य भइकन पनि पालनपोषण नगर्ने व्यक्ति नीच मानिन्छ । त्यसैले बोधिसत्त्वहरुले यो कर्तव्य पालनको अवसर गुमाउनुपर्‍यो कि ठूलो अपशोच गर्दछन् । बोधिसत्त्व सामको विरह यस्तै नै विरह हो ।

*शील पारमिताको कथात्मक व्याख्या :-*

## साम जातक (५४०)

Downloaded from http://dhamma.digital/

दुईजना निषाद मित्रहरुको एकएक जना सन्तान छ, दुकूलक र पारिका । दुवैलाई अनिच्छापूर्वक विवाह गरिदिए । दुवैजना रागार्णवमा लिप्त नभई ब्रह्मार्थमा वासगरे । फेरि दुबैले आमाबुबाको वचन लिए । हिमप्रदेशको हिमनदी किनारमा तपस्या गर्न गए । शक्रले उनीहरुको भलाईको लागि पुत्र प्राप्तिको लागि प्रार्थना गरेतापनि उनीहरुले भने स्वीकार गरेनन् । अन्तमा पारिका तपश्विनीको ऋतुमती कालमा नाभिस्पर्श गर्नासाथ इन्द्रको प्रभावले गर्भधारण भयो । शिशुको जन्म हुनासाथ सुवर्णसाम भनी नामाकरण गरियो । पछि आबाबु अन्धा हुनासाथ पालनपोषण गरी बसे । एकदिन पानी लिन जाँदा वाराणासीका राजा पिलीयक्खले मृग सम्झी हानेको वाणले सुवर्ण सामलाई ढाल्यो । मरणपीडा भएको बोधियत्व सामले राजालाई भने- *'मेरा आमाबाबुकहाँ एकहप्ताको लागि खानेकुरा छ । तर पानी छैन । त्यसैले मेरा अन्ध आमाबाबुहरु पानी पिउन नपाइकन नै मर्ने भए । आफू मर्छु भनेर डर छैन । मलाई त मेरा आमाबाबुहरु खान पाउँदैनन् भनी दुःख लागिरहेछ । मेरी बिचरी आमा अवश्यमेव पक्कै पनि धेरै बेरसम्म रोइरहनु हुन्छ । आधा रात बित्नासाथमा उहाँको आँसु नदीको पानी सुकेर जाने झैं सुक्ने हुन्छ । उहाँ मेरो बाबु पनि धेरै बेरसम्म रुनुहुन्छ । फेरि नदी सुक्ने झैं सरी अन्तमा सुकेर जान्छ । मैले उहाँहरुको सेवा एकरति पनि अल्छी नमानिकन गरिराखेको थिएँ र मेरा आमाबाबु 'छोरा, छोरा' भन्नु हुँदै छामछुम गर्दै यताउता जङ्गलमा खोजिहिँड्नु हुन्छ । यही नै मेरो त्यो घाउ हो, जसले मेरो हृदय थररर कमाउँदै छ ।'*

राजाले सामको विरह सुनेर राजदरबार नफर्किकन त्यहीँ नै बसी ती अन्ध-अन्धा सामको आमाबाबुहरुको सेवा गर्ने विचार गरे । त्यसैले राजालाई बाटो देखाएर सुवर्ण सामले भने- *'मेरो टाउको शिरानमा जुन बाटो छ त्यहाँबाट आधाकोश जानासाथ मेरा आमाबाबुहरु बस्नुभएको ठाउँमा पुग्दछ । त्यहाँ पुगेर उनीहरुको सेवा गर्नुहोस् । हे काशीराज, तपाईंलाई मेरो नमस्कार छ । हे काशीवर्धन, तपाईंलाई मेरो नमस्कार छ । घोर जङ्गलमा तपाईंले मेरो आमाबुबाको सेवा गर्नुहोस् । मेरो विन्ति छ । मेरा आमाबाबुलाई मेरो नमस्कार पुऱ्याई दिनुहोस् ।'*

यी शब्दहरु पलिको गाथाको अनुदित शब्दहरु हुन् । यसभित्र चारित्रशील पालनको क्रियात्मक उद्घोषण प्रतिध्वनित भएको छ । पछि आमाको सत्य प्रभावले साम स्वस्थ्य भएको वर्णन गरिएको छ, जुन यहाँ सम्बन्धित विषयको रुपमा रहेको देखिँदैन ।

## मातुपोसक जातक (४५५)

हिमालयको नगिच रहेको वनप्रदेशमा बास गरेको हात्तीहरुका नाइकेले आफ्नी आमालाई राम्ररी पालनपोषण गर्न परिषद् नै त्याग गरे । तर अन्धी आमाको सेवा गरिरहेको त्यस हात्तीले जंगलमा बाटो बिराएको एकजना पथिकलाई बाटो मात्र के देखाइदिएका थिए, राजालाई गएर सर्वश्वेत हात्तीको बारेमा वर्णन गरी सुनायो । पछि त्यस हात्तीलाई पक्रेर लग्यो । तर हात्तीले दरबारमा खाने पिउने नै गरेन । पछि राजा स्वयं अगाडि आएर सोध्दा त्यस हात्तीले भने- *'त्यहाँ मेरी अन्धी आमालाई बाटो देखाउने कोही पनि छैन । उसले चण्डोरण पर्वततिर आफ्नो सुँड पछार्दै*

Downloaded from http://dhamma.digital/

*विरह गर्दै होली ।'* राजाले यो कुरा सुनेर त्यस हात्तीलाई बन्धनमुक्त गरिदिए । पछि उनको शिलाप्रतिमा बनाएर एकपल्ट आफ्नो देशको यात्रा पनि गरे ।

बोधिसत्त्वहरुले चारित्रशील पालन नगरी खानुभन्दा नखाई मरिजानु उत्तम ठान्दछन् भन्ने यसको सारांश हो । यसरी नै जसले राम्रो यस्तो चारित्रधर्म पालन गर्दछ, उसको यात्रा उत्सव गर्न योग्य हुन्छ । यही कुरा गिज्भ जातक (३९९) को चरित्र चित्रणले पनि अभ्र स्पष्ट हुन्छ ।

## गिज्भ जातक (३९९)

एक समय बोधिसत्त्व गिद्ध भई जन्मिए । त्यतिबेला उनले सिनो ल्याउँदै, खुवाउँदै अन्धा आमाबाबुहरुको पालनपोषण गर्दथे । एकदिन सिनो खोज्दै जाँदा शिकारीले राखेको जालमा फसे । आफू मर्नु पर्छ भन्ने डरभन्दा बढी *'आफू मरेपछि पहाडको चट्टानको भीरमा बसेको अन्धो आमाबाबुहरुलाई कसले पालन गर्छ'* भनी विलाप गर्न लागे । उनको विलाप सुनेर, शिकारीलाई दया लागेर, आमाबाबुको पालनकर्ता भनी जालबाट मुक्त गरिदिए । चारित्रशीलमा रही आमाको सेवामा आफ्नो प्राण नै उत्सर्ग गरेको जस्तो राम्रो उदाहरण हामीलाई चुल्ल-नन्दिय जातक (२२२) को प्रस्तुतिबाट स्पष्ट हुनेछ ।

## चुल्ल-नन्दिय जातक (२२२)

नन्दिय र चुल्ल नन्दिय नामक बाँदरहरुका आमाले आँखा देख्दैन । ती दुवै बाँदर समूहको नाइके हुन् । बाँदरहरुको नेतृत्व गर्दै उनीहरुले आमालाई दिइपठाएको खाद्यपेय पदार्थ आमाकहाँ पुग्दैनथ्यो । यसै कारणले खिन्न भएर आमाको नै सेवा गर्छु भनेर दाजुचाहिँले भाइचाहिँलाई बोलाएर नेतृत्वको भार सुम्पिन खोज्यो । तर भाइ चुल्ल नन्दिय बाँदरलाई चित्त बुझेन । पछि दुवै मिलेर आमाको सेवा उपस्थान गर्नमा तल्लीन रहे ।

एकदिन एकजना शिकारी खाली हात लिएर घर फर्किरहेको थियो । त्यसबेला उसले त्यस अन्धी बाँदर्नीलाई देख्यो । तब तीरले हानेर मार्ने चेष्टा गऱ्यो । त्यो देखेर नन्दियले आफ्नो भाइलाई आफ्नो अनुपस्थितिमा आमाको राम्ररी सेवा गर्नु भनी ऊ आफू स्वयं शिकारीको अगाडि प्रकट हुँदै भन्यो- *'शिकारी, तिमीले मेरी बूढी आमालाई नमार । लौ बरु मलाई मार । म मेरी आमाको सट्टा आत्मत्याग गर्न आएको हुँ ।'* शिकारीले यस कुरालाई स्वीकार गऱ्यो । तर नन्दियलाई मारिसकेपछि त्यस शिकारीले फेरि वृद्ध बाँदर्नीलाई पनि मार्न खोज्यो । तब चुल्लनन्दिय बाँदर पनि अगाडि आएर भन्न थाल्यो- *'हे शिकारी, तिमीले किन मेरी वृद्ध आमालाई मार्न आँटेको ? लौ तिमीलाई पुगेन भने म आफै पनि मरिदिन्छु । तर तिमीले मेरी आमालाई छोडि दिनुपर्छ ।'* यसो भनेर त्यस शिकारीलाई आफ्नी वृद्ध आमालाई मार्दिन भनी प्रतिज्ञा पनि गराएर चुल्लनन्दिय बाँदरले आत्मसमर्पण गऱ्यो ।

Downloaded from http://dhamma.digital/

तर शिकारीले उसलाई मारिसकेपछि पनि फेरि त्यस वृद्ध बाँदर्नीलाई पनि मार्‍यो । यस पापले त्यो शिकारी पृथ्वी फुटेर जिउँदै अवीचि नर्कमा झर्‍यो ।

यसरी यो जातक एकातिर चारित्रशीलको पारमितामा परमत्थपारमिताको उदाहरण हुन्छ भने अर्कोतिर यस जातकले शील परमत्थपारमितापूर्ण गर्नेहरुप्रति अन्यायबाट हुने विपाक पनि देखाउँछ ।

शीलपारमिताको चारित्रशीलमा आमाबाबुप्रति मात्र कर्तव्य सन्निहित हुँदैन, अपितु गुरुजनादिको सेवा पनि चारित्रशील अन्तर्गत पर्दछ । वस्तुतः चारित्रशील जो कसैले पनि पालन गर्नुपर्ने देखिन्छ । आफूभन्दा श्रेष्ठहरुलाई सेवा गर्नु, सम्मान गर्नु, गौरव राख्नु, सुहाउँदो रुपले आवश्यकता अनुसार हुनुपर्छ भन्ने कुरा *भिक्खा परस्पर जातकले* राम्ररी प्रस्तुत गर्दछ ।

## भिक्खा परस्पर जातक (४९६)

एक समयमा एक राजा अगतिमा पर्ने डरले शीलाचरण गुणधर्मले सम्पन्न भई धर्मपूर्वक राज्य गर्दथे । तैपनि आफूमा केही दोष छ कि भनेर भेष बदलेर दुर्गुणताको खोजी गर्न हिँडे । उसले दरबार, नगर, गाउँमा आफ्नो दुर्गुणताबारे बताउने कोही नभेटिएपछि पुरोहितसहित दुर्गम प्रदेशतिर हिँडे । एउटा नगरमा पुग्दा नगरबाहिरको पौवामा बसिरहेको समय त्यस नगरको सेंठले देखेर राजाप्रति करुणाले प्रणीत आहार ल्याएर खान दियो । त्यसै पौवामा एकजना बोधिसत्त्व तपस्वी र एकजना प्रत्येकबुद्ध पनि बसेका थिए । राजाले त्यो खाना पुरोहितलाई नै खाना दान गरे । फेरि त्यस पुरोहितले तपस्वीलाई दान गर्‍यो । अझ तपस्वीले पनि त्यही भोजन प्रत्येकबुद्धलाई सभक्तिपूर्वक चढाए ।

सेंठले त्यसरी एकअर्कालाई दान गरेको र प्रत्येकबुद्धले चुपचाप सेवन गरेको देखेर त्यसको कारण सोध्यो । जवाफमा राजाले भने- *'उहाँ मेरो आचार्य हुनुहुन्छ । मेरो आदरणीय हुनुहुन्छ । मेरो भलाईमा लागिरहनु हुन्छ ।'*

पुरोहितले भन्यो - *'म छोराछोरी जहानको पालनपोषण गर्ने गृहस्थमा आशक्त छु । गृहस्थमा आशक्त नहुने उहाँ तपस्वीलाई दान दिन नै योग्य छ ।'*

बोधिसत्त्व तपस्वीले भने- *'म फलफूल, कन्दमूल खोजेर, खनेर खाने गर्दछु । अरुले दिएको खाद्यान्न पकाएर पनि खान्छु । तर उहाँ प्रत्येकबुद्ध पकाएर खान नहुने अकिञ्चन, परिशुद्धलाई दान दिन योग्य छ ।'*

यसपछि प्रत्येकबुद्धले भने- *'उसले मलाई परिशुद्ध सम्झेर भोजन दान गर्‍यो । दातालाई भोजन निमन्त्रणा गर्नु मेरो आजीविकासँग मिल्दैन । त्यसैले मैले कसैलाई पनि दान नगरी चुपचाप खाएँ ।'*

Downloaded from http://dhamma.digital/

यसरी नै उपकारको बदलामा प्रत्युपकार गर्नु पनि शील अन्तर्गत पर्छ । महाअस्सारोह जातक (३०२) मा महाअस्सारोहले आफू राज्यबाट पलायन हुनु परेको अवस्थामा सहयोग गर्ने एकजना प्रत्यन्त ग्रामवासीलाई पछि आफ्नो राज्य आफ्नो अधीनमा पर्ने बित्तिकै आधा राज्य नै दिए । गुठी जातक (१५७) को सन्देश पनि यस्तै हो । अझ यसरी नै उपकारको बदलामा प्रत्युपकारको आदर्श प्रदर्शन गर्ने कार्यमा भद्दसाल जातक (४६५) ले अतुलनीय रुपमा स्वजन रक्षाको आदर्श प्रस्तुत गर्नुमा सफल देखिन्छ ।

कथा अनुसार ब्रह्मदत्तले भद्दसाल रुख काटेर एउटै मात्र सिंगो महल बनाउन खोज्दा रुखले भन्यो - *'पहिला हाँगा छाँट, पछि टुप्पादेखि रुख काट, अनि पछि सबैभन्दा पछाडि जरा काट ।'* यस कुरामा आश्चर्य मान्ने राजालाई भद्दसालले पुनः भन्यो- *'यसो गर्दा मेरो छाँयामा तलतल उम्रेर आएको स-साना बुट्टा र घाँसहरु धेरै मर्दैनन् ।'* यस्तै कुरा काक जातक (१४०) मा पनि उल्लेख भएको पाइन्छ ।

यसरी नै रोगी सेवक हुनु, सुभाषित वचन बोल्ने हुनु, आफ्नो गुण प्रकाश गरी नबस्नु, अरुको गुणमा ईर्ष्या नगर्नु पनि शील रक्षार्थ गरिने चर्या नै हुन् । वस्तुतः शील शब्दको विषय होइन, कर्तव्यपालनको विषय हो । यस कुरालाई स्पष्ट पार्ने कार्यमा कारण्डिय जातक (३५६) को पस्तुतिलाई राम्रो मान्न सकिन्छ । यसमा जसलाई पनि *'शील लेऊ शील लेऊ'* भनी बाटोबाटोमा शील दिएर हिँड्नेलाई पर्वतको चट्टानहरु झारेर समुद्र पुरेर पृथ्वी सारा समान गर्ने कोशिस गरिरहेको मूर्खको तुलना गरिएको छ । किनकि शीलको अथै नैतिक गुण बनाउन प्रार्थना वा अधिष्ठान गर्नु मात्र होइन । जुन जातकीय आदर्शको विपरीत नगण्यरुपमा बोधिसत्त्व जीवनमा पनि शीलको उपेक्षा भएको पाइन्छ । उदाहरणको लागि *कणवेर जातक (३१८)* मा बोधिसत्त्व कणवेर चोरडाँकु भएको पाइएको छ । यसो भए तापनि प्रायशः बोधिसत्त्व जीवनमा पंचशील पालन नै गरको पाइन्छ । अझ शीलको बोधिसत्त्वले त्यसै पनि रक्षा गर्नुहुन्छ, जसरी किकि नामको बट्टाई चराले आफ्नो अण्डा रक्षा गर्छ, चौरी गाईले आफ्नो पुच्छर रक्षा गर्छ, आमाले आफ्नो एक्लो छोराको रक्षा गर्छिन्, कानोले आफ्नो एउटा आँखाको रक्षा गर्छ ।

बोधिसत्त्वले मैत्री र करुणामा प्रतिष्ठान हुन प्राणघातदेखि अलग हुने गर्दछ । साथै आफूबाट अरुलाई अभय प्राप्त गराउँदछ । बोधिसत्त्वसँग सपनामा समेत रिस रहँदैन, उनको हृदय जहिले पनि मैत्रीले भरिएको हुन्छ । परोपकारको विचार भएकोले परवस्तुलाई सर्पसमान ठान्दछन्, अदत्तादान ( चोरी) बाट रहित भई बस्दछन् । गृहस्थी भए तापनि बोधिसत्त्वले परदारलाई दिदीबहिनी समान वा आमा समान सम्झिन्छन् । अरुलाई जहिले पनि आफ्नो तर्फबाट सशंकित नहुने गरी जिउन लगाउँदछन् । अझ अशुभ भावनामा अभ्यासरत प्रव्रजित बोधिसत्त्व मैथुन धर्मदेखि नै अलग रहन्छन् । यसले गर्दा अरुबाट मन नपराई बस्दैनन् । बोधिसत्त्वले भएको र आवश्यक साथै काम लाग्ने कुरा मात्र नम्रतापूर्वक बोल्दछन् । त्यसैले अरुलाई हृदयमा आफूप्रति अविश्वास राख्न नपर्ने वतावरण बनाउँदछन् र शील गुणधर्म आरक्षाको आदर्शमा यसो भन्दछन् -

***धनं चजे यो पन अंगहेतु, अंग चजे जीवितं रक्खमानो ।***

***अंग धनं जीवनं चांपि सब्बं, सच्चे नरो धम्म मनुस्सरन्तो ॥***

Downloaded from http://dhamma.digital/

अङ्गप्रत्यङ्गको हितमा धन त्याग गर्दछ, जीवन मात्र रहने हो भने आवश्यक भएमा शरीरको अङ्गप्रत्यङ्ग पनि परित्याग गर्दछ । तर धन, अङ्ग र जीवन सारालाई साँच्चैकै मानिसले धर्मको निर्मित शील धर्मको पालनमा परित्याग गर्दछ ।

यसरी शील पालन गर्नुमा धेरै फल प्राप्त हुन्छ भने फेरि शीलको प्रतिफल यहाँको यहीँ नै पाइन्छ । बोधिसत्त्वले प्राणघातकको विरक्तिले गर्दा सीधा शरीरसहित महापुरुष लक्षण, असत्य र सिंहजस्तै शुरवीरत्व प्राप्त गरे । संक्षिप्तमा भन्ने हो भने चारित्रशील र वारित्रशील दुवै शासनको जरा हुन् । बोधिसत्त्वहरुलाई यिनै शीलधर्म दिव्यचक्षु, दिव्यश्रोत र आश्रवक्षय ज्ञान प्राप्न गर्नलाई हेतु पनि हुन्छ । रमाइलोको लागि वा शक्ति प्रदर्शनको लागि तममा वा मोहमा हिंसादि कर्म गरी शील नबिगारिकन र भवभोग, यश सम्मान आदि प्राप्त गर्नको लागि अझ स्वास्नी, छोराछोरीको कारणसम्ममा पनि शील नबिगार्नु शीलपारमिता हो । आफ्नो शरीरको अङ्गप्रत्यङ्ग आरक्षाको निम्ति पनि शील नबिगार्नु नै शील उपपारमिता हुन्छ । साथै जीवन नष्ट हुञ्जेलसम्म पनि शील नबिगारी पालन गर्नु नै शील परमत्थपारमिता हो ।

स्वयं आफ्लै पारमिता गुणधर्म पालन गर्दै बुद्धत्व प्राप्त हुन सक्छ । यो ज्ञान कसैको उपासना वा कसैको कृपाले प्राप्त हुने होइन । त्यसैले नै बुद्धत्व भन्नु ईश्वरको दूत वा ईश्वरको पुत्र वा स्वयं ईश्वरको अवतार भाव प्राप्ति भनेझैँ बिल्कुल होइन । त्यसैले नै उनको धर्ममा सदाचारको मूल्य यथार्थ रुपमा पाइन्छ । तब त्यहाँ खाद्यशुद्धि, जलशुद्धि र अग्निशुद्धि आदि बाह्यशुद्धि भन्नेलाई कुनै प्रकारले पनि ठाउँ छैन ।

बौद्ध दृष्टिकोणमा पञ्चशील पालन न्यूनतम रुपमा मानिसको लागि नैतिक कर्तव्य हो । एकातिर पाप गरी बलियुक्त यज्ञ गरी पापबाट मुक्ति हुने ठानेर बस्ने वर्ग, अर्कोतिर यज्ञको दक्षिणा लिएर बस्ने वर्ग, अझ त्यसमा धर्मको आधार लिएर आफ्नो पक्ष बलियो बनाएर पनि दया, प्रेम र करुणा भन्ने अनावश्यक ठानिएको समयमा बुद्धको *अहिंसा* एउटा चुनौती हो । त्यसैगरी गरिबीको कारण बुझ्न नसकेर पायक परे अनुसार चोर्ने कार्यको विवशताले भरिएको जीवन बिताएर बस्नेहरुलाई बुद्धले *अदिन्नादान* (चोरी गर्नुबाट विरक्त रहने) को उपदेश दिए । अतृप्त स्वभावको भोगको लागि सयौं, हजारौं संख्यासम्म महिलाहरु विवाह गर्नु, अझ अनैतिक आचरणले धर्ममा बाधा नदेखि डुबिरहेका वर्ग र अनैतिक भोग विलासको शिकार भएर बस्नुपर्ने वर्गको बीचमा भइरहेको कलह, अशान्ति नाश गर्न *कामेसु मिच्छाचारा* (काम राग दुरुपयोग) देखि विरक्त हुने शिक्षा दिए । ज्ञान, चेतना र विवेकलाई सजिलै हलका पारिदिने, निरर्थक बनाइदिनेमा असत्यभाषणले ठूलो भूमिका खेलेको रोक्नलाई बुद्धले *मुसावादा* (झुठो बोल्नु) देखि विरक्त हुनलाई निर्देशन दिए । फेरि अज्ञानतामा पुण्यार्थीहरु मस्त हुनझैँ आफू धर्मको नाममा सुरा, यज्ञमंस अझ कतिले त सुन्दरीसमेतले पनि मस्त भएको, अझ यसो भएर पनि थाहा नपाउने धर्माधिकारीहरुको आँखाले देख्नको लागि बुद्धले मादकपदार्थ आदि सेवन गर्ने वस्तुबाट अलग बस्ने शिक्षा दिए ।

त्यसैले शीलको महत्त्व प्रकाश पार्नको लागि साथै बोधिसत्त्वले शीलपालनाको लागि कतिसम्म कसरी प्रयत्न गरे भन्ने बुझ्को लागि पहिला शील भङ्ग गर्दा भोग गर्नुपर्ने भोगको केही विवेचना जातकीय अभिव्यक्ति अनुरुप गर्नु आवश्यक देखिन्छ ।

Downloaded from http://dhamma.digital/

## मतकभत्त जातक (१८)

कुनै पनि मृतक व्यक्तिको नाउँमा श्राद्ध गर्न प्राणीको हत्या गर्नु निरर्थक हुन्छ भन्ने कुरा यस जातकले स्पष्ट पार्दछ । तीन वेद जान्ने, लोक प्रसिद्ध आचार्य ब्राम्हणले आफ्नो शिष्यलाई भन्यो- *'नदीमा लगेर भेडालाई नुहाऊ, फूलमाला पहिराऊ, पाँचऔंलाको टिका चिन्ह राखेर नदी किनारमा राखिराख ।'* शिष्यले त्यसै गऱ्यो । तर त्यसो गर्दा भेंडा एकपल्ट हाँस्यो, एकपल्ट रोयो । पछि ब्राम्हणशिष्यले त्यसको कारण सोध्दा आचार्य ब्राम्हणको अगाडि मात्र बताउनेछु भनी भन्यो र पछि आचार्य ब्राम्हणको अगाडि भन्यो- *'हे ब्राम्हण पहिलाको जन्ममा म तिमीजस्तै मन्त्र पाठ गर्ने ब्राम्हण थिए । मैले पनि श्राद्ध गर्छु भनी एउटा भेंडा कोटें । तब त्यो भेंडा काटेको पापले चारसय उनानब्बे चोटी आफ्नो टाउको कटाएर आइसकें । आज म पाँचसयौं पल्ट टाउको कटाउन लागिरहेको छु । म पापबाट मुक्त हुन पाइने भयो भनी सम्झिँदै म हर्षित भएँ । फेरि जसरी मैले दुःख पाएँ त्यसरी नै तिमीले पाँचसय पल्ट टाउको कटाउनुपर्ने भयो भन्ने विचारले दुःख मानी म रोएको हुँ ।'*

यो उक्तिले श्राद्ध कर्ममा बलि दिनुको कतिसम्म विरोध गर्दछ भन्ने कुरा स्पष्ट गर्दछ । हिंसालाई साधन गरी आफ्नो स्वार्थसिद्ध गर्ने ब्राम्हण पुरोहितहरुका कामकुरा र त्यसमा पत्यार गरेर हिंसा गर्नेहरु, अझ मानिस भएर मनुष्यसमेत बलि दिनेहरु, यज्ञमा अर्पित गर्नेहरु जजमानहरुको वर्णन पढ्दा आज पनि मानव हृदयमा ग्लानि र क्षोभ अनुभव हुन्छ । यसको प्रमाणको लागि धोनासाख जातक (३५३) अध्ययन योग्य छ ।

आफ्नो कोकनद प्रासाद भव्यरुपले बनाउन सकिनासाथ उदयपुत्र बोधिराज कुमारले 'अरुलाई पनि त्यस्तै समान प्रासाद कलाकारहरुले बनाइदिनेछ' भन्ने डरले कलाकारको आँखा नै फोडिदियो । तर यसबारे वेदज्ञहरुले कुनै पनि टिप्पणी गरेनन् । भिक्षुहरुको सभामा यसबारे कुराकानी चल्यो । *'आयुष्मानहरु, बोधिराजकुमारले त्यस्ता महाकर्मीहरुका आँखा फोडिदियो । ओहो ! कति कठोर व्यक्ति ! कतिसम्म पत्थर हृदय !! कतिसम्म दुस्साहसिक व्यक्ति !'* बुद्धले यसै प्रसङ्गमा आफ्नो स्वार्थको छुरा धार लगाएर अरुलाई पनि स्वार्थको छुरा तिखार्न लगाउने कुरामा बलिको मोहप्रथा खण्डन हुने गरी एकजना ब्राम्हणको कुरा प्रस्तुत गरे ।

## धोनसाख जातक (३५३)

ब्रम्ह्मदत्तको पुरोहित पिङ्गिलले विचार गरे - *'ब्रह्मदत्तलाई एकछत्र राजा बनाउन सके म एकछत्र राजाको एकछत्र पुरोहित हुन पाउँछु ।'* यसरी विचार गरी उसले राजालाई युद्ध गरायो । तर तक्षशिलाको राजालाई भने जित्न नै सकेन । तब तुरुन्त लाभ देखेर राजालाई भन्यो -*'हजार जना राजाहरुलाई पक्रेर पाँच प्रकारका मधुरमांस निकालेर, त्यसले पिपलबोटको देवतालाई पूजा गर्नु, आन्द्राले रुख बेर्न लगाउनु, रगतको पाँचऔंला डाम तगाउन सकियो भने अविजित तक्षशिलाको राजालाई पनि जित्न सकिन्छ ।'* राजाले पनि त्यसै गऱ्यो । तर यसले गर्दा अञ्जिसकत नामक यक्ष नै क्रोधित भयो । अतिहिंसाले हिंसकको हृदयमा पनि कम्प (अशान्त, हलचल)

Downloaded from http://dhamma.digital/

ल्याइदिन्छ, क्षोभ ल्याइदिन्छ । यक्षको राजाले आँखा कानो बनाइदियो । आफ्नो आँखा दुखेर रुखमुनि बस्न जाँदा, रुखमाथि बसेर मासु खाइरहेको गिद्धले झारिल्याएको हड्डीका टुक्रा लगेर राजाका अर्को आँखा पनि फोडाएर अन्धा भयो । अन्धा राजा मारेर गयो । राज्य पनि टुक्रिएर गयो ।

हिंसा वास्तवमा विनाशकारी धर्म हो । हिंसायुक्त विजयले चिरकालीन एकता वा शान्ति ल्याउन सक्दैन । कसैले हिंसा धर्म हो भनी भन्दछ भने त्यो अन्धाधर्म नै हो । हिंसा कुनै समयको लागि आफ्नो आत्मतृप्त नभएमा तत्क्षण नै अरुलाई तप्त गर्ने धर्म हो । अझ बलियुक्त हिंसा त आफूलाई पनि तप्त गर्ने, अरुलाई पनि तप्त गराउने धर्म नै भयो । यस अवस्थामा त्यहाँ प्रेम, करुणा, मैत्री र एकता कहाँ हुन्छ ? परमशान्ति कहाँ हुन्छ ? बुद्धधर्म त्यो वास्तविक धर्म हो, जसले आफूलाई पनि तप्त नगर्ने, अरुलाई पनि तप्त नगराउने चर्या सिकाउँदछ । (कन्दरक सुत्त, मज्झिम निकाय) हिंसायुक्त यज्ञ गर्नेलाई खण्डहाल जातक (५४२) अनुसार बोधिसत्त्व आदर्शले स्पष्टरुपमा चुनौती दिन्छ । जस्त :-

*यदि किर यजित्वा पुत्तेहि, देवलोकं इतो चुता यन्ति ।*

*ब्राम्हणो ताव यजतु, पच्छपि यजसि तुवं राजा ॥*

छोरा बलि दिएर यज्ञ गर्नाले यहाँ मरेर स्वर्ग जाने हो भने ब्राम्हणले नै पहिला आफ्नो छोरा बलि दिएर यज्ञ गराउन लगाउनु होस् । बाबु तपाईंले पछि माञ्ञ यज्ञ गर्नुहोस् ।

त्यसैले अहिंसा धर्म शीलपारमितामा सबैभन्दा माथि पर्दछ । त्यही अहिंसा, करुणा र मैत्रीपारमिता पूर्ण गर्ने आधार पनि । फेरि बोधिसत्त्वहरुको अहिंसा आदर्शले क्रोधलाई अक्रोधले जित्ने पृष्ठभूमि खडा भएको हुन्छ । बाघलाई पनि आफ्नो शरीरको रगत मासु खुवाएर परप्राणी बचाउने दान परमत्थपारमितापछि आएको अहिंसाको लक्षणले यही नै स्पष्ट हुन्छ । बुद्धले मारहरुलाई जित्नुभयो, तर उनीहरुलाई मारेर होइन । देवदत्तको विद्वेष बारे बरोबर भिक्षुहरुले चर्चा गर्छन्, तर कहीँ पनि उसको विनाश होस् भन्ने कामना कसैले पनि गरिराखेको देखिँदैन । भ्याएसम्म उपकार गर्नु, असमर्थ हुनासाथ *'सब्बेसत्ता कम्मस्सका'* भन्नु नै बौद्धआदर्श हो । मार्नेलाई मार्नु नै पर्छ, उडुस उपियाँ मार्नु अकुशल कार्य होइन भन्ने कुरा राजनैतिक दृष्टिले ठीक हुनसक्छ, तर पारमिता साथै उपपारमिता र परमत्थपारमिताचर्या गर्ने संस्कृतिमा भने उपयुक्त हुन सक्दैन । 'सकल प्राणीहरु दण्ड देखेर डराउँछन्, सबै मृत्यु देखेर डराउँछन्, सकल प्राणीहरुको जीवनप्रति माया छ भनेर देख्नु धर्मको पदचिन्हमा पाइला सार्नु हो । धम्मपद (१२९) अनुसार सकल प्राणीलाई आफूसमान ठान्नु, घात गर्नु हुन्न, गराउनु पनि हुन्न, धम्मपद (१३१) अनुसार विशेषताः 'आफ्नो सुखको लागि अरुको सुख, मनपर्ने प्राणीहरुको हत्या गर्नेलाई सुख हुँदैन र मेत्त सुत्त अनुसार उत्पन्न तथा सम्भावित प्राणीप्रति मैत्री राख्नु, वसल सुत्त अनुसार *'योनिज वा अण्डज प्राणीहत्या गर्नेलाई शूद्र चण्डाल भनिन्छ'* आदिले बौद्ध अहिंसाको अर्थ राम्ररी गहिरिएर बुझाइदिन्छ ।

अझ बोधिसत्त्वहरुले आफू एक्लैले मात्र अरुलाई नमार्ने होइन कि कसैलाई पनि हिंसा गर्न नदिने प्रयत्न गर्दछन् । प्राणी मात्रलाई नै अभय वरदान प्राप्त गराउँदछन्, जस्तै निग्रोधमृग जातक ( १२) । ऋण तिर्न नसकी गंगामा डुबेर मर्न खोज्ने मानिसलाई करुणा राखी रुरुमृगले प्राणको बाजी

Downloaded from http://dhamma.digital/

राखी रात्रिको समयमा पानीबाट बाहिर निकालिदियो । तर *'म यहाँ छु भनेर नभनिदिनु'* भन्दा पनि धनको लोभले राजालाई बताइदियो । तब राजाले रुरुसँग भेटे, त्यस मित्रद्रोहीको कामबारे पनि थाहा पायो । तब राजाले उसलाई मार्न खोज्दा मृगले भन्यो - *'महाराज, यसलाई बाँच्न दिनोस् ।'* यो रुरु जातक (४८२) को उदाहरण हो ।

मिलिन्द प्रश्नअनुसार अहिंसा त धर्मको प्रधान लक्षण हो । बुद्धको यो स्वाभाविक वचन हो त्यसैले बोधिसत्त्वले अहिंसाधर्म पालन गर्नु भएको स्वाभाविक नै हुन्छ भनी पुनः उल्लेख गर्नुपर्ने जस्तो देखिँदैन । लक्खण सुत्त, दीघनिकाय अनुसार वास्तवमा बोधिसत्त्व जीवनको यस्तो ठूलो अहिंसा गुणधर्मको पालनले नै बुद्धलाई अयातपाणी, लामालामा औंला, सीधा शरीर प्राप्त भएको हो ।

अदिन्नादान (चोरी) नगर्नु पञ्चशीलको दोश्रोशील हो । नदिइकन अरुको वस्तु लिनु नै अदिन्नादानको अर्थ हुन्छ । त्यसैले नचोर्नु यसको साधारण कामचलाउ अर्थ हो भने नदिइकन अरुको वस्तु खोसेर नलिनु वा फकाई नलिनु पनि यसको भावअर्थ हुन जान्छ । सीलवीमंस जातकको जातकीय अभिव्यक्ति यसको राम्रो उदाहरण बन्न सक्दछ ।

## सीलवीमंस जातक (८६)

वाराणसीको बोधिसत्त्व राजपुरोहितमा विचार उत्पन्न भयो -*'मलाई गरिएको सम्मान जातिको कारणले हो कि ? गोत्र, कुल, प्रदेश, शिल्पसम्पदा वा शीलसम्पदाको कारणले हो ?'* यस कुराको परीक्षण गर्नलाई पुरोहित दरबारदेखि घर फर्किंदा बाटोमा परेको सराफि पसलमा गएर एक असर्फी चुपचाप लिए । सराफिले देखेतापनि पुरोहितप्रति श्रद्धाले गर्दा सराफिले केही पनि भनेन । फेरि भोलिपल्ट पनि त्यसरी नै एउटा असर्फी लिए । पसलेले फेरि पनि केही नबोली सहचो । तर तेश्रो दिन पनि लिनुहुँदा सराफिलाई रिस उठ्यो । उनलाई राजपुरोहित भनेर त्यसै छाडिदिएन । पक्रेर लगेर राजाकहाँ लग्यो । आफ्नो पुरोहित पक्रेर उभ्याउन ल्याउँदा राजा आश्चर्य भए । पछि राजाले - *'किन त्यसरी असर्फी लिएको'* भनी सोध्दा पुरोहितले आफ्नो मनको सारा कुरा बताए । तब उनले शील नै संसारमा श्रेष्ठ हो भन्ने कुरा स्वीकार गरे । त्यसैले *'शील नै श्रेष्ठ भएपछि किन शीलाचरणमा कोशिस नगर्ने ? किन पुरोहित काम नछाड्ने ?'* भनी विचार गरेर ऋषि प्रव्रज्या धारण गरे ।

जुनसुकै जातिको भए तापनि शीलले नै जातित्वको बन्धन चुँडाएर वन्दना र मान गराउँछ, त्यसैले सारा कुलभन्दा शील नै ठूलो भन्ने कुरा र कसैले चोरी गर्न नसक्ने अविनाशी धन नै शील भन्ने कुरा पनि यसले स्पष्ट गर्दछ । साथै धर्माधिकारी जातकले यो पनि स्पष्टतापूर्वक भन्दछ कि बौद्धदृष्टिमा सम्मान भनेको कुल, गोत्र, जाति र प्रदेशको कारणमा होइन सदाचारको कारणमा राख्नुपर्छ । साथै सदाचरण दोश्रो आचरण हो, श्रमजीवि हुनु । अरुको श्रममा वा उत्पादित वस्तुमा मात्र नै अनुद्योगी र दुःशील भएर बाँच्ने जीवन राम्रो जीवन होइन । आफ्नो वस्तु मात्र आफूले लिने नगरेर अरुको वस्तु लिने राम्रो गुणधर्म होइन । अझै यथार्थज्ञानले हेर्ने हो भने कसैले नदेख्ने गरी कसैको वस्तु लिनु भनेको नै हुँदैन भनी सीलवीमंसन जातक (३०५) मा स्पष्ट गरिएको छ ।

Downloaded from http://dhamma.digital/

## सीलवीमंसन जातक (३०५)

आफैले सिकाइराखेको पाँचसय शिष्यहरुमध्ये एकजनालाई वाराणासीको प्रसिद्ध आचार्यले आफ्नी छोरी दिने विचार गऱ्यो । त्यसैले एकदिन आचार्यले आफ्ना शिल्पज्ञहरुलाई बोलाएर भन्यो- *'मेरी छोरी तरुनी भई । उसलाई विवाह गरिदिनु पऱ्यो । यसको लागि मलाई गहना चाहिएको छ । त्यसैले तिमीहरु गएर तिम्रा आफन्तहरुले नदेख्ने गरी गहना, लुगाहरु लिएर आऊ । जसले बढी गहना, लुगा मेरी छोरीलाई ल्याउँछ, ऊसँग नै मेरी छोरीको विवाह हुनेछ ।'* यो शुभ समाचार सुनेर शिष्यहरु ठूल्ठूला गहनाका पोकाहरु लिएर आएर आफ्नो गुरुको अगाडि राखिदिए । तर त्यसमध्ये बोधिसत्त्व भने खाली हात फर्किएर आए । आचार्यले सोध्दा बोधिसत्त्वले भने- *'पाप गर्नको लागि यस्तो ठाउँ नै कहीँ छैन, जहाँ कसैले देख्दैन । मैले कसैले नदेख्ने ठाउँ भन्ने नै देख्न सकिन । जहाँ अरु कोही नभए पनि त्यहाँ म त छँदैछु नि । मैले आफैले देखी हाल्छु । त्यसैले मैले कसैले पनि नदेख्ने गरी केही ल्याउन सकिन ।'* पुरोहितले पछि यथार्थ कुरा सारा शिष्यहरुलाई भनेर बोधिसत्त्व नै वास्तवमा साँच्चै जान्ने, बुझ्ने र असल शिष्य भनी घोषणा गऱ्यो । फेरि बोधिसत्त्वसँगै आफ्नी छोरीको विवाह गराइदियो । अन्य शिष्यहरुलाई उनीहरुले लिएर आएका गहनाहरु उनीहरुलाई नै फर्काएर लाने आज्ञासँगै शीलको उपदेश दियो ।

त्यसैले *'नदेख्ने गरी'* भन्नु नै आफ्नो विवेकको आँखा बन्द गर्नु मात्र हुन्छ । मानिसले विवेकले अरुको वस्तुलाई सर्पजस्तै सम्झनुपर्छ । बोधिसत्त्वहरुले अरुको वस्तुलाई घैंटोको टुक्राजस्तै ठान्दछन् । परोपकारी चित्त भएकोले बोधिसत्त्वहरु सजिलै स्वाभाविकरुपले नै अदिन्नादान शील पालन गर्दछन् । वास्तवमा चोरी नगर्नाले नै निशंक जीवन बिताउन पाइने हुन्छ ।

व्यभिचारी नहुनु पञ्चशीलको तेश्रो शील हो । कामपिपाशाजस्तै कामभोग पनि कहिल्यै मेट्ने प्यास होइन । बरु कामविरतिले मात्र नै कामपिपाशा निको भएर जाने हुन्छ । त्यसैले बौद्धहरुले यस्तो तृप्त हुन नसक्ने कामभोगको लागि आफ्नो विवाहिता स्त्री वा पुरुष बाहेक अन्य स्त्रीपुरुषसँग कामभोग नगर्ने प्रण गर्दछन् । शान्तप्रद नै नहुने कामभोगमा लिप्त हुँदा त्यसले जीवनमा नारकीय दुःखलाई समेत निम्त्याउने हुन्छ, जसले पछि यस दुःखको परिताप हटाउने अवसरसम्म उनीहरुलाई पाइने हुँदैन । यसको उदाहरण स्वरुप लोहकुम्भी जातक (३१४) लाई लिन सकिन्छ ।

## लोहकुम्भी जातक (३१४)

एक जन्ममा बोधिसत्त्व ऋषिप्रव्रज्या ग्रहण गरेर ध्यान तथा अभिज्ञा प्राप्त गरेको बेला वाराणसी नरेहले सपनामा चार नारकीय प्राणीहरुको चित्कार गरेको सुनेर राजा डराएको कुरा सुनाउँदा पुरोहित ब्राम्हणले *'सर्वचतुष्क यज्ञ अर्थात् मानिस, हात्ती, घोडा लगायत सारा प्राणीहरु चरचार संख्यामा बलि दिएर दशाग्रह हटेर जान्छ'* भनी बलियज्ञको तयारी गर्न लगाए ।

Downloaded from http://dhamma.digital/

उता यो कुरा ध्यानदृष्टिले देखेका बोधिसत्त्वले *'घोर अनर्थ हुन लाग्यो'* भन्ने विचार गरी हिमालयबाट वाराणसी नरेशको राजउद्यानमा आएर राजालाई सपनाको वास्तविक अर्थ बताए । वास्तवमा ती प्राणी परस्त्री गमन गरी त्यसको परिणामले लोहकुम्भी नरकमा उत्पन्न भएर साठ्ठीहजार वर्ष बिताइसकेका थिए । उनीले नै नरकमा बस्नुपरेको कर्मफलको दुःखमनाउ गरेको र अब मनुष्य भएर जन्मेमा शीलवान हुने प्रतिज्ञा गर्न खोजेको तर कर्मफलले गर्दा एउटा एउटा अक्षर मात्र भन्न पाएको र फेरि लोहकुम्भीमा नै डुबेको कुरा बोधिसत्त्वले बताए । तब राजा विश्वस्त भएर राजाले पशुबलि यज्ञ बन्द गरे ।

परस्त्री गमनले वास्तवमा मानिसको पौरुषत्व नै नाश गरिदिन्छ । काम मिथ्याचार एकातिर भोगमय आनन्द हो भने अर्कोतिर गधाको भारी बोक्ने काम पनि हो । महानारद काश्यप जातक (५४४) ले यसको प्रमाण दिन्छ । काम मिथ्याचारदेखि टाढिएर पछि मैथुनधर्मदेखि पनि टाढिन सकिनेछ । तब कसैलाई पनि पाप चेतनाले नहेरेर बस्न सकिन्छ । जसले गर्दा उसको चित्त शुद्ध हुन्छ । बोधिसत्त्वहरुले परस्त्रीलाई बहिनी र छोरी नै देख्दछन् । यसले गर्दा मैथुनराग हुँदैन । यसले नै बोधिसत्त्वहरुलाई नैष्क्रम्यचित्तले अगाडि बढ्न बल पनि प्राप्त हुन्छ । उहाँहरुको प्रत्येक भाषण सबैलाई हितकर र प्रियकर हुन्छ ।

असत्यवचन नबोल्नु नै चौथो शील पालन गर्नु हो । भगवान् बुद्धले असत्यवचन र श्रमणत्वको विषयमा अम्बलट्ठिक सुत्त, मज्झिम निकाय (२/२/१) मा उपमासहित उपदेश भएको छ, जसको उल्लेख सत्यपारमितामा पनि गरिएको छ ।

## राहुललाई दिएको उपदेश

एकदिन ध्यानबाट उठेर भगवान् बुभ अम्बलट्ठिक विहारमा पुगे । त्यहाँ आयुष्मान् राहुल बसिरहेको थियो । राहुलले भगवान् बुद्ध आउँदै गरेको टाढाबाटै देख्नासाथ आशन र खुट्टा धुनको लागि पानी ठीक पाऱ्यो । भगवान् बुद्ध ओछ्याइराखेको आशनमा बसे । राहुल पनि अभिवादन गर्दै एक छेऊ बस्यो ।

तब भगवान्ले अलिकता बचेको पानी लोटामा त्यसै राखेर प्रश्न सोधे - 'राहुल लोटामा यति थोरै पानी बचेको देखेका छौ ?'

'देखेँ भन्ते ।'

'राहुल त्यसरी नै थोरै उसको श्रमणभाव हुन्छ, जो जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले त्यो बचेको थोरै पानी पनि भुईंमा खन्याएर सोधे- 'राहुल, देख्यौ के मैले थोरै भएको पानी पनि फ्यालिदिइस्कैं ।'

Downloaded from http://dhamma.digital/

'देखें भन्ते ।'

'राहुल, उसको श्रमणभाव पनि त्यसरी नै फ्यालिराखेको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले लोटा घोप्ट्याएर सोधे - 'राहुल, तिमीले यो लोटा घोप्ट्याएको देख्यौ कै ?'

'देखें भन्ते ।'

'राहुल, त्यसरी नै घोप्ट्याएको तुच्छ उसको श्रमणभाव हो, जसाले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

राहुल, जसरी कि लामो दाँत भएको, ठूलो शरीर भएको, असल जातको, संग्राममा जाने राजाको हात्तीले संग्राममा जाँदा आफ्नो अगाडिको खुट्टाले पनि काम गर्छ, पछाडिको खुट्टले पनि काम गर्छ, शरीरले पनि काम गर्छ, टाउकोले पनि काम गर्छ, दाँतले पनि काम गर्छ, पुच्छरले पनि काम गर्छ । तर त्यसो भए पनि त्यो हात्तीले सुँढको काम लिएन भने माहुतेले विचार गर्छ, 'यो हात्तीको दाँत लामो भए तापनि, असल जातको भए तापनि ठीक छैन । यस्तो हात्तीको तर्फबाट राजाको जीवन युद्धक्षेत्रमा आरक्षित हुँदैन ।' तर राहुल, यस्तो हात्तीले सूँढले पनि काम लिए भने त्यो राजाको लागि विश्वसनीय हात्ती हुन्छ । त्यसरी नै राहुल, जोसँग जानीजानी असत्य कुरा बोल्नुमा लाज छैन उसको लागि कुनै पनि पापकर्म अकरणीय छैन, यसरी म विश्वास गर्छु । त्यसैले राहुल, तिमीले जीवनमा कहिल्यै जिस्केर पनि झूठो कुरा गर्ने छैन भनी सिक्नुपर्छ, गम्भीर भई धारण गर्नुपर्छ ।'

## चेतिय जातक (४२२)

एक समय उपचर राजकुमार हुँदा -'म राजा भएँ भने तिमीलाई पुरोहित बनाउँछु' भनी आफ्नो साथी कोरकम्बललाई वचन दिएका थिए । जब उनी राजा भए तब आफ्नो बाबुको कारणले कारेकम्बलको दाजु कपिल ब्राम्हणलाई पुरोहितबाट हटाउन सकेनन् । राजा उपचर पनि ऋद्धिसम्पन्न थिए । चार दिशाहरुमा चार देवताहरुले खड्ग लिएर रक्षा गर्दथे । मुखबाट उत्पलगन्ध, शरीरबाट चमेलीको गन्ध आउँथ्यो । आफू बूढा भएको ठानेर कपिल पुरोहितले आफ्नो छोरालाई पुरोहित पद दिएर आफू भने प्रव्रजित जीवनमा लाग्यो ।

एकदिन राजा उपचरले आफ्नो साथी कोरकम्बललाई पुरोहित बनाउँछु भन्दा कोरकम्बलले *'ऊ ठूलो हो, म सानो हुँ त्यसैले सम्भव छैन'* भन्यो । तर राजाले भने- *'म झुठो बोलेर भए पनि तिमी जेठो र कपिल कान्छो हो भनी प्रमाणित गराइदिन्छु ।'* त्यसबेलासम्म चेतिय राष्ट्रमा कसैले पनि झुठो बोलेका थिएनन् । *'झुठो भनेको रातो हरियो कस्तो हुन्छ'* भनी थाहा नभएका राष्ट्रवासीहरु *'राजा झुठो बोल्दछन्'* भन्दा अचम्भित भएर हेर्न आए । कपिल ऋषिसहितको उपस्थितिमा राजा उपचरले *'कपिल कान्छो हो र कोरकम्बल जेठो हो'* भनी भने ।

Downloaded from http://dhamma.digital/

कपिल ऋषिले *'झुठो बोल्नु हुँदैन'* भनी सम्झाउनु भयो तापनि उपचरले *'कपिललाई भाई र कोरकम्बललाई दाजु नै'* भने । तर *'एकपल्ट अहिलेसम्म भ्याउँछ सत्य वचन बोल'* भन्दा पनि उनले वास्ता गरेनन् । आफूले भनिसकेको असत्यमा नै दृढ भई बसे । यसले गर्दा चारजना देवताहरुले *'असत्यभाषीहरुको रक्षा गर्दैनौं'* भनी उनलाई छाडी दिए । असत्य वचन बोलेको प्रभावले उनको ऋद्धिशक्ति पनि नाश भयो । साथै क्रमशः पैताला, घुँडा, ढाड, छातीसम्म ऊ आफै जमिनमा भास्दै गयो । अन्तसम्ममा पनि राजा उपचरले असत्य नै बोले । पछि भूमिमा नै भास्सिएर विलय भयो र उनको पतन भयो ।

चेतिय राष्ट्रको राजाले पहिले असत्य कुरा बोलेको कारणले भएको यो दृष्परिणाम वर्णनभित्र नै सत्यभाषणको महत्त्व देखाइएको छ ।

वास्तवमा यही असत्यको भरोसा लिएर देवदत्तले संघभेद गर्न सक्यो, साथै यही असत्यभाषणको फलले रोग लागेर नै उसले अनेक दुःखकष्ट सहनु पऱ्यो ।

## कक्कारु जातक (३२६)

बोधिसत्त्व तावतिंस देवलोकमा एकसमय देवपुत्रभई जन्मे । त्यसबेला वाराणसीमा महान् उत्सव भएको थियो । नाग, गरुडसहित अन्य देवताहरु त्यो उत्सव हेर्न आएका थिए । तावतिंस देवलोकका चार देवताहरु पनि दिव्य कक्कारु फूलमाला पहिरिएर आएका थिए । त्यस फूलको वासनाले नगर नै मग्मगियो । नगरवासीहरुले - *'यस्तो वास्ना आउने फूलमाला पहिरिने को रहेछ ?'* भनी खोजि हेर्दा देवताहरुले *'हामीलाई खोज्दैछ'* भन्दै जानेर आकाशमाथि बसेर देखाए ।

नगरवासीहरुले त्यस फूलबारे सोधिसकेपछि- *'त्यो फूल हामीलाई देऊ'* भन्दा देवताहरुले यो फूलमाला देवताहरुलाई योग्य छ । तर मानिसहरुमा जो चोरी गर्दैन, जो झुठो बोल्दैन, जो ऐश्वर्य पाउँदा प्रमादी हुँदैन ऊ नै यो कक्कारु पाउन योग्य छ' भने । त्यो कुरा सुनेर *'ममा ती गुण छैन तापनि म झुठो बोलेर त्यो माला पहिरिन्छु र जनताले पनि मलाई विश्वास गर्नेछन्'* भनी विचार गरी पुरोहितले *'म ती गुणले युक्त छु'* भनी भन्यो । यसरी सारा दुर्गुण छोप्ने असत्य भाषण गरी पुरोहितले कक्कारु फूलमाला लियो । तर जति पवित्र कुरामा बढी असत्य कुरा हुन्छ, त्यसको परिणाम त्यति नै डरलाग्दो हुन्छ । पुरोहितले कक्कारु फूलमाला के लिएको थियो, टाउको नै फुट्लाझैँ गरी पीडा भयो । आखिर आफ्नो असत्यभाषणलाई स्वीकार गरी क्षमा मागेपछि मात्र पुनर्जीवन प्राप्त गर्न सक्यो ।

बोधिसत्त्वहरुले जहिले पनि असत्यभाषणदेखि अलग बस्दछन् । शीलाङ्ग अशुद्ध हुनासाथ अरुअरु अशुद्धि छोप्ने भएर बोधिसत्त्वहरुले यसलाई पाणातिपातभन्दा पनि दृढतापूर्वक पालन गर्नेछन् । यो शीलको दृढतालाई नै *'मुसोवादो नाम नाहोसि'* भन्ने शब्द व्यक्त गरिराखेको छ । चम्पेय्य जातक (५०६) अनुसार बोधिसत्त्वहरुले भन्ने गर्दछन्- *'हावाले पर्वत नै उडाएर लैजाओस्, चन्द्रसूर्य नै पृथ्वीमा खसोस्, सारा बहिरहेको नदीको पानी उल्टा बगोस् तापनि राजन् मैले असत्य कुरा*

Downloaded from http://dhamma.digital/

*बोल्दिन ।'* लक्खण सुत्त, दीघनिका अनुसार बोधिसत्त्व जीवनको सत्यवचनको प्रभावले नै बुद्धलाई उर्णलोम प्राप्त भयो फेरि एउटा रौंको प्वालमा एउटा मात्र रौं प्राप्त भयो ।

सुरामेरय वा मद्यपानदेखि विरति हुनु - पञ्चशीलको पाँचौं शील हो । चेतनशक्तिलाई विनष्ट गर्ने हुनाले नै यो सेवन गर्ने काम छोड्नुपर्ने हो । सुरासेवन गरेर मात्र चालिस करोड धन विनष्ट हुने होइन, यसले सर्वस्व नै विनष्ट गर्दा अझ रक्सीको सुरमा नाचेर टाउकोमा रहेको 'भद्रघट' जस्तो लाक्षणिक धनको गाग्रो समेत फुटाउँछ ।

## भद्रघट जातक (२९१)

बोधिसत्त्व एक जन्ममा सेठको रुपमा जन्मिए । उनको एक्लो छोरा थियो । जमिनमा गाडेको मात्र अस्सी करोड सम्पत्ति भएको सेठले दानादि कर्म गरेर शक्र भई जन्म लिए । तर छोराचाहिँ सम्पत्तिको मदले सुरापान गर्दै मंस, नाचगान र स्त्री नसाले सारा सम्पत्ति नष्ट गरेर भिखारी भएर माग्दै हिड्यो । उता शक्रले आफ्नो पूर्व छोराको दुःख देखेर छोराको प्रेमले एउटा मनचिन्ते भद्रघट दिएर गयो । छोराचाहिँले पनि त्यस घैंटोबाट सम्पत्ति प्राप्त गरेर फेरि सुरापान गर्दै बाटोमा घैंटो उछाल्दै हातले पक्रने गर्न थाल्यो । तर एकदिन त्यसरी उछालेर पक्रन खोज्दा चुकेर घैंटो जमिनमा बजारिएर फुट्यो । ऊ फेरि माग्नेको माग्ने नै भयो । यसैगरी सुरा सृष्टिको विषयमा निम्न जातकीय अभिव्यक्ति पनि धेरै नै राम्रो छ ।

## कुम्भ जातक (५१२)

हिमालयको जंगलमा एउटा रुख तलैदेखि तीन हाँगा भएर गयो । यी तीन हाँगाको बीचमा एउटा खाल्डो बन्यो । त्यस खाल्डोमा परेको पानी जम्मा भयो । त्यस रुखको वरिपरि हर्रो, अमला, मरिचको बोट थियो । एकछेउमा आफै उम्रिने धानको बोट पनि थियो । हर्रो, अमला, मरिचहरु पाकेर त्यही खाल्डोमा खस्दथ्यो । चराहरुले धानको बाला रुखमुनि बसी खाँदा धानहरु पनि त्यही खाल्डोमा नै खस्दथ्यो । यिनै वस्तुहरु घामको प्रकाशले र पानीमा भिजेर पछि कुहिँदै गयो । त्यहीँ नै आएर अनेक पंक्षीहरु त्यो नशा पिएर अचेत भएर लडे । सुर नामक वनचरले पनि केही क्षण अचेत भएको पशुपंक्षीहरु देखेर यो त विष होइन, के होला ? भनी पिइ हेऱ्यो । उसलाई पनि मात लाग्यो । फेरि उसले जंगलमा बसेको ऋषिलाई पिलायो । यसरी सबैभन्दा पहिले सुर नामक मानिसले र वरुण नामक ऋषिले देखेर पिएकोले यसलाई सुरा र वारुणी भनेको हो । उनीहरुले त्यसलाई बाँसको ढुंग्रोमा राखेर वाराणसी राजालाई भेट दियो । यसले राजालाई पनि लट्ठ पाऱ्यो । त्यसपछि लिन पठाएर पनि नपुगेर जुन विधिले सुरा तयार हुने हो, त्यसबारे विचार गऱ्यो । अन्तमा सुरा तयार गऱ्यो । वाराणसी, साकेत र श्रावस्ती देशहरु नै रक्सीले नाश भयो ।

Downloaded from http://dhamma.digital/

पछि इन्द्र आएर उनीहरुलाई सुराको दोष देखायो । इन्द्रको शब्दमा नै भन्ने हो भने-*'रक्सीको घैला दोषको घैला हो । यो पिएर मानिसहरु लरखराउँछन्, खाल्डोमा, हिलोमा, पोखरीमा झर्दछन्, जुन मानिसहरुको लागि अखाद्य पदार्थ हो । रक्सीले चित्तलाई काबुमा राख्न नसकेर मानिसहरुलाई साँढेजस्तै मस्त गरिदिने वस्तु हो । रक्सीले निर्वस्त्र नग्न गरी गाउँमा गल्लीमा यताउता दौडाउने वा मूढचित्त बनाई अबेरसम्म झुलाइराख्ने हुन्छ । यसको सुरमा सभाबीच पनि बोल्नु नहुने बोल्दछ । अभिमानले रातो आँखा पारी सारा पृथ्वीको चक्रवर्ती नै आफू भएको सम्झन्छ । सुराः अभिमान, कलह र चुक्लीको बीउ हो । सुराको सुरमा नै आमाबाबुलाई पनि गाली गर्छ । सासु र बुहारीको हात पनि समात्न जान्छ । यही पिएर नै जो कसैलाई गालीगलौज गर्छन् । फेरि नोकरचाकरको हात पक्रन जान्छ । यसको नशामा मस्त भएर नै धर्मचारी श्रमण र ब्राम्हणहरुको समेत हत्या गर्दछ । सुरा पिएर नै मानिसहरुले शारीरिक, वाचिक र मानसिक दुष्कर्म गरी नरकवास गर्न जान्छ । सुराको नशामा सत्यवादी पनि असत्यवादी हुन्छ, लज्जावान निर्लज्ज हुन्छ । समृद्धशाली पनि वनको वास गर्नुपर्ने हुन्छ । त्यसैले यस्तो दुर्गुणयुक्त भएकोले सुरा घैला फोड्नुपर्छ ।'*

*'मार्ने, चोर्ने र व्यभिचार गर्नेझैँ सुरापान पाप होइन । यो त एउटा पेयवस्तु मात्र हो, जुन अन्नद्वारा वा फलद्वारा तयार भएको हो'* भन्ने तर्कलाई माथिको सुराको दुर्गुणबाट हुने परिणामले जवाफ दिन्छ । सुरापान जातक (८१) अनुसार भन्ने हो भने सुरापान भनेको मानिसलाई बाँदरको स्वभावमा परिणत गराउने पेयपदार्थ हो ।

## सुरापान जातक (८१)

बोधिसत्त्वको पाँचसय शिष्यहरु नुन र अमिलो स्वाद लिन हिमवन्त प्रदेशदेखि वाराणसी आए । वाराणसी नरशेले रक्सीपर्वको दिन संयोग पर्दा *'ऋषिहरुले यो पनि पिउन पाउँदैनन् होला'* भनी रक्सी दान गर्‍यो । रक्सी के पिएको थियो, मदमस्त भएर ती ऋषिहरु हातखुट्टा चलाएर नाच्न थाले, गीत गाए । तब जस्तो मनलाग्यो त्यस्तै गर्न थाले, बस्न थाले र पछि निदाए । निद्राबाट ब्युँझेपछि मात्र उनीहरुले आफ्नो स्वरुपहरु देखे । पछि आफ्नो आचार्य बोधिसत्त्वकहाँ फर्केर जाँदा *'तिमीहरुलाई नगरमा जाँदा भिक्षा त सजिलै प्राप्त भयो होला होइन ?'* भनी आचार्यले के सोध्नुभएको थियो उनीहरुले रक्सी सेवनले के के भयो भन्ने कुरा बताए । उनीहरुले भने :-

*अपायिम्ह अनच्चिम्ह, अगायिम्ह रूदिम्ह च ।*

*विसञ्ञिकरणिं पित्वा, दिट्ठाना हुम्ह वानरा ।।*

रक्सी पिएर नाच्यौं, गायौं, रोयौं । हाम्रो खुशी यति नै हो कि त्यो बेहोस हुने पिएर हामी बाँदर मात्रै भएनौं ।

पञ्चशील गृहस्थहरुलाई नभई नहुने गुणधर्म हो । पञ्चशील पालन साधारण रुपमा पनि हुन्छ, अत्यन्त व्यापक अर्थ हुन गएर चित्त निर्मल हुने साधनको रुपमा पनि हुन्छ । पञ्चशीलको

Downloaded from http://dhamma.digital/

परिपालन कतिसम्म परिशुद्धरुपसम्म हुनसक्छ भन्ने प्रमाण कुरुधर्म जातक (२७६) बाट छर्लङ्गिने हुन्छ ।

## कुरुधर्म जातक (२७६)

एक समयमा कुरुराष्ट्रको राजा बोधिसत्त्व धनञ्जयले बोधिसत्त्वले कुरुधर्म भनी पञ्चशील पालन गर्ने उपदेश प्रकाश पारे । त्यसबेला कलिङ्गराष्ट्रमा अनावृष्टि भयो । अनावृष्टि रोक्नलाई गरेगरेजस्तै नभएर सुवृष्टि भएको कुरुराष्ट्रसँग कुरुधर्म माग्ने पठाइयो । तर कुरुधर्म माग्दा राजालाई शंका भयो किनकि *'एकसमय आफ्नो धनुषबाट विचित्रको वाण हानि पठाएको मध्ये जुन एउटा वाण पोखरीमा खसेको थियो त्यसैले कुनै माछा त मारिएन ?'* त्यसैले *'राजमातासँग माग्न जाऊ'* भनी आज्ञा दिए ।

यसैगरी राजमातालाई पनि 'जेठी बुहारीलाई दिनुपर्ने स्वर्णमाला धनीगरिबको विचार नगरी कान्छी बुहारीलाई दिएकोले शीलधर्म त बिग्रिएन ?' भनी शंका भयो । त्यसैले उनीले पनि *'बुहारीकहाँ माग्न जाऊ'* भनी पठाइन् ।

त्यसैगरी पटरानीलाई पनि *'एकदिन नगर प्रदक्षिणामा हात्तीमाथि चढेको उपराजा देख्दा ऊसँग पनि सहवास भएमा यसको दाजु मरेमा मलाई पटरानीको प्रतिष्ठा दिएर राख्ला कि भनी सम्झेकोले आफ्नो शील धमिलियो कि'* जस्तो शंका भयो । त्यसैले उनीले पनि *'उपराजाकहाँ माग्न जाऊ'* भनी पठाइन् ।

त्यसैगरी उपराजाको मनमा पनि *'एकदिन सदाझैं बाहिर पर्खाइराखेकाहरुलाई त्यसै रातभरी पर्खाएर आफू दरबारभित्र बसेको परितापले शील बिग्रियो कि'* भनी शंका भयो । त्यसैले उनले पनि *'पुरोहितकहाँ जाऊ'* भनी पठाए ।

पुरोहितलाई एकदिन बाटोमा जाँदा अलंकृत रथ देखेर *'त्यो मलाई भए हुन्थ्यो'* भन्ने लोभ उत्पन्न भयो । साँच्चै पछि दरबारमा त्यही रथ पुरोहितलाई दिइयो । पुरोहितले त्यो स्वीकार गरेन । तर उसलाई शंका भयो कि कतै त्यस लोभले उसको शील त बिग्रिएन ? त्यसैले उसले पनि *'अमात्यकहाँ जाऊ'* भनी पठायो ।

अमात्यले एकदिन खेतमा साँध लाउन जाँदा खुट्टी गाड्दा खुट्टी गंगटाको प्वालमा पऱ्यो त्यसैले *'गंगटा मऱ्यो होला र आफ्नो शील धमिलियो कि'* भनी शंका भयो । त्यसैले उसले पनि *'सारथीकहाँ जाऊ'* भनी पठायो ।

सारथीले एकदिन राजालाई रथमा ल्याउँदा वर्षा हुने डरले घोडालाई चाबुक देखायो । त्यस दिनदेखि त्यस ठाउँमा पुग्नासाथ घोडा तीव्र गतिले दौडिने गऱ्यो । त्यसैले सारथीलाई *'घोडालाई अनावश्यक कष्ट भयो कि'* भनेर शंका भयो । त्यसैले उसले पनि *'सेठकहाँ जाऊ'* भनी पठायो ।

Downloaded from http://dhamma.digital/

सेठ एकदिन धानबाली भित्र्याउन खेतमा पुग्यो । खेतमा पुगर एक मुट्ठी बाली लिएर खम्बामा बाँधिदियो । तर उसको मनमा विचार आयो कि यस धानमा राजाको पनि हिसाब छ । *'कतै मैले कुरुधर्म बिगारेँ कि'* भनेर उसलाई पनि शंका भयो । त्यसैले उसले पनि *'द्रोणमापककहाँ जाऊ'* भनी पठायो ।

द्रोणमापकले धान भर्दा धानको थुप्रोबाट एउटा एउटा धान लिएर मापक अनुसार गन्ति गर्दै गयो । तर धान भरिसक्दा त्यो मापराखेको धानहरु भरिसकेको धान ढिस्कोमा मिसिन पुग्यो । यसैले उसको शंका हो *'उसको शील धमिलियो'* भनेर । त्यसैले उसले पनि *'द्वारपालकहाँ जाऊ'* भनी पठायो ।

द्वारपालले एकदिन अबेरै मूलढोकाबाट भित्रिएकाहरुलाई भन्यो- *'समय पनि जान्दैनौ । जहान लिएर वनमा रतिक्रिडा गरिबस्नुपर्छ ?'* तर दुई भने दाजुबहिनी रहेछन् । त्यसरी दाजु र बहिनीलाई लोग्नेस्वास्नी सम्झेर जथाभावी भन्न पुगेकोमा उसलाई पनि आफ्नो शील शुद्ध भएन भनेर शंका भयो । त्यसैले उसले पनि *'गणिकाकहाँ जाऊ'* भनेर पठायो ।

एकपल्ट गणिकाले पहिले नै बैना लिइसकेको मानिसलाई तीन वर्षसम्म पर्खिंदा पनि फर्केर नआएको र पेशा बन्द भई गरीब हुँदै गएको कारणले न्यायाधिशसँग अनुमति लिएर पुनः पेशा गर्न अर्को मानिससँग पैसा लिएको मात्र के थियो टुप्लुक्क पहिलो मानिस आइपुग्यो । त्यसैले उसले पनि *'आफू नियम बिगारी शुद्ध भएन'* भनी मनमा शंका गरिन् ।

यी कुराहरुले स्पष्ट हुन्छ, शील कतिसम्म परिशुद्ध हुनसक्छ । यतिसम्म नैतिकगुणमा विचार गरी सबैजनाले शील पालन गर्न गाह्रो होला । त्यसो भएतापनि शील जति शुद्ध हुन्छ, त्यति नै जीवन आनन्दप्रद र शान्तिप्रद हुन्छ भन्नुमा कुनै शंका नै छैन ।

यसप्रकार बुद्धधर्ममा पञ्चशील पालन गर्नु गृहस्थहरुलाई अथवा प्रत्येक व्यक्तिहरुलाई पहिलो शर्त हो । किनभने धम्मपद (२६४/२४७) अनुसार प्राणीघात गर्नेलाई, झुठो कुरा गर्नेलाई, चोरी गर्नेलाई, काम मिथ्याचार गर्नेलाई, मद्यपान गर्नेलाई यसै लोकमा आफ्नै जरा उखालेर पठाउँछ भन्ने बौद्ध दृष्टिकोण रहेको छ । फेरि धम्मपद (२१७) अनुसार शीलवानलाई नै लोकजनहरुले मनपराउँछन् । अपवाद नभएको पश्चाताप मान्नु नपर्ने जीवन शीलभित्र बसेर मात्र सम्भव छ । शीलसहितको जीवन नै श्रेष्ठ जीवन हुन्छ । धम्मपद (११०) अनुसार शील नभई चञ्चलचित भएर, दुराचारी भएर सय वर्ष बाच्नुभन्दा शीलवान, ध्यानी भएर एकदिन मात्र बाँच्नु नै श्रेष्ठकर हुन्छ । धम्मपद (५७) अनुसार शीलविना अप्रमाद स्वभावको संवर्द्धन सम्भव छैन । शीलले पूर्ण भएर मात्र अप्रमादी अवस्था प्राप्त गर्न सकिन्छ ।

बोधिसत्त्वहरुलाई पारमिता गुणधर्म पालन गर्न, सदा जागृत स्वभाव बनाउन विशेषतः अन्य प्राणीहरुप्रति करुणा उत्पति गर्न शीलको आधार आवश्यक पर्दछ । जुन जटा काट्न *विशुद्धिमार्ग* ग्रन्थले अतुलनीय प्रेरणा र कोशिस गरेको छ, त्यही जटा काट्न शीलमा प्रतिष्ठित *(सीले पतिट्ठाय)* भएर मात्र सम्भव हुन्छ । यही नै शीलको आधारभूतरुपमा सारा धर्मको लागि प्रारम्भिक अनिवार्य भाव हो । विशुद्धिमार्ग अनुसार यसको प्रमाण रुपमा कुशलधर्मको आरम्भ हो-सुविशुद्धशील र सारा

Downloaded from http://dhamma.digital/

पाप नगर्नु, *(सब्ब पापस्स अकरणं)* शब्दको उल्लेख गरिएको छ । शील विषयमा विशुद्धिमार्गमा राम्ररी एकएक छुट्टिने गरी विवेचना गरिएको छ । जो दुराचारीसँग बस्दछ, शीलवानहरुको संसर्गमा बस्दैन, फेरि जसले वस्तुको उल्लंघनमा दोष देख्दैन, अनेकअनेक मिथ्यासंकल्प गरी इन्द्रियको रक्षा गर्दैन त्यस्तो व्यक्तिको शील *हानभागीय* (पतनगामी) हुन्छ । जो शील सम्पत्तिमा प्रसन्न हुन्छ, तर का स्थानमा उद्योगतिर हुने मन गर्दैन, त्यस शील मात्रले सम्पन्न उद्योग राम्ररी नगर्ने भिक्षुको शील *स्थितभागीय* हुन्छ । तर जो शीलसम्पन्न भएर समाधिको लागि उद्योगशील हुन्छ उसको शील *विशेषभागीय* हुन्छ । फेरि जो शील मात्रले प्रसन्न भएर निर्वेद विपश्यनामा तल्लीन हुन्छ, त्यस भिक्षुको शील *निर्वेदभागीय* हुन्छ ।

सारांश शब्दमा विद्याको प्राप्ति, कामसुखमा लिप्त हुने अन्तको त्याग, क्लेश क्रमशः उच्छेद, दुराचारको विशोधन शीलले नै गर्दछ । शीलले मिथ्यादृष्टिलाई हटाएर स्रोतापति अवस्थामा पुऱ्याइदिन्छ, द्वेषलाई पूर्ण रुपमा निर्मूल गरी अनागामि हुने स्तरमा पुऱ्याइदिन्छ । शीलले यसरी प्रारम्भिक आधार मात्र दिने होइन झन्झन् परिशुद्ध हुनेगरी शील पालन हुनासाथ अन्तमा यसैले नै निर्वाणको ढोकासंघारसम्म पुऱ्याइदिन्छ । अझ विशुद्धचित्त र करुणापूर्ण हृदय बनाई शीलपारमिताको माध्यमले बोधिसत्त्वहरुले अन्य पारिमिता पूर्ण गर्न आधार समेत बनाउँदछन् । तर झन्झन् ठूलो र दरिलो रुपमा पालना गर्नाले मात्र शीलको विस्तार हुनसक्छ ।

अष्टशील पञ्चशीलभन्दा माथिल्लो स्तरको हो । अष्टशील लिनाले कामविरति (ब्रम्हचर्य) स्वीकार गर्दछ । साथै विकालभोजन छाड्दछ । नाचगान, वाद्यवादन, तमाशा, श्रृंगार, मनोरञ्जन, आभूषण गहना, उच्चशयनजस्ता तृष्णामूलक-तृष्णाउत्तेजक स्वभावले आफूलाई टाढा राख्दछ । यस्तो अष्टशील हप्ताको एकदिन पालनले ठूलो फलदायी हुन्छ ।

## गंगामाल जातक (४२१)

एक समयमा बोधिसत्त्व दरिद्रकुलमा जन्मिए । रोजगारीको खोजीमा वाराणसीको सेठको घरमा काम गर्न पुगे । भोलिपल्ट कामगरी फर्केको बेलामा सबैले अष्टशील पालन गरको देखेर उनले पनि आधा अष्टशील पालन गर्न तयार भए । तर बिहान पनि नखाएकोले पेटमा पीडा हुन थाल्यो र शीलप्रति गर्व गरेर *'मरेर जान्छु तर शील टोड्दिन'* भनी प्रतिज्ञा गरी शीलपालन गर्दै मृत्यु भए । शीलको प्रतापले मृत्युपछि वाराणसी नरेशको परिवारमा जन्म भयो । पछि राजाको मृत्युपश्चात् राजा भए ।

जहिले दशशील लिन्छ, तब सुन चाँदीजस्ता वस्तुहरुमा समेत विरक्ति हुने शिक्षा प्राप्त हुन्छन् । त्यसरी नै झन्झन् संयम वृद्धि गर्नलाई धेरै प्रकारका अकुशल स्वभाव वा अकुशलमूलक स्वभाव छोड्ने विभिन्न प्रकारका शील छन् । जहिले दश सुचरित्र शील पालन गर्दछ तब कायिक र वाचिकसँगै मानसिक परिशुद्धतामा पनि ध्यान दिनुपर्छ । हिंसा, चोरी, व्यभिचारजस्ता शारीरिक दुष्कर्म छोडी, असत्य भाषण छोड्दछ । साथै कडा वचन बोल्नु, चुक्ली वचन बोल्नु, अनर्थक वचन बोल्नु जस्ता कार्य छोड्नाले पनि वाचिक सुचरित्रको विकास हुन्छ । कडा वचन छोड्नाले एकातिर

Downloaded from http://dhamma.digital/

हिंसादेखि मृदु बनाउने चित्तलाई वचनले टेवा दिन्छ । अर्कोतिर हृदयमा दुख्ने गरी उल्टा परिणाम आउने गरी आफ्नो तर्फबाट वचन प्रयोग हुने छोड्नासाथ आफ्नो तर्फबाट अरुलाई असल हुन्छ । हो, कडा वचन प्रयोग भए तापनि त्यसको कारणले राम्रो परिणाम बाहिर आएमा भन्नु अर्कै कुरा हो । भगवान् बुद्धको सबैभन्दा कडा शब्द अर्थात् उनले गाली गर्ने शब्द नै *'मोघपुरुष'* अर्थात् नबुझ्ने, मूर्ख वा बेकारको मानिस हो । यी शब्दले कसैको मन दुख्दैन, चित्त दुखिहाले तापनि चसक्क घोचेर चेतना वा जागरण ल्याउने हुन्छ । कसैको हृदयमा वैरभाव उत्पन्न हुने गरी वचन कटु बनाउनुभन्दा वचन नै ननिस्कनु बेस हुन्छ । कडा शब्दको प्रयोग पनि बच्चाको घाँटीमा केही अड्किँदा निकाल्नु पर्दा ढाडमा ड्यामड्याम पिट्नुझैं वा मुखमा औंला पसाएर कोट्याएर निकाल्नु परेझैं जबरजस्ती भएमा भने हुन्छ । अन्यथा नन्दविसाल जातक (२८) अनुसार कडा वचन पशुहरुलाई समेत अरुचिकर हुन्छ ।

विश्वभातृत्व, प्रेम, करुणा र मैत्रीको धर्म बुद्धधर्म भएकोले यहाँ एकतालाई मात्र ठाउँ छ । त्यसैले एकता विच्छेदक वचनलाई दश सुचरित्र शीलधारीले त्याग गर्दछ । मिलिराखेकोलाई अलग्याउने कुरा नै चुक्ली हो । त्यसैले चुक्ली कुरा गर्नु तीक्ष्ण शस्त्र प्रहार गरेझैं हो, जसले दृढ विश्वासलाई टुक्रा पारिदिन्छ । चुक्ली प्रवृत्तिले आफ्नो बीच वा अरुको बीच विद्यमान मैत्री नष्ट गर्दछ ।

## संघीभेद जातक (३४९)

एक समय बोधिसत्त्व वाराणसीको राजा भएको समयमा एउटा गोठालाले बिर्से एउटी गर्भिणी गाई जंगलमा छोगिआयो । त्यस गर्भिणी गाईको एउटी गर्भिणी सिंहनीसँग मित्रता भयो । पछि दुवैको एउटा बाच्छा र एउटा डमरु जन्म भयो । यी दुवै आपसमा मिलेर खेल्दै ठूलाठूला भए । तर पछि एउटा स्याल पनि आएर मित्रता गर्न आयो । त्यस स्यालले सिंह र साँढेको मासु खाने उद्देश्यले एक आपसमा चुक्ली लगायो । त्यही चुक्लीमा विश्वास गरी दुवै जन्मजात मित्रहरु तँतँ-मम गरी अहंकार गरी झगडा गर्दै मरे । स्यालले रमाउँदै दुवैको मासु खायो ।

त्यसैले विज्ञपुरुषहरुको गुण हुन्छ, झगडा गराउनेहरुको तर्फबाट सतर्क हुनु । स्वयं सारिपुत्र महास्थविर र महामौद्गल्यायन महास्थविरहरुलाई समेत झगडा गराउने कोशिस गर्नेहरु छन् । एकपल्ट एकजना भिक्षुले भन्यो - *"भन्ते सारिपुत्र, तपाईंको मौद्गल्यायनसँग शत्रुता छ कि ? जाति, कुल, ज्ञान र ऋद्धिले सारिपुत्र म भन्दा के हुन सक्छ ? भनेर तपाईंलाई उहाँ निन्दा गर्नुहुन्छ ।"* त्यही भिक्षु फेरि मौद्गल्यायन महास्थविरकहाँ गएर भन्न गयो- *'भन्ते मौद्गल्यायन, के तपाईंको सारिपुत्र भन्तेसँग द्वेष छ कि ? तपाईंलाई त उहाँले निन्दा गर्नुभयो ।'* तर वाचिक दुष्कर्म त्यागेका मानिसहरुले यस्ता शब्द सुन्नाले मात्र पानीसँग माछा बगेर आएझैं चुक्ली कुरामा आफ्नो क्रोध प्रवाहित गर्दैनन् । सारिपुत्र महास्थविरले मौद्गल्यायन महास्थविरसँग सोध्नुभयो- *'एकजना भिक्षु आएर मलाई यसो भन्न आयो, आयुष्मानलाई के भन्न आयो ?'*

Downloaded from http://dhamma.digital/

साधारणजस्तै लागे तापनि यो आदर्श प्रायः मानिसहरुले अनुकरण गर्न नसकिएको गुणधर्म हो । काम नलाग्ने गरी कुरा गर्नुभन्दा मौन बस्नु उत्तम हो भनी बुझ्नु नै अर्को वाचिक सुचरित्र शीलमा बस्नु हो । सार्थक निरथएक केही विचार नगरी मुख बन्द नगरिकन बोलिरह्यो भने नजानिकन नै मुखभित्र बाख्राको बड्कुला पस्न जान्छन् ।

दश सुचरित्रमा अर्को शील मनोमय शील भने पनि हुन्छ । शील साधारणतः कायिक र वाचिक दुष्कर्म बाँध्नलाई वाचाबन्धनले आफूलाई बाँध्नु हो । मनोमय दुष्कर्म बाँध्नु भनेको असाधारण रुपले नै गाह्रो हुन्छ । यसैले होला स्वयं प्रातिमोक्ष शीलसमेतले मनोद्वारलाई अनापति गरिराखेको । यस अर्थमा दश सुचरित्र शीलको ठूलो विशेषता छ । अरुको भएको देखेर ईर्ष्या नलाग्नु, अरुको नभएको देखेर हर्षित नहुनु, मिथ्यादृष्टि छोड्नु नै यस शीलको मनोद्वार संयम गर्नु हो । जसले यस्तो शील पालन गर्न सक्दछ, उसले सम्पूर्ण गंगा सरभू आदि नदीको पानीले पखाल्न नसकेको क्लेश धेरै अंशमा पखाल्न सक्छ । आफ्नो मनमा आफैले आगो सल्काएर जलन हुने क्लेशअग्नि शीलरुपी पानीले नै शितल पारिदिन्छ । जो मानिस शीलको शरण जान्छ, ऊ कुनै वरदान वा देवदेवीको शरण जाँदैन ।

मनको नियन्त्रण दृष्टिकोणले यस्तो दश सुचरित्र शीलपछि धुताङ्गशील महत्त्वपूर्ण छ । बुद्धले प्रातिमोक्ष शील आफ्ना भिक्षु-भिक्षुणीसंघको लागि दिएको शील हो । शील निर्वाणको महासागरदेखि पार हुनलाई डुंगासमान पूर्ण हुन लोभ, द्वेष र मोह छोड्नलाई त्यागमय जीवन बिताउन भगवान् बुद्धले प्रातिमोक्ष शीलको देशना गर्नुभयो । प्रातिमोक्ष शील पापपुण्यको गरुलघु दृष्टिले ठूलोसानो गरी राखिएका छन् अर्थात् तलमाथि पारिएका छन् । संघको चिरस्थायित्व र ब्रम्हचर्यको दृष्टिकोणले प्रातिमोक्ष शीलको श्रेणी वर्गीकरण गरिएका छन् । त्यसैले निमन्त्रण स्वीकार गर्नु, भोजनको मात्राज्ञान बनाउनु, चार प्रत्ययवस्तुको परिग्रहमा सीमा राख्नु इत्यादि नियम यस्तै विनय हो । यिनै कारणले शील सम्मानको कारण भएझैँ ध्यानको ढोका पनि हुनसक्यो । लौकिक जीवनमा शील अपायभय नाश गरेर सद्गति दिए तापनि, शील बन्धुबान्धवभन्दा सर्वोच्च मात्र भए तापनि, शील हातखुट्टा नभएकाहरुलाई कर्म र गतिजस्तै भए तापनि भिक्षुहरुको शीलप्रार्थना लक्ष्य हुन्छ, मिथ्यादृष्टि हटाएर सम्यक्दृष्टि बनाउनु र तृष्णा क्षय गरी निर्वाण साक्षात्कार गर्नु ।

बोधिसत्त्वहरुको शील उद्देश्य यसभन्दा पनि उच्च हुन्छ र जसको शीलको लक्ष्य बोधिज्ञान प्राप्ति गर्नु रहेको हुन्छ । बोधि प्राप्तिको लागि बोधिको बाटो पार गर्दै आउने हुनाले बोधिसत्त्वहरुको शील गुणधर्मलाई शीलपारमिता भनिएको हो । कामतृष्णा र भवतृष्णाले मुक्त नभएको शील शीलपारमितामा समावेश हुँदैन । साथै पारमिता समावेश भएको शीलधर्मले आफू ठूलो अरु सानो भनेर पनि देख्दैन, कारण बोधिइच्छित शील करुणा र मैत्रीले भरिएका उनी अहंभावले मुक्त रहन्छन् । बोधिसत्त्वहरुले शीललाई बन्धनजस्तै देख्दैनन् । लोभमुक्त नभएको पृथग्जनहरुको चित्त मात्र नै पञ्चकामगुणमा फस्दछ । बोधिसत्त्वहरुको चित्त न त लोभोन्मुख हुन्छ न त पृथग्जनहरुको चित्तजस्तै पञ्चकामगुणमा टाँसिन्छ । शील बन्धनजस्तै त्यसलाई लाग्दछ, जसको चित्त लोभयुक्त भएर पञ्चकाममा टाँसिएर बस्दछ । साथै सांसारिक सुखको आशामा पालन गरिएको शील दुर्बल पनि हुन्छ, उसले शीलको निम्ति ठूलो त्याग गर्न सक्दैन । लोभको आशाले शील पालन गर्ने व्यक्ति अलिकता भावभोगको र सम्पतिको हानि पनि सहन सक्दैन । अकिता भवभोग र सम्पति पाउनासाथ

Downloaded from http://dhamma.digital/

शील बिग्रन सक्छ । यसको विपरित शीलको आरक्षा निम्ति अङ्गप्रत्यङ्गसमेत त्याग गर्ने, जीवनसमेत उत्सर्ग गर्ने पारमिता शील अत्यन्त सुदृढ हुन्छ । स्वयं शील शक्ति प्रबल भएकोले, शील गुणको विपरित स्वभाव दुर्बल भएकोले बोधिसत्त्वहरुलाई शील बन्धनजस्तै नलागेको हो । बोधिसत्त्वहरुलाई शील गुणधर्म एउटा स्वाभविक गुणधर्मजस्तै हुन्छ । त्यसैले नै शीलको आरक्षामा दुर्बलताले छुन सक्दैन । अतः सजिलै शीलको लागि भवभोग, अङ्गप्रत्यङ्ग र प्राणसमेत त्याग गर्न सक्नुहुन्छ ।

विशेषगरी बोधिसत्त्वहरुमा मैत्री र करुणा हुने भएकोले शीलको आरक्षामा सुखकर अनुभूति हुने गर्दछ । प्राणीहरुको आचरण र चित्त आरक्षा गर्नु, आफ्नो आचरण र चित्त पनि संयमित गर्नु बोधिसत्त्वहरुको सामान्य चरित्र नै हुने हुन्छ । त्यसैले श्रावक र प्रत्येकबोधिको भूमि भएको शीलविनाको जीवन सम्यक् सम्बोधि आकांक्षी बोधिसत्त्वलाई मृत्युतुल्य हुन्छ । शील नाश गरेर भवभोग र सम्पत्ति प्राप्ति बोधिसत्त्वहरुलाई मन पर्दैन । शील बिगारेर आफ्नो अङ्गप्रत्यङ्ग बचाएर बच्न पनि मन पराउँदैनन् । शील समाप्त गरेर जीवन बचाएर पनि बस्ने इच्छा गर्दैनन् । यसको उदाहरणको लागि दानपारमिता उल्लेख गरिएको सीलव जातक (७२) अध्ययन गर्न योग्य छ ।

## चुल्लबोधि जातक (४४३)

मन नपरीनपरी बोधिसत्त्व बोधिकुमारलाई विवाह गरिदिए । उनको जहानमा पनि कामुक स्वभाव अलिकता पनि नभएको र आमाबाबुको मृत्यु भएपछि ती दुवैजनासँगै प्रव्रजित हुन गए । दशवर्ष सजिलै निर्द्वन्दरुपले प्रव्रजित जीवन बिताइसकेपछि नुन र अमिलो स्वादको लागि शहर प्रवेश गर्दा वाराणसी नरेश परिव्राजिकालाई देख्नासाथ मोहित भए । यसपछि वाराणसी राजाले सोध्दा परिव्राजकले भने- *'यो मेरो कुनै प्रकारको आफ्नो पर्दैन । हो, यिनी पहिला गृहस्थमा हुँदा मेरा जहान थिइन् ।'*

राजाले परिव्राजकको कुरा सुन्नासाथ *'त्यसो भए मैले यसलाई पटरानी बनाए पनि हुन्छ'* जबरजस्ती हात समातेर तानेर लगे । यसबेला बोधिसत्त्वको हृदयमा क्रोध उत्पत्ति भएको मात्र के थियो तुरुन्त शीलधर्म सम्झेर शान्त बसे । उता राजाले परिव्राजिकालाई अन्तपुरमा लगिसकेपछि विचार गरे-*'त्यसरी जबरजस्ती हात समातेर तान्दा पनि परिव्राजकले केही गरेन । ऊ शान्तपूर्वक बसिरहे । कतै यसले मलाई मायावी मन्त्रले मात्र केही त गर्दैन ?'* भनी विस्तारै फर्केर आएर हेर्न आए । त्यसबेला बोधिसत्त्वले चीवर च्यातेको सिलाइरहेका थिए । राजा गएर उनलाई *'तिमी किन रिसाएनौ'* भनी सोध्यो । तब बोधिसत्त्वले राजालाई क्रोध र मोहको विषयमा आँखा खोल्नेगरी उपदेश दिए । पछि राजाले परिव्राजिकासँग क्षमा मागे ।

## चम्पेय्य जातक (५०६)

Downloaded from http://dhamma.digital/

बोधिसत्त्व चम्पेय्य नागराजले- *'चाहे मेरो छाला काटेर लेऊ, चाहे (सर्पक्रिडा) सपेराले समातेर लैजाऊ'* भनी प्रण गरी शीलमा बसे । उनलाई साँच्चैकै सपेराले पक्रेर लगेर भ्याएसम्म सास्ती पनि दियो । त्यसबेला चम्पेय्य नागराजले विचार गरे- *'मेरो विष भयानक छ । यदि मैले रिस गरेर सारा श्वास फ्याँकेमा यसको शरीर धूलोजस्तै उडाएर लान्छ । तर यसले गर्दा मेरो शील खण्डित हुन्छ । त्यसैले मैले यसो गर्दिन ।'* बोधिसत्त्व धेरै दुःख दिएर नाच्न लगायो । तर उनले आफ्नो व्रत बिग्रन्छ भनी सहेर नै बसे । चम्पेय्य नागराजको जहानले उनलाई राजाको तर्फबाट मक्त गराई नलिएसम्म नचाएझैं नाचिरह्यो ।

यो शीलाचरणको सिद्धान्त सजिलै मानिसले स्वीकार गर्न गाह्रो पर्छ । तर यसो गर्न सके बोधिसत्त्वको आदर्श सिद्धान्तलाई अनुशरण गरे झैं हुन्छ, पारमिता सम्बन्धी जति पनि बोधिसत्त्वका चरित्र छन् त्यसमा यसै आदर्शलाई पुष्ट्याई गरिएका छन् ।

## भूरिदत्त जातक (५४३)

भूरिदत्त नागराजा पनि महाऋद्धिवान भएर पनि आफूलाई जतिसुकै सास्ती गरेतापनि शील बिग्रने भयले क्रोधित भएन । भूरिदत्त नागराजाले भनिरहे- *'मलाई आफ्नो जीवनको परित्याग घाँस परित्यागभन्दा पनि साने लाग्छ । तर शीलको अतिक्रमण भने मेरो निम्ति पृथ्वी पल्टाएझैं हो । सयजन्मसम्म लहरै जीवन म त्याग गर्छु तर चार द्वीपको लागि पनि शील बिगार्ने छैन, छाड्ने पनि छैन ।'*

त्यसैगरी दानपारमितामा वर्णन गरिसकिएकोमा शंखपाल जातक (५२४) मा शंखपाल नागराजाले पनि नाकको श्वासले नै जङ्गल भष्म गर्न सक्ने भए तापनि आफूले शील पालन गर्दा आफूलाई दुःख दिने शिकारीहरुप्रति क्रोध गरेन ।

त्यसैले धन र छोराछोरीको प्राप्ति, आफ्नो अङ्गप्रत्यङ्ग तथा जीवनको लागि मात्र लक्ष्य राखेर पालन गरिने शीलपारमितामा समावेश हुँदैन । शीलपारमितामा समावेश गर्नलाई त धनसम्पत्ति छोडेर पनि अर्थात् हानि भए तापनि शील पालन गर्नुपर्दछ । अङ्गप्रत्यङ्गहीन भएसम्म पनि नबिगार्ने शील नै शील उपपारमिता हुन्छ । आफ्नो जीवन नै समाप्त भए तापनि खण्डित नहुने शील नै शील परमत्थपारमिता हो ।

यसप्रकार क्लेशमल नाश गरिपठाउने परिशुद्ध जल, तलमाथि जुनसुकै दिशामा पनि बहन सक्ने सुगन्ध, नहराउने वा नबिग्रने सज्जन हृदयभरण, चित्त शान्ति हुने औषधी, संसाररुपी सागरबाट पार तर्न निरापद डुङ्गा, निर्वाणको ढोकाजस्तै शीललाई पनि बोधिसत्त्वहरुले मात्र बोधिप्राप्तिको लागि लक्ष्य राखी पालन गर्दछन् । हाम्रो बोधिसत्त्वले बोधिधर्ममध्ये एउटा बोधिधर्म सम्झेर शीलपारमितालाई पूर्ण गर्दछन् । यदि बुद्धपद मन पर्छ भने शीलको चरमसम्म जानु परे तापनि जसरी चौरीले मरेर जानु परे तापनि कते अल्झिएको आफ्नो पुच्छरलाई हानि हुन दिँदैन, त्यस्तै नै भ्याएसम्म शीललाई कुनै पनि हानि गर्दैनन् ।

Downloaded from http://dhamma.digital/

# नैष्क्रम्य पारमिता

नैष्क्रम्य पारमिता बोधिसत्त्वचर्याको तेश्रो पारमिता हो । दानपारमिताबाट नैष्क्रम्य पारमिता लागि आधार प्राप्त हुन्छ भने शीलपारमिताले नैष्क्रम्यको लागि अनुबल प्राप्त गराइराखेको हुन्छ । साथै यस नैष्क्रम्य पारमिताले पछि क्लेशावरण पन्छाएर फेरि मोहाभिछन्दलाई अलग्याएर प्रज्ञापारमिता पूर्ण गर्नको लागि पृष्ठभूमि बनाउँछ । दानपारमिता छोडेर बस्नु हो भने नैष्क्रम्य पारमिता छोडी जानु हो । छोडिएको वस्तु फेरि आफूसँग आउन सक्छ वा पुग्न सक्छ र त्यसैले यहाँ त्याग बरोबर गरिहरनु पर्ने हुन्छ । छोड्नु र फेरि त्यति नै बराबर त्यही नै छोडी बस्नुपर्दैन । वेस्सन्तरको छोराछोरी र राज्य प्राप्त भएको, पछि अरिन्दम राजकुमार र सोमनस्स राजकुमार आदिको अभिनिष्क्रणपछि राज्यमा प्रत्यागमन नहुने घटनाले यस कुरालाई स्पष्ट पार्दछ । तर यसको अर्थ कुनै पारमिताको अगाडि कुनै पारमिता श्रेष्ठ भनेको होइन । पारमिता गुणधर्म त दशैवटा परस्पर श्रृंखलाबद्ध छन् । एउटाको अर्को पूरक छ । एउटा पारमिता पूर्ण हुँदा अर्को पारमिताले टेवा दिइरहेको हुन्छ । यो कुरा यति मात्र हो कि दश पारमितामध्ये कुनै एउटा पारमिता बोधिसत्त्वको कुनै एउटा जीवनमा विशेषरुपले पूर्ण गरियो भने अर्को जीवनमा अर्कै पारमिता । फेरि दश पारमिताको क्रमअनुसार बोधिसत्त्वले पारमिता गुणधर्म पनि क्रमैले पूर्ण गरेका पनि होइनन् ।

नैष्क्रम्यको साधारण अर्थ निस्केर जानु हो । यो निष्क्रणको सम्बन्धित अर्थ फोड्नलाई निर्वाणोन्मुख श्रेष्ठ, बोधितर्फको *माथि चढ्ने* भन्नलाई पछि *अभि* उपसर्ग राख्ने गरियो । फेरि यसैलाई नै *महा* शब्द थपेर महाभिनिष्क्रमण भनियो । तर प्राचीन परम्परा (चरिया पिटक) मा नेक्खम्म (पालि) नैष्क्रम्य (संस्कृत) शब्द नै मात्र प्रयोग गरिराखेको देखिन्छ । साथै परिभाषाले पनि यसको अभिष्ट अर्थ स्पष्ट गर्दछ । सम्बोधि प्रधान नैष्क्रम्यको अर्थमा भनिएको छ - करुणा र उपाय कौशल्यले दुवै लोकको अभिवृद्धि बुझ्नको लागि दक्षित ज्ञानले आरक्षित काम र भवको आदीवन ( दोष) देख्नु, फेरि कामभवले अलग हुने, मुक्त हुने कुशल चित्तोत्पाद भएर बाहिर जानुलाई नै नैष्क्रम्य भनिन्छ । सारांशमा भन्ने हो भने काम र भवदेखि बाहिर जानु वा अलग हुनुको नाम नै नैष्क्रम्य हो ।

वस्तुकाम र क्लेशकाम दुई प्रकारका छन् । गृहसम्पत्ति र सहसम्बन्धको गृहसुख छोड्नु नै प्रव्रजित हुनु हो । साथै यस प्रव्रजितलाई नै वस्तुकाम निष्क्रण हुनु भनिन्छ । यो प्रव्रजितभाव पनि शासनप्रव्रजित र ऋषिप्रव्रजित गरी दुई प्रकारका छन् । दुवै प्रव्रजितमध्ये वस्तुकाम छोडेको नैष्क्रम्यसुख प्राप्त गर्न सक्ने हुन्छ । तर क्लेशकाम त्याग गर्न भने शासनप्रव्रजित नै हुनुपर्ने देखिन्छ । होइन भने कामसुगति र ब्रम्हसुगतिले बाधा दिन सक्छ ।

क्लेशकाम निष्क्रमण नीवरणलाई दमन गरी वा जितेर प्राप्त हुने प्रव्रजितसुखलाई भनिन्छ । अर्थात् मुक्ति मार्गमा परेको, क्लेश विच्छेद गरी निर्वाण पुग्ने, संसारमुक्त हुने हेतु भएकोले यसलाई विपस्सना नैष्क्रम्य पनि भन्न सकिन्छ । पहिलो आशक्त भएर बस्नुबाट पन्छिनु, पछि टाढा बस्नु, अन्तमा छन्द नै फ्याक्नु क्रमबद्ध बाटो निष्क्रमणले पक्रन्छ । फेरि जहिले आफू पर हुने

Downloaded from http://dhamma.digital/

पारमीभावभन्दा व्यापकतामा गएर विशेषतः बोधि प्राप्तार्थ पार गर्न साधकको रुपमा निष्क्रमण हुन्छ, त्यसबेला त्यसलाई नैष्क्रम्यपारमिता भनिन्छ ।

नैष्क्रम्यपारमिताको वर्णन गर्नुअघि नैष्क्रम्यको विषयमा अलिकता चर्चा गर्नु यहाँ उचित देखिन्छ । किनकि यसले बुझ्नलाई क्रम बाँधेझैं हुन्छ, बोध्यविषय पनि बोधगम्य हुन्छ ।

सबैभन्दा पहिले निष्क्रमणको विभिन्न भेदको एकपल्ट फेरि चर्चा गरौं, जसले वस्तुकाम र वस्तुकामको कारणमा उत्पन्न हुने लोभ, द्वेष, मोह, मान, दिट्ठि आदि क्लेश कामलाई राम्ररी बुझ्न सकिन्छ । प्रव्रजित हुनु गृहस्थजीवनदेखि बाहिर जाने अर्थमा निष्क्रमण हो, ध्यान गर्ने, नीवरणबाट अलग्गिने अर्थमा निष्क्रमण हो, निर्वाण, संसारदेखि अलग्गिने अर्थमा निष्क्रमण हो । वास्तवमा भन्ने हो भने अकुशल धर्मदेखि बाहिर निस्कने भएकोले सारा कुशलधर्म नै निष्क्रमण हो । यस कुरालाई पालि गाथाले यसरी अभिव्यक्त गरिएको छ :-

*पब्बज्जा पठमज्झानं, निब्बाणञ्च विपस्सना ।*

*सब्बेपि कुसलाधम्मा, नेक्खमन्ति पवुच्चति ॥*

प्रव्रजित हुनु, ध्यान प्राप्त गर्नु, निर्वाण, विपस्सना र सारा कुशलधर्मलाई नैष्क्रम्य भनिन्छ ।

चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय र मनले रुप, शब्द, गन्ध, रस, स्पर्श र धर्ममा आशक्त हुने, मोहित हुने छोडेर बस्नु नै निष्क्रमण हुन जान्छ ।

नैष्क्रम्यको अगाडि कामको आदीनवलाई राम्ररी देख्नुपर्छ । अन्यथा कामको दृष्परिणाम राम्ररी दृढगरी नबुझेसम्म निष्क्रमण गऱ्यो भने त्यसले नैष्क्रम्यको अर्थ नै अनर्थ गराइदिन सक्छ ।

*नैष्क्रम्य पारमिताको कथात्मक व्याख्या :*

## काम जातक (४९७)

ब्रम्हदत्तको ज्येष्ठपुत्रले राज्याभिषेकको समयमा *'मलाई राज्य चाहिएको छैन'* भनी आफ्नो भाइलाई करले नै राज्याभिषेक दिन लगाए । उनी स्वयं एउटा गाउँमा गएर एकजनाको घरमा बस्न गए । तर पछि उनी एकजना राजकुमार हुन् भनी मानिसहरुले थाहा पाए । मानिसहरुले उनीकहाँ आएर भन्न थाले- *'हामीलाई यस करबाट मुक्त गरिदिनुहोस्, त्यो करमुक्त गरिदिनुहोस् ।'* उनले आफ्नो भाइद्वारा करमुक्त गराउँदा पछि करमुक्त गराउनेहरु पनि धेरै भए । पछि उनीहरुले दिन ल्याएको भेटीहरु स्वीकार गर्दागर्दै उनको मनमा कामना पनि बढ्दै गए । अनि उनले स्वयं नै कर लिन थाले । अझ त्यतिले पनि चित्त नबुझेर भाइसँग आधा राज्य नै लिए । त्यसपछि त बाँकी रहेको आधा राज्य माग्न अप्ठ्यारो भएकोले *'युद्ध गर्ने कि मेरो राज्य दिने'* भनी खबर पठाए । भाइले

Downloaded from http://dhamma.digital/

आफ्नो दाजुको मूर्खतामा मुस्काउँदै उनको राज्य उनलाई नै फर्काइदिए । तर यसले पनि उनको कामना पूर्ण भएन । उनको अरुअरु राज्यहरुसमेत जितेर लिने इच्छा जाग्यो ।

त्यसै समयमा *'यिनलाई पाठ सिकाउनु पर्‍यो'* भनी इन्द्र आएर तीन राज्यको खुब प्रसंशा गरी ती राज्यहरु सजिलै जित्न सकिने कुरा पनि बताए । अनि राजा अरुको राज्य जितेर लिन उत्तेजित भए र तुरुन्त युद्धको तयारी गरे । तर युद्धको लागि प्रस्थान गर्ने बेलामा राजाले त्यस भेषधारी इन्द्रलाई देख्न सकेनन् । उसलाई अब तीनवटा राम्रो राज्य नपाइने भयो भनी पीडा भयो । उनले न त तीन राज्यलाई बिर्सन सक्यो न त तीन राज्य कहाँ र कसरी लिने भन्ने नै थाहा पाएन सक्यो । यही मानसिक पीडाले ऊ ओछ्यानमा थला परे । पछि एकजना कुशल चिकित्सक बोधिसत्त्वलाई नभेटेको भए विचरा ऊ आफ्नै मानसिक रोगले विनाश हुने थियो । बोधिसत्त्वले कामको दुष्परिणाम देखाएर उसको मानसिक रोग निको पारिदिनुभयो ।

यसले स्पष्ट हुन्छ, नैष्क्रम्यको अर्थ नै कामको आदीनव देख्नुको संयोजनबाट बाहिर निस्कनु हो । साथै यसबाट भिन्न, खनालाई वा लौकिक स्वार्थ पूर्ति गर्न निष्क्रमण गर्‍यो भने त्यो वास्तविक नैष्क्रम्य हुँदैन ।

## चित्तहत्थ थेरको कथा

श्रावस्तीमा एकजना कुलपुत्र त्यसरी नै पात्रमा रहेको मिठो प्रणीत स्वाद लिएर प्रव्रजित हुन आयो । उसको विचार हो- *'म सधैँ काम गरेर पनि यस्तो खान पाउँदिन ।'* तर त्यो स्वाद उसको लागि त बल्छिको स्वाद मात्र नै भयो । स्वादको लागि प्रव्रज्या भएकोले मन परेझैँ मिठो प्रणीत वस्तु मनले चाहनु वास्तविक नै हो । त्यसैले उसले क्लशलाई जित्न सकेन । जीवन नै बन्धनजस्तो लाग्यो । मन परेको बेला म परेको खाने र मन परेको पिउने भन्ने कामनाले उसलाई मनमा शान्ति भएन । पछि ऊ फेरि गृहस्थ नै हुन गयो । गृहस्थ भएर मेहनत दुःख गरी काम गर्नुपर्दा प्रव्रजित हुँदाको सुख सम्झेर फेरि प्रव्रजित हुन आयो । यसरी ऊ विचरा ६ पल्टसम्म प्रव्रजित भयो, ६ पल्टसम्म गृहस्थ भयो । त्यसैले उसको नाम चित्तहत्थ थेर रहन गयो । एकदिन उसले आफ्नी जहानको अङ्गमा दृष्टि पुग्दा कामरागको दोष देख्न पुग्यो । तब उसले प्रव्रज्याको अर्थ कामनाको संयम, उपशमन साथै शान्ति प्राप्ति भनेको बुझ्यो । अन्तमा उसले छोड्नु पर्ने गृहस्थभाव वैरागले छोडेर प्रव्रजित पनि भयो र पछि फेरि गृहस्थ हुन गएन ।

वस्तुतः निष्क्रमण पंचकामगुण प्राप्त गर्नको लागि होइन भन्ने कुरा बुझेपछि मात्र नैष्क्रम्य जीवन सुखद हुन्छ । उपादानको आश्रय लिउन्जेल यो सुखदेखि विमुख भएर बस्नुपर्ने हुन्छ । निष्क्रमणको पछि पनि उसको जीवन यता न उता भइरहन्छ ।

Downloaded from http://dhamma.digital/

# कुदाल जातक (७०)

किसानी काम गर्ने बोधिसत्त्व कुदाल पण्डितले एउटा कोदाले एक ठाउँमा लुकाएर प्रव्रजित जीवन बिताए । जब उनलाई यो जीवन गह्रो लाग्दै आयो तब उनी फेरि त्यही कोदालो खोजेर गृहस्थ भएर खेती गर्न गए । फेरि खेती किसानी काम गाह्रो मानेर भिक्षा पात्र बोक्न आउने र भिक्षापात्र बोक्न गाह्रो भएपछि कोदालो बोक्न जाने काम उनले ६ पटकसम्म दोहऱ्याइरहे । सातौंपल्ट मात्र उनले बुझे कि यही कोदालोको कारणले गर्दा बारबार फर्केर आइरहनुपऱ्यो । त्यसैले उनले त्यही कोदालो एउटा पोखरीमा आँखा चिम्लिएर आफूले नदेख्ने गरी फ्यालिदिए । त्यसपछि उनले *'मैले जितें, मैले जितें'* भनी उफ्रिरहे । संयोगको कुरा हो यसैबेला नै सीमान्त उपद्रव शान्त गरी वाराणसी नरेश  त्यही बाटो गरी फर्किरहेको थियो । कुदाल पण्डितले त्यसरी कराइराखेको सुनेर उसले सोध्यो - *'तिमीले के जित्यौ ?'* जवाफमा आफूले आफूलाई नै जितेको कुरा कुदाल पण्डितले स्पष्ट पार्दै भने :-

*न तं जितं साधु जितं, यं जितं अवजीयति ।*

*तं खो जितं साधु जितं, यं जितं नाभिजीयति ॥*

त्यो जीत साँच्चै कै जीत होइन, जसले फेरि हराउन सक्छ । त्यो जीत नै साँच्चै कै जित हो, जुन जितपछि पुनः हारमा परिणत हुँदैन ।

त्यसैले यो राम्ररी स्पष्ट छ कि निष्क्रमण गर्न अडाडि नै निष्क्रमणको उद्देश्य स्पष्ट बुझ्नुपर्छ । त्यति भएन भने पनि कम्तिमा पनि प्रव्रजित भइसकेपछि त अवश्य बुझ्नुपर्छ । त्यसैले *'संसारको सारा दुःख निस्तारण भएको निर्वाण धर्म साक्षात्कार गर्नको लागि नै यो काषायवस्त्र धारण गर्छु'* भन्ने परम्परा सारै नै महत्त्वपूर्ण देखिन्छ । दृष्टि विभ्रममा पर्नासाथ यसको मूल्य देख्ने हुँदैन । तब उनका कामच्छन्द यथार्थ रुपले नियन्त्रित हुन पनि गाह्रो हुन्छ । विशुद्धिमार्ग अनुसार मिथ्यादृष्टिको नैष्क्रमणले नै कामच्छन्दको प्रहाण हुन्छ । कामको निस्तारण नै नैष्क्रम्यको लक्ष्य हो ।

नयाँ दुःख उत्पन्न नहोस्, दुःखको प्रवाह रोकियोस्, भन्ने उद्देश्यले नै प्रव्रजित हुनुपर्छ । फेरि जन्म हुनु नपर्ने प्रव्रजित जीवनको उद्देश्य हो भने क्लेशको क्षय गर्नु र निर्वाण साक्षात्कार गर्नु नै बुद्धधर्मको यथार्थज्ञः अद्वितीय तार्किक नागसेन भन्तेले स्वयं पहिला प्रव्रजित हुँदा *'भिक्षुहरु ठूला पण्डितहरु, म उनीहरुसँग सिकेर लिनेछु'* भनेर मात्र प्रव्रजित भएको हो । तर उनले बुझेर पनि राजा मिलिन्दलाई स्पष्ट रुपमा भने- *'प्रव्रज्याको अर्थ नै कामभवदेखि निष्क्रमण हुनुलाई र परम निर्वाण प्राप्त गर्नको लागि हो ।'* यो लक्ष्य प्राप्त गर्न वस्तुकाम र क्लेशकाम छोड्नुपर्छ र छोड्दै जाँदा नैष्क्रम्यको यथार्थसुख प्राप्त हुन्छ । यसको उदाहरण महाकप्पिन स्थविरको शब्दबाट स्पष्ट हुन्छ ।

Downloaded from http://dhamma.digital/

## महाकप्पिन स्थविरको कथा

कुक्कुटवती नगरको राजा महाकप्पिनले बुद्ध, धर्म र संघको विषयमा व्यापारीहरुको तर्फबाट सुन्नासाथ भगवान् बुद्ध भेट्न गए । उनले चन्द्रभागा नदीको किनारमा एउटा वरको बाटेमुनि बसिरहेका बुद्धको दर्शन गरे । भगवान् बुद्धको उपदेश सुनेर राजा कप्पिन र अमात्यहरु श्रोतापत्ति भए । उनीहरु सारा बुद्ध शासनमा प्रव्रजित भए र पछि बिस्तारै महारानी र अमात्यका जहानहरु पनि प्रव्रजित हुन आए ।

जेतवन विहारमा आयुष्मान् कप्पिनले जहिले पनि *'अहो सुख ! अहो सुख !'* भन्ने गर्दथे । यो सुनेर भिक्षुहरुले विचार गरे-*'भिक्षु भइसक्दा पनि महाकप्पिनले राज्यसुख याद गरी बसे ।'* उनीहरुले बुद्धकहाँ गएर उनको क्रियाकलापबारे खबर पुऱ्याए । अनि भगवान् बुद्धले महाकप्पिनलाई बोलाई सोधे - *'कप्पिन के यो कुरा सत्य हो कि तिमीले राज्यसुख सम्झेर अहो सुख ! अहो सुख ! भनिरह्यौ ?'* कप्पिनले जवाफ दिए -*'यो कुरा जस्तो हो भगवान् स्वयं थाहा पाउनुभएको हो ।'* यो कुरा सुनेर भगवान् बुद्धले भने- *'भिक्षुहरु, मेरो छोराले राज्यसुख सम्झेर यसरी भनिरहेको होइन । बरु मेरो पुत्रले धर्मप्रति, धर्मरस पिएर बसिरहेको छ । उसको महापरिनिर्वाणको बारेमा रस अनुभव गरेर यसरी भनिरहेको हो ।'*

यस्तो यथार्थ सुखशान्ति बुझेन कि मानिसहरुले नैष्कम्यको अर्थ भिन्न देख्दछ, चित्त विक्षिप्त बनाएर स्वाभाविक हुन्छ । विशुद्धिमार्ग अनुसार तब यस्तो नैष्कम्य सुखदेखि टाढिन्छ भनेर नै योगीहरु नैष्कम्यको विषयमा कहिले विचार नगर्नेहरु, काममा डुबेकाहरु, विक्षिप्त हृदय भएका मानिसहरुसँग संगत गर्नु समेत टाढिएर बस्ने कोशिस गर्दछन् । *'काम अल्पस्वाद हो'* भनी बुझेर कामभोगको विनाश, फेरि सारा दुःखदेखि मुक्ति पाउने बाटोजस्तै नैष्कम्यको अभिलाषी भएर बुद्ध, धर्म र संघको गुण स्मरण गरी प्रीतिले प्रमुदित भएर बस्दछन् ।

विशुद्धिमार्ग अनुसार जहाँसम्म बोधिसत्त्वहरुको कुरा छ, उनीहरु स्वभावतः कामभोगबाट बाहिरिनुको लागि नैष्कम्यको विचार गर्नेहरु हुन्छन् । घरभित्र बस्नुमा दोष देख्ने गर्दछन्, संसार निस्तारको विचार अरुलाई पनि गराउने र आफू पनि गर्ने गर्दछन् । सारा भव र गति दोष देख्ने गर्दछन् । त्यसैले बोधिसत्त्वको रुपमा पूर्ण गर्ने नैष्कम्य चयौलाई नै नैष्कम्यपारमिता भनिन्छ ।

कामभवरहित हुनु नै नैष्कम्यको साधारण स्वभाव वा लक्षण हो । कामभवको आदीनव देख्नु यसको रस (कृत्य) हो । काम र भवदेखि विमुखभाव नै प्रत्युप्रस्थान हो । संवेग हुने वा संसारदेखि पश्चाताप मान्नु नै यसको पदस्थान हो । जुन बोधिसत्त्वले नैष्कम्यपारमिता पूर्ण गर्दछन्, उनले पहिले नै कामको आदीवन देखेको देखिन्छ । आदीनव देख्नासाथ नै त्यसबाट विमुख हुनु र संसारदेखि विरक्ति हुनु स्वाभाविक हो । पछि यही नै विरक्ति नैष्कम्यको प्रधान कारण र हेतु हुने हुन्छ । अर्को शब्दमा भन्ने हो भने आर्यसत्य नबुझ्नेलाई काम नै आकर्षणको विषय र मूल्यवान् धारणा, अर्थपूर्ण सारजस्तै देखिने हुन्छ । तृष्णा दुःखको हेतु भए तापनि त्यो छोड्न गाह्रो हुनसक्छ । काम छोड्न नैष्कम्यको प्रत्यवेक्षणविना सम्भाव छैन । फेरि कामको आदीनव जति दृढतापूर्वक बुझ्यो त्यति नैष्कम्य दरिलो हुन्छ । बोधिसत्त्वहरुले संसारलाई आर्यसत्य अनुसार समीक्षा गर्दछन् ।

Downloaded from http://dhamma.digital/

उनीहरुले संसारका मानिसहरुलाई जरा धर्म देख्दछन् । रुखबाट फल खसेझैं मानिसको मृत्यु अनिवार्य र स्वाभाविक देख्दछन् । एउटा उपमाले नै राज्यलाई त्यागिदिन्छन् ।

## सोनक जातक (५२९)

मगधराज मृत्यु हुनासाथ बोधिसत्त्व अरिन्दम राजकुमारलाई राज्याभिषेक दिएर नगर परिक्रमा गराइयो । यता राजकुमार अरिन्दमको साथी सोनक आफूलाई पुरोहित बनाउँछ भनी डरायो । फेरि एउटा सालको बोटबाट झर्दै गरेको पात हेर्दै स्वयं सोनकले अनित्य दर्शन बुझ्यो । अभिनिष्क्रमणपछि सोनकलाई प्रत्येकबुद्ध लाभ भयो । चालिस वर्षपछि अरिन्दमले आफ्नो साथी सोनकलाई सम्झे तर कहीँ पनि भेटिएन र तब गीत गाएर खोज्ने काम शुरु गरे । राजाले गीत गाएका हुन् भनी प्रजाहरु सबैले नै त्यो गीत गाउन थाले । त्यही नै गीत गाइरहेको एकजना सातवर्षको दाउरा खोज्न आएको केटोलाई प्रत्येकबुद्ध सोनकले गीतमै जवाफ सिकाए ।

जवाफी गीत सुनेर राजा अरिन्दम केटोसँगै प्रत्येकबुद्ध सोनककहाँ पुगे । *'तपाईंलाई आनन्द त छ होइन ।'* भनी राजा अरिन्दमले सोध्दा प्रत्येकबुद्धले जवाफ दिए- 'अकिञ्चन घर नभएको भिक्षुलाई सधैं आनन्द हुन्छ । पहिलो आनन्द यो हो कि उसको कोठामा धनधान्य नहुनु । दोश्रो आनन्द हो - निर्दोष भिक्षाले चित्तमल उत्पन्न गरी कष्ट नहुनु । तेस्रो आनन्द हो- शान्त भिक्षा ग्रहण गर्नु । चौथो आनन्द हो- मुक्त भएर चारिका गर्नु । पाँचौं आनन्द हो- नगरमा आगो लागे तापनि उसको केही पनि नजल्नु । छैठौं आनन्द हो- राष्ट्र लुटियो भने पनि उसको केही पनि नलुटिनु । सातौं आनन्द हो- चोर र मार्गबाधक भए पनि ऊ सकुशल हिंड्ने हुनु । आठौं आनन्द हो- ऊ जहाँ जहाँ जान्छ अपेक्षाले जानु ।'

प्रत्येकबुद्ध सोनकले यसरी आठ श्रमणभद्र बारे बताइसकेपछि राजा अरिन्दमले भने- 'तर मलाई त कामभोग नै मन पर्छ, दिव्यलोक नै मन पर्छ । कसरी यी कुराहरु प्राप्त गर्ने हो त्यो मलाई बताइदिनुहोस् ।' प्रत्येकबुद्धले कामभोगमा आशक्तहरु, कामभोगको अनुरक्तहरु फेरि कामभोगमा मुर्छित हुने प्राणीहरु पापकर्म गरी नरकमा जाने कुरा बताए । उनले फेरि एउटा उपमा दिँदै यसरी प्रकाश पारे :-

*उपमं मे करिस्सामि, तं सुणोहि अरिन्दम ।*

*उपमाय पिध एकच्चे, अत्थ जानन्ति पण्डिता ॥*

*गंगाय कुणपं दिस्वा, वुय्हमानं महण्णवे ।*

*वायसो समचिन्तेसि, अप्पपञ्ञो अचेतसो ॥*

*यानञ्च वत इदं लद्धं, भक्सो चायं अनप्पको ।*

*तत्थ रत्तिं तत्थ दिवा, तत्थ एव निरतो मनो ॥*

Downloaded from http://dhamma.digital/

*खादं नागस्सं मंसानि, पियंभागी रसोदकं ।*

*सम्पस्सं वनचेत्यानि, न पलित्थ विहंगमो ॥*

*तं व ओतरणी गंगा, पमत्तं कुणपे रतं ।*

*समुद्दं अज्झगाहपि, अगति यत्थ पक्खिनं ॥*

*सो च भक्खपरिक्खीणो, उदापत्वा विहंगमो ।*

*न पच्छतो न पुरतो, नुत्तरं नो पि दक्खिणं ॥*

*दीपं सो न अज्झगच्छि, अगति यत्थ पक्खिणं ।*

*सो च तथेव पापत्थ, यथा दुब्बलको तथा ॥*

*तञ्च सामुद्दिका मच्छा, कुम्भीला मकरा सुसू ।*

*पसय्हकारा खादिंसु फंदमानं विपक्खिनं ॥*

*एवमेव तुवं राज, ये त अञ्ञे कामभोगिनो ।*

*गिद्धा चे उपमा राज, काक पञ्जाय ते विदू ॥*

*एता ते उपमा राज, अत्थसंदस्सनी कता ।*

*त्वं च पञ्जायते तेन, यदि काहसि का न वा ॥॥*

हे अरिन्दम, सुन । म तिमीलाई एउटा उपमा दिन्छु । कति ज्ञान हुनेहरुले उपमाले पनि कुरा बुझ्दछन् । गंगामा एउटा मरेको हात्ती महासमुद्रतिर बहाउँदै लगिराखेको थियो । त्यो देखेर एउटा मूर्ख बद्धिहीन कागले विचार गऱ्या - *'मलाई एउटा यान प्राप्त भयो । मेरो लागि यो आहार पनि प्रशस्त नै छ ।'* ऊ रातदिन त्यहीँ नै बस्यो । फेरि त्यसैमा उसको मन टाँसियो । हात्तीको मासु खाँदै गंगाको पानी पिउँदै गयो । चैत्य देख्यो तापनि त्यो काग त्यहाँबाट उडेर गएन । महासमुद्रमुखी गंगामा परेको हात्तीको मासु खानमा आशक्त भएको त्यस कागलाई समुद्रको बीचमा बहाउँदै लग्यो, जहाँबाट पंक्षीहरु उडेर फर्केर आउन सक्दैनन् । उसको खाना सकियो र ऊ पानीमा डुब्न गयो । उसले न अगाडि न पछाडि, न पूर्वदिशामा न उत्तरदिशामा कतै पनि द्वीप पाउन सकेन, ऊ दुर्बल प्राणीजस्तै त्यहीँ खस्यो, जहाँ पंक्षीहरुको गति छैन । त्यो छट्पटाइरहेको पंक्षीलाई माछा, गोही, सोंजगोंजले पक्रेर मारी खाए । हे राजन, त्यसरी नै तिमी हौ । त्यो जस्तै अन्य कति प्राणीहरु पनि कामभोगीहरु छन्, उनीहरुले यदि कामभोग नछाडेमा उनीहरु त्यो कागजस्तै नै हुनेछन् । हे महाराज, मैले अर्थ प्रकाशित गर्ने उपमा दिइसकेँ । यदि अब तिमीले उपदेश बुझेर काम गऱ्यो भने तिमी सुगतिमा उत्पन्न हुन्छौ हाइन भने दुर्गतिमा ।

Downloaded from http://dhamma.digital/

बोधिसत्त्वले यो उपमा सुन्ने बित्तिकै तुरुन्त प्रकाश पारे :-

*को नुमे राजकत्तारो, सूता बेय्यत्तिं आगता ।*

*रञ्जं निय्यादयिस्सामि, नाहं रज्जेन-मत्थिको ॥*

*अज्जेव पब्बजिस्सामि, को जञ्ञा मरणं सुवे ।*

*माहं काको व दुम्मेधो, कामानं वसं अन्नगा ॥*

मलाई राज्याभिषेकको संस्कार गर्ने सूत अथवा अन्य मेरा मानिसहरु खै कहाँ गए ? म राज्यभार फिर्ता दिनेछु मलाई राज्य चाहिएको छैन । अहिले भनेर नै म प्रव्रजित हुन्छु । कसले जानेको छ र भोलि नै म मर्छु कि बाँच्छु । म मूर्ख कागजस्तै कामभोगमा वशीभूत भएर बस्न सक्दिन ।

त्यति भनेर बोधिसत्त्व महाभोग सम्पत्ति एउटा एउटा भएसम्म आफ्नो छोरालाई सुम्पेर हिलोबाट सफा ठाउँमा, काँढा नभएको चौडा बाटोको पथिक बन्न जानुभयो ।

अन्य ठाउँमा पनि भनिएको छ -

*सम्बाधोयं घरवासं, रजस्सायतनं इति ।*

*अब्भोकासो व पब्बज्जा, इति दिस्वान पब्बज्जि ॥*

छोराछोरीको हेतुद्वारा अनेक बाधासहित क्लेशरुपी धुलो उत्पत्ति हुने एउटा स्थान घर हो । प्रव्रजित हुनु अब्भोवकासजस्तै स्वतन्त्र शान्तिपुर हो, त्यसैले म प्रव्रजित भएँ ।

उपरोक्त जातकीय अभिव्यक्ति पुरोहितपुत्रले बोधिसत्त्वलाई उपमा दिएर नैष्कम्य प्रेरणा दियो भने प्राय: गरी बोधिसत्त्वको जीवनमा बोधिसत्त्व स्वयं जागृत भएको देखिन्छ । यहाँ पूर्वअभिव्यक्तिको विपरित स्वयं जागृत भएको एउटा उदाहरण उल्लेखयोग्य देखिन्छ ।

## सह्य जातक (३१०)

जतिबेला वाराणसीमा ब्रम्हादत्तले राज्य गरिरहेका थिए, त्यतिबेलामा बोधिसत्त्व राजपुरोहितको कुलमा जन्मिए । फेरि त्यसै दिन नै राजकुमारको पनि जन्म भयो । राजकुमारसँगै जन्मेको हुनाले बोधिसत्त्वलाई पनि सँगसँगै पढाइयो । साथसाथै शिक्षादीक्षा पनि दिइयो । दुवैको बीचमा अति ठूलो विश्वास पनि भयो । तर ब्रम्हादत्त राजाको देहान्त हुने बित्तिकै राजकुमार राजा भए । उता बोधिसत्त्वले विचार गरे 'मलाई पुरोहित पद दिन्छ । यसभन्दा त प्रव्रजित जीवन नै श्रेष्ठ छ ।' यसरी विचार गरेर आमाबाबुसँग विदा लिएर उनी प्रव्रजित भए । फेरि अभिज्ञा र सम्पत्ति र समापत्ति लाभ गरी ध्यानस्थ भई बसे । उता अनेक प्रकारको कोशिस गरी वाराणसी नरेशले

Downloaded from http://dhamma.digital/

बोधिसत्त्वलाई चिन्न सक्यो र तब राजाले उनलाई पुरोहित पद दिने भर्ना भन्न पठाए । तर बोलाउन आएको राजदूतलाई बोधिसत्त्वले यसरी जवाफ दिए - 'मलाई पुरोहित पद त के स्वयं काशी राज्य, कोशल राज्य, जम्बूद्वीप र चक्रवर्ती लाभ भए पनि म फिर्ता जाने छैन । खकारिसकेको खकार फेरि कसले चाट्ला ?'

कहिले यस्तो बाँध्न खोजिएको बन्धन देखेर बोधिसत्त्वले नैष्कम्यपारमिता पूर्ण गरे । फेरि कहिले जराधर्म देखेर संसारको भवको आदीनव विचार गरी पारमिता पूर्ण गरे ।

## मखदिव जातक (९)

विदेहराजा मखादेवले आफ्नो कपालीलाई भने - *'ममा सेतो केश हुनासाथ भन',* भने अनुसार एउटा सेतो केश देख्नासाथ कपालीले त्यो केश उखेलेर राजाको हातमा राखिदिए । विदेहराजाले हातमा आफ्नो सेतो केश हेर्दै भने- *'मूर्ख मखादेव, सेतो केश फुलिसक्यो तापनि तिमी यो चित्तमल परित्याग गर्न सक्दैनौ ?'* यसरी विचार गर्दै उसको छाती तातियो । शरीरबाट पसिना तरतर बग्न थाल्यो । भिजेको लुगा फुकालेर फ्याँक्न हुने भयो । तब आफ्नो ज्येष्ठपुत्रलाई राज्य सुम्पेर बोधिसत्त्व मखादेव प्रव्रजित हुन गए । त्यसैगरी चुल्ल सुतसोम जातक (५२५) अनुसार बोधिसत्त्व सुतसोमले पनि आफ्ना बन्धुहरु, मित्रहरु, अमात्यहरु र परिषद्हरुलाई सम्बोधन गरी आफू प्रव्रजित हुन जाने कुरा स्पष्ट पार्दै भने- *'मेरो टाउकोमा सेता केश फुलिसक्यो, त्यसैले म प्रव्रजित हुन जान्छु ।'*

बोधिसत्त्वहरुलाई प्रेरणा अनेकप्रकारले प्राप्त हुन्छ । तर अर्कोतिर उनीहरुलाई भोगविलासमा डुबिरहने बनाउनुमा पनि कोशिस भइरहन्छ ।

## हत्थिपाल जातक (५०९)

वाराणसी राजा एसुकारी र उसको पुरोहित दुवै अपुताली थिए । देवताहरुलाई *'छोरा मात्र भउमा घरमा राख्ने जिम्मा भयो'* भनी पुरोहितले देवताहरुलाई भनेपछि चारजना छोरा प्राप्त गऱ्यो । फेरि छोराहरु प्रव्रजित हुन्छन् भनी डराएर देशको सारा प्रव्रजितहरुलाई देशनिकाला गरिदिए । उनीहरु तन्नेरी हुँदा राजाले आफ्नो प्रण अनुसार जेष्ठपुत्रलाई राज्याभिषेक दिने विचार गरे । तर परीक्षा एकपल्ट गर्नुपर्छ भनी स्वयं एसुकारी र पुरोहित ऋषिभेष लिएर भिक्षा माग्न आए । ऋषिप्रति सम्मान गर्न खोज्दा उनीहरुले आफ्नो वास्वविक परिचय दिए । तब ज्येष्ठ कुमार बोधिसत्त्व हस्तिपालले सोध्दै भने- *'मेरो परीक्षा किन लिएको ?'*

उनीहरुको जवाफ हो *'यदि हामीहरुलाई देखेर पनि प्रव्रजित नभएमा तिमीलाई हामीहरुले राज्याभिषेक गर्ने विचार गरेका थियौं । हामीहरु राज्याभिषेक गर्नलाई आएका हौं ।'*

Downloaded from http://dhamma.digital/

तब हस्तिपालले भने - *'त्यसो हो भने बाबु, मलाई राज्य चाहिँदैन । म प्रव्रजित हुन जान्छु ।'* उनको विचार हो - *'न वेद नै त्यो सत्य हो, न धनलाभ नै त्यो सत्य हो, न पुत्रलाभ नै त्यो सत्य हो जसले जराको नाश हुन्छ । मृत्युसँग मैत्री हुने जरासँग साथी भएको आफू सयवर्ष निरोग भएको हेर्ने आशा गर्दछ ।'* यसरी जीवन संस्कारको तुच्छता प्रकट गरी *'महाराज तपाईं जानुहोस्, तपाईंसँग कुराकानी गर्दागर्दै व्याधि जरा मरण मेरो नगिच आयो, तपाईं अप्रमादी हुनुहोस्'* भनी राजा र आफ्नो बाबुलाई प्रणाम गरी गए ।

पुरोहित र राजाले हस्तिपालको भाई गोपाललाई पनि रोक्न सकेन । दुईदिन पर्ख भनी के भनेको थियो गोपालले जवाफमा भने -

*हिय्यो ति हिय्यो ति पोसो परेति ।*

*अनागतं नेतं अत्थीति ञत्वा,*

*उप्पन्न छन्दं को पनुदेय्य धीरो ॥*

जुन मानिसले भोलिपर्सि भन्दै बस्छ, उसको पतन हुन्छ । योभन्दा भविष्य छँदै छैन, तब को यस्तो धीर पुरुष होला जसले कुशल संकल्पलाई पर्ख भनी बस्छ ?

अर्को भाइले भन्यो - 'दाजुहरुले थुकेको थुक म टाउकोमाथि राखी हिंड्दिन ।' परिणमतः पुरोहितले समेत हाँगाविँगारहित रुख मूढोसमान हो भनी भनेर ऊ आफू पनि प्रव्रजित भए । राजपुरोहित के प्रव्रजित भए कतिका ब्राम्हणहरु पनि प्रव्रजित भए । तब राजाले *'अपुतालीको सम्पत्ति राजाको हुन्छ'* भनेर पुरोहितको सम्पत्ति ओसार्न लगाए । तर महारानीले *'अरुको खकारेको खाने'* भनेर भन्दा राजाको पनि निद्रा खुल्यो । तब राजारानी पनि प्रव्रजित भए ।

विषयुक्त रोटीजस्तै कामको भित्र अवगुण देख्ने गरी दुःखकारक तत्त्वले भरिएको हुन्छ । तापनि यो कामदोष देख्न सकिँदैन । यही दोष देख्नसक्नुको अर्को नाम बुद्धधर्म हो । काम भनेको मासु नभएको हड्डी चपाएझैं, पेट नभर्ने तर दुःख दिने, अझ दाँत पनि टुट्न सक्ने हुन्छ । मासुको चोक्टा लिएको प्राणीलाई अर्कोले पछ्याउँदा त्यो मासुको टुक्रा नछोडेसम्म मृत्युसम्म पनि हुनसक्छ । त्यसरी नै धेरै मानिसहरुलाई आशा भएको कामको लागि संघर्ष हुन्छ । यस संघर्षमा हार्नैपर्छ, जित्ने पनि अतृप्त रोग लागेर हार्नुपर्छ ।

मानिसहरुले आफ्नो लागि, आफ्ना छोराछोरीहरुको लागि काम गरी मरेर पनि कामवासनाभित्र बसेर बाँच्ने कोशिस गर्दछन् । आफूलाई लाभ नभए तापनि छोरालाई लाभ गराउने कोशिस गरी लाभको सन्तोष लिन खोज्छन् । तर वास्तविक लाभ हुने र अवास्तविक लाभ बुझेको व्यक्तिले त्यसैलाई पर्ख नभनी त्याग गर्दछ, जुन कामको लागि अरु झगडा गरिबस्छन् ।

## महाजनक जातक (५३९)

Downloaded from http://dhamma.digital/

मिथिलाधीश अरिट्ठजनक राजा हुनासाथ उनी आफ्नो भाइ देखेर डराए । भाइ पोलजनकले आफ्नो राज्य लुटेर लिन्छ भनी डराएर उनलाई राजगृहमा बन्दी बनाइदिए । तर ऊ त्यहाँबाट बाहिर आयो । दुवैको बीचमा झगडा भयो । अरिट्ठजनकले आफ्नो जहानलाई भने - *'म युद्धमा मरे भने तिमीले गर्भ रक्षा गर र तिमीले छोरालाई राजा बनाऊ ।'*

दुई दाजुभाइको युद्धमा अरिट्ठजनकको मृत्यु भयो । पोलजनक राजा भए । महारानीले चम्पा नगरमा शरण लिए र आफ्नो छोरालाई महाजनक भनी नाम राख्यो । तन्नेरी उमेरमा बोधिसत्त्व महाजनक व्यापार गर्न जाँदा डुंगा समुद्रबीच बिग्रियो । तर महाजनक न रोए न उनले देवताको नाम नै लिए । जब सख्खर र घिउ खाएर तेल लागेको कपडाले शरीरमा बेरे । तब डुंगा डुब्नासाथ सात दिनसम्म पौडि खेले । त्यसबेला मणिमेखला देवकन्याले भनिन् - *'तिमी व्यर्थमा प्रयत्न गरिरहेछौ ।'* महाजनकले जवाफमा भने *'कर्म नै मानिसको कर्तव्य हो । कर्मको साक्षात्कार देखेनौ ? अरु डुबेर मरिसके, म अहिलेसम्म बाँचिरहेछु । तिमीलाई पनि मैले देखें ।'*

यसरी पराक्रम देखाएर देवकन्याको सहयोगले मिथिला देशमा पुगे । यता पोलजनक अपुताली भएर नै मरे । मिथिलामा राजको खोजी भइरहेको थियो । महाजनकलाई भेटेर राजा बनाइयो । राजा भइसकेपछि उनी बगैचामा घुम्न गए । त्यहाँ महाभोगशाली राजा जनकले एउटा फल फलेको रुख, एउटा फल नफलेको रुख देखे । फल फलेको रुख पनि शोभायमान भएको थियो, फल नफलेको रुख पनि हरियो राम्रै थियो । राजाले पहिला फल टिपेर नखाएसम्म कसैले पनि नखाने चलन थियो । राजा महाजनकले रुखमा भएको फल देख्नासाथ एउटा फल आफैले टिपेर खाए । साह्रै मिठो मानेर विचार गरे *'फर्किएर आएर अरु फल खान्छु'*। तर राजाले एउटा फल टिपेर के खाएका थिए, सबैले एउटाएउटा, दुईटादुईटा टिप्दै फल खान थाले । रुखको टुप्पामा भएको फलसमेत टिपेर खाए । रुखको हाँगाबिँगा सारा भाँचे । पात एउटै पनि रुखमा रहेन । राजा घुमेर फर्किएर आउँदा रुखको दुर्दशा देखेर आश्चर्य माने । उता फेरि फल नफलेको रुख जस्ताको तस्तै थियो । झ्याम्मिएको रुख हेर्दाहेर्दै बोधिसत्त्व महाजनकलाई संवेग प्राप्त भयो । मिथिला राज्यलाई फल फलेको रुखजस्तै ठान्न थाले । जब आफ्नो बाबु मरेको, बाबु र काकाको रक्तपातपूर्ण झगडा सम्झे, तब उनी राज्यत्याग गरी प्रव्रजित भए । अनि महारानी सिवली पनि प्रव्रजित भइन् ।

एकदिन फेरि एउटा हातमा चुरी नहुँदा चुरीको आवाज नआएको देख्दा झस्किए । धनुष बनाउने काम गरिराखेको एकजना मानिसले एकचित्तले राम्ररी बाँस सिधा भयो वा भएन भनी हेर्न एउटा आँखा चिम्लेर हेरेको र त्यतिबेला देखेपछि महाजनक र सिवली दुवै दुवैतिर अलग्गिएर गए । अन्तमा बोधिसत्त्वले अभिज्ञा समापत्ति लाभ गरेर लिएझैं सिवलीले ध्यान लाभ गरी ब्रम्हलोक प्राप्त गरिन् ।

माथि गइसकेको बोधि राजकुमार चरितले पनि भन्दछ, कति मानिसहरुको चित्तमा कामभोगको इच्छा स्वाभाविकहरुपले नै नभएको हुन्छ । चुल्लबोधि जातक (४४३) अनुसार कति मानिसहरु राम्री परिब्राजिका र प्रव्रजितहरुलाई समेत मन पराउने हुन्छन् । तर बोधिसत्त्वहरुले जहिले पनि कामको आदि, मध्य र अनन्तकालको अनुसार परिणामको बारेमा विचार गर्दछन् । त्यसलाई सम्यक्रुपले देख्दछन्, फेरि दुष्परिणामको काम छोडी नै दिन्छन् ।

Downloaded from http://dhamma.digital/

## सरभंग जातक (५२२)

वराणसीको राजपुरोहितपुत्र बोधिसत्त्व ज्योतिपाल अद्‌भूत धनुर्विद्यामा पारङ्गत थिए । दैनिक हजार असर्फी भएको उनको तलबप्रति अरुले ईर्ष्या गरे । पछि धुनर्विद ज्योतिपालले आफ्नो धनुर्विद्या प्रदर्शन गरे । अत्यन्त अद्‌भूत, आश्चर्यजनक चमत्कारपूर्णको धनुर्विद्या देखेर उनलाई राजाले सेनापति पद दिने निर्णय गऱ्यो । तर त्यसबेला बोधिसत्त्व ज्योतिपालले विचार गरे, 'धनुर्विद्याको आदि (पहिले) मा के छ, मध्यमा के छ, अन्तमा के छ ?' आरम्भमा मृत्यु, मध्यमा कामभोग र अन्तमा पनि कामभोग नै भएको बोधिसत्त्व ज्योतिपालले देखे । अन्तमा यसबाट मुक्ति प्राप्त गर्नलाई उनले राति नै सुटुक्क घर छोडी गए । बोधिसत्त्वको यस निष्क्रमणको महत्त्व देख्नासाथ अरुले पनि यस आर्दशको अनुकरण गरे ।

यद्यपि कामभोगीले पनि कामभोगमा फसाउनको लागि कम कोशिस त गर्दैन । तर कम से कम बौद्धसंस्कृति निष्क्रमणको अगाडि ऊ सदा पराजित हुन्छ ।

## सुसीम जातक (४११)

वाराणसी राजमाताले आफ्नो छोरालाई हत्थे गरेर बोधिसत्त्व पुरोहितपुत्रसँग विवाह गरिन् । उसलाई नै राजपद पनि दिन लगाइन् । तर पुरोहितपुत्रलाई काम विरक्ति भयो । तब राजमाताले विचार गरिन् 'म वृद्धा भएकी र ऊ तरुण भएकोले सायद उसले सन्तोष मानेन ।' यसरी विचार गरी भनिन् - *'तपाईं पनि वृद्ध हुनुभयो ?'* प्रमाणको रुपमा आफ्नो सेतो फुलेको केश उखालेर *'तपाईंको टाउकोबाट उखेलेको हो'* भनी देखाइन् । तर परिणाम उल्टो भयो । कामको परिताप थाहा पाउने, कामको कारणमा राजपुत्रको राज्याधिकार खोसेर आफू राजपदमा परेको कुरा देखेको बोधिसत्त्वले संवेग प्राप्त गरी *'अहो ! म वृद्ध भएँ, म अब गृहस्थमा बस्नुभएन ।'* भनी बोधिसत्त्वले व्यक्त गरेका मात्र के थिए विचरा राजमाता फेरि रुईरुई भन्न थालिन् - *'मैले असत्य कुरा गरेकी हुँ आर्यपुत्र । त्यो सेतो केश तपाईंको होइन मेरो टाउकोको हो । तपाईं मदेखि टाढिनु भएकोले तपाईं वृद्ध भयो भनी आफूसँग आशक्त गराउन मैले यसो भनेकी हुँ । मलाई नछोड्नुहोस् ।'* प्रत्युत्तरमा बोधिसत्त्वले जवाफमा - 'तिमीले जुन भन्यौ, त्यो असत्य होइन । त्यो सेतो केश मेरो नभए तापनि त्यस्तो सेतो केश मसँग पछि उम्रेर आउने अवश्य पनि हो ।' भन्दै बोधिसत्त्वले प्रव्रज्याव्रत लिए । त्यसभन्दा पहिले यसरी गाथा उच्चारण गर -

*रज्जुवालम्बीचेसा यागेहे वसतो इति ।*

*एतम्पि छेत्वान वजन्ति धीरा, अनपेक्खिनो कामसुखं पहाय ॥*

गृहवासको कामरति रोगीलाई ओल्टेकोल्टे फेर्नुको लागि बल प्रदान गर्ने डोरीजस्तै हो । धीर पुरुष त्यसलाई पनि चुँडाएर कामसुखलाई फ्यालेर प्रव्रजित हुन्छ ।

Downloaded from http://dhamma.digital/

## कामको उपमा

अब यहाँ कामको आदीनव विषयमा प्राचीन उपमासहित केही कुरा बुझ्ने कोशिस गर्नेछु ।

१) *अट्ठिकंखलुपमा* :- काम भनेको अल्प स्वार्थयुक्त रगत लागेको हड्डीजस्तै, कंकालजस्तै हो । भोकाएको दुर्बल कुकुर गाई भैंसी मार्ने ठाउँमा जान्छ । त्यहाँ उसले मासु निकालिसकेको हड्डी चपाउँदै अल्परसमा आशक्त भएर बस्दछ । एकातिर उसले आफ्नो दाँतबाट निस्केको रगतको स्वाद पनि हड्डीबाट आएको भनी सम्झिन सक्छ । अर्कोतिर त्यो जतिसुकै चपाए पनि पटक्कै पेट भर्ने होइन । त्यसरी नै काम पनि एकातिर दुःखदायी हो, अर्कोतिर असन्तोषदायी पनि हो । कामको कारणले यस लोकमा पनि परलोकमा पनि धेरै उपद्रव भोग्नुपर्ने हुन्छ ।

२) *मंसपेसूपमा कामा* :- काम भनेको त्यो मासुको टुक्रा हो जसको लागि सबै सबै आफ्नो हातमा पार्नलाई दौडिँदै बस्छन् । सिनु खाने गिद्धले पनि यदि एक्लै खाने कोशिस गरेमा उसको गति राम्रो हुने छैन । एकातिर एउटा पंक्षीले मासुको चोक्टा तान्यो कि उसले सजिलै छोड्ने छैन उता अर्कोले पनि त्यो मासुको चोक्टाको निम्ति पछिपछि आउन छोड्दैन । यसको कारण उनीहरुबीच संघर्ष हुन्छ । संघर्षमा पर्छ कि मार्छ ।

३) *तिणुक्कूपमा कामा* :- काम भनेको बलिरहेको सुकेको घाँसजस्तै हो । बलेको सुकेको घाँस पक्रिराखेको मानिसले हावा लागेको ठाउँमा बसेर पनि उसले घाँसको मुठो छोड्न सकेन भने उसलाई पनि पोल्न सक्छ । कामको आगो पनि त्यस्तै हो । उसलाई पक्री नै राख्यो भने त्यसले आफैलाई पोल्दछ ।

४) *अंगारकासूपमा कामा* :- जसरी अति नै दन्किएको आगोको खाल्डोमा हामफाल्न गएमा मर्दछ । काम भनेको दनदन बलेको आगोको  खाल्डोजस्तै हो । त्यसरी नै काममा डुब्ने समयमा आगोको खाल्डोमा हामफाल्नुझैँ हो । यसबाट टाढा भए जलनको महशुस हुन्छ भने नगिच ग एभने भष्म गरिदिन्छ । कामले पनि टाढाबाट नै जलन गराउँछ, त्यसैमा डुबिराखेमा आफै डाह हुन्छ, नष्ट हुन्छ ।

५) *सुपिनकूपमा कामा* :- काम भनेको सपनाजस्तै हो । सपनामा मानिसले धेरै राम्राराम्रा देख्दछन् । तर ती यथार्थ केही होइनन्, न त पाइने नै हुन्छ । त्यसैले स्वप्नावस्थामा मात्र स्वल्प सुख दिन्छ । त्यसरी नै मिठो जति खाए पनि धीत मर्दैन, पेट भर्दैन । काम वास्तवमा सपना मात्र हो, अल्पसुख मत्र हो । यथार्थसुख परमसुख होइन भन्ने कुरा कामरागीले बुझ्न सक्दैन ।

६) *याचितकूपमा कामा* :- काम भनेको मागेर राखेको वस्तुजस्तै हो । मागेर राखेको वस्तु सदा आफ्नो हुँदैन । जहिले ‘ल्याऊ’ भनी माग्छ तब दिनुपर्छ । फेरि कहिले दिनुपर्छ भनेर भन्न पनि सकिँदैन । काम पनि त्योजस्तै तावकालिक मात्र हुन्छ । कालको हातले कहिले खोसेर लिन्छ भनेर भन्न सकिँदैन ।

७) *रुक्खफलूपमा कामा* :- काम फल फलेको रुखजस्तै हो । फलको लागि तेरोमेरो भनी संघर्ष हुन्छ । एकजना फल मन पराउने व्यक्तिले फल फलेको रुख देखेर रुख चढ्यो । रुखमाथि

Downloaded from http://dhamma.digital/

बस्दै उसले फल टिप्दै खाँदै गऱ्यो । त्यहीँ नै अर्को मानिस आइपुग्यो । उसले पनि फल मन परायो । यदि रुखको सारा फल आफ्नो बनाउने विचार गरी उसले रुख काट्यो भने र त्यो पहिलो मानिस पनि फलको रसमा भुलेर 'यो मेरै रुख हो' भनी त्यहीँ नै बसेमा उसको मृत्युसम्म हुन सक्छ । त्यसरी नै कामको निम्ति संघर्षमा मानिसहरु रुखजस्तै ढल्न सक्छन् ।

८) *असिसुनूपमा कामा* :- काम एउटा धारिलो कसाईको छुराजस्तै हो । कसाईको छुराले काटमार मात्र गर्दछ । त्यसरी नै कामवस्तु मात्र हेरिबस्यो भने झगडा गर्दै मानिसहरु चोटपटक लगाउँदै बस्नुपर्छ । यहाँत्यहाँ नभएझैँ कसाईको छुराले घोचेर पीडा दिएझैँ बस्नुपर्छ । कामको बाटोमा हिँड्दा धेरै प्रहार खानुपर्छ ।

९) *सतिसुनूपमा कामा* :- काम एउटा चक्कुजस्तै हो । धेरैजसो स-साना घाउहरु चक्कुले गरेझैँ कामले धेरै स-साना दु:ख अनेकरुपमा दिने गर्छ ।

१०) *सप्पसिरुपमा कामा* :- काम सर्पको टाउकोजस्तै हो । सर्पलाई छुनासाथ वा पक्रिनासाथ हामीलाई बेर्दछ । त्यसरी नै कामले पहिला मानिसलाई बेर्ने गर्दछ । सर्पले त्यसपछि विष लगाउन डस्छ । कामले पनि त्यसरी नै पछि आफ्नो विष छोड्छ । यसरी भययुक्त भएकोले काम सर्पको टाउकोजस्तै हो ।

११) *अग्गिक्खन्धूपमा कामा* :- काम भनेको अग्निस्कन्धजस्तै हो । अग्निस्कन्धले ज्यादै ताडनपीडन दिन्छ । कामप्रेमीलाई काम नहुनासाथ दु:ख हुन्छ । फेरि भए तापनि आरक्षा गर्ने दु:ख हुन्छ । बिग्रने, समाप्त हुने र अरुले लिने धन्दाले उसको चित्तमा सुख हुँदैन । काममा टाँसिएर बस्नुको अर्थ आदि, मध्य र अन्तमा डाह भएर बस्नुपर्छ । त्यसैले नै काम र आगोलाई ज्वालासमान भनिएको हो ।

काम पूर्तिको लागि हावापानी नभनेर, रातदिन नभनेर प्राणीहरुले दु:ख पाउँछन् । प्रयत्नपछि प्राप्त काम नभएमा दु:ख, भएता पनि दु:ख हुन्छ । कामार्थ मानिसले असल आचरणलाई समेत बिगारिदिन्छ । कामवस्तु वा व्यक्ति बदलिँदै जान्छ तर मानिसको काम भने अतृप्त भइरहन्छ । काम तरवारको धारमा टाँसिएको महजस्तै हो । चाट्दा जहाँ स्वाद दिन्छ त्यहीँ नै घाउ पारेर आफ्नो रगतको स्वाद पनि दिन्छ । कामको सुख अल्प र क्षणिक हुन्छ । तर दु:खमयी फल विपुल एवं दीर्घकालीन हुन्छ । सुख दुबोको टुप्पामा रहेको शीतको थोपा जस्तै, दु:खको सागरमा परेझैँ हुन्छ । तिलगेडाजस्तै सुखको लागि महापृथ्वीजस्तै दु:ख भोग्नुपर्छ । 'छैन' भनेको एउटा बोकेर पुगेको ठाउँमा पनि पन्ध्र पाथी धन्दा बोकेर हिँड्नु कामकै कारणले हुन्छ ।

एउटा रूपकमय उदाहरण यहाँ सम्झन योग्य छ ।

एकजना मानिसलाई एउटा जङ्गली हात्तीले लखेट्यो । ऊ मर्न डराएर भाग्यो । भाग्दै जाँदा जङ्गली हात्तीले भेट्छ भनी हतारमा एउटा रुखमा चढ्यो । रुखमाथि एउटा हाँगा पक्रेर झुण्डिएर बस्यो । तर उसले हाँगा पक्रेर झुण्डिएर बसेको तल एउटा कुवा थियो । कुवामा एउटा मुख बाइरहेको अजिङ्गर थियो । विचराले पक्रिएको काँढा भएको रुखको हाँगा पनि दुवैतिर दुईवटा मुसाले

Downloaded from http://dhamma.digital/

काट्दै गरेका - एकातिर सेतो मुसा अर्कोतिर कालो मुसा । उसले पक्रिराखेको रुखको हाँगामाथि सिरानमा मौरी चाका थियो, जसबाट मह टपटप खस्दै थियो । जसबाट झरेको महथोपा उसको मुखमा के परेको थियो ऊ महको स्वाद लिनमा मग्नमस्त भयो । टपटप झरेको मह चाट्दै उसले आफू कहाँ बसेको छ, तल को छ, आफूले पक्रिराखेको काँढादार हाँगा झन्झन् के हुँदै गइरहेको छ भन्ने कुरा उसले बिर्सियो ।

यस रूपकलाई जङ्गल, संसार, मानिस प्राणी, हात्ती मृत्यु, अजिङ्गर जरा, कालो मुसा रात, सेतो मुसा दिन, काँढादार हाँगा जन्म (जीवन), मह-रस काम सुखभोगको रुपमा प्रस्तुत गरिएको छ । जसले गर्दा राम्ररी बुझिन्छ कि जीवन के हो, जीवनमा कामभोग भनेको के हो भनेर । संसाररूपी जङ्गलमा बसेका मानिसहरुलाई मृत्युरूपी हात्तीले सधैं पछ्याइराखेको हुन्छ । मृत्यु देखेर डराउनेहरु वा डराउनुपर्ने मानिसहरु भागेर केही न केही समात्न खोज्छन्, जसले पक्रेको काँढादार हाँगा भइरहन्छ । मानिसहरुले पक्रेको त्यो हाँगा रात र दिनरूपी मुसाले खाएर बिस्तारै टुक्रिँदै जाँदैछ । रातदिन, दिनरात भन्दै मानिसको जीवनको आधार समाप्त हुन्छ । तर त्यसो भए तापनि यस्तो स्थितिमा बसिरहेको मानिसहरुले जाति जरा मरण नदेखेर पञ्चकाममा भुलेर बस्दछन् । जरामरण जीवनमा बाँचेर पनि अलग भएको कामसुख लिने काममा मानिसहरु अनुरक्त भएर बस्दछन् ।

यसैले गृहजीवनलाई जेल देख्नु भएर बोधिसत्त्वहरुले नैष्क्रम्यपारमिता पूर्ण गरेका हुन् । *'नन्दति पुत्तेहि पुत्तिमा'* अर्थात् 'गृहस्थहरु छोराछोरीको कारणले प्रसन्न हुन्छन् भन्दा स्वयं बुद्धले जवाफ दिनुभयो - *'सोचति पुत्तेहि पुत्तिमा'* अर्थात् 'छोराछोरीको कारणले शोक हुन्छ । त्यसैले बोधिसत्त्वहरु प्रव्रजित भएर निराकुल र स्वतन्त्र जीवन बिताउनमा प्रयत्नशील हुन्छन् । प्रव्रजित जीवन चराको जीवनजस्तै स्वतन्त्र हुन्छ । मरपरी उडेर मनपरी बस्ने गर्दछ । भमराले फूल नोक्सान नगरी जीवन बिताएझैं प्रव्रजितहरुले कसैलाई पनि हानि नगरी जीवन बिताउँछन् । उनीहरु क्मलको फूलजस्तै हिलोबाट उम्रेर पनि पानीले नछुने गरी फुल्दछ ।

अनाथपिण्डिकको छोरी सुभद्राले यस्तै शान्त्र इन्द्रियप्रति प्रसन्न भएर नै प्रव्रजितहरुको साँच्चै राम्ररी प्रशंसा गरेकी हुन् । प्रव्रजित जीवन बादल नभएको निर्मल आकाशजस्तै, जसलाई पनि उपकार गर्ने प्यास मेटिदिने कुवाजस्तै, भनेको फल दिने कल्पवृक्षजस्तै, जोसुकै मानिस आए तापनि भेदभाव नराखी भित्रचाउने सागरजस्तै, जसलाई पनि आव्हान गर्ने राजमुद्राजस्तै, ब्रम्हलोक जाने रथजस्तै र निर्वाणमा पुग्ने बाटोजस्तै हो । प्रव्रजितहरु श्रद्धा, शील, हिरी, ओतप्प, श्रुत, त्याग, प्रज्ञाजस्ता सप्त सत्पुरुषधनमा आनन्दित हुन्छन् । शान्त इन्द्रियले शान्ति लाभ गर्दछन् । अष्टलोक धर्मदेखि मुक्त भएर परमशान्त जीवन बिताउँछन् ।

बोधिसत्त्वहरुले कुशलको लागि प्रायः घर छोड्दछन् । त्यसो भन्नाले गृहस्थ जीवनमा बोधिसत्त्वहरु बस्दै बसेनन् भन्ने होइन । उदाहरणको लागि कुस जातक (५३१) मा आफ्नो जहान प्रभावतीको लागि धेरै नै कुस कुमारले दुःख पाए । ज्योतिपाल हुँदा आफ्नो साथी घटिकारलाई कतिसम्म *'मुण्डकहरुकहाँ जानुपर्दैन'* भनी भन्ने गर्दथे । दरीमुख जातक (३७८) अनुसार आफू धूलोमा खेल्दादेखिको धूलोसाथी दरीमुखले प्रव्रजित भएर प्रत्येकबुद्ध भएपछि *'कामभोग हिलो हो,*

Downloaded from http://dhamma.digital/

*गन्दगी हो'* भनेतापनि पहिला त बोधिसत्त्वले जवाफ दिए - *'म कामभोगमा डरलाग्दो रुपमा अल्झिएर बसेँ, टाँसिएर बसेँ, मुर्छित भएर बसेँ । मैले त्यो जीविकाको इच्छा गरिबसेँ तापनि यसलाई छाड्न सकिन । मैले अनेक पुण्य मात्र गर्छु ।'* हो, पछि आफ्नो ज्येष्ठपुत्रलाई राज्य सुम्पेर उनी प्रव्रजित भए ।

तर प्रायः बोधिसत्त्वको जीवनमा जुनसुकै परामिता पूर्ण गर्न पनि उनले प्रव्रजित जीवन लिएको देखिन्छ । साथै यो जीवन बिताउन जस्तोसुकै वियोग वा विरह मान्नु परे तापनि छोराछोरी, श्रीमति छोड्ने, जस्तोसुकै महान् भवभोग सम्पत्तिको लोभ देखाए तापनि वा आए तापनि छोडेकोलाई नैष्क्रम्यपारमिता भनिन्छ । फेरि अंग आरक्षासम्म वास्ता नराखी अथवा अङ्गप्रत्यङ्गको मायामोह नै नराखी बोधिसत्त्वहरु प्रव्रजित हुनेहरुलाई नैष्क्रम्य उपपारमिता भनिन्छ । काम छोडी जीवन बिताउन गाह्रो भएर जीवनको मायासमेत नराखी कामवस्तुदेखि अलग बस्ने वा जीवनको मायासमेत आफ्नो निष्क्रमण प्रतिज्ञा नसुनाउने बोधिसत्त्वहरुको नैष्क्रम्यलाई नैष्क्रम्य परमत्थपारमिता भनिन्छ ।

यी कुराहरुका उदाहरणको रुपमा यहाँ केही बोधिसत्त्वको नैष्क्रम्यपारमिता सम्बन्धी चरित्रको उल्लेख गरिने छ ।

## युधञ्जय जातक (४६०)

युधञ्जय राजकुमारको सम्पत्ति अल्याख छ, यश अपरिमित छ । एकदिन बगैँचामा घुम्न जाँदा रुखको पातमा र माकुराको जालोमा शीतको थोपा परेको देखे । त्यस शीतको थोपालाई हेर्न जाँदा अघि देखिएको शीतथोपा देखेनन् । त्यसरी नाश हुने शीतको थोपाबोरे विचार गर्दै संवेग प्राप्त गरे । तब त्यसलाई नै प्रधाननिमित्त बनाएर संवेग वृद्धि गर्दै आमाबाबुसँग प्रव्रजित हुने वचन मागे । आमाले गृहस्थमा किन नबस्ने भनी सोध्नासाथ राजकुमारले यसरी जवाफ दिए :-

*उस्सावो व तिणग्गहि, सुरियस्स उग्गमन पति ।*

*एवं आयु मनुस्सानं, मा मं अम्म निवारये ।।*

सूर्योदय हुनासाथ जसरी घाँसको टुप्पामा रहेको शीतविन्दुको आयु हो, त्यसैगरी मानिसको आयु पनि हो । आमा त्यसैले मलाई नरोक ।

त्यसपछि निगम र राष्ट्रका नै सारा मानिसहरु आएर कराउन आए । आमाबाबुले पनि भने - *'बाबु, आज नै यो उन्नत, स्थीत महापृथ्वीलाई नै सम्हाल ।'* तर यी आग्रहको कुनै प्रभाव बोधिसत्त्वलाई परेन । राजा, रानी, निगम र राष्ट्रका सारा मानिसहरुले एउटै स्वरमा करुणायुक्त शब्दले विलाप गरे तापनि राजकुमार अपेक्षारहित हुनु भएर प्रव्रजित भए । सम्पूर्ण पृथ्वीको राज्य, जाति, परिवार र यशलाई बोधिको लागि कुनै परवाह नराखी त्याग गरिदिए । बोधिसत्त्वको नै शब्दमा -

Downloaded from http://dhamma.digital/

*मतापिता न मे दस्सा, न पि देस्सं महायसं ।*

*सब्बञ्ञुतम्पियं मय्हं, तस्मा रज्जं परिच्चजिन्ति ।।*

मलाई आमाबाबु मन नपरेको होइन, न त मलाई महायश नै मन पर्दैन । तर मलाई सबैभन्दा सर्वज्ञता नै मन पर्छ । त्यसैले मैले राज्य त्याग गरेको हुँ ।

बोधिसत्त्वहरुको यो नैष्क्रम्य कामभोग जित्नुको लागि हो । कामभोग अंगालो मारेर बस्नुमा नैष्क्रम्यको कुनै मूल्य पनि छैन । यो कुरा हामीले अर्को उदाहरणबाट पनि जान्न सक्दछौं ।

## सोमनस्स जातक (५०५)

इन्द्रप्रस्थ नगरमा राजकुमार सोमनस्स कुमारको जन्म भयो । एकजना ऋषिप्रव्रजित त्यही राज्यमा भिक्षाटन गर्न आए । राजाले त्यस ऋषिप्रति अति श्रद्धा राखेर आफ्नो बगैँचामा नै राखिराखे । तर ती ऋषि बगैँचामा फूल रोपेर, तरकारी रोपेर लाभको मार्गमा हिँड्न थाले । एकदिन राजा सीमान्त प्रदेशमा विद्रोह दमन गर्न गए । तर जानुअघि राजाले आफ्नो छोरा सोमनस्स कुमारलाई जटाधारी तपस्वीको राम्ररी सेवा उपस्थान गर्ने काम दिइराखे । राजकुमारले तपस्वीको चाल देख्दा विचार गरे *'यो तपस्वी चामल नभएको धानजस्तै हो । सार नभएको केराजस्तै हो ।'* त्यसैले उसलाई सुहाउँदो राजकुमारले भने - 'गृहपति, सन्चै त छौ होइन ? तिम्रो लागि केही पठाइदिऊँ ?' यो कुरा सुनेर तपस्वी रिसाएर भन्यो - *'राजकुमारलाई बाँकी राख्ने छैन भनी विचार गऱ्यो ।'*

राजा सीमान्त प्रदेशको विप्लव शान्त गरी फर्किएर तपस्वीकहाँ गए । तपस्वीले अनेक प्रकारले राजकुमारले आफूलाई अपमान गरेको कुरा बताए र राजालाई रिसले अन्धो बनाइदिए । यही अन्धो रिसमा राजाले राजकुमारलाई पक्रन मानिस पठाउँदा, मार्नुअघि राजाको अगाडि लान भने । फेरि राजाको अगाडि राजकुमारले ऋषि भोगी र संग्रही भएर बसेको कारणले 'गृहस्थी' भन्ने कुरा बताए । साथै प्रमाणको रुपमा लेनदेन गरेको मानिसहरु पनि अगाडि राखिदिए । राजाले आफ्नो छोराप्रतिको रिस मारे ऋषिप्रति रिस खन्याए । तर बोधिसत्त्व सोमनस्स कुमारले ऋषिको प्राण पनि बचाइदिए । राजा खुशी हुँदै बोधिसत्त्वलाई राज्य नै सुम्पिदिए । तर बोधिसत्त्वले साँच्चैकै नैष्क्रम्य देखाउन तथा नैष्क्रम्यको महत्त्व परिषद्को बीचमा प्रकाश पार्न प्रव्रजित जीवन अपनाए । उनले प्रव्रज्या जीवन लिन जाने उद्देश्यको बारेमा यसरी भने -

*न मे देस्सं महारज्जं, कामभोगो न देस्सियो ।*

*सब्बञ्ञूतम्पियं मय्हं, तस्पा रज्जं परिच्चगिन्ति ॥*

न त महाराज मलाई राज्य मन पर्दैनथ्यो, न त मलाई कामभोग नै अप्रिय छ । तर बढी सर्वज्ञता मलाई मन पर्छ । त्यसैले मैले राज्य त्याग गरें ।

Downloaded from http://dhamma.digital/

सर्वज्ञता ज्ञान, जन्म, जरा व्याधि र मरणमुक्तिको ज्ञान हो । त्यसैले नै अभिनिष्क्रमणमा यसले प्रेरणा प्राप्त हुने पनि स्वभाविक हो ।

## अयोधर जातक (५१०)

काशी नरेशले आफ्नो छोरा बोधिसत्त्व अयोधर कुमारलाई यक्षिणीबाट बचाउँछु भनी सोह्र वर्षसम्म फलामेघरभित्र राखी हुर्काए । सोह्र वर्षको तन्नेरी भइसकेपछि फलामेघरबाट बाहिर निकालेर देश घुमाउन लगे । राजकुमारले अत्यन्त आश्चर्यले सोधे - 'सोह्रवर्षसम्म मलाई किन यस्तो नगर नदेखाई अँध्यारोमा राखियो ?' तब उनलाई यथार्थ सबै कुरा बताइयो - राक्षसनीबाट बचाउन नै राजाले यसो गरे । तर तुरुन्त राजकुमारको विचार आयो - 'त्यसो हो भने के अब म मर्नुपर्दैन त ?' जब राजाले उनलाई राज्य सम्भाल भने । राजकुमारले जवाफ दिए - 'संसारमा जति पनि मानिस छन्, दाजुभाइसँग आरक्षाविना नै अगाडी बढ्छन् । तर म त्यहाँ बढैं, जहाँ चन्द्रसूर्यको प्रकाश नै छैन । आमाको पेटमा दश महिना बन्धनमा बसैं । सोह्र वर्षपछि फलामको बन्धनगृहमा बसैं । यदि मैले यसप्रकार भयानक दुःखभोग गरिसक्दा पनि राज्यको सुखमा आनन्दित भएमा म पापीहरुमध्ये मुख्य पापी नै हुनेछु । मृत्युलाई योद्धाले जित्न सक्दैन । चतुरङ्गी सेनाले पनि मृत्युलाई पराजित गर्न सक्दैन । एकदिन सबै त्यसरी नै च्यूत हुनेछन्, जसरी रुखमा फलेको फल खसेर जान्छ । मलाई शरीरको माया छैन, राज्य पनि चाहिएको छैन । मैले शान्ति खोज्छु, जहाँ मलाई मृत्युले ढाल्न सक्दैन ।' यसरी जवाफ दिएर बोधिसत्त्व अयोधरले रोइरहेका जनपरिषद्लाई छोडे । फेरि उनी हात्ती बन्धन मुक्त भएझैं मुक्त भएर जङ्गलमा गए । पछि आमाबाबु र परिषद्हरु पनि प्रव्रजित हुन गए ।

कामभोग प्रव्रजितहरुलाई मन पर्दैन । पछि प्रव्रजितहरुको आँखामा कामभोग भनेको नै सरापजस्तै हुन्छ ।

## भिस जातक (४८८)

बोधिसत्त्व काशीको श्रेष्ठ नगरमा जन्म लिए । उनको सातजना भाइहरु र बहिनी एउटी पनि भए । बोधिसत्त्वलाई गृहबन्धनमा राख्न धेरै कोशिस गरियो तर राख्न सकिएन । उनले संसारलाई ठूलो बन्धनगारजस्तै ठाने । आमाबाबुहरुले पठाएका मानिसहरुलाई बोधिसत्त्वको जवाफ हो - 'गृहस्थजीवन सुखदायक भनेको कुरा त्यसै हो । मलाई त त्यो धेरै तातिएको फलामपाताजस्तो लाग्छ ।'

बोधिसत्त्वले गृहत्याग गरिसक्नासाथ आठजना भाइबहिनीहरुले पनि गृहत्याग गरे । दासदासीहरुले पनि त्याग गरे । सबैजना सजिलै प्रव्रजितजीवन बिताइ बसे । उनीहरु फलफूल खोज्न जाँदा वा अन्य काम गर्न जाँदा सँगसँगै जाने गर्दथे । जसले गर्दा हुलमूल हुन्थ्यो । एकदिन

Downloaded from http://dhamma.digital/

बोधिसत्त्व महाअञ्जनले भने - 'अस्सीकोटी धनसम्पत्ति छाडेर आएर यो फलफूलको लागि हामी लोभी भएर बस्न सुहाउँदैन । म फलफूल खोजी ल्याउँछु, तिमीहरु यहाँ आफ्नो गुणधर्म पालन गरी बस ।' यो कुरा सुनेर उनले पाए ऊ जाने, उनले पाए ऊ जाने भन्न थाले । अन्तमा आठजना भाइबहिनीहरु फलफूल खोज्न पालैपालो जाने निर्णय भयो । पछि प्राप्त भएको फलफूल ल्याएर एकठाउँमा भाग राखेर आफ्नो भाग लिएर कुटी वा गुफामा बस्न जाने गर्न थाले ।

इन्द्रले बोधिसत्त्वको यो अभिनिष्क्रमणको परीक्षा गर्न तीन दिनसम्म बोधिसत्त्वको 'भिस' भाग लुकाइदिए । दुई दिनसम्म त 'भाग राख्न बिर्सियो होला' भनी उनको विचार भयो । तर तीन दिनको दिन विचार आयो *'कतै मेरो तर्फबाट कुनै दोष त भएन ?'* यसरी विचार गरेर सबैलाई बोलाएर सोध्न थाले । सबैले बोधिसत्त्वलाई भने *'हामीहरुले सधैं त्यति नै भाग राखेका हौं ।'* तब भिस' चोरेर लगेको वा खाएको भन्ने निर्णय हुनासाथ क्षुब्ध ऋषि उपकञ्चनले भने -

*अस्सं गवं रजतं जातरूपं, भरियञ्च सो इव लभतं मनापं ।*

*पुत्तेहि दारेहि ससंगि हेतु, भिसानि तं ब्राह्मण यो अहोसि ॥*

हे ब्राम्हण, जसले तिम्रो भिस भाग लियो उसलाई हात्ती, घोडा, सुनचाँदी र राम्री भार्या प्राप्त होस् । उसको छोराछोरी पनि होस् ।

यो कुरा सुनेर अन्य ऋषिहरुले कानमा हात राखेर भने -*'मारिष, त्यसो नभन, त्यसो नभन । तिम्रो शराप साह्रै नै ठूलो छ ।'* त्यसरी नै कसैले भने - 'जसले आचार्य महाकञ्चनको भिस भाग लियो, उसलाई राज्य प्राप्त होस् ।' कसैले भन्यो - 'ऊ सारा वेद जान्ने होस्, फेरि वेद पढाउने तपस्वी होस् । उसलाई मान र लाभ सत्कार धेरै होस् ।'

यसरी सबैले कामभोगमा विरक्ति देखाउनासाथ इन्द्र आएर भने -*'मैले नै यो भिसभाग लुकाएको हुँ ।'* फेरि उसले सोध्यो -*'लोकमा जुन खोज्दै मानिसहरु घुम्दैघुम्दै हिँडिरहन्छन्, जुन मानिसहरुलाइ मन पर्छ, राम्रो मनमा गड्छ । ऋषिगण तिमीहरुले किन त्यो कामभोगको प्रशंसा गरेनौं ?'*

यसको जवाफमा बोधिसत्त्वले दुईवटा गाथा उच्चारण गरे -

*कामेसु वे हञ्ञेर वज्झरे च, कामेसु दक्खञ्च भयञ्च जातं ।*

*कामेसु भूताधिपति पमत्ता, पापानि कम्मानि करोन्ति मोहा ॥*

*तं दापधम्मा पसवेत्वा पाप, कायस्स भेदा निरयं वजन्ति ।*

*आदीनवं कामगुणेसु दिस्वा, तस्मा इसयो नप्पससंति कामे ॥*

कामभोगको कारणमा नै मानिसहरु मारिएर बस्छन् । बाँधेर र थुनिएर बस्छन् । कामभोगमा दुःख र भय छ । हे शक्र, कामभोगमा मत्त मानिसहरुले मोहको कारणमा पापकर्म गर्छन् । ती

Downloaded from http://dhamma.digital/

पापीहरु पापकर्म गरिसकेपछि मरेर नर्क जान्छन् । ऋषिगणहरुले यही नै कामभोगको दुष्परिणाम देख्छन्, त्यसैले नै उनीहरुले कामभोगको प्रशंसा नगरेका हुन् ।

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# बुद्ध र बुद्धवाद

## परियति सद्धम्म कोविद प्रथम वर्ष

(कक्षा ८, पञ्चम पत्र)

बुद्ध र बुद्धवाद प्राप्ताङ्क ३५ अंक, १० घण्टा

लेखक - ऊ. अे. माउँ

अनुवाद - भिक्षु ज्ञानपूर्णिक महास्थविर

Downloaded from http://dhamma.digital/

## कोविद प्रथम वर्ष

## बुद्ध र बुद्धवाद

## बुद्धवाद विचार विमर्श

बर्मा देश परम्परागत बुद्धवादी देश हो । यहाँका मानिसहरु बुद्धका शिक्षाहरु प्रज्ञा ज्ञानद्वारा विचार विमर्श निरीक्षण गरेर स्वीकार गर्ने भन्दा कुल, वंश परम्पराको कारणले मान्ने गर्छन् भन्ने लेखकको भनाई छ । तर संसारका विभिन्न वादहरुमध्ये बुद्धवादले मात्र कुनै पनि सिद्धान्तलाई निरीक्षण वा जाँचपछि मात्र स्वीकार्नु पर्छ भन्ने उपदेश दिएको कारणले अरुहरु जस्तो बुद्धवादीहरु अन्धविश्वासी हुँदैन भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

धर्मगुणमा "पच्चतं वेदितब्बो", अंगुत्तर निकायको कालामहरुलाई "कुनै पनि कुरालाई मात्र परम्परादेखि चलिआएको, ठूलठूला धर्मगुरुहरुले भनेर गएको आदि कारणले मात्र कुनै पनि सिद्धान्त स्वीकार्नु योग्य छैन" बुद्ध स्वयंले "आफूलाई व्यक्तिगत रुपले श्रद्धा र गौरव राखेर मान्नु भन्दा पनि धर्मलाई प्रतिवेध गरेर मात्र मान्नु पर्ने" शिक्षाको प्रभाव अनुयायीहरुलाई अवश्य पनि पारेको हुनुपर्छ ।

बुद्धवादप्रति एक्कासि श्रद्धा राखेर प्रवजित हुन आउने अन्य सम्प्रदायका व्यक्तिहरुलाई त्यसकारण शासनमा प्रवेश गराउन चार महिना कुर्नुपर्ने र राम्ररी जाँचेर मात्र प्रवेश गराईनु पर्छ भन्ने मान्यता रहँदै आएको छ ।

बुद्धको शिक्षालाइ मात्र सुनेर, विश्वास गरेर, चिन्तनमात्र गरेर बोधनीय छैन त्यसबाट साँच्चिकै लाभ प्राप्त गर्ने हो भने प्रज्ञाज्ञानद्वारा साक्षात्कार गर्नुपर्ने कुरा बुद्धले बारम्बार गर्नु भएको छ । सूक्ष्म र गम्भीर बुद्धवादलाई प्रज्ञाज्ञानद्वारा साक्षात्कार नगरिकन मिथ्या रुपमा ग्रहण गर्दा अनर्थ हुन सक्दछ । लेकखको विचारमा प्रज्ञाज्ञानको अभावले गर्दा केही बौद्धविज्ञ भन्ने दावी गर्ने उत्तरीय एसियाली देशहरुमा मूल बुद्धवादसँग अत्यन्त विरोधीवादहरुलाई स्वीकारेका छन् ।

बर्मा देशमा केही न केही शुद्ध पालि पिटक भएता पनि प्रगाध अध्ययन मनन र प्रज्ञाज्ञानद्वारा निरीक्षणको कमीले तिनीहरुमाझ पनि द्वन्द संशयहरु विद्यमान भइरहेको देखिन्छ ।

**बुद्धका केही शिक्षाहरु छन् जसले बुद्धवादीहरुलाई अन्धविश्वासबाट टाढा रहन सर्तक गर्दछन् । ती शिक्षाहरुको संक्षिप्त उल्लेख गर्नुहोस् । (५)**

### बुद्धपरिनिर्वाणबारे संशय

सामान्यत भगवान् बुद्धको महापरिनिर्वाण बैशाख पूर्णिमामा भएको भन्ने विश्वास अनुसार बुद्ध जयन्ती मनाईने गर्दछ । बुद्धको परिनिर्वाणको व्यहोरा दिएको दीघनिकायको महापरिनिर्वाण सुत्रमा बुद्धको परिनिर्वाण अन्तिम यात्राको क्रममा कुशीनगरमा भएको वर्णन छ । बुद्धको परिनिर्वाणको वर्णन गरिएको त्यो सुत्रमा परिनिर्वाण हुँदा अकालमा पुष्पवर्षा भएको वर्णन गरिएको

Downloaded from http://dhamma.digital/

छ। सामान्यत बैशाखतिर स्वाभाविकरुपमा पुष्पित हुने गर्दछ। तर अकालमा पुष्पित भएको वर्णनले महापरिनिर्वाण हिउँदको मंसिर पुषतिर हुनुपर्दछ भन्ने कुरा वैज्ञानिक रुपले मिल्न आउने कुरा धेरै विज्ञहरुले गर्दछन्। त्यस्तै बैशाख महिना महापरिनिर्वाण भएको भए भगवान् बुद्ध गर्मीको यामको ताप र रापमा र असक्त अवस्थामा यात्रा गरेको ठहर्न आउँछ जसलाई ८० वर्षको उमेरमा बुद्धमाथि स्वाभाविक घटनाको रुपमा लिन सकिँदैन। यस सन्दर्भमा चिनिया यात्री व्हेनसाङ्गको डायरीमा उल्लेखित सवास्तिवादी नामका ग्रन्थमा वर्णन भएको बुद्धको परिनिर्वाण अक्टुबर अथवा नोवेम्बर भएको भन्ने कुरालाई विचारणीय मान्नु पर्दछ। यसै क्रममा पश्चिमी एक पालिविद्‌ले बुद्धको परिनिर्वाण ईसापूर्व ४३८ अक्टुबर १३ को दिन हुनुपर्छ भन्ने जिकिर गरेको छ।

**बुद्धको परिनिर्वाण सम्बन्धमा विज्ञहरुले उठाउने संशयबारे उल्लेख गर्नुहोस्। (५)**

**श्रामणेर दीक्षाको सम्बन्धमा**

बर्मामा र अन्य बौद्ध देशहरुमा समेत स-साना बच्चाहरुलाई श्रामणेर दीक्षा दिने चलन छ। भगवान् बुद्धले कागलाई धपाउनसक्ने भएपछि श्रामणेर बनाउनु हुन्छ भन्ने नियम बनाउनु भएको छ। आमा बाबुलाई पुण्य प्राप्त हुन्छ भनेर अबोध बालकहरुलाई श्रामणेर बनाउने कार्य विचारणीय भएको कुरा लेखकले उठाएको छ।

**वाद उपादान**

मानिसहरु जन्मदेखि नै कुनै न कुनै मूल्य र मान्यता, सामाजिक रहन सहन र संस्कारमा हुर्केका हुन्छन्। त्यसकारण उनीहरुमा आफ्नो वाद, सिद्धान्त नै ठीक छ भन्ने धारणा रहेको हुन्छ र कसैले त्यस मान्यतालाई विरोध गरेमा उनीहरुको अस्तित्वलाई चुनौती दिएको भनेर विरोध जनाउँछन्। यसलाई बुद्धले वाद उपादान भनेर भनिन्छ। भगवान् बुद्धले आफ्नो वाद प्रति आशक्ति हुने वाद उपादान हुनु हुँदैन भनेर ब्रम्हजाल सुत्रमा देशना गर्नु भएको छ। बुद्ध धर्म र संघलाई आलोचना गरेको कारणले रिस उठाउनु र प्रतिकृया गर्नुको साटो आलोचना गरिएका ती कुराहरुमा कतिको सत्यता छ भनेर जाँच्ने प्रयास गर्नु पर्दछ। अथवा आलोचना सुन्ने प्रवृत्ति मानिसहरुमा हुनु पर्छ भन्ने उपदेश भगवान् बुद्धले ब्रम्हजाल सुत्रमा भन्नु भएको छ। संसारमा परम्परागत मान्यतामा प्रतिपक्षी विचार आउनासाथ धेरै झगडा कलह हुने गरेको इतिहास छ। Charles Darwin ले law of evolution को सिद्धान्त प्रतिपादन गरेबाट कुनै कुरालाई पुरानो मान्यता अनुसार नै स्वीकार्नु हुँदैन भनेर प्रतिपादन गर्नु भएको जीवनको सुरुवातको सिद्धान्तलाई सिद्धान्तप्रति कट्‌टरता मेटाउन पछ्याउनु पर्दछ भन्ने लेखकको धारणा छ।

विशेष गरेर बुद्धका अनुयायीहरुमा वाद उपादान नभएको र पहिला पहिलाका राजाहरुले समेत आफू बुद्धका अनुयायी छँदा समेत क्रिश्चियन धर्मलाई बर्मामा प्रचार गर्न दिएको सम्बन्धमा राजा मैन्डूको उदाहरण दिनु भएको छ।

एकजना अंग्रेजी बौद्धविज्ञले भगवान् बुद्धको धर्ममा पुनर्जन्म छैन र पालिपिटकमा आएका पुनर्जन्म सम्बन्धी कुराहरु यथार्थमा मिल्दैन भनेर ठाडो लेखेको छ। यस्तै बुद्धधर्म मार्क्सवादसँग

Downloaded from http://dhamma.digital/

मिल्ने सिद्धान्त हो भन्ने भनाई प्रति बुद्धका अनुयायीहरुले पूर्वाग्रहरहित भएर सोच्नु आवश्यक भएको लेखक बताउनु हुन्छ । बौद्ध विदुषी समेत भएका Mrs. Rhys David ले समते थेरवादी ग्रन्थहरुलाई तीव्र आलोचना गरी लेखेकी छिन् । पालिविद्हरुको विचार अनुसार बुद्धवचनप्रति आशक्ति पनि एक किसिमको उपादान हो र भगवान् बुद्ध स्वयंले पनि विना जाँच आफूले भनेको कुरालाई समेत स्वीकर्नु हुँदैन भन्नु भएको स्मरणयोग्य भएको लेखकको भनाई छ ।

**वाद उपादान के हो ? यसप्रति बुद्धको दृष्टिकोण स्पष्ट गर्नुहोस् । (५)**

### कोविद प्रथम वर्ष

### बुद्धको भाषा नीति

भगवान् बुद्धले आफ्नो जीवनकालमा स्थानिय भाषाको रुपमा मागधि भाषामा धर्मदेशना गर्नु भएको थियो । कालान्तरमा बुद्धको शिक्षालाई विभिन्न भाषामा परिणत गरी देशना गरिरहेको सन्दर्भमा दुईजना ब्राम्हण आएर धेरैले भगवान्को शिक्षालाई आआफ्नो भाषामा आरुढ गरी दुषित गर्दैछ त्यसकारण यसलाई संस्कृत भाषामा रुपान्तर गर्दा राम्रो हुन्छ भनेर भन्न आउँदा तथागतले मेरो उपदेशलाई संस्कृत भाषाले आरुढ गर्दामात्र सही हुनेछ भनेर धारणा नलिनु र यसलाई आआफ्नो भाषामा अध्ययन गर्न अनुमति दिन्छु र संस्कृतमा मात्र आरुढ गर्नु हुन्छ भन्ने भिक्षुलाई दुष्कृत्य आपत्ति लाग्नेछ भनेर आज्ञा गर्नु भएको थियो । उहाँले भाषाको सम्बन्धमा "अनुजानामि भिक्खवे सकाय निरुत्तिया बुद्ध वचनं परियापुणितु" भन्नु भएको छ जसको अर्थ हो "भिक्षुहरु हो, म तथागतको वचनलाई आआफ्नो भाषामा अध्ययन गर्न अनुमति दिन्छु" तर बुद्धघोषाचार्यबाट "सकायनिरुत्तिया" शब्दको अर्थ "आ आफ्नो भाषा" को सट्टा "तथागतको मागधभाषा" भनी गलत अर्थ लगाएको लेखकको विचार छ ।

त्यस्तै अर्थकथाचार्य बुद्धघोषबाट मागधि भाषा बाहेक अन्य भाषालाई मिथ्यादृष्टिक भाषाहरु हुन् भन्ने कथन पनि बुद्धको सम्यक्दृष्टिवादसाग प्रतिपक्षी भई युक्तिसंगत नभएको कथनको रुपमा लेखकले लिएको छ ।

**बुद्धको भाषा नीति कस्तो थियो ? संक्षिप्तमा लेख्नुहोस् । (५)**

**भाषाको सम्बन्धमा बुद्धघोषाचार्यले "सकायनिरुत्तिया" शब्दलाई अर्थ्याएको सम्बन्धमा लेखकको विचार लेख्नुहोस् । (५)**

### पालिपिटक परीक्षण

### पालि त्रिपिटक श्रीलंकाको देन हो

भगवान् बुद्धको वचन संग्रहित पुरानो साहित्यलाई पिटक साहित्य भनिन्छ । बर्मा देशमा यो साहित्य श्रीलंकाबाट प्राप्त गरिएको थियो । ई.पू. तृतीय शताब्दीमा अशोकका छोरा महेन्द्रको श्रीलंकामा

Downloaded from http://dhamma.digital/

पदार्पण पछि सिंहल द्वीपमा धर्मको प्रचार भयो । गुरु शिष्य परम्पराबाट कण्ठ पारेर पिढी दर पिढीसम्म प्रवाहित भइरहेको बुद्धको शिक्षालाई ई.पू. प्रथम शताब्दीतिर श्रीलंकामा ताडपत्रमा लिपिबद्ध गर्ने महत्त्वपूर्ण काम भयो । यही ताडपत्रमा सुरक्षित त्रिपिटक नै थेरवादी बौद्ध साहित्यको रुपमा बर्मा, थाईलैण्ड आदि थेरवादी देशरुमा प्रचारप्रसार भइरहेको हो ।

## आधिकारिक बौद्ध साहित्यको रुपमा त्रिपिटक

यसरी त्रिपिटकको विकास भएको देशको रुपमा श्रीलंकालाई लिइएकोले कसैकसैले यसमा श्रीलंकाको प्रभाव बढी देखिएको भन्ने किसिमले पनि तर्क गर्ने गरिन्छ । तर श्रीलंकामै पछि रचना गरिएका महत्त्वपूर्ण बौद्ध ग्रन्थहरु महावंश, द्वीपवंश आदि वंश साहित्य जसलाई श्रीलंकाको इतिहासको रुपमा लिइन्छ, ती पुस्तकहरु भन्दा पिटक साहित्य स्पष्ट रुपले भिन्न भएको अध्ययन गर्दा हामी पाउँछौं । श्रीलंकामा उत्पन्न भएता पनि त्रिपिटक उत्तर भारतको परिप्रेक्ष्यमा लेखिएको स्पष्ट छ, जसमा श्रीलंकाको जनजीवनको कुनै झलक देखा पर्दैन जसरी वंश साहित्यमा देखा परेका छन् । हुन पनि थेरवादीहरु बुद्धवचनलाई जस्ताको तस्तै राख्ने आफ्नो तर्फबाट केही नजोड्ने र केही नघटाउने स्वभावका हुने भएकोले पनि पालि त्रिपिटकको रुपमा जुन हाम्रो अगाडि बुद्धको शिक्षा विद्यमान छन्, त्यसलाई बुद्धको आधिकारिक साहित्यको रुपमा लिनसक्ने धेरै विद्वानहरुको दावी छ ।

## चिनिया पिटक भन्दा पालि पिटिक पुरातन छ

पालि त्रिपिटक लिपिबद्ध भएको केही समय पश्चात उत्तर भारतमा सर्वास्तिवादीहरुले जालंधर वा कश्मिरमा गरेको संगायनमा त्रिपिटकलाई संस्कृत भाषामा उल्था गरिएको र ताम्रपत्रमा कुँदिएको थियो । हाल यो त्रिपिटक चिनिया भाषामा सुरक्षित छन् । यसलाई संस्कृत त्रिपिट पनि भनिन्छ । यी दुई त्रिपिटकलाई तुलना गर्दा पालिपिटकमा बुद्धलाई एक सामान्य मानिस सरह चित्रण गरिएको तर संस्कृत पिटकमा देव वा ईश्वर जस्तै देखाइएकोले पनि पालिपिटक भन्दा संस्कृत पिटकको रचना पछाडि भएको भन्ने कुरा सिद्ध हुन्छ । यस्तै त्रिपिटक द्वयको तुलना गर्दा, श्रीलंकामा लिपिबद्ध भएको त्रिपिटकमा भन्दा संस्कृतमा लिपिबद्ध त्रिपिटकमा लेखन शिल्पि विकसित भएको र शब्दरचना पनि परिमार्जित भईसकेको भान हुन्छ तर पालि त्रिपिटकमा ई.पू. तेस्रो शताब्दीकै उत्तर भारतको भाषाशैलीको प्रयोग भएको पाईएकोले पालि त्रिपिटकलाई चीनमा संस्कृत भाषामा सुरक्षित सर्वास्तिवादी त्रिपिटक भन्दा पुरातन भन्न सकिने तर्क लेखक गर्दछ ।

## कोविद प्रथम वर्ष

## पालि पिटकको बुद्धवचनसँग सामिप्यता

पिटकको सम्बन्धमा Mrs. Rhys Davids को भनाईमा पालिपिटकमा आईरहेको कुनै कुनै कुरा बुद्धको वचन हो भनेर भन्न नसके तापनि पालिपिटक नै बुद्धको मूलवादसँग सामिप्य छ भनेर स्वीकारेकी छिन् । हुन त बुद्धकालमा पनि लेखनकला विकसित भईसकेको कुरा विनयपिटकबाट प्रस्ट हुन्छ तर लेखन सामाग्रीको अभाव तथा धार्मिक गुरुहरुको उपदेशलाई श्रद्धापूर्वक कण्ड गर्ने प्रचलन भएकोले लिपिबद्ध हुन समय लागेको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

Downloaded from http://dhamma.digital/

## पालि पिटक पनि शतप्रतिशत बुद्ध वचन होइन

पालिपिटकलाई मूल बुद्धवचनसँग सामिप्यता रहेको कुरा धेरै किसिमले सिद्ध भएता पनि यसमा पनि केही केही कुरा पछि जोडिन आएको र बुद्धवचन नभएका कुराहरु पनि रहेको विभिन्न तथ्यहरुले स्पष्ट पार्दछ । उदाहरणको रुपमा भन्नुपर्दा अभिधर्म पिटकको कथावत्थु ग्रन्थ भिक्षु मोग्गलिपुत्त तिस्सले रचना गर्नु भएको विनयपिटकको परिवारग्रन्थ दीप भन्ने एक स्थविरले लेखेको कुरा ग्रन्थको निगमनमा उल्लिखित छ । त्यस्तै मज्झिमनिकायमा आएका सूत्रहरुमध्ये २६ सूत्रहरु सारिपुत्र, आनन्द र कच्चायन आदि बुद्ध श्रावकहरुले उपदेश गर्नुभएको सूत्रहरु हुन् भन्ने छर्लङ्ग छ । त्यस्तै कुनै कुनै सूत्रहरु संगायन कारकहरुले समावेश गरिराखेका कुराहरु अर्थकथाचार्यहरुले उल्लेख गरेका छन् । थेरिगाथाका केही सूत्रहरु संगायन कारकहरुले थपिएको कुरा परमत्थदीपनीमा अर्थकथाचार्य धम्मपालले उल्लेख गरेको छ । पालिको महावग्ग पधानसुत्तको अन्तिम गाथा पनि यस्तै पछि थपिएको भनेर व्यक्त गरिएको छ । यसरी पालिपिटकका जति पनि कुराहरु छन्, सबै बुद्ध वचन हो भनेर शतप्रतिशत भन्न सकिँदैन । बुद्धले संक्षिप्त रुपमा देशना गर्नु भएको सूत्रहरुलाई विस्तृत गरेर देशना गरिएको र भिक्षुहरुले देखना गर्नु भएको कुरालाई बुद्धले अनुमोदन गरिएका धेरै सूत्रहरु पालि साहित्यमा समावेश छन् । यसरी पालिसाहित्यमा बुद्धको वचन र श्रावकहरुको वचन छुट्याएर अध्ययन गर्नु आवश्यक हुन्छ ।

**पालि पिटक बुद्धवचनसँग धेरै सामिप्यता भएता पनि शतप्रतिशत बुद्ध वचन होइन भन्ने कुरालाई पुष्टि गर्नुहोस् । (१०)**

## भाणक परम्परा बुद्धकाल पछिको परम्परा

बुद्धको महापरिनिर्वाणको ५०० वर्ष पछिमात्र बुद्धका वचनहरु लिपिबद्ध भएको थियो । तर यसको अर्थ बुद्धकालमा लेख्नेकला बिल्कुल नभएको नभई त्यसबेला धर्मको कुरा लेख्नुभन्दा पनि त्यसलाई अभ्यास गर्नुलाई महत्त्व दिइने कारणले हुनसक्छ । मौखिक वचन ग्रन्थकथन भन्दा प्रभावकारी हुने भएकोले पनि लिखित रुपमा राख्ने परम्परा त्यति विकास नभएको हुनसक्छ ।

त्यस्तै बुद्धका वचनहरुलाई कण्ठ गर्ने परम्परा जसलाई भाणक परम्परा भनिन्छ, बुद्धलकालमा त्यति प्रचलित देखिँदैन । अर्थकथाहरुमा मात्र भाणक भन्ने शब्द आएको छ । बुद्ध जीवमान कालमा कण्ड गर्नु भन्दा धारण र अभ्यासलाई महत्त्व दिइएको भान हुन्छ । बुद्धकालमा कोही गृहस्थहरु भिक्षुहरुभन्दा सूत्र कण्ड पार्नमा अगाडि भएको उदाहरण बौद्ध साहित्यमा देखा पर्छन् । भिक्षुहरुले धर्म देशना गर्दा उपदेशलाई उद्धृत गरी संक्षिप्त रुपमा गर्ने चलन पहिला भएता पनि पछि संक्षिप्तिकरण नगरिकनै बुद्धले देशना गर्नुभए अनरुप निश्चित रुपमा निर्धारण गरिराख्न संयुक्त प्रयास गरिएको थियो । यसको उदाहरणको रुपमा Mrs. Rhys Davids ले "सावत्थि निदानं" आदि शहरहरुको नामले प्रारम्भ गरेका सूत्रहरुलाई लिइएका छन् ।

अट्ठकथाहरुमा दीघभाणक, मज्झिमभाणक र संयुक्त भाणक आदि कथनहरु देखा पर्छन् । ती भाणकहरुले त्रिपिटक साहित्यको निश्चित भाग कण्ठ गर्ने जिम्मा लिइएको हुन्थ्यो । भाणकहरुले निश्चित परिणाममा कण्ड पार्ने भन्ने परम्परा अशोककाल भन्दा केही अघिमात्र विकास भएको

Downloaded from http://dhamma.digital/

पाउँछौं किनभने अशोककालका साँची का चैत्य शिलालेखहरुमा “पञ्चनेकायिक” अर्थात पाँचनिकायलाई कण्ठ गर्ने भन्ने शब्द कुँदिएको छ ।

**बौद्ध ईतिहासमा भाणक परम्परा भनेको के हो? यस परम्पराको शुरुवात कहिलेदेखि भयो र यसको महत्त्व संक्षिप्तमा उल्लेख गर्नुहोस् ।**

**कोविद प्रथम वर्ष**

**पालिपिटकको विकास क्रम**

निश्चित रुपमा भन्न नसके पनि Dr. Rhys Davids को भनाई अनुसार पालिहरुमा अन्तर्निहित विभिन्न सूत्रहरु सुनिश्चित भएर आएको क्रम यसरी दिईएको छ ।

१. पिटकमा सरल, सुगम र स्पष्ट रुपमा उल्लेख गरिराखेका गद्य र पद्यहरु

२. दुई तीन पिटकमा एक समान उल्लेख गरिराखेका विषयहरु

३. दीघनिकायबाट सीलक्खन्ध, सुत्तनिपातबाट पारायणवग्ग र अट्ठवग्ग, विनय पिटकबाट पातिमोक्ख

४. दीघनिकाय, मज्झिमनिकाय, अंगुत्तरनिकाय र संयुत्तनिकाय

५. सुत्तनिपात, थेर र थेरी गाथा, उदान, खुद्दक पाठ

६. सुत्तविभङ्ग र खन्धक

७. जातक र धम्मपद

८. निद्देस, इतिवुत्तक, पटिसम्भिदा

९. पेतवत्थु, विमान वत्थु, अपदान चरियपिटक र बुद्धवंस

१०. अभिधम्म ग्रन्थहरु : पुग्गल पञ्ञति सबभन्दा पुरानो र कथावत्थ अन्तिम ग्रन्थ हुन्

**अभिधम्म बुद्धवचन हुनुमा संशय**

अभिधर्म ग्रन्थहरु धेरैपछि प्रादुर्भाव भएका ग्रन्थहरु हुन् भन्ने कुरामा धेरै प्रमाणहरु छन् । प्रथम संगायनको कुरा आचार्य बुद्धघोषले अट्ठकथामा उल्लेख गर्दा अभिधर्म पिटक कण्ठगर्ने कसैले जिम्मा लिइएको देखिँदैन र अट्ठशालिनी, मिलिन्द प्रश्न महाबोधिवंश आदि अट्ठकथा ग्रन्थहरु तथा भारतको भरहुत र साँची प्रदेशका पौराणिक शिलालेखहरुमा दीघभाणक, मज्झिम भाणक आदि शब्दहरु देखापरेता पनि अभिधम्मभाणक भन्ने शब्द देखा नपर्नुले यस कुरालाई पुष्टि गरेको छ ।

Downloaded from http://dhamma.digital/

त्यस्तै संस्कृतमा उल्था गरिएका सर्वास्तिवादका त्रिपिटकमा सुत्तन्त र विनय पिटकका कुराहरुमा पालिसँग धेरै समानता भएको तर अभिधर्म पिटकको सम्बन्धमा धेरै फरक देखिएकोले पनि निकाय भेद भइसकेपछि मात्र अभिधर्मको प्रादुर्भाव भएको कुरा स्पष्ट छन् । फेरि चिनिया भाषाका त्रिपिटकमा अभिधर्म सारिपुत्र, मौद्गल्यायन आदि महाश्रावकहरुबाट उपदेश गरेका ग्रन्थको रुपमो लिइन्छ ।

हुनत शुत्रमा अभिधर्म शब्द नभएको चाहिँ होइन । मज्झिम निकाय महागोसिँग सुत्रमा “बुद्धशासनमा दुई भिक्षुहरुले अभिधर्म सम्बन्धी कुरा गर्छन्” र अंगुत्तर निकायमा “भिक्षुहरुले भोजनोपरान्त अभिधर्मका कुरा गर्छन्” भन्ने शब्द उल्लेख भएको छ । तर ती शब्दले अभिधर्मका सात ग्रन्थहरुलाई ईङ्गित गरिएको नभई सुत्तन्त पिटकका गम्भिर धर्महरु ईङ्गित गरिएको आभाष हुन्छ । यहाँ अभिधर्म शब्दले बुद्धवचनलाई जातिभेद गर्न प्रयोग भएको शब्दको रुपमा लिइएको हुनसक्छ । बुद्धवचनलाई नौवटा तवरले प्रस्तुत गरिने सुत्त, येय्य आदि नवधर्म जस्तै प्रस्तुत गरिएको मात्र हुनसक्ने विज्ञहरुको मत छ ।

त्यस्तै द्वितीय संगायनपछि छुट्टिएर गएका महासांघिकहरुले अभिधम्म बुद्धको सही उपदेश नभएको कुरा उल्लेख गरेको कुरा दीपवंशमा उल्लिखित छन् । यसरी पौराणिक युगमा अभिधम्म बुद्धवचन होइन भन्ने मत राख्ने भएकोले नै बुद्धघोषाचार्यद्वारा अट्ठसालिनी ग्रन्थमा अभिधम्म पिटकलाई प्रत्याक्रमणद्वारा रक्षा गर्नु परेको थियो ।

**बुद्धघोषाचार्यको अभिधम्मपटिक प्रति दृष्टिकोण**

आचार्य बुद्धघोष अभिधर्मलाई बुद्ध वचन नै मान्नु हुन्छ । उहाँका अनुसार कथावत्थुको रचना गर्नुहुने मोग्गलिपुत्ततिस्सथेरले समेत बुद्धवचनको आधारमा रचना गर्नु भएकोले अभिधर्मलाई बुद्ध वचन भन्नुमा आपत्ति नभएको भन्नु हुन्छ । अभिधर्मको विषयवस्तुहरु सुत्र र विनयको मातिकामा सुरुदेखि आइरहेको र त्रिपिटकलाई आद्योपान्त अध्ययन गरिसकेकाहरुले अभिधर्मलाई सुत्तन्तपिटक भन्दा गम्भिर र विशिष्ट धर्म नभई यसका सुत्र र विनयमा आईसकेका धर्महरुकै आधारमा विकास भएका हाँगाबिँगा भएको मान्न सकिन्छ । पाँचौं शताब्दीका चिनिया यात्री फाहियानले आफ्नो यात्रा विवरणमा भारतका तत्कालिन महाविद्यालयहरुमा बुद्ध अभिधम्मका आचार्यहरु देखेको विवरणले पनि अभिधर्मको विकास नालान्दा आदि बौद्ध विश्वविद्यालयमा विकास भएको कुरालाई सहज रुपमा लिन सकिन्छ ।

**अभिधर्मलाई बुद्धवचनको रुपमा केही विज्ञहरुले संशय गरेतापनि बुद्धघोषाचार्यले त्यसलाई प्रतिवाद गर्नु भएको छ । यस कुरालाई स्पष्ट गर्नुहोस् ।**

खुद्दक निकाय बुद्धवचन हुनुमा संशय

खुद्दक निकायका ग्रन्थहरु विमानवत्थु र पेतवत्थु धेरै समयपछि मात्र देखा परेका ग्रन्थहरुको रुपमा लिइन्छ । पेतवत्थुमा बुद्धको परिनिर्वाणको २०० वर्षपछिका सुरतका पिङ्गलोक भन्ने राजाको विवरण हुनु, विमानवत्थुमा बुद्ध परिनिर्वाणपछिका पायासि राजाको विषय गाभिएकोले यस कुराको पुष्टि हुन्छ

Downloaded from http://dhamma.digital/

। त्यस्तै थेरगाथा, थेरीगाथा, जातक, उपदान, चरियापिटक, बुद्धवंशको सम्बन्धमा पनि त्यस्तै कुरा छ । सन् १८९४ मा थाई नरेशले पश्चिमी देशका पुस्तकालयहरुमा प्रदान गरिएका त्रिपिटकमा माथिका ग्रन्थहरु समावेश गरिएको थिएन । भारतीय प्राध्यापक बी. एम्. बरुआ को भनाईमा ती ग्रन्थहरु दीघभाषक समितिले पिटकपालिको रुपमा समर्थन नगरेको उल्लेख गरेका छन् । उहाँको भनाईमा ती ग्रन्थहरु सिंहली भिक्षुहरुका रचना हुन् । त्यस्तै द्वितीय संगायनबाट छुट्टिएर गएका महासांघिकहरुले छुट्टै अधिवेशन गरेर खद्दकनिकायका बुद्धवंश, चरियापिटक, टिसम्भिपवमवापम, निद्देसका साथै अभिधर्मलाई बुद्धवचन होइन भनेर हटाएका थिए ।

## त्रिपिटकमा सबैभन्दा पुरानो ग्रन्थ

सबभन्दा पुरानो ग्रन्थलिँदा त्रिपिटकको दीघनिकायलाई लिइन्छ । तर समग्र दीघनिकायका सुत्रहरुलाई पुरानो ग्रन्थमा लिनु भन्दा त्यसमा रहेका एकएक सुत्रहरुलाई केलाउनु उपयुक्त हुन आउँछ । किनभने विभिन्न निकायग्रन्थहरु एकै समयमा निर्माण नभएको कुरा ती ग्रन्थहरुको सूक्ष्म अध्ययनबाट स्पष्ट हुन्छ । उदाहरणको रुपमा महापरिनिर्वाण सुत्र एकै समयमा निर्माण भएको नभई विभिन्न समयमा विभिन्न अंशहरुको प्रवेश भएको भान हुन्छ । त्यस्तै खुद्दकनिकायलाई सबभन्दा पछि निर्माण भएको ग्रन्थको रुपमा लिए पनि त्यस अन्तर्गतको सुत्तनिपातलाई प्राचीन साहित्यको रुपमा लिईएको छ । यसरी निकाय विशेषका आधारमा त्रिपिटक साहित्यको प्राचीनतमलाई छुट्टयाउन सकिँदैन । त्यसमा रहेका सुत्रविशेषलाई एक एक गरी विश्लेषण गरेर मात्र कुन अगाडिको कुन पछाडिको भन्ने कुरा गर्न सकिन्छ ।

## पालि त्रिपिटकको सर्वास्तिवादी त्रिपिटकसँग तुलना

चिनिया त्रिपिटक सर्वास्तिवादीहरुको त्रिपिटक हो यसमा सुत्रपिटक अन्तर्गत चार निकाय मात्र छन् । सर्वास्तिवादीहरुको त्रिपिटकमा निकायलाई आगम भनिन्छ । दीघनिकायलाई दीर्घागम, मज्झिमनिकायलाई मध्यमागम, संयुक्तागम, अंकोत्तरागम भनेर चार आगमको मात्र उल्लेख भएको तर खुद्दकनिकाय सँग सम्बन्धित ग्रन्थहरुको छुट्टै अस्तित्व छैन । चार निकाय मध्येमा दीघनिकाय, दीर्घागमसँग धेरै कुरा मिलेको देखिन्छ, मज्झिमनिकाय र संयुक्तनिकाय पनि धेरैजसो मिल्न आउँछन् । तर पनि कुरा सामान्यत मिले पनि सुत्रहरुको संख्या तथा तिनीहरुको विभाजन फरक फरक ग्रन्थमा आईरहेको छ । अंगुत्तर निकायको विषयवस्तुहरु अंकोत्तरागम सँग धेरै फरक भएको पाउँछौं ।

## एउटै ग्रन्थ तथा एउटै सुत्रमा पनि विभिन्न समयमा थपघट भएका कुराहरु छन्

दीघनिकाय सबभन्दा पुरानो ग्रन्थ तथा खुद्दकनिकाय सबभन्दा नयाँ ग्रन्थको रुपमा लिएता पनि दीघनिकायको महानिर्वाण सुत्र पटकपटक मरमत भएर आएको सुत्रको रुपमा लिइएको छ भने खुद्दकनिकायको सुत्तनिपात सबभन्दा पुरानो ग्रन्थको रुपमा लिईएको छ । त्यसकारण पालि पिटकका कुराहरु सबै एकै समयमा प्रादुर्भाव नभएको निष्कर्षमा पुग्न सकिन्छ ।

## भाणक परम्पराका भिक्षुहरुबाट पालि साहित्य प्रभावित भएको हुनसक्छ

Downloaded from http://dhamma.digital/

सही बुद्धवादलाई जान्न चाहनेहरुले पुरानापालिहरुलाई अन्य पालिहरुलाई भन्दा बढी ध्यान दिनु आवश्यक छ । बुद्धलाई श्रद्धा राख्ने श्रावकसंघमा बुद्धको केही कुराहरुलाई मन परेको कारणले र समग्र बुद्धको ज्ञानलाई थाहै नपाई भिक्षु बनेकाहरुको बाहुल्य हुनसक्ने सम्भावनाहरु उरुवेल काश्यप आदि १००० जटिलहरुको बुद्धसंघमा तुरुन्त दिक्षित हुनु र आयुष्मान अस्सजित समेतले उपतिस्सलाई बुद्धको केही कुरा मात्र जान्दछु भनेको कारणले यस कुरालाई बल दिन्छ । त्यस्ता भिक्षुहरु भाणक हुँदा आफूलाई मनपर्ने कुरालाई बढि जोडदिने तथा आफ्नो पुराना कुराहरुलाई महत्त्व दिन सक्ने सम्भावना बढि हुन सक्ने लेखकको कुरा विचारणीय छ ।

**कोविद प्रथम वर्ष**

**संगायन प्रति संशय**

बर्मा प्रवेश हुनु अघि पालिपिटक चारपटकसम्म संगायन भईसकेकोले थेरवादी बौद्धहरुको हैसियतले बर्मीहरुले त्यसप्रतिको शुद्धतामा संशय नगरेतापनि पालिपिटकलाई अध्ययन परीक्षण गर्नेहरुले संगायनको सम्बन्धमा गरेका विभिन्न प्रकारका मान्यताहरुको विश्लेषण आधारमा संशय गरिरहेका हुन्छन् ।

विशेष रुपले प्रथम संगायनको कुरा महापरिनिब्बान सुत्तमा उल्लेख नहुनु, प्रथम संगायनका कुराहरुलाई तत्कालिन पुराण भन्ने भिक्षुले असहमति जनाउनु, उत्तरीय भागका बौद्धहरुले प्रथम बाहेक अन्य संगायनको कुरामा मौन बस्नु, अशोकको पालामा भएको तृतीय संगायनको बारेमा अशोकको शिलालेखहरुमै उल्लिखित नहुनु र अशोकको देहावसानमा ६ सय वर्षपछिका ग्रन्थमा मात्र देखापर्नुले पनि संगायनमा आरुढ पिटकलाई सबैले समानरुपमा स्वीकार नगरिएको प्रस्ट भएको तर्क गर्छन् ।

बुद्ध वचनलाई कण्ठ गर्नेहरु एक समूह मात्र नभईकन धेरै समूह हुन सक्ने र ती समूहहरुले एकअर्काले गरेको स्वाध्यायलाई कालान्तरमा कतिको मान्यता दिने भन्ने सम्बन्धमा पनि मतभेद उत्पन्न भएको हुनसक्छ । यस्तै वर्तमान बुद्ध शिक्षाको रुपमा विद्यमान ग्रन्थहरुका कुराहरु प्रथम संगायनमा हुबहु त्यस्तै हुनसक्ने सम्बन्धमा पनि पश्चिमी विद्वान्हरु संशय गर्छन् । उनीहरुले सामान्यत उठाउने कुराहरु निम्न प्रकारका छन् ।

आफ्नो आधार आफै बन भन्ने बुद्धको शिक्षा “बुद्ध बाहेक अरु कोही शरण छैन” (नत्थि मे शरणं अञ्ञं बुद्धो मे शरणं वरं ) भन्ने कुरासित प्रतिपक्ष छ ।

भगवान् बुद्धले मालिकनी जस्ती, दासी जस्ती, सखिनी जस्ती आदि सात प्रकारका भार्याहरु भएकोमा सर्वोत्तम भार्या भनेको दासी जस्तीलाई लिनु भएको कुरा तत्कालीन समयको हिन्दुवादको प्रभावदेखि नअलग्गिएको कुरा भनेर उनीहरु दावी गर्छन् । किनभने दीघनिकायको सिँयालोवाद सुत्तमा पश्चिम दिशाको रुपमा स्त्रीहरुलाई बडो महत्त्व दिएको छ ।

भरखर बुद्धत्व प्राप्त गर्नु भएका बुद्धले बुद्धगयाबाट वाराणसी जाने क्रममा उपक आजीवकलाई “उपक, म सबैलाई अभिभूत पार्न सक्छु । सबैलाई मैले जानिसकेको छु । म लोकमा

Downloaded from http://dhamma.digital/

अतुलनीय छु" भनेर व्यक्त गर्नु अभिमानलाई हटाइसक्नु भएको बुद्धको वचन हो भनी धारण गर्न मुश्किल छ ।

तर पिटकमा आएका विभिन्न अन्तर विरोधजस्तो देखिने कुराहरुलाई एकैचोटी यो हो त्यो होइन भन्नु भन्दा पहिले बुद्धदेशनालाई इतिहासको परिप्रेक्ष्य बुझ्नु आवश्यक हुन्छ । धेरै जसो कुरा बुद्धले आवश्यकता र परिस्थिति अनुसार देशना गर्नु भएको कुरालाई पनि हृदयंगम गर्नु पर्दछ ।

उदाहरणको रुपमा भगवान् बुद्धले धेरैजसो भिक्षुहरुलाई एकान्तवासको कुरा गर्नुहुन्छ तर एकचोटी उपालिलाई संघमा बस्दा राम्रो हुन्छ भन्नु भएको थियो । सामान्यत हेर्दा ती कुराहरु विरोधाभाष देखिएतापनि त्यसबेलाको इतिहास र ती कुराहरु कस्ता व्यक्तिहरुलाई उपदेश दिनु भएको आदिहरुलाई विचार गरेमा त्यस कुराहरु प्रति संशय गर्नुपर्ने अवस्था रहन्न ।

विशेषत भगवान् बुद्धले जुन शिक्षा जनमानसमा प्रचार गर्नु भएको थियो त्यो तत्कालीन समयमा नौलो कुरा नै थियो र पुरानो परम्पराका व्यक्तिहरुलाई सम्झाउनु बुझाउनु सानो कुरा थिएन । फेरि बुद्धकालमा भएका र त्यसको प्रभावमा पारेका व्यक्तिहरुलाई बुद्धको मौलिक सिद्धान्तलाई बुझाउनु र स्वीकार गराएर अभ्यस्त पार्नु बुद्धको लक्ष्य थियो र त्यसको लागि सहज वातावरण बनाउनको लागि यथासम्भव पुरानै कुराहरुको सहयोग लिनु लाभदायिक हुने कुरा बुद्धले ठान्नु भएको हुन सक्छ । त्यसकारण परिस्थिति र व्यक्ति विशेषको मनोविज्ञानलाई अध्ययन गरेर बुद्धले आफ्नो कुरा राख्ने क्रममा केही विरोधाभाष भएको देखिएतापनि समग्र रुपमा उहाँको उद्देश्य आफ्नो मौलिक सिद्धान्तलाई जनमानसमा प्रचार प्रसार गर्नु नै हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

**कोविद प्रथम वर्ष**

**खण्ड ३**

**बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिका भारतीय सिद्धान्तहरु**

इसापूर्व छैठौं शताब्दीको इन्दु नदीको किनारामा अवस्थित उत्तर भारत नै बाह्य संसारले वा आर्यहरुले थाहा पाएको स्थानको रुपमा लिन सकिन्छ । सभ्यता तथा संस्कृतिले पूर्ण यस स्थान १६ जनपदमा विभाजित थियो । यहाँका मानिसहरु जातिवादमा विभाजित थियो । जो सँग जमीन, खेतवारीहरु हुन्थ्यो, उनीहरुलाई खत्तिय वा क्षेत्रिय भनिन्थ्यो । पुरोहितको काम गर्ने आर्यहरुका आचार्यहरु ब्राम्हणहरु हुन्थ्यो, व्यापार व्यवसाय चलाउने र खेतमा काम गर्नेहरु वैश्य र आर्यहरु भन्दा अगाडि नै बसोवास गरिरहेका ड्राविड जातिबाट अवतरण भएकाहरुलाई शुद्रको रुपमा व्यवहार गरिन्थ्यो ।

जातिवादलाई प्रोत्साहन गर्ने ब्राम्हणहरु विशेष रुपमा पश्चिमोत्तरका कूरु र पञ्चालका थियो भने मध्य भागको मगध र कोशल प्रारम्भकालमा जातिवादलाई मान्यता नदिने वा नमान्ने जनपदको रुपमा लिईएको थियो । त्यसकारण तत्कालीन समयमा ब्राम्हणहरु जानु पनि दण्डनीय थियो ।

Downloaded from http://dhamma.digital/

तर बुद्धकालसम्म आर्यपुग्दा यी स्थानहरुमा पनि जातिवादले जडो गाडी सकेको थियो । सोणदण्ड ब्राम्हण बुद्धकहाँ जान लाग्दा साथीहरुले श्रमण गौतमकहाँ जानु हुँदैन भनेर रोकेको, विडुडभ दासी पुत्र भएकोले कपिलवस्तुका शाक्यहरुले राम्रो व्यवहार नगरेको आदिले यस कुरालाई पुष्टि गर्दछ । त्यसबेला ब्राक्हण र क्षेत्रीहरुमा म ठूलो र तँ ठूलो भन्ने प्रतिस्पर्धा हुने कुरा अम्बष्ठ सुत्रमा पुष्करशाति ब्राम्हणले पठाएको अम्बष्ठलाई क्षत्रिय अभिमान भएका कपिलवस्तुका शाक्यहरुले उचित स्थान नदिएकोले स्पष्ट हुन्छ । तर कुनै ठाउँमा जातिवादको प्रभाव नभएको वा कडाईका साथ पालन गर्नुपर्ने नियम नभएको उदाहरण पनि पाइन्छ ।

विशेष रुपले जातिवाद भएको ठाउँमा जाति विशेषको काम तोकिएको हुन्छ र त्यसलाई अतिक्रमण गर्न सकिँदैन तर कुश जातकमा कुस राजाले आफ्नी श्रीमति प्रभावतीलाई प्रभाव पार्न कुम्हाले, वंशकार, माली, भान्छे आदीको काम गरेको, महोसध जातकमा श्रेष्ठी पुत्र महोसधले कुम्हाले र सुजिकार काम गरेको र ब्राम्हणहरु व्याधा बनी जीविका गरेको धेरै उदाहरणहरु छन् ।

यसरी बुद्धकालमा ब्राम्हणहरु र क्षेत्रियहरु मध्ये को ठूलो भन्ने विषयमा विवाद थियो र ब्राम्हणहरु क्षेत्रीलाई अभिषेकदिने र क्षत्रीयहरुले उनीहरुलाई दान दिने काम गरेर ब्राम्हणहरुले जीविका गरिन्थ्यो । यसरी उनीहरुका आर्थिक श्रोत क्षेत्रियहरुका कार्यकलापमा आधारित थियो । तर धार्मिक कर्मकाण्ड गर्ने उनीहरुले जन्मजात आफूलाई अरुभन्दा पुज्य भनेर दावी गर्दथ्यो । भगवान् बुद्धले यस कुरालाई अस्वीकार गरी ब्राम्हणको परिभाषालाई परिवर्तन गरी जन्मले नै ब्राम्हण हुँदैन बरु कर्मले मात्र ब्राम्हण हुन्छ भनेर उपदेश दिनु भएको थियो । धम्मपदको ब्राम्हणवर्गमा ब्राम्हण कस्तो हुनु पर्दछ भनेर भगवान् बुद्धले स्पष्ट गरेको छ । यज्ञ अनुष्ठान गरेर मानिसहरुलाई स्वर्ग पठाउने दावी गर्ने ब्राम्हणहरुको सम्बन्धमा भगवान् बुद्धले प्राणीहरुलाई होम गरेर गरिने यज्ञ कुनै पनि हिसाबले उचित कार्य नभएको कुरा दीघनिकायको कुटवन्त सुत्रमा उल्लेख गरिएको छ ।

उनीहरुको साहित्यको रुपमा ऋग्वेद, सामवेद र यजुर्वेद थियो । बुद्धकालसम्म तीन वेदमात्र आफ्नो धार्मिक साहित्य मान्ने उनीहरुले बुद्धकालपछि अथर्ववेदलाई पनि धार्मिक ग्रन्थको रुपमा स्वीकारियो । विशेष रुपमा तिनीहरुको सिद्धान्त र चालचलन विधि यी वेदहरुमा पाइन्छ । ऋग्वेदमा ईश्वरको गुणलाई स्तुति गरिराखेका काव्यहरु समावेश छन् भने सामवेदमा सोमरसको मालिक सोमदेवलाई पूजाआजा गर्ने काव्य संग्रहित गरिएको छ । यजुर्वेदमा ईश्वरलाई अनुष्ठान गर्ने, यज्ञ गर्ने विधिविधानको काव्य समूह र गद्यहरु छन् भने अथर्ववेदमा बोक्सी, भूत, प्रेत पिशाच र मिथ्यादेवताहरुको कारणले हुने रोगहरुलाई निको पार्ने गाथा र मन्त्रहरु उल्लिखित छन् ।

यसरी ब्राम्हणहरु ती ग्रन्थको अध्ययन गरेर आफूहरु प्राज्ञिकको रुपमा प्रस्तुत हुन्थे । तर साँच्चै सत्यको अनुसन्धान गर्ने ब्राम्हणहरु तिनीहरुसँग उपलब्ध धार्मिक साहित्य र कार्यकलापबाट असन्तुष्ट भएकाहरुले खोजको क्रम पनि जारी राखेका थिए । यस्तै खोजी गर्ने क्रममा बुद्ध र श्रावकहरुसँग सम्पर्कमा आएका बुद्ध शासनमा प्रतिष्ठित भिक्षुहरुको रुपमा कोण्डन्य, सारीपुत्र, मौद्‌गल्यायण, महाकाश्यप आदिलाई लिन सकिन्छ ।

Downloaded from http://dhamma.digital/

## खण्ड ३

## बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिका भारतीय सिद्धान्तहरु .............

ब्राम्हणहरुको दार्शनिक ग्रन्थ उपनिषद्

उपनिषद् ब्राम्हणहरुको मूल आधार ग्रन्थ हो । ईसा पूर्व आठौं र छैठौं शताब्दीको बीचमा यो ग्रन्थ प्रादुर्भाव भएको अनुमान गरिएको छ । यसरी यो बुद्ध भन्दा पूर्ववर्ती छ । यसमा ब्रम्हा वा पारआत्माको सत्तालाई विशेष महत्त्वका साथ उल्लेख गरेको छ । सबै मानिसहरु परमात्माबाट निस्केका हुन्, यो सबैमा व्याप्त छ । यो अजर छ, अमर, नित्य, शास्वत र ध्रुव छ । तर यो सर्वोत्तम भएकोले यसलाई मानवज्ञानले कल्पना र चिन्तन गर्न सकिँदैन ।

संसारमा परमात्मा बाहेक अरु केही छैन । भएभरका वस्तुहरु चाहे त्यो सजीव हुन् वा निर्जीव सबै माया मात्र हो । परमार्थ रुपमा विद्यमान विषयहरु होइनन् । मानिसहरु परमात्मासँग छुटिरहेको कारणले कर्म अनुसार संसार चक्रमा घुम्नु परेको हो । तर सुकर्म र दुष्कर्मको कारणले मात्र सुखद् र दुःखद् परिणाम भोग्नु पर्ने नभई वेदहरुलाई पूजा गर्ने, यज्ञ अनुष्ठान गर्ने कार्य पनि महत्त्वपूर्ण भएको कुरा उल्लेख छन् । तर ती कार्यहरुको मात्र अभ्यासले ब्रम्ह प्राप्ति वा पूर्ण मुक्तको अवस्थामा नपुग्ने दावी पनि गर्दछ ।

सरसर्ती हेर्दा बौद्ध साहित्य र उपनिषद्का कुराहरुमा केही केही समानता देखिएतापनि उपनिषद्मा मूलभूत रुपमा प्रकट भइरहेको परमात्मा र ब्रम्हको अस्तित्व बुद्ध देशनामा छैन । पालि साहित्यमा ब्रम्हचरिय, ब्रम्हविहार, ब्रम्हचक्क आदि शब्दको उल्लेख भएता पनि उपनिषद्मा आएको यो शब्दसँग कुनै सामिप्यता राख्दैन ।

इसापूर्व छैठौं शताब्दीतिर भारतमा मात्र नभई विश्वमा नै धार्मिक सिद्धान्तको लहर शुरु भएको भन्न सकिन्छ । ग्रीसमा सुकरात (Socrates) ले आफ्नो सिद्धान्तको प्रतिपादन गर्ने क्रममा मृत्युदण्ड भोग्नु पऱ्यो । चीनमा लाओत्से र कन्फ्युसियसले क्रमशः चित्तलाई दमन गर्ने र मानव आचरणको शिक्षा प्रचार गर्नु भएको थियो । त्यस्तै भारतमा मानिसहरु गृहत्याग गरेर योगी वा ऋषि हुने परम्पराको विकास भईसकेको थियो । गृहत्याग जुनसुकै बेला कुल वा गोत्रबाट गरिन्थ्यो । ऋषिहरुको आचरणहरु त्यसबेला फरक फरक हुन्थ्यो । कसैले अग्नि पूजा गर्ने गर्दथ्यो भने कसैले वेद ग्रन्थहरु स्वाध्याय गर्दथ्यो । कसैले तप गरेर ऋद्धि सिद्धि लाभ गर्ने प्रयास गर्दथ्यो ।

आजीवकहरु आफ्नो मान्यता अनुसार आहार नखाई, पानी नपिइ, छाला, भ्याउ, भूस, घाँस, गोबर, मल आदि सेवन गरी, कुकुर जस्तै, गाईगोरु जस्तै आचरण गरी क्लिस्त जीवन बिताउँथ्यो । उनीहरुको अस्तित्व पनि बुद्धकाल भन्दा अगाडि देखि लिएर सम्राट् अशोकको नाति राजा दशरथसमम स्थिर भएर रहेको उल्लेख छ । उनीहरुले जस्तै शरीरलाई सास्ती दिने आचरण गर्नेहरु भारतमा मात्र नभई पुरानो ग्रीसमा पनि थियो भन्ने उदाहरणको रुपमा त्यहाँको डाइओजीनी नामक दर्शनाचार्यले पनि कुकुर जस्तै जीवन व्यतित गर्नु भएको र क्रिश्चियनहरुले पनि दुशचरित्र अपराधको निमित्त दण्ड भोग्न तयार रहन्थ्यो भन्ने कुरालाई लिन सकिन्छ ।

Downloaded from http://dhamma.digital/

परिब्राजकहरु भन्नाले एक ठाउँबाट अर्को ठाउँमा विचरण गरी धार्मिक समस्याहरु मथि वादविवाद र छलफल गर्नेहरुलाई बुझाउँदथ्यो । यी परिब्राजकहरुले अर्को मतका मानिसहरुलाई वादविवाद गरेर हराउनुमा गौरव ठान्दथ्यो । यस्तै परम्पराका व्यक्तिहरुमा सच्चक परिब्राजक जसले बुद्धसँग वादविवाद गरेको थियो । त्यस्तै भद्राकुण्डलकेशा पनि वादविवाद गर्ने क्रममा सारिपुत्रसित हारेर भिक्षुणी भएको कुरा पालि साहित्यमा उल्लेख छन् । बुद्धकालका छ जना परिब्राजकहरुलाई विशेष रुपले उल्लेख भएको छ । ती परिब्राजकहरुमा पूर्ण कश्यप जसले कुशल अकुशल कर्म छन् भन्ने सिद्धान्त प्रचार प्रसार गर्दथे ।

मक्खलि गोसाल जसले विनाकारण मानिसहरु उत्पन्न हुन्छन् र मृत्यु हुन्छन् भन्ने सिद्धान्त प्रचार गर्दथे ।

अजित केसकम्बल जसले भौतिकवादी विचारधारालाई अघि सार्दथे

प्रकुध कात्यायन जसले

संजय बेलट्ठि पुत्र जसले मानिसहरुलाई यस्तै भनेर नभनी उनीहरुको चाहना बमोजिम कुरा गर्दथे

निगण्ठनाठ पुत्र जसले मनोकर्म भन्दा कार्यकर्मलाई प्रधानता दिइन्थ्यो ।

ती विभिन्न वादहरु मध्ये जैनवाद र बुद्धवादलाई परिब्राजकहरुका राम्रा, राम्रा तथ्यहरु समावेश भएको श्रमण वादको रुपमा लिन सकिन्छ । उनीहरुले योगीहरुले जस्तै ब्रम्हचरिय पालन गर्दछन् तर ऋद्धिसिद्धि लाभ गर्नका लागि नभई संसारबाट मुक्त हुनका लागि गर्दछन् । संसारमा सत्य धर्म यथार्थ धर्म छ भन्ने विश्वास गरी दुःखबाट मुक्त हुनको निमित्त वादविवादको सट्टा आचरण अभ्यास र उद्योग गर्नु बुद्धिमता हुने कुरामा विश्वास गर्दछन् । जैनहरु बन्धनबाट मुक्त हुन नयाँ कर्मलाई नबनाई पुरानो कर्मलाई विनाश गर्नु आवश्यक ठान्दछन् र शरीरलाई दया माया नराखी दुःख कष्ट दिएमा पूर्व जन्मका संस्कारित कर्मशक्ति विनाश हुनेछ भनी विश्वास राख्दछन् । यिनीहरुले जातिवादलाई समर्थन नगर्ने र आफ्नो संगठनमा महिलालाई पनि हुन्थ्यो । बुद्धवाद र जैनवादमा धेरै सामिप्यता रहेको पाइन्छ ।

Downloaded from http://dhamma.digital/